प्रगति

द्वै मा सि क
सा हि त्य
सं क ल न

अंक : १४

सम्पादकः नारायणप्रसाद बाँसकोटा

प्र ग ति

द्वयमासिक साहित्य संकलन

सम्पादक :—

नारायण बाँसकोटा

वर्ष ३] अंक २ [पूर्णाङ्क १४

वार्षिक मूल्य १२) एक अंकको २॥)

यस अङ्कमा

१.	आमा मलाई बाच्न दे	: १ :	मोहन कोइराला
२.	तीन गीत	: ६ :	कुलमणि देवकोटा
३.	तीन कविता	: ८ :	वीरेन्द्र
४.	प्रतीक्षा	: १० :	मुकुन्दप्रसाद 'वियोगी'
५.	वन्दना	: १२ :	भवानी भिक्षु
६.	चुनाव	: ३६ :	गोठाले
७.	नेपाली संस्कृति	: ७१ :	बालकृष्ण सम
८.	वर्तमान नेपालको निर्माणमा श्री ५ पृथ्वीनारायण शाह	: ७८ :	चित्तरंजन नेपाली
९.	भानुभक्त र उनको युग	: १११ :	बालचन्द्र शर्मा
१०.	लोकगीतको झलका	: १४५ :	सत्यमोहन जोशी
११.	यूरोपको चिट्ठी	: १६३ :	एन० एस० बागदेल
१२.	नेपाली साहित्यका केही अलङ्कारहरू	: १७२ :	रूपभदेव शास्त्री
	सम्पादकीय	: १८७ :	

प्रकाशक :—

प्रगति प्रकाशन

१।१०४, बागमती पुल्टोल,

(ललितपुर) काठमाडौं

मुद्रक :—

आर्यभूषण प्रेस,

ब्रह्माघाट, वाराणसी

आमा मलाई बाच्न दे

मोहन कोइराला

जस्तै कतै मरु-छातीमा हिम-कन्दरा चर्कन्थ्यो,
जस्तै कतै आगन्तुक पुग्ने बाटो बिसिन्थ्यो;
कतै विकराल पत्थर पेटमा एउटा शिशु उफ्रन्थ्यो,
जस्तै कतै गम्भीर समुद्रमा सानो प्रकाश उड्दै घुम्थ्यो;
चाख्यो कतै आधीरातले विकराल ओठ फट्टाएर
सौन्दर्य कृतज्ञता हेर्न आएथ्यो एक अकेला एक यात्री !
पीप रगतको दीप-प्यालामा पुतलीझैं बल्यो त्यो यात्री ।
यो उर्वर धरतीमाथि त्यो आमाको बन्जर शिशु-दान,
छाती बच्चा-ओठले नकौंचेको वात्सल्य सुकेको बाँझो पहरो
सिंगान बच्चाको नलागेको हात आमा न रोगीको
बच्चाको शरीरले नथिचेको काख मशान वा कंकालको
एकान्त कोठा मध्यस्थ थियो—त्यहाँ म मारिदा
ए आमा ! तिमी साक्षी थियौ !
तिम्रा दुवै हात हत्यारा थिए ! तिम्रो बल नारकीय थियो !
बेचैन छ यो विस्तृत शून्यता मेरो यो अकस्मात् घटनामा !
मेरो चित्कार बिना निष्प्राण छ एक कतै विपनमा !
घाँटी थिएन त्यो थिचिएको एक संगीतको राग टुटेको !
आँखा होइन त्यो नीलो गगनमा चम्किने झरिलो तारा फुटेको !
ए कोग्रामा नाचिरहेका, ए धूलामा बिस्कुट चपाइरहेका उन्मादी,
तिमीहरू ! फेरि निदाउन सक्छौ र फेरि बिउँझुन;
म त एक सर्को घामसम्म छुनसम्म सक्तिन,
म भने झुल्को संसारसम्म हेर्न सक्तिन ।

कस वरा।पक साम्राज्यका झकमक रंगमञ्चमा
वासना नाच्दथे छमछम कतै;
निरपराध बच्चाको तडक-भडकदार बलिदान !
कतै पैसाचिक साम्राज्यको । झकमक रंगमञ्चमा
वासना नाच्दथ्यो छमछम कतै !
ए नीला टाढा-टढाका शून्यताका दर्शकहरू !
मेरो बाबु सफा बुञ्जुग गधा किन भएन ?
मेरो आमा प्रेम जानेकी मैली सुँगुरी किन भईन ?
ए माकुरी ! त्यसकहाँ जाली घर नबुन् ।
(तँ पनि बच्चा भन्दै आफैं बलिदान बन्छेस् ।)
ए नीलो कोक्याउँदो टाढा-टाढाको मौनता !
मेरो बाबु बुञ्जुग गधा किन भएन ?
कोत्रिदै छ ब्वाँसोले सम्झनाले अझै त्यो
पिशाची तिम्रा खोपिल्टै आँखामा,
जीर्ण-शीर्ण कुत्कुत्याउँदै छ तिम्रो झुत्रो बसेको बाँकी यौवनमा ।
तँ कतै नशा र उन्मादले देखिन्छेस् लथपथ ।
कित्रिदै छ ब्वाँसोले सम्झनाले अझै त्यो ।
त्यो छाया लम्किंदै छ आधारात पखि बस्ने,
विना समय तेरो आँखाबाट चिमोट्न सक्ने ।
त्यो मुहार, त्यो दाग, जहाँ नारीत्वलाई पत्याउने
हात होइनन् दुइटा गीद्धका पखेटाहरू छन् ।
समय पाएमा ती दुङ्गाहरू बोरिन, बोल्न सक्छन् होला,
गुफाहरू समयमा तिमीहरू गर्जन घन्कन सक्छौ होला;
म भने यो विस्तृत संसारमा आमा भन्दै
चिच्याउँन फेरि म सक्तिन ।
मेरो घाँटीलाई 'बा' भन्दै फेरि सुकाउन म सक्तिन ।
तिमी भने मेरो स्वरमा आवाज केही छैन भन्छौ,
देख्तिन भन्छौ, बुझ्दिन भन्छौ !

तिमी भने मेरो स्वरमा आवाज केही छैन भन्छौ !
जसको हातमा अझै मेरो गर्धन रक्तामे झुण्डेको छ,
जसको कानले मेरो मुटुको ढुकढुकी-ढुकढुकी सुनिरहेको छ ।
म मरेको दृश्यले जस्लाई पानी-पानी कम्पित पार्छ,
मेरो रगत जस्को मुटुमा बच्चा दिन्छ, छचल्किन्छ,
म मरेको ढुंगाले अझ कसैलाइ तर्साउँछ भने,
म मरेको छैन ! ए मानिस, म मरेको छैन !
मलाई शंका छ ए आमा ! म किन मरेको छैन !
मलाई सम्झेर अझै तिमी त्यहाँ थर्किन्छयौ, फर्किन्छयौ भने
ए आमा ! मलाई शंका छ किन अझै म मरेको छैन !
मलाई डर छ, त्यो बच्चा पुलमनि फ्याँकिएको थियो,
गंगाको छातीमा आर्को गोलीको निशाना थियो,
शुक्को घाँटीमा आर्को डोरीको सुर्कनी थियो,
त्यो सेतो कात्रोले छोपेको मुख त्यो बच्चाको होइन,
ए मानिस ! 'म बुद्ध'को चिचिलो त्यो अनुहार थियो !
जसले सिंगमरमरलाई कमलो ओठले चुम्न बिराथो,
त्यो सेतो कात्रोले छोपेके मुख 'म बुद्ध'को चिचिलो अनुहार थियो !
जसको कृत्यले कालिदासको कलम एकबाजी खोच्याउन सक्छ,
आइमाइको भुंडीमा मानव-दूत वास बस्न हिच्किचाउन सक्दछ,
शायद त्यसको पेटमा बिच्छी एक फेर डस्न डराउन सक्छ,
जसको कृत्यले कालिदासको कलम एकबाजी खोच्याउन,
लंगडाउन सक्छ,
ए टुकुचा खोलाका यात्री हो ! यो टुकुचा खोलाको नया इतिहास हो !
यो शिशु सम्वत्सरको पहिला प्रभात हो !
तिम्रो घूँडानेरको सानो बालक
पुलको डीलमा उभिएर
यो नीलो सन्ध्याको नीलो सुगन्धित् माला
टक्याइरहेछ ।

तिम्रो गोलीगाठानेरको सानो अति सानो शिशु
पुलको डीलमा उभिएर
यो नीलो सन्ध्याको नीलो फूल
उचालिरहेछ ।
ए टुकुचा खोलाका यात्री हो !
तिमीहरूले त्यो बच्चालाई पुलबाट निहुरेर
हरेको भए, ए टुकुचा खोलाका यात्रीहरू !
त्यो बच्चाको सेतो गर्धन र कमलो मुहारलाई
अँगालेको भए,
त्यसको चुम्बनले तिम्रो ओठ अवश्य चोखयाएका छौ ।
आफ्नो देशको ऐतिहासिक कुकृत्यमा
छाती दोछ्याएर पछुताएका छौ ।
ए टुकुचाका यात्रीहरू !
त्यो बच्चाको सेतो गर्धन सुटुक्क फेरि चुमेको भए
मलाई आशा छ, त्यो अज्ञात बच्चाले
हाम्रो संसारलाई क्षमा-याचन गर्नेछ ।
फेरि आमाको कोखमा बास बस्न सहर्ष मंजूर गर्नेछ ।
ए बगरकी मशाने आमा, हिम कन्दराकी भूत,
म एकान्तमा तेरो नजिकै टुकुर टुकुर आउने छु;
बाटो दोबाटोमा बच्चाको मुकुण्डो लाएर घच्घच्याउने छु;
तिमीलाई तिम्रो आँखाभित्र
तिम्रो बरिपरि नाङ्गै चिच्याउँदै
तिम्रो पछाडि कुममा बिस्तारो बूइ चढ्दै
घाँटी समातेर झुण्डिनेछु ।
संसारकी आमा मेरो तोते बोलीले
म मेरो जन्म फिर्ता माग्नेछु ।
जब तँ एकान्तमा एक्लिन्छेस्
मलाई अगाडि आउन दे,

जब त एकान्तमा एक्लिन्छेस्
मलाई अगाडि आउन दे;
मलाई तेरो आँखा अगाडि फेरि नाच्न दे !
न उठा, फेरि न उठा तेरो हत्यारो हात;
न बना तेरो पिशाची कान्ति !
मेरो गर्धन ननिचोर आमा,
तेरो ब्रज्रहस्त न उठा मलाई बाच्न दे आमा ! तेरो स्मृतिमा
मलाई बाच्न दे ।
अब तेरो एउटा छोरो तेरो अगाडि दूध माग्दैन,
अब तेरो एउटा छोरो आमासित जीवन माग्दैन,
वचन दे आमा ! वचन दे !!
अब म तेरो कानमा बिना स्वर गाउने
सानो संगीत;
अब म तेरो छातीमा लाजले उड्ने
हलुका सानो सेतो प्वाँख ।
तेरो आँखाको बिना पथको यात्री,
तेरो पहरे दिलमा बिना आँशु फुट्न दे
कामुक संगीत यो बिना प्यानुको
तारमा स्वर यो बिना झंकारको ।
एक अभिमन्यु हत्या औ षडयन्त्र
तेरो स्वर्ग-जेल बज्न दे, झन्किन दे ।
यो एकान्त भित्ता फोर्न दे, झन्किन् दे, दे आउन,
तँलाई पिल्स्याई पिल्स्याई मार्न दे आउन,
पछुतो छुरीमा विष-धूलो उड्न दे !

तीन गीत

कुलमणि देवकोटा

(१)

धूप कड़ा छ,
पातहरूको मौन लिएको
पीपलको यो रूख खड़ा छ !

शब्द छ निश्चल, भास छ उत्कट,
भ्रान्त मृगवधू प्यास रे विकट,
निर्गत-जिह्व छ नित धकाउँदो
लम्पसारिंदो कुकुर द्वार-भट !

चाह घड़ा छ,
दूर देशमा दही, गुलाबजल,
बरफ्-बरफ्को टूक बड़ा छ !

(२)

चल्यो आज मन्द-मन्द
मृत्तिका-मधुर-गन्ध !

सरस-सरस शुष्क-शुष्क,
विकस्वर अखिल पुष्प,
कामदेव स्मित धनुष्क
दिशा सकल अन्ध-अन्ध !

तन र मन, प्राण मुग्ध,
छ कृत-अर्थ घ्राण लुब्ध,
देव-दैत्य क्षुब्ध-क्षुब्ध,
धूमधाम कृपि-प्रबन्ध !

(३)

शत्रु मेरा पनि भएछन्,
भूलको बाटो गएछन्

शत्रुता मेरो कुनै होस्,
शत्रुताको तब मजा भो !
'सुत्न न सकूँ रात-रातभर'
शत्रु हुनुको हो सजा यो !

ए दया का पात्र मेरा
शत्रु, हाँसो उठ्छ टूलो !
हेर ता ऐना; नजरमा
खुद तिम्रो होला फूलो !

शत्रु ता मेरा भएछन्,
रात तर नींदमै गएछन् !

तीन कविता

वीरेन्द्र

: एक :

चिताको शवलाई खाने प्यास पाली
दिलमा फुँकी दाह आँशुको बिउ हाली
परदेशी गएको हेरी परदेशी आएको हेरी
फेरि निर्मल सन्ध्याकाशमा प्रभातको प्राण जलेको केरी
कविता लेखी काटी फेरि बिगारी बनाई
भावनालाई जन्माई मारी
पखिरहुँला खडेरीले खाएको खेतले
कालो मेघलाई पर्खेझैं तिमीलाई ।

: दुइ :

जान्न म सोध्न वसन्तलाई
ग्रीष्म शिशिर वर्षा कुनैलाई
बेचैन पसेको मेरो यो छाती माथि
नाच्दै गाउँदै हाँस्दै रुँदै रुलाई
मिलेर छुट्टिन आउँने सम्झँदै साथी
जीवन सदृश गम्भीर उडान उड्ने पंछी
पश्चिमको नियाली
पीरलाई पीरले मारी
पखिरहुँला बगरको माछाले
जल प्रवाह पर्खेझैं तिमीलाई

: तीन :

निम्ने छैन दीप तूफानमा तारामैं
सुकेर जाने छैन मूल मरुमा जल-धारामैं
झरेर जाने छैन फूल आँखाका आशुमैं
जान्दै नजानी नित्य नै आफूलाई
पखिरहुँला जीवनले
मृत्युलाई पर्खेमैं तिमीलाई

प्रतीक्षा

मुकुन्दप्रसाद 'वियोगी'

शिथिल नशामय तम-पथको
अन्तरमा प्रलय लुकाई—
गर्नु प्रतीक्षा कति दिन मैले
तिमीमा आशा अडाई ?

सम्भ्रम स्मृतिका युगमय जीवन,
तप्त चिताको रापसरी ।
शीतल, सुन्दर, शान्त निशामा
पिल्सिरहेछन् लाश बनी ।

संघर्षणको प्यास छ यहाँ,
ममताको निठूर गतिमा ।
एकै सपना सजाउँछ कसले
विरही विश्व-व्यथामा ?

निर्झरणीको गतिमा प्रतिफल,
चल्दछ हृदय सरासर ।
त्यो स्पन्दनसित तर यो स्पन्दन,
छैन आज बराबर ।

चिर इच्छाका रंगी बादल—
अभ्यर्थनाका दीप अनेक ।

गर्छन् अविरल आँसु बहाई,
अस्तित्वकै अभिषेक ।

जब बिहानी हुन्छ भिजेको,
अनि व्योम विद्युन्मित् साधन ।
उपहास अँगाली मौन द्वन्द्वमा,
पाउँछ केवल अभिवादन ।

यसमै मैले हाँस्नुछ प्रियतम !
अमर्षको अभिशाप लिँदै
सुख सँगाली अनुभूतिमा—
प्रतीक्षाको आश दिँदै ।

घुम्ने छन् विजय हात मेरा,
तर 'प्रगति' छ साधन तिम्रो ।
मानव हूँ, उत्साह छ केवल,
प्रिय छ जागृति मेरो ।

बन्दना

भवानि भिक्षु

आज ब्याहानैदेखि शहरमा पुलिसका ट्रक, केही अफिसर र सिपाहीहरू सकुय देखा परे। शहरको उत्तर पाश्चिम भागमा घर भएको साहु लक्ष्मीमानको छोरोलाई उसकै कोठामा गोलि हानेर मारेको हत्याकाण्ड पछि पुलिसले इन्क्वायरी गर्न लागेको थियो।

घटनाको निकै चर्चा चलिरहेको थियो। केही दिन अगाडी एउटा पार्टीकी सदस्या बन्दना भन्ने युवतीसित मारिएको कृष्णलालको बिहा हुने कुराको पेशकी समाचार पनि सुनिएको थियो। प्रस्तुत हत्यासंग पार्टीको पनि कुनै सम्बन्ध छ होला कि भन्ने शंका उम्रे पनि त्यसको सदस्या बन्दनाकै अपकार पार्टीबाट कसरी भयो होला भन्ने परिहार शंकाको चर्चा पनि वातावरणमा कमती थिएन। पुलिस सहज, नियोजित क्रम अनुसार बयान सयान लिरहेको थियो।

....

साहु लक्ष्मीमान एउटा सम्पन्न व्यवसायी हुन्, घर्मा प्रजातन्त्र आए पछि एउटा मोटरको पनि कमती पुरा भएर विशाल घर, सुसज्जित कोठाहरू, सुख, विनोदका सारा आधुनिक उपकरणहरू पारिवारिक शिक्षा, सम्मान्य कुलीनता र नातागोता, एउटा खास किसिमको अभिजात्यपूर्ण संस्कृति समेत भई साहुको जेठो छोरो कृष्णलाल एउटा परिष्कृत रुचिको मेधावी युवक थियो। नजिकैका एउटा मध्यवित्त श्रेणीका परिवारकी छोरी वंदनासित उसको प्रेम भयो र तिनीहरूको बिहा हुन गए दुवै परिवारले पाउने निःसंदिग्ध सन्तुष्टिको प्रष्ट अनुकूलता भएर कृष्णलाल र बन्दनाको घनिष्टताको सम्बन्ध-

मा कुनै पारिवारिक आपत्ति उठेको थिएन। अचेलका छोरा छोरिहरूको आफ्नो रुचि विचार सम्बन्धी कुरामा कुनै बाधा अडकाउ, उनीहरूको स्वतंत्रतामा हस्तक्षेप गर्नु हो, भन्ने कुरा ती सुध्रेका दुवै परिवारका मानिसका थिए।

कृष्णलाल एउटा अध्ययनशील बी. ए. क्लासको छात्र हो, राम्रो अनुहार, स्वस्थ शरीर र गंभीर प्रकृतिको युवक! बन्दनामा तिखोपना बढ़ता छ; कुनै पनि विषयमा उसको अनुभूति तीव्रता सम्म नपुगी छोड्दैन थियो। त्यो असहिष्णु पनि थिई; तर काठमाण्डूको एउटा शिष्ट परिवारमा पालिएकी उसको नारीको कोमल सुशीलता उसको सारा असहिष्णुताको माथिनै जहिले पनि आई पुगद्थ्यो; र यसैले गंभीर कृष्णलाल र बन्दना दुवैको प्रकृति परस्पर पूरक हुन गएर दुवैका प्रवृत्तिजन्य अझ सम्मको विचार विनियम, वाद विवाद, छलफलमा पनि एउटा सूक्ष्म र मात्र अनुभव-गम्य तारतम्यलाई दुवैको प्रेमको बलियो जग हुन गएको थियो। यसरी बन्दना र कृष्णलालको मायाले पारस्परिक सिद्धान्त, चाल चलन, रहन सहन, आवरण प्रकार मात्रको भर लिएको थिएन, बरु त्यहाँ प्रेमको त्यति मात्र उपकरण थियो जसको सभ्यता सामंजस्यमा एउटा आत्म भावनाले मात्र आफ्नो सच्चाईको सुसंस्कृत, सौजन्य पूर्ण, कोमल तर कहिल्यै पनि नफुस्किने गाँठो पारेको हुन्छ।

साँझ, ४ बज्न लागेको थियो, टुडीखेलमा घुम्ने, वायुसेवन गर्ने-हरुको टोलीहरु ठाउँ ठाउँमा बसी हलुँगो गप्प गरिरहेका थिए, केही डुली रहेका थिए। एक ठाँउमा बन्दना र एक जना युवक पनि बसी कुरा गर्न लागेका थिए। बन्दना भन्न लागेकी थिइ—

"तर यो भन्न सकिदैन शंकर, कि सर्वहारा वर्गको क्लेश, दुःख, दरिद्रतामा तिनीहरूको स्वयमको कसूर छैन। साँचे भनौं भने भाग्य-वादको भर लिनेनै थी दरिद्रीहरु हुन्। हामीले सम्पन्न कोर्जुवा र

सम्भ्रान्त भनिरहेकाहरु कोही बन्द बेपार गर्छन्, केही बुद्धि व्यापार गर्छन, केही बल व्यापार गर्छन, शोषक भने पनि त्यतैतिर तिनीहरु उद्योगशील त छन्; प्रयत्न र चेष्टा गरी गरेको आर्जनलाई उनीहरूले आफ्नो "कमाई" भन्छन्, यसरी प्रकारन्तरले कमाई अथवा परिश्रम प्रयत्नमा तिनीहरुको विश्वास छ। तर आज यी कराइरहेका दरिद्रीहरुले" हामी शोषित भइ रहेका छौं, शोषित छौं" भनेरै के स्वतःको परिश्रममा अनास्थाशील भईरहेका छैनन् ? जहाँ भए पनि संगालिएका सम्पत्ति मात्रमा तिनीहरुको नजर पर्दछ, तर सँगालिनु पर्ने कृयातिर तिनीहरुको विचार र प्रयत्न कतै पनि त देखिदैन, केवल "त्यहाँ छ" र लिउँ ' यतिमा मात्र उनको चेतना शेष रहन गएको छ। अझ तिनलाई पनि नेता चाहियो, कसैले लडेर झगड़ा गरेर मिलाइ देओस्। के यी साराको समग्रतामा निश्चेष्टा र अकर्मण्यतालाईनै प्रोत्साहन मिलेको छैन र ?"

अलि हाँसेर शंकर (सँगै बसेको युवक) ले भन्यो-"यो पार्टी भित्र र पार्टी कामरेडले गर्ने कुरा होइन, यद्यपि तिम्रो प्रश्नको उत्तर छ; तर उत्तर दिनुभन्दा अगाड़ि म यो भन्न चाहन्छु, बन्दना कि तिम्रो विचारधारालाई, तिमिलाई विस्तार विस्तारै सामन्तवादले लोभ्याइरहेछ. साथै यो आकर्षणले कहाँबाट क्रमशः तिमिलाई तानिरहेको छ, त्यो कुरा पनि सबाट अप्रकट छैन. तर....."

"कहाँबाट तानिरहेछ ?" बीचैमा कुरा काट्दै अलि तात्तियेर बन्दनाले भनी "यो ठीक हो कि मैले गरेका कुराहरुद्वारा पार्टीको मान्य दृष्टिकोणको आलोचना हुन्छ होला; तर प्रत्येक प्रकारले अपहृत व्यक्तिहरुका पक्ष-समर्थन हाम्रो पार्टीको अन्तिम र सक्रय ध्येय-निष्कर्षलाई भित्रबाट मानेरै, स्वीकार गरेर पार्टीलाई आफ्नो रक्तगत जस्तो मान्यता दिएर यसमा समर्पित भए पनि पार्टीगत शैली, व्यवस्था प्रकार र मान्यतामा यदि शंका उठ्न आउँछ, बुद्धिलाई कुनै शोधले धोक्तछ भने के हामीले निरोपणको कुरा गर्न सम्म पनि हुन्न र ? बुद्धिलाई यसरी कुँजो कुण्ठित पार्नु नै कसरी ? खाली यति भनेरै त बुद्धि-

जिज्ञासालाई लाटो पार्न सकिँदैन कि "यो हाम्रो पार्टी शैलीको अथवा पार्टी कामरेडहरुले गर्ने कुरै होइन। शंकर, के यो तिम्रो मानसिकताको सांगुरोपना होइन कि उम्रेको कुनै जिज्ञासाभित्र उत्रने बित्तिकै तिमीले त्यसलाई व्यक्ति-सीमित गराई उसलाई विस्तृत विचार विनिमय सम्म पुग्नै दिन्नौ? फहिल्यै पनि कुनै कुरामा तटस्थ भएर व्यक्तिभन्दा पर तिमी किन बस्न सक्तैनौं ? भन, कसले कहांबाट मलाई तानिरहेछ ? के तिम्रो लक्ष्य कृष्णलाल नै होइन र ? तर मलाई यत्तिको हीन मान्ने अधिकारै कहां छ कि मैले सिद्धान्तले बुनै स्वतंत्र विचार विनिमयमा उत्रनै सक्तिन ? छि....." घृणा र विरक्तिले बन्दनाको अनुहार रातो हुन गयो।

"तिम्रो मूल प्रश्नको उत्तर अत्यन्त सजिलो छ बन्दना, आत्तिनु पर्दैन—अलि गंभीर भएर भन्यो—"सर्वहारा वर्गलाई परिश्रम गर्ने बाटोनै कहाँ राखिछोड्रेको छ र एउटा नियोजित व्यवस्थाभित्र तिनीहरूको सारा परिश्रमलाई व्यर्थ पारिराखेको छ, जति सुकै गरे पनि लाभ पूँजीपति र सामन्त वर्गकै मागमा आउँछ तर अहिले यो कुरा यहीं छोड्रेर म यो पनि भन्न चाहन्छु कि निश्चनै तिम्रो विचारधारामा कृष्णलालकै आकर्षणले प्रधानता पाई रहेको छ। सम्पत्ति र आभिजात्यको लोभ अत्यन्त गुलियो हुन्छ; स्वाद वर्ता र स्वास्थ्यलाई नाश पार्ने !"

वन्दना अत्यन्त मर्माहत हुन गई। रही रहीकन उसमा एउटा आवेग उठ्न लाग्यो—के त म स्वयम आफैमा केही पनि होइन, कसैलाई चाहेमा माया पर्यन्त गर्ने मेरो स्वतंत्रता छैन, आमालाई "आमा" र बाबुलाई "बा" समेत भन्दैमा पार्टी सिद्धान्तलाई चोट नपरी छोड्दैन ? कृष्णलाई माया गर्ने बित्तिकै मेरो मानवतावाले राज्यसत्व समाप्त जान्छ; तर त्यो मानवता कस्तो होला जहाँ आफुले चाहेको व्यक्ति होइन कि उसको प्रति माया ममता पर्यन्तको उसमा ठाउँछैन ? वन्दनाले घृणाको स्वरमा भनी—"शंकर, तिमिले अहंकारको स्वरमा गम्केर भनेको

"व्यवस्था" को कुरा अत्यन्त फुस्रो छ, फजुल कुरा हो। सजिलैसित दिएको तिम्रो उत्तर जस्तो, तिमि जस्तै सजिलैसित म फर्काउन चाहन्छु कि जहाँ पनि प्रयोग गर्ने यो "व्यवस्था" भन्ने शब्दमा अब ज्यान छैन। बुद्धले तिम्रो यस अस्त्रलाई राम्ररी चिनिसक्यो। थोरैमा भन्छु कि "व्यवस्था" पनि कुनै प्रकृयाक्रमले, काम कार्यवाईको बाटोले विस्तार विस्तारै आफ्नो ठाउँ बसालेको होला। सामन्त बोजुवा भनिइनेहरूले कुनै ठाउँमा लाखौं करोड़ौंको संख्यामा बसी छलफल गरेर कुनै व्यवस्था बनाएका होइन होला। आज जो यो व्यवस्था छ त्यो अनेकौं प्रकृयाहरूको दीर्घकालिक क्रमफल मात्र हुन सक्छ। अतः त्यस्तै गरी, प्रकृया, काम कारवाई द्वारानै यत्तिका संख्याका सर्वहारा भनिइनेहरूले यस व्यवस्थाको सट्टा आफ्नो व्यवस्था पनि स्थापित गर्न सक्तथे, सक्छन्, गन सक्नु पर्ने हो। व्यवस्थाकोलागि कोही अपराधी छैन, वस्तुतः पक्ष विपक्षका विभिन्न कार्यवाहीनै दोषी हुन सक्ला; र यसलाई हटाउन होइन कि यसको ठाउँमा आफ्नो व्यवस्था बसाल्न तदनुकूल चेष्टा, प्रयत्न, संलग्नतापूर्ण काम कारवाई र परिश्रमनै उत्तरदायी छ। तिमि हामी कोहीको पनि यसमा आवश्यकता छैन। तर के यो कटु सत्य होइन कि सर्वहारा भनेर केही मूर्खहरूलाई फकाई, तिमिहरूको निम्ति म यो गर्छु, त्यो गर्छु, तिम्रो दुश्मनहरूलाई खतम पार्छु इत्यादि भनेर उनीहरूलाई निश्चेष्ट अकर्मण्य पारी आफुमाथि आश्रित गराउन चाहन्नौं? र यो सबै तिकड़म के तिम्रो नेतागिरीको सुरक्षा, नेताई सँगाल्ने चलाखी मात्र होइनर? व्यवस्था शब्द मूर्खहरू माथि थप्ने तिम्रो धुर्त्याईंको उब्जा मात्र होइनर? मेरो प्रश्नको उत्तर यस निर्जीव शब्दले दिन सकेको छैन। किन्तु यस धसिसई खिइई सकेको तर्कलाई यहीं छोडेर म यो सोध्न चाहन्छु कि जहिले पनि कुनै सैद्धान्तिक चर्चालाई तिमीले व्यक्तिगत किन बनाई दिने गर्छौं? के खुट्टामुनिबाट भुइंनै खस्कन लागेर मेरो मानसिकतालाई उद्विग्न पारी, जानी जानीकन मलाई मर्माहत गरी प्रस्तुत विषयलाई पर सारी आफूलाई बचाउने चलाखी यो तिम्रो हाइन? तिम्रै मात्र होइन, बरु हाम्रो सम्प्रदायमानै

यही दोष प्रश्रय पाई रहेछ। फेरि यसलाई दोष मात्रै भन्न सकिदैन, कदाचित सिद्धान्त नै यही हुन गएको छ। तथ्यलाई व्यक्ति-सीमित गराई मूलको विचार छोड्ने र व्यक्तिलाई गालि गरेर, अपमानित पारेर उसलाई उद्विग्न गराई उसको बुद्धि विकृत पारेर आफ्नो फुच्चो मान्यताको रक्षा गर्ने। लौ, म कृष्णलाई माया गर्छु, त्यो धनि धनि हो; तर के यसैले मेरो जिज्ञासा र वास्तविकताको लख काढ्ने, मैले सच्चारूपमा जान्न खोजेको कुराको उत्तरै मैले नपाउने अनाधिकारी म हुन गएको छु ?" उत्तेजनाले बन्दनाको आँखा आर्द्र हुन गएको थियो; तर शंकरलाई मुसु मुसु हाँसि मात्र रहेका देखेर तुरुन्तै बन्दनाले फेरि भनि—"तिमि हास्न लागेका छौ, यो देखाउन चाहन्छौ कि म बच्चो हुँ र आवेशमा फलाकिरहेकी छु, यो तिमी दया गरी रहेका छौ कि सबै सुनिरहेछौ, अन्यथा तिमिमा ज्ञानको भण्डार छ, होइन ? तर तिमिमा केही पनि छैन, छ भने त यही दंभ पैदा गर्ने, सिद्धान्तमा शाखा प्रशाखा पैदा गरी वास्तविकताको टुङ्गो नै लाग्न नदिएर मानिसलाई थकाई दिने छोटोपनाको ट्याक्टिस मात्र तिम्रो पासमा छ।"

"कस्तो ट्याक्टिस खोजिरहेकी छौ बन्दना ?" पछिल्तिरबाट प्रश्न सुनियो।

टाउको फर्काई हेर्दा त वायुसेवनार्थ आएको कृष्णलाल त्यहीं मुसु मुसु हाँस्दै उभिरहेको छ। उसले बाद विवादको अन्तिम वाक्य मात्र सुनेर उपरोक्त प्रश्न गरेको थियो। नमस्कार गर्दै शंकर र बन्दना पनि उठे, तीनै जना विस्तारै भद्रकाली तर्फ बढ़े। एक छिन पछि कृष्णलालले पुनः सोध्यो-तिमीहरूमा कुन ट्याक्टिसको कुरा भईरहेको थियो ?

अहिले सम्ममा बन्दनाले आफुलाई संयत पारिसकेकी थिई, उसले भनी—"पहिले यो बताउ कि तिमिलाई सम्पत्ति संगालेर एक्लै यत्तिको सम्पन्न हुने अधिकार कसरी प्राप्त भयो, खास गरेर जब यत्तिका अलपत्र परिरहेका दीन दुखी भौकै मर्न लागेका छन् ?"

"यसको उत्तर अहिले मेरो पासमा छैन बन्दना; साथै यत्तिका गरीबहरू छन् भन्दैमा म आफुलाई समेत दरिद्री तुल्याउन रुचाउँदिन।

बरू सबै सम्पन्न होउन् भन्ने मेरो हार्दिक आकांक्षा अवश्यमेव छ। तिमीहरूले पनि दुःख र दरिद्रता नै हटाउन खोजेका हौ, सबैलाई सम्पन्न पार्न चाहेका हौ; म यसको प्रशंसा गर्ने तिम्रो श्रद्धालु हुँ; तर सम्पन्नता ल्याउने यस क्रममा सम्पन्नता प्रति नै यत्तिको आक्रोश र उग्र ईर्ष्या कताबाट आयो, यो मैले अझसम्म बुझ्न सकेको छैन। तिमिले जुन दिन बुझाउन सफल हुन्छौ त्यही दिन तिम्रो प्रश्नको सक्रिय उत्तर सबभन्दा पहिले मनै तिम्रो अगाडि उपस्थित गर्नेहरूमा हुँला।'

आवेश र उग्रताको गंध पर्यन्त नभएको कृष्णलालको संयत तर संकल्पपूर्ण उत्तर सुनेर आनन्दले बन्दनाका आँखा उद्दीप्त हुन गए। उसको रौं-रौंमा हर्षको लहर चलेर उ पुलकित हुन गई। बन्दनाले उपलब्ध गर्न लागेको यस्तो सुखानुभूति अवस्थाको अनुभव गरेर शंकर डढ्ने जस्तो भयो। उसले उग्रता पूर्वक तुरुन्तै भन्यो—"यस्तो मौखिक आश्वासन देखाएर गरेको तिम्रो सजिलो तर्क र उत्तरले बन्दना जस्ती कुनै नारीलाई तिमीले आश्वस्त पार्न सक्छौ होलाउ; तर यी सबै वोर्जुवाहरूको सफा धुर्त्याइँ मात्र हो। सैकड़ों वर्षदेखि तिमीहरूले आफनो बचाउको लागि यस्तै कुरा दोहोऱ्याई रहेका छौ। तर यो बताउ कि सबैको लागि सम्पन्नता ल्याउने बाटो नै तिमीले कहाँ छोड़िराखेका छौ? उत्पादनको एउटा सीमा छ, त्यसमा अनुकूल बाँड़ फाँड हुनु पर्नमा तिमिहरूले हजारौंको भाग एकेक जनाले मात्रै हत्याई राखेको छैनौर? फेरि सबै सम्पन्न कसरी हुन सकलान्, रंगनढंगको फोम्रो बकवाद मात्र। तिमि सारा ठग हौ!"

शंकरको यस लगभग अपमानपूर्ण उत्तरमा पनि कृष्णलालले आफनो संयतपना छोड़ेन; तर विस्तारै तुरुन्तै उसले भन्यो—"शंकर, तिमिलाई उत्पादनको चाहिए जत्तिको पूर्ति छैन भ-ने कुरा त आफनो उत्तरमा स्वीकार गर्नै पऱ्यो। साथै मलाई गालि गरेर पनि प्रकारन्तरले तिमीले यो पनि स्वीकार गरेका छौ कि उत्पादनको लागि श्रम गर्ने परिश्रमतिर तिम्रो चेष्टा छैन र कदाचित प्रयत्नतिर तिम्रो विश्वास पनि छैन। तर भाग्यले यदि त्यो भई दिएको भए हामी, कुनै तवरले

खान लाउन सक्नेहरू माथि तिम्रो आक्रोश पनि रहने थिएन र आजको जस्तो कोही दरिद्र पनि रहन जाने थिएन ।

"मलाई दुःख त केमा लाग्छ भने उत्पादन-हीनताको समर्थन गरी सम्पत्ति छँदै छैन भन्ने कुरा स्वीकार गरेर वस्तुतः तिमी सम्पत्तिको बँटवारा चाँहदैनौ, बरु दरिद्रताको बंटवारा चाहन्छौ । मलाई लाग्छ कि रोगको मूल उपचार यो होइन, निदान पनि गलती नै भएछ । तैपनि तिमीहरूको साधु भावनाको, त्यागको कष्ट र सहिष्णुताको प्रशंसा नगरी म रहन सक्तीन; यत्ति मात्रै भन्न चाहन्छु कि शंकर हीनतालाई रुचाउन छोडेर सम्पन्नतामा आस्था राख्न सिक, परिश्रममा विश्वास गर ! कल्याण कदाचित यहीं छ ।"

अत्यन्त धैर्यपूर्ण स्वर-क्रममा विस्तारै भनिएको यस खँदिलो र आत्म विश्वासले मुछिएको उत्तरको प्रभावमा छिनभरिको लागि शंकर पनि प्रभावाच्छादित हुन गयो । कृष्णलालको बगलमा हिड़िरहेकी बन्दना त भाव-गद्‌गद भएर अज्ञातमा नै कृष्णलालको पाखुरा समाती लगभग सँगै टासिनजस्तो गएकी थिई । किन्तु, वन्दनामा कृष्णलालको कुराको कस्तो प्रभाव परेछ भन्ने विचार-चेतना आई, शंकरले वन्दनातिर आँखा उठाएर हेर्ने वित्तिकै उसमा पुनः एउटा आवेगको हुरी आयो र झर्कदै उसले भन्यो—"होला कल्याण, त्यो तिम्रै निम्ति होला । तिम्रो यस्तै बनावटी दर्शनको प्रभावले नै हाम्रो कामरेड वन्दनाले पनि एकछिन अघिनै परिश्रम परिश्रम फलाँकिराखेकी थिइन्; तर यो जम्मै ट्याक्टिस हो, सचेत सर्वहारा आज तिम्रो यस जालमा आउन सक्तैन ।"

वन्दनामाथि कसैले आगो नै हुर्क्याई दिएको जस्तो भएर रीसले उसको अनुहार रातो हुन गयो । उसले तुरुन्तै भनी—"शंकर, यहाँ पनि तिमीले व्यक्तिमाथि आक्रमण गरेर, मलाई चोट पुऱ्याएर, उत्तेजित गराएर कुराको प्रवाह अर्कैतिर लाने धुत्याइँ नगरी रहेनौ । तर यो छोटाइ अत्यन्त घृणित हो र नीचता पनि हो भन्न म अन्कनाउँदीन ।" उसको छाती चाँच्चाइँ हान्न लागेको र साँस बढेर गएको थियो ।

कृष्णलालले कुन उत्तर नदिई सगरेट झिकेर एउटा शंकरलाई दियो र एउटा आफूनै मुखमा च्यापी सल्कायो। तिनीहरू भद्रकालीको सड़क-सम्म पुगेर जंगबहादुरको सालिक तर्फ लागे। सड़कमा आवत जावत भई रहेकोले तर्क वितर्क पुनः अगाड़ि बढ़ेन। साथै कुरा गर्ने "मूड" मा पनि अब कोही थिएन।

... ...

व्याहानै बाहिर निस्कन तैयार भई एक कप कफी खान लागेको बखत बन्दना कृष्णलालको कोठामा नै आई पुगी। कप हातमा लिएरै उसले बन्दनालाई नमस्ते गर्यो र भन्यो—"कुनै आशा नभए पनि आज यस्तो ठीक समयमा मकाहाँ आएको लागि आफुलाई भाग्यमानी संझी म तिम्रो स्वागत गर्छु वन्दना। जाड़ोको आरम्भ, कोठामा आइराखेको यो हलुँगो घाम, व्याहानको समय, कफी मेरो टेबुलमा; एउटा साथीको कमी थियो, तिमी यस कफी-मानमा मेरो साथ दिन आइदिएकी छौ, यस आनन्द प्राप्तिको निम्ति तिमीलाई धन्यवाद नदिई म रहन सक्तीन; बस।"

कुरा सुनेर वन्दना केही हलुँगो लाजले अलि खुम्चिई तर त्यसमा आनन्दको कृतज्ञता स्पष्ट थियो। उसले भनी—"कृष्ण, तिम्रो पासमा टाल्सलयको चाइल्ड हूड छकि ? त्यही पुस्तक लिन आएकी हुँ।"

"पहिले कफी खाऊ, अनि किताबको कुरा होला" भन्दै उसले एक कप कफी तैयार पारी वन्दनालाई दियो। बिस्तारै कफी खाँदा खाँदै कृष्णलालले भन्यो—"वन्दना एउटा कुरा सोधूँ, रिसाउन त रिसाउँदीनौ ?"

"आज रिसाउने कुरामा तिमीलाई यत्तिको चिन्ताशील कसरी हुन पऱ्यो, पहिले यो बताऊ।"

"किन, कसैको पनि रिस त चिन्ताकै विषय स्वाभाविक हो।"

"कृष्णे, मलाई यो नसम्झाउ; कुन्नि कसरी हामी सबैको रिस, क्षोभको माथिनै आई पुग्ने तिम्रो स्वभावसित म अपरिचित छैन; तर सोध्ने कुरा त सोध।"

एकछिन चूप रहेर उसले सोध्यो—"वन्दना, शंकर तिमिलाई माया गर्दछ, के यो कुरा तिमीले थाहा पाएकी छौ ?"

लाजले रातो भएर वन्दनाले भनी—"तर यसको पनि चिन्ता तिमीलाई कसरी भयो, जस्मै नयाँ नयाँ कुरा आज सुनिरहेकी छु, ठीक भनन के हो ? फेरि कसरी तिमीले थाहा नै पायौ कि शंकरले माया गरेको छ ?"

"माया गरेको थाहापाउन कुनै गाहारो कुरा छैन वन्दना, जानी जानीकन जान्न नखोजे अर्कै कुरा हुन सक्ला तिमीले शंकरलाई चाहेको होइन होउली, तर उसले तिमीलाई माया गर्छ ।"

वन्दनाले तुरुन्तै कप टेबुलमा राखी जान तत्पर भई, तर कृष्णलाल उद्विग्न भएन; बरु हाँस्तै तुरुन्तै भन्यो—"बस, बन्दना, जानु पर्दैन । माया गर्ने हक सबैको छ, त्यो त आफ्नो पूँजी हो, त्यसमा टाउको फुटालेर पनि तिमीहरूको बँटवाराको प्रश्न ल्याउन सकिदैन । तर मेचमा बसन, यत्तिको उद्विग्न हुनु पर्ने आवश्यकतै के छ र ? कफी खाई सिध्याऊ ।"

चूपचाप मेचमा बसी वन्दनाले पुनः आफ्नो कप समाती, एक छिनसम्म दुवै चुप रहे; घाम आइरहेको भयालको डंडीमा एउटी भँगेरी बसी चाँचाड़ै टाउको यताउति फर्काउँदै हेर्न लागी । आफुलाई संयत पारिसकेपछि बन्दनाले भनी—"कृष्ण, शंकरले मलाई चाहे नचाहेको कुरा छोड़ेर यो बताउ कि त्यस्तो कुरा गर्न तिमीलाई चोट लागेन, तिमिलाई केही सहनु परेको जस्तो भएन ?"

कफी सिध्याई कप टेबुलमा राख्तै उसले अलि हाँसेर भन्यो—"बहुलाही, यसमा चोट लाग्ने कुरै के छ र; मैले अघिनै भनेको होइन र कि माया गनु आफ्नु पूँजी हो, यसमा बँटवाराको प्रश्न पनि छैन र यसलाई आफुखुसी खर्च गरेमा कसैले भन्न पाउने कुरा पनि केही छैन ।"

वन्दनाले भनी—"भो, कृष्ण, अहिले यसलाई छोड़ी तिमी यो बताउ कि यत्तिको सजिलोसित कसैको आदर, कसैको अपमान, माया, ईर्ष्या, गाली, कटुता सबैको भारी आफ्नो टाउकोमा राखी बोक्न तिमीलाई

साँझकै कुनै कष्ट हुदन अथवा केही नलागेर असहाय भावले तिमीलाई त्यो बोक्नै परा केवल त्यसबाट परेको मार लुकाएर दंभपूर्वक आफुले निउरन परेको देखाउन मात्र चाहन्थौ ?"

एक छिनसम्म केही सोचेर कृष्णले भन्यो – कुनै त्यस्तो कुरा त छैन जस्तो लाग्छ बन्दना, फेरि क्रोध, ईर्ष्या, आदर, माया, अपमान, कटुता इत्यादि नै त जीवनका अनेक रंगका व्यतिक्रम हुन्, बाँच्नु भन्ने कुरो यही व्यतिक्रममा नै अड़िएको छैनर ? यसमा लाज मान्ने कुरै के छ र ? नारिसाउ बन्दना, तिम्रो पार्टीमाथि छेड़ हान्न चाहेको होइन, तर मलाई लागेको एउटा सहज सजिलो सत्य भन्न चाहेको छु कि तिमीहरू सबै-थोक नियम-बद्ध हेर्न चाहेर मात्र यस व्यतिक्रमको अनिवार्य सचाइ-लाई चिन्न सकेका छैनौ। तैपनि तमाशा त कस्तो अनौठो छ भने कि यसै व्यतिक्रमकै भरमा संसारका सारा द्वन्द र त्यसको समाधान अडिरहेको छ, फेरि तिमी हामी सबै र साराको परिश्रम, चेष्टा, काम अथवा संलग्नतालाई यसैले डोऱ्याई संसार र त्यसमा बाच्नुको सारा रमिता-भित्र घुमाई रहेको छ, पट्यार लाग्न दिएको छैन, यो नभएको भए कदाचित बाँच्नै गन्हुँगो हुन जान्नथ्यो।"

"तब, तिमीलाई चोट लाग्दैन, फेरि यो तिम्रो सहिष्णुता पनि होइन; एउटा अर्को कुरा बताउँछौ कृष्ण ?"

"सोध"—अत्यन्त संक्षिप्त स्वीकृति थियो।

"यत्तिको कम उमेरमा र यस छात्र जीवनमा भएरै यसरी निरूद्विग्न र बलियो तिमी कसरी हुन गयौ ?"

हाँस्दै कृष्णले भन्यो—"शरीर त मेरो स्वस्थै छ बन्दना, हत्तरपत्त बिरामी भएको मलाई थाहै छैन; तर मलाई निर्बलियो कमजोर हेर्ने अभिलाषा कतावाट आयो ?"

"छिः कस्तो कुरा गरेको'—आत्तिँदै न्दनाले भनी –"तिम्रो स्वास्थ्य मेरो होइन कि हाम्रो (आमाहरूको) अभिलाषा हो कृष्ण, मैले सोधेको त तिम्रो, कृष्णेको, बल पो त !"

"त्यो कुनै अनौठो कुरो होइन बन्दना, उत्तरमा तिमीसितै म सोध्न

सक्छु कि एउटी युवती भएर संसारका दीन दरिद्रीहरुको दुःख बोक्न र जतातते दगुरी त्यत्तिको बाधा, विघ्न भित्र यत्तिको परिश्रम गर्नें बल तिमीमा नै कतावाट आयो ? बल कुनै अचम्मको कुरो होइन, त्यो त स्वाभाव हो बन्दना; केवल त्यसलाई चिन्ने क्रम-भेदले नै त्यसको शक्तिको परिमाण प्रतिष्ठित हुन आउँछ—थोरै र धेरै !"

वन्दना अत्यन्त आनन्द-कृतज्ञ भावले कृष्णलालको राम्रो अनुहार, टूलटूला आँखा, स्वस्थ देह हेरिरहेकी थिई; आज उसलाई यो बी० ए० को छात्रभन्दा केही परको वस्तु लाग्यो. अनि उठेर उसले भनी, "कृष्ण मलाई किताप देउ म जान चाहन्छु ।"

किताप लिएर जान लागेको बेलामा उसले कृष्णलाई नमस्कार गरी र कृष्णेले उसको पीठिउँमा अत्यन्त सहज भावले एउटा थपकी हान्यो ।

जान लागेकी बन्दनाले बाटोभरी आफ्नो पीठिउँमा कुनै आशीर्वादको भारी बोकेझैं लागि रहेको थियो जसमा आग्रह थिएन, उद्विग्नता थिएन, लोभ पनि थिएन र मानो त्यो कुनै निस्पृह यथार्थ वाहेक अन्य केही पनि थिएन । घरमा पुगेर उसले देखी कि शंकर उसको प्रतीक्षा गरि रहेको छ ।

"ओहो, कति बेरदेखि कुरी रहेको छु; व्याहानै कहाँ गएकी थियौ"—शंकरले बन्दनालाई देख्ने बित्तिकै सोध्यो ।

ल्याएको किताप कुनाको टेबुलमा राख्दै उसले भनी—"कृष्णेकहाँ एउटा किताप लिन गएकी थिएँ; तिमिलाई निकै बेरसम्म कुर्न पऱ्यो होइन ?"

"कुर्न परेमा केही दुःख भएन, खालि सकेसम्म चाडै नै तिमिलाई भन्न आएको कुरा व्यक्त गर्नें उत्कंठा मात्र लागिरहेको थियो" अलि बिस्तारै शंकरले भन्यो. उसको अनुहार एकाएक अप्राकृतिक भावले गंभीर हुन गयो । आज व्याहानै उपलब्ध भएको एउटा अनिर्वचनीय आनन्द-प्रवाहमा शंकरको अप्रत्याशित आगमनले वन्दनामा अज्ञात भावले नै पारिदिएको छुएणता शंकरको यस

अप्राकृतिक गंभीर आकृतिले उसको मानमा झन स्पष्ट हुन गयो। उ एउटा आवेगपूर्ण विरक्ति अनुभव गर्न लागी र यस वातावरणबाट कतै टाढ़ा भागेर जाने इच्छा हुन लाग्यो। तर आफूलाई संयत पार्दै नजिकैको एउटा मेचमा बसी, एकछिनसम्म दुवै चुप रहेर शंकरले भन्यो—"बन्दना, पार्टीमा विश्वास छ ?"

"तिमी नै यदि पार्टी होइनौ भने विश्वास छ" अत्यन्त शान्त र दृढ़ भावको सानो उत्तर थियो।

"एउटा, कदाचित तिमिलाई अत्यन्त अरुचिकर, कुरा भन्न परेको छ वन्दना, जन-सेवाको बाटोमा "म" अथवा 'तिमि" बिलाएर गएको हुन्छ। त्यहाँ एउटै कुरा रहन्छ—"लक्ष्य-प्राप्ति"! अतः मलाई छोड र आफुलाई पनि छोड़; तर लक्ष्यलाई उद्दीप्त पारेर पार्टीको एउटा आदेश सुन कि कृष्णलालको बाबु लक्ष्मीमानको रिभालभर तिमिले पार्टीको निम्ति ल्याई दिनु पर्ला।" यति भनेर शंकरले एउटा खाम वन्दनालाई थियो।

लगभग अचेतन अवस्थामा नै वन्दनाले त्यसमा भएको कागत पढ़ेर त्यसलाई च्याती र फाली। तर शंकरले जस्मै टुक्रा बटुली सलाई कोरी एक कुनामा त्यसलाई खरानी पारि दिएपछि आफ्नो मेचमा बसेर पुनः भन्न लाग्यो—"वन्दना, यसमा यत्तिको चिन्ताकुल भई गंभीर हुने कुनै कुरा छैन। हामीकाहाँ यो भई नै रहने कुरो हो। हामीलाई लक्ष्य-निर्दिष्ट बाटोमा चल्नै पर्छ, त्यहाँ काँढा छ अथवा बाघ, भालु छन् भन्ने कुरामा हाम्रो कुनै सोच विचार रहँदैन।"

एकछिनसम्म चुप रहेर वन्दनाले सोधी—"तर यस कामको निम्ति मलाई नै किन अह्राइयो ? मभन्दा सूक्ष्म व्यक्ति त्यहाँ थिए, तिमि पनि थियौ नै !"

शंकर हाँस्न लाग्यो र भन्यो—"वन्दना, तिमि सजिलोपनामा उत्रिदै जान लाग्यौ; अर्थात कृष्णलालको माल त्यस परिवारसित घनिष्टता राख्ने तिमि किन चोर ? चोर्नै छ भने आकैंले त्यो काम (तिम्रो वृत्ति अनुसार अपराध) गरोस् र त्यस पार्टीको काम चलोस् जसको तिमी

पनि एउटी सदस्या ह्वौ, होइन ? तर वन्दना, हाम्रो पार्टीमा मात्र "लक्ष्य" छ, "विकल्प" छैन; अन्य वाद-प्रवादहरुजस्तो जन कल्याण-को पक्षमा उपयोगिताको कुनै आल्टर्नेटिभ अथवा पक्षान्तर हामिकोहाँ छैन । त्यहाँ केवल निश्चित "अभीष्ट" मात्र छ, र त्यसको पूर्तिको बाटोमा सजिलो असजिलोको कुनै ठाउँ नरहेर नै त्यसमा यत्तिको दृढ़ता छ जसले जनताको निश्चित उद्धारको गारण्टी दियेको छ । तिम्रो अकसम्मको दृढ़ताले विचार गर्दै यो भन्न सकिन्छ कि कृष्णलालको ठाऊँमा कोही अर्कै भये त्यसको रिभाल्भर ल्याउन तिमी जरुरै अन्क-नाउँदैन थियौ; तर कृष्णलालको माल तिमिलाई चोर्न नपरोस्, कोही अर्कै जाओस् र तिमिले अनुभव गरेको धर्म संकटमा तिमिलाई पर्न नपरोस, यही मात्र चाहेकी होईनौर ?"

वन्दना अहिले सम्ममा संयत हुन गएकी थिई र शंकरको भनाई सकिने वित्तिकै उसले भनी—"मलाई खेद छ शंकर कि गमक्क परेर भनेको तिम्रो यस कुराले मलाई अलिकति पनि प्रभावित पार्न सकेन । मलाई यो राम्ररी थाहा छ र तिमीलाई मेरो अगाड़ि यो भनिरहनु परोइन कि पार्टीमा व्यक्ति छैन केवल पार्टी छ, वर्ग छ; तर मैले यो पनि विर्सन सक्तीन कि तिमी पनि पार्टीमा नै छौ र तिमी व्यक्ति बाहेक अरु केही पनि हुँदै होइनौ । तर.....,,

कुरा काट्दै शंकरले भन्यो—"म माथि वैयक्तिक आक्षेपको कुरा छोड़ वन्दना, तिमिलाई लागेको प्रतिकार गर्न तिमि स्वतंत्र छौ । त्यो कुरा पार्टीमै किन गरीनौ ?"

उत्तरमा अलिकति पनि नहच्केर वन्दनाले भनी—"तिम्रो मुखबाट यो कुरा सुहाउँदैन; के तिमिले नै वैयक्तिक कुरा गर्न मलाई सिकाएका छैनौर ? व्यक्तिभन्दा पर तिमि कहिल्यै जान कहां सकेका छौ ? किन्तु यसबाट मलाई आपत्ति पनि छैन किन भने सिद्धान्त जस्तो-सुकै बनाइ-योस् तर त्यसको संचालक व्यक्तिको व्यक्तित्वको अमान्यता हुनै सक्तैन भन्ने कुरा निश्चित प्रकृति हो ।"

"पख वन्दना -आवेशित भएर शंकरले भन्यो—"मेरो व्यक्तिलाई दया देखाएर सिद्धान्तलाई कलुषित पार्न सक्तीनौ। यो संभनै पर्छ, मान्नै पर्छ कि हाम्रो लक्ष्य धर्म वा सिद्धान्त जे भने पनि समूहगत मात्र निरीह जनता हो, जसलाई हामी सबैले उसकै एक अंग सरह उद्धारसम्म पुऱ्याई शक्ति सम्पन्न गराउनु छ। अतः पार्टीमाथि तिमिले यो आरोप लगाउनै सक्तीनौ कि त्यहाँ व्यक्ति छ।"

"मलाई जम्मै कुरा थाहा छ शंकर, यद्यपि आज अब बहस गरेर सिद्धान्तको निधो लगाउन सकिंदैन र पार्टीको उद्देश्यमा मलाई भ्रान्ति तथा अश्रद्धा पनि छैन; तर टाउको निउराएर सबै थोक माने पनि आज अत्यन्त असहायभावले यो भन्नै पर्छ कि जुन शक्तिको तिमीले यत्ति खँदिलो प्रतिष्ठापन व्यक्त गरेका छौ त्यसको उपयोग ठीक त्यसको विपरीत पनि भई रहेकै छ। तिमिले नै यो भन्न सक्तैनौ कि पार्टी भित्र विशेष शक्तिशाली भएर शक्तिका अन्य अंगहरूलाई जुन सुकै इच्छित दिशामा तिमी घुमाई दिन्छौ र समस्त कल्याणको लागि आयोजित शक्ति, पार्टीमा तिम्रो अगाडि केवल यसैको निम्ति संधै असहाय भएर लुलो हुन जान्छ कि शक्ति उपासनामा तिम्रो शक्ति, पार्टी भित्रै, पार्टीभन्दा बढ़ता छ! यहीं तिम्रो समूह पनि आज स्पष्टतः क्षतिग्रस्त देखापरी रहेको छ। किन भने त्यहाँ तिमी (व्यक्ति) समूह भन्दा बढ़ता छौ, शक्ति सम्पन्न! हुनु पनि पर्न्यै हो। शक्ति पूजाको क्रममा पार्टी वा समूह भित्र पनि बढ़ता शक्तिनै सबैभन्दा माथि नआई कहाँ छोड़छ र? साथै सर्वहारावर्ग याने पूँजी र अर्को शक्तिको दबाउबाटै छटपटाएर भागे पनि अब हाम्रो शक्ति मुनि पिल्सिई रहेको छ। मलाई लागिरहेछ कि हामीले सर्वहारावर्गलाई स्वयम् आफ्नो शक्ति, प्रयत्नको प्रयोगनै गर्न नदिएर आफ्नो नेताईको माध्यमले मात्र तिनीहरूलाई जो हिंडाउन चलाउन चाहन्छौं त्यसले उनीहरूको स्वतंत्र र स्वाभाविक विकाशको बाटोनै शुनिई केवल तिनीहरूले अनुग्रहीत मात्र हुन परिरहेको छ। सफा भनौं भने नेताईको नाउँमा यो घूस हो; घूस दिएर नेताईको पक्षमा नै ती विचारहरूको कृपा र वाणीलाई लुलो

लाटो पारी आफ्नो पछि पछि आफ्नै परिधि भित्र हिँडाउन राखिछोड़े-को छ। मानवता र मानवी शक्ति, विकाशको कुनै स्वतन्त्र विकाश यहाँ छैन, त्यो कुञ्ठो र कुण्ठित हुन गएको छ। मैले नै गरेको यो कुरा स्वतन्त्र विचार भएर के पार्टी-धर्म भित्र अपराध मानिएको छैन र? मेरो स्वतन्त्र व्यक्तित्व नै कहाँ छ र? सबैथोक थाहा नपाएको छैन शंकर, किन्तु एक दिन यी दीन दरिद्रीहरूको प्रति आर्द्र र व्याकुल भएर जुन व्रत लिएको थिएँ त्यही सबैभन्दा माथि आएर मलाई असहाय पारी दिएको छ। बोल्ने जिभ्रो भए पनि लाटो बनाई दिएको छ। भयो, अब तिमी जाउ, मेरो उद्विग्न हाहाकारमा मलाई एकान्त र शान्ति जरूरी छ। पार्टीको होइन, सिद्धान्तको होइन, समूहको होइन वरन् तिम्रो, तिम्रो शक्ति-वैशिष्ट्यको आज्ञा सुनिसकेकी छु, त्यसको बन्धनको पनि संझना छ; शेष कर्तव्य मेरो हो, अहिले जाऊ।" एक छिनसम्म चुप बसेर शंकरले उठ्तै पुनः भन्यो—"वंदना, तिम्रो भावुक-ताको म सम्मान गर्छु तर पार्टी अनुशासनमा ध्यान राख्न नबिर्स है।"

"जाऊ शंकर, जाऊ"—उत्तेजित भएर बन्दनाले भनी—"मलाई पार्टीको शासन अब आजन्म नबिर्सिने भयो, तर जनिगर बिन्ती छ अहिले जाऊ।"

अनि शंकर ढोका बाहिर हुने बित्तिकै वन्दना आफ्नो ओच्छ्या-नमा घोप्टो परी र अहिलेसम्म एउटी नारीको बलभन्दा पनि बढ़ता शक्तिले थामिराखेको उसको तात्तातो आँसु मूक भावले उसको तकिया भिजाउन लाग्यो।

... ...

तीन दिनसम्म वन्दना घरबाट बाहिर निस्कनै सकीन; अहर्निशिको गहुँगो मानसिक क्लेशले उसको शरीरको जम्मै रगत नै शोषिदिएको जस्तो उसको अनुहार भयो। यत्तिको दीन र असहाय उसले कहिल्यै आफुलाई पाएकी थिईन। जहिले पनि कठिनाई र क्लेशको माथि भएर उसको दुःख वरण गर्ने शक्तिले आज उसलाई कुनै पनि सहायता दिन सकेन।

गत ती— [illegible] द्रित-निद्राको अवसन्न जड़ताले उसको आँखा थाकका जस्ता मृतवत भई रहेका थिए; निद्रा र जागरण एकाकार भएर मानौं आफ्नो स्वाभाविक गुण विसी कुनै मध्यवर्ती प्रभाव मात्र वन्दनाकै लागि समातेका थिये।

अन्ततः वन्दनाभित्र क्लेशके शक्तिले जोड़ लगायो—केही नकेही गर्नै पर्ला, नगरी सुःख छैन।

चौथो दिन व्याहानै तैयार भएर उ कृष्णलालको कोठामा पुगी। भर्खरै नियमित कफी-पान सिध्याएर केही पढ़ने आयोजन गरिरहेकै बेलामा वन्दना आएकोले कृष्णलालको अनुहारमा प्रसन्नताको प्रभाव देखुन्यो तर वन्दनाको मुख हेर्ने वित्तिकै एकाएक आश्चर्य-विमूढ़ भएर उसले सोध्यो—"के हो वन्दना, तिमि बिरामी थियौ ?"

"होइन" भन्दै एउटा मेच तानी कृष्णेको बगलमा नै बसेर उसलाई उ हेर्न लागी।

"मलाई के हेरिरही छौ, मलाई कुनै रोगले समातेको छैन, हेर्नै छ भने आफ्नो अनुहार हेरन। यो के भएको ?" अलिक उद्विग्नता पूर्वकै उसले पुनः भन्यो।

"मलाई केही भएको छैन कृष्णे" एउटा भावहीन थाकेको कण्ठ-स्वरमा विस्तारै उसले भनी।

कतै टाढ़ाबाट मृतकले बोलेको सुरमैं उसको आवाज सुनेर कृष्णलाल झन सशंकित भयो; एक छिन यस्तो वन्दनाको अनुहार नियालिसके पछि उसको टाउको सुम्सुम्याउँदै उसले सोध्यो—"वन्दना, छिपाउनु पर्दैन, कुनै अघोर मानसिक क्लेश नभए, सयौं साल बिरामी भए पनि तिम्रो भित्रको उज्यालोले यस्तो मलीनता आभासित गर्न सक्तैनथ्यो। कुरो के छ, म केही गर्न सक्छुकि ?"

छाति च्यातेर मुटु नै बाहिर आइदेला जस्तो भएर अब वन्दनाको आँसु अबाध भावले झर्न लागे। निकै बेरसम्म उ यही अवस्थामा रूँदै बसी रही। कृष्णलालले पनि केही बोलेन र अत्यन्त धैर्य पूर्वक उसलाई स्वस्थ हुने प्रतीक्षामा उसको टाउको सुम्सुम्याँउदै बसी रह्यो।

अन्तमा आँखा पुछेर आफुलाई सम्हाल्दै —"कृष्णे, मेरो एउटा अनुरोध स्वीकार गर्छौ भने तिम्रो अगाडि देखापरिआएको मेरो आँसु बारे अवदेखि कहिल्यै पनि कुनै प्रश्न नगर, यो नसोध कि मलाई के भयो ?"

वन्दनाको यो कुरा सुनेर मुटुमा मुड़की हानेकोझैं पीड़ाको अनुभव गरे पनि कृष्णलालले आफुलाई अस्थिर हुन दिएन । एक छिनसम्म चूप रही उसले भन्यो—"हुन्छ, सोध्दीन । साथै मलाई यो विश्वास छ कि मबाट कुनै कुरा लुकाउन चाहेर तिमिले यो प्रतिबन्ध लगाएको पनि होइनौ । नभनिने यस्ता कुराहरु पनि हुन्छन् जसको उद्देश्य 'गोपनीयता' त हुँदैन तैपनि त्यसलाई भन्नु पनि हुँदैन; र यस्तो अवस्थामा मनुष्को मनुष्यमाथिको श्रद्धा र परस्परको आस्थामा नै सारा कुरा निर्भर रहन्छ, कुनै बाधा व्यतिक्रम आउँन दिंदैन । तर वन्दना, हामी साधारण प्राणी-हरूले कुनै असहनीय, उपाय-विहीन र मात्र क्लेशको अवस्थामा "भगवान" भनेर छातिको नैतान्तिक पीरलाई कुनै अज्ञातमा अड़ाई दिने गर्दछौं र तिमी भगवान नमान्नेहरुलाई यस्तो अवस्थामा सहनु-बाहेक केही रहँदैन, साथै कदाचित सहन नसके मानिस टुटेर जान्छ; अतः एउटा अनन्य आत्मीय भएर मैले यो अनुरोध नगरी रहन सक्तीन कि यस्तो कुनै टुट्नै परेको अवस्थामा भगवान नभए मनुष्यको नै आड़ लिएर आफुलाई बचाऊ, टुट्न नदेऊ है !"

"टुट्न नदेऊ ?" आश्चर्य स्वरमा वन्दनाले सोधी ।

"हो, टुट्न नदेऊ; वन्दना, मानिस 'हार' होइन त्यसको सहन-शीलताको पर्याय र परिणाम मात्रैको संज्ञा "जय" हो ।

एकाएक अप्राकृतिरुपले उत्साहित भएर वन्दनाले भनी—"हुन्छ, कृष्णे, हुन्छ; टुट्न दिन्न, मरे पनि टुटेर म जान्न ।" केही बेर चूप लागेर उसले पुनः भनी—"एउटा अरू कुराको पनि अनुरोध गरुँ कृष्ण ?"

"अनुरोधको लागि सोध्नु पर्ने त कुनै खण्डै छैन ।"

"त्यसो भए तिमीले मेरो यो कुरा पनि मानि दिनु पर्छ कि मबाट कुनै अपराध भएमा मलाई क्षमा गरेर मात्र तिमि बस्न पाउन्नौ मलाई

नटुङ्ने आदेश दिए पछि, सहनु परेको कुनै अवस्थामा, मेरो क्लेश आफुमाथि बोकी तिमिले मलाई असहाय निर्बलियो स्वीकृत गर्दैनौ, गर्न पाउन्नौ। भन कृष्ण, तिमिलाई यो स्वीकार छ ?"

"स्वीकार गर्नुमा कुनै आपत्ति छैन, तर वन्दना, सोचिरहेको छु कि स्वीकार गर्ने कसलाई ? भित्रबाट कुनै नितान्त रुपले असहाय हुन गएर मात्रै अपराधको सृजन हुन्छ, वस्तुतः त्यो एउटा आत्यन्तिक निर्बलता मात्र हो; फेरि निर्बलता के स्वयम नै सजाँय होइन र ? तैपनि विश्वास राख कुनै यस्तो अवस्था परेमा क्षमा गर्ने दंभ गरी तिमीलाई म छोटो पार्दिन वन्दना, तिम्रो म सम्मान गर्छु।"

"लौ त म जान्छु; साथै मनमा कुनै प्रकारको तुलमुल बस्नै नदिने तिम्रो स्वभावसित परिचित भएर पनि म यो भनेरै जान्छु कि मैले पाई राखेको क्लेशमा कुनै चिन्ता नलेऊ, तिमिमाथि त्यो कुनै दुर्बोध्य चिन्ताको कुरा अब रहेन; म आश्वस्त र कष्ट रहित भएँ; आज तिम्रो पास त्यसैको लागि आएको थिएँ र मलाई बिश्वास थियो कि तिम्रो हावाभन्दा परै कुनै पनि क्लेश कष्टलाई बस्नु पर्ला; त्यही भयो पनि !" यति भनेर उ ढोका बाहिर गई।

उपरोक्त कुराकानीको एक साता मित्रै वन्दनाले मौका पारेर साहु लक्ष्मीमानको रिभालभर हात पारी शंकरलाई दिंदै उसले भनी-"शंकर, पार्टीको आज्ञानुसार रिभालभर लेउ, साथै यो पनि जानिराख कि मैले यसलाई चोरेर ल्यायेको हुँ र चोर्नु निर्बलता हो। कृष्णेसंग मागे पनि उसले रिभालभर दिन अन्कनाउँदैन थियो। तर मागेर केवल तिम्रो पार्टी-जयी हठलाई सर्वत्र-जयी बनाउन म चाहन्नथें। तिम्रो कुनै कुरासित सम्पर्क गराएर कृष्णेको मायालाई मैले कलुषित पार्न चाहीन। माया महान कुरो हो र उसलाई तब ओह्रालनुको सट्टा, कृष्णेको अपराधी बन्नु नै मैले उचित ठानें, चोरें।"

रिभालभर लिएर जान लाग्दा वन्दनाले प्रस्टै देखी कि शंकरको मुख कालो खरानीजस्तो हुन गएको थियो।

... ...

राति लगभग दुइ बजेको थियो; कोठाका बाराांतर पर्ने झ्याल खोली सुतेकी बन्दनाले केही हलुँगो खटपट सुनेर बिउँझी बत्ती बाल्दा झ्यालबाट भित्रिन लागेको शंकरलाई देखेर उ अवाक हुन गई। ओठमा हात राखी चूप हुने संकेत गर्दै शंकरले झ्याल थुन्यो र बन्दनाको खाट नजिकै एउटा मेचमा बसी बिस्तारै भन्यो "मुश्किल साथ बाँचें, मलाई अलि पानी खान देऊ।" सिहानको कुनामा राखेको करुवा दिंदै बन्दनाले झर्को, भय र केही लाजमिश्रित स्वरमा बिस्तारै सोधी—"तिमी यत्तिको राति यस्तो अवस्थामा झ्याल फाँदी किन आएको ? कुरो के हो, के भएको छ ?"

पानी खाई करुवा त्यहीं भुइँमा राख्दै उसले पुनः चूप रहने संकेत गऱ्यो। लगभग आधा घंटा त्यसै बसी रहेर झ्यालतिर गई कान लगाई त्यसले केही सुन्ने चेष्टा गऱ्यो र सम्पूर्ण निस्तब्धता पाएर उ मेचमा बस्दै बिस्तारै भन्यो बन्दना अत्तिनु पर्दैन, जागा हुनुभन्दा पहिलेनै म यहाँबाट गई दिने छु। तीन बज्यो होला, १ घंटा तोप नचलुन्जेल म यहाँ बस्छु। तिम्रो केही हानि हुने छैन।

"कुरा के हो, के भएर तिमीलाई यस्तरी लुक्न परेको ? प्रस्ट भनन।"

"पार्टीको एउटा काम पूरा गरी आएको रमनले झण्डै फेला पारि-सकेको थियो, तिम्रो बारी र यस झ्यालले बल्ल बाचें।"

"ओहो, भूमिका माग्दै पारी राख्ने ! तिमिलाई यो कुराको संझना हुँदैन कि राति मेरो कोठामा तिमि आएछौ, कसैले थाहा पायो भने के होला ? अझ कुरा पनि न बताउने, यो के हो ?" केही शंका पूर्ण स्वरमा अलिक झस्कँदै तर बिस्तारै बन्दनाले भनी।

शंकर पूर्णतः प्रकृतस्थ भएर भन्न लाग्यो—"हुने केही पनि होइन, कसैले थाहा पनि पाउँदैन। एक घंटापछि तोप चल्नेसम्मै बस्ने त हुँ नि। कुरा पनि बताउँला। तर बन्दना एउटा कुराको उत्तर त देउ—"के कृष्णे नभई तिम्रो बिहा हुँदैन ? तिमी जस्तो आइमाईले त्यस्तो प्रतिक्रियावादी पूँजीपतिसंग आफ्नो जीवन बाँधून किन खोजे-की छौ ?"

अवाक परेर बन्दना उसको मुख हेर्न लागी। एक छिनपछि गंभीर भावमा विस्तारै उसले भनी—"शंकर, तिम्रो कुराको उत्तर दिन धिन लागेर आयो अतः तिमिले प्रतिक्रियावादी पूँजीपति भनेर सम्बोधन गरेको व्यक्तिद्वारा नै सुनेको एउटा कुरा सुनाउन चाहन्छु। एक दिन यी सर्वहारा, शोषित, दुखीहरूको कुरामा बहस गरेर मैले पार्टी ज्वाइन गर्ने सल्लाह त्यही प्रतिक्रियावादीसंग मागदा उसले भनेको थियो—"जनकल्याण र स्वतँत्रताकोलागि सेवा स्पृहणीय वस्तु हो, कुनै पार्टीको माध्यम सहायक पनि हुने होला; तर सेवा व्रतमा एउटा कुरा कहिले पनि नविर्सनु कि मनुष्यको "स्व" भन्ने कुरो सर्वथा विशुद्ध हुनु पर्दछ र जहिलेसम्म मनुष्यले आफनो "स्व" लाई सत्यमा विसर्जित गर्न सिक्तैन उहिलेसम्म विकृति बाहेक व्यक्ति अथवा समूहसित कल्याणको कुनै सामंजस्य मिलाउन सकिंदैन; साथै वर्ग अथवा व्यक्तिको स्वतंत्रता भन्ने कुरोले कुनै अर्थ पनि पाउँदै।। कुनै पनि "वाद" ले त्यस कल्याणको वरिपरि नै चक्कर खाँदै मरी सिधिनु पर्छ र कल्याण तथा स्वतंत्रताको अनेकार्थक पर्याय लड़ाइँ गर्न सधै शस्त्र सज्जित रहने छन्। अतः "स्व" लाई शुद्ध राखेर जे पनि गर्न जहाँ पनि तिमी जान सक्छौ, जाऊ; त्यसमा मेरो त के मानव मात्रलाई बाधा अवरोध पर्ने कुनै आशंकै छैन यो निश्चित सत्य हो।" यसरी कृष्णेको आस्था लिएर पार्टीसंग जीवन आवद्ध गरेको थिएँ र मेरो कार्यमा कहिल्यै पनि तिमीले भनेको त्यस प्रतिक्रियावादी पूँजीपतिसंग बाधा परेको छैन। अवराध भन्ने कुरालाई नै डराएर उसित सँधै परै रहन परेको मैले देखेको छु। कहाँ सम्म भने, उसको रिभालभर चोरेर तिमीलाई दिन पनि उसकै आत्मआस्थाले मेरो निम्ति हालै सहायक भएको छ। तर हेर्दछु शंकर तिमिहरुलाई हरेक कदममा बाधा अवरोध नभएर तिम्रो प्रगतिले बाटै पाउँदैन, तिमीमा यदि कुनै प्रगति आए, रहेको छ भने त्यसले त्यही बाधा अवरोधकै भर लिई अगाड़ि बढनु परेको छ, बढ़ेको छ; यो के हो शंकर, तिम्रो समस्त साराको शीर्षस्थानमा त्यही बाधालाई नै बसाली पूजा किन गर्नु पर्दछ?"

बन्दनाले मसिनो स्वरमा भनेको कुरो अत्यन्त अनुभव-सिद्ध प्रस्ट थियो र उत्तर रुपमा दिइएको यस प्रश्नको कुनै उत्तरै पहिल्याउन नसकेर शंकर अवाक् भयो; साथै कुन्नि केले हो, यकायक उसको मुखमा गोलको धुलो पोतेझैं उ कालो हुन गयो। कहिल्यै पनि नदेखेको शंकरको त्यस्तो अनुहार देखेर–कुनै ठुलो नभन्ने कुरा भनेंकि–भन्ने शंका लागेर हत्पतिई उसले भनी–"के भयो, शंकर, मैले कुनै तिमिलाई साह्रै दुःख, मर्काको कुरा गरेको त छैन, तिमि किन यस्तो भयेको ?" अनि आफुलाई संभाली, कुनै अस्वाभाविक बल लगायेर, तर कत्ति पनि चर्कोपना नराखी, उसले भन्यो—"वन्दना, जे भये पनि व्यक्ति भन्दा समूह बढ़ता छ; व्यक्तिको सारा स्वतन्त्रताले समूह भित्रै मान्यता प्राप्त गर्दछ; यहाँ कुरा कृष्णेको छैन, कृष्णलालको वर्गको हो। यसैले तिमि जस्तो व्रतीले त्यससंग बिहा गर्न पाउँदिनौ।"

"तर यो पनि के परतन्त्रताकै ध्वनि होइनर ? मैले अहिले नै भनेको कुरा किन विर्सन्छौ कि कुनै पनि "स्व" शुद्ध नभयेर, सत्य परिणति नपायेर "स्वतंत्रता" एउटा वृत्ति-निरंकुशता मात्र रहेर जान्छ; चाहे त्यो व्यक्तिको होओस अथवा वर्ग वा समूहको होओस्। शुद्ध "स्व" द्वारा नै स्वतन्त्रताले आफनो वास्तविक अर्थ, गुण र कृत्य-बोध प्राप्त गर्दछ। वस्तुतः त्यो "कल्याण" को निश्चित पर्याय हुन्छ। फेरि त्यस अवस्थामा वर्ग, समूह र व्यक्तिको कुनै एक्लो, विशेष प्रश्नै रहन जान्न; अनि ?"

बन्दनाको यस कुराको कुनै युक्तिको उत्तर दिन नसकेर पनि शंकरले भन्यो–"त्यो म जान्दीन, तर जे भये पनि, तिमि समूहकी ह्वौ, कृष्णलाल व्यक्ति हो; उसको व्यक्तित्वले एक्लै तिमिलाई खाइरहेको छ, अतः बिहा हुने कसरी ?"

दिक्क लागे पनि बिस्तारै बन्दनाले भनी—"यही हो स्वतंत्रताको नाउँमा वृत्ति-निरंकुशतासमूहकै भये पनि अशुद्ध, अधम "स्व" भयेर वृत्ति-पोषण मात्र त्यो चाहिरहेको छ, अनेकौं अवरोधको डोरी समातेर मात्रै त्यो बढ़िरहेको छ। तर शंकर, यहीं तिमीमा अथवा तिनीले मानें, बनायेको वर्गमा तथा कृष्णे अथवा उसको, प्रतिष्ठापनको व्यक्तिमा

कल्याण भन्ने कुराले स्वयमै "भेद" लाई स्पष्ट पारिरहेको छ। तर.....

"लौ तोप चल्यो" भन्दै शंकरले उठी विस्तारै कोठाको ढोका खोली सिढ़ीमा ओर्ल्यो। वन्दना पनि संगै ओर्ली र मूल सड़कमा खुलने ढोकामा एकछिनसम्म अड़ेर चारैतिर निस्तब्धताको अनुमान गरे पछि ढोका खोलेर बाहिर निस्कन लागूदा शंकरले भन्यो—"वन्दना त्यति रातमा त्यसरी तिमिकहाँ आयेर वस्नु पर्ने कारण तिमीले उजूयालो हुने वित्तिकै थापाउली; अहिले यति मात्र भन्छु कि समूह महान छ, व्यक्ति त्यसको अगाड़ि गौण हो। यो नविर्स कि तिमि पार्टीको एउटी कर्मठ र कुशल सदस्या हौ; तिमिलाई पार्टीले अत्यन्त सम्मान दियेर तथा दिन-लाई नै तिमीलाई छोड्न सकिदैन।"

शंकर गई सके पछि विस्तारै वन्दनाले ढोका थुनी, कोठामा पुगी; कुन्नि कस्तो अवशादले उसको मन आच्छन्न भई रहेको थियो र उ ओच्छ्यानमा पल्टी।

... ...

कृष्णलालको हत्या भयेको थियो। कोही कोही भन्छन् उसले आफैं आत्महत्या गरेको हो, कृष्णलालको बाबुको रिभालभर त्यहीं त्यसैको ओच्छ्यानमा रगतमा लत्पतिएको पाइयो। पुलीसले इन्क्वायरी गर्न लागेको थियो.। हत्याको बारेमा अन्य अनेकौं अड़कल पनी भईरहेका थिए। तर अड़कल र घटनाको सचाईको पत्ता चलेर नै के हुन्छ। जुन सुकै प्रकारको रूचि, विचार, स्वार्थ ईर्ष्या, क्रोध प्रवृत्ति, इच्छा अथवा सिद्धान्तै लियेर भएको यस प्राणनाशको प्रतिकारमा संसारका कसैले पनि त अब कृष्णलालको एउटा नख पर्यन्त वनाउन सक्तैन, कृष्णलाल मारिएको-मरिएकै अब भएनर? उसको बाबु, आमा, भाई, बहिनी, मित्र, नाता, गोता सबै छन; केही तात्कालिक पीर छ, त्यस पछि स्वाभाविक क्रम कृष्णेको मृत्युमा पनि खोज्ने केही छैन।

वन्दना.....वन्दनाको बारेमा पनि कदाचित केही भन्नु पर्ने कुरा पाइँदैन। यत्तिको दीन-हीन र अपदार्थ जस्तो हुन गएकी

त्यस मेधाशील नारीको खरानी खोतलेर आज गनु नै के ? हो, कृष्णेले भने अनुसार आफुलाई टुट्न नदिएर बचाई राख्नलाई सही रहने क्रममा, एक दिन केही नलागेर भगवान नमान्ने बन्दनालाई मार्क्स र लेनिनको तसवीर अगाडि उभिएर आफ्नो आँसुको नीरव भाषामा सोध्न परेको थियो, दार्शनिक मार्क्सको तसवीरसित उसले सोधेकी थिई—"समूहलाई यो अधिकार कुन मुटुबाट कहाँबाट प्राप्त भएको छ कि व्यक्ति प्रतिको सारा करुणा नै सुकेर जाओस् ?" उत्तर केही पनि पाइएको थिएन, र हिमालयको गह्नुँगोपना मुनि उसको रगत मासुको सानो मुटु थिचिरहेको छ। मनुष्यले उसको निर्द्वेष, निर्दोष, निर्विकार कृष्णेलाई मान्यो र भगवानलाई मान्नु छैन। विवशताको यस दशामा असह्य पीरको महा हाहाकार भित्र मसिनो स्वरमा उसको मुटु लगातार कराई रहेछ—तब कुन निर्लिप्त, निःसंदिग्ध निष्पृह, निर्लेप, आश्वस्त ठाउँमा धक फुकाएर यस असंदिग्ध र मात्र पीरलाई पोख्ने, अन्तिम निवेदन गर्ने ? हरे, फेरि यस व्यापी वेदनालाई निवेदन गर्ने काहाँ ! निवेदन गर्ने काहाँ !! निवेदन गर्ने कहाँ !!!

चुनाव

गोठाले

बाबानानीले पति नगरपालिकाको चुनावमा उम्मेदवार खड़ा गरिए भन्ने सुनी। तर जसै उसले यो पनि सुनी कि चुनावमा जितेर देश-सेवा सम्म गर्ने मौका पाइन्छ, एक पैसा पनि आम्दनी हुँदैन, उ एकछिन त स्तब्ध भई।

उ बसिरहेको कोठाको उतापट्टि आर्को कोठामा उसको पतिलाई घेरेर वार्डका केही मानिसहरू र अरू राजनैतिक पार्टीका केही कार्यकर्ताहरू कराइरहेका थिए। उतातिरको आवाज खल्बलिएर बाबानानीको कानमा परिरहेको थियो। उ कुरा बुझ्न चाहन्थी तर अस्पष्ट गंजागोलले केही बुझ्न सकिन। एक छिनपछि कुरा सिद्धिएझैं अकस्मात् खल्बल थामियो तर फेरि क्षणभरमै बिस्तार-बिस्तार कुराको भन-भन सुनिन थाल्यो। बाबानानीले नीःसंगवस कीलामा झुन्ड्याएको पतिको सुरूवाल झिकी र त्यस्तै किसिमबाट यन्त्रवत् खोपाबाट सियो र धागो झिकी; उ सुरूवाल सिउन बसी। च्यातिएको ठाउँमा आँखा पर्ना साथै व्यंगपूर्ण हाँसो उसको मुखमा फैलियो। सुरूवाल च्यातिएको त्यस्तै किसिमसंग हाँसिरहेको थियो जस्तो कि उसको पति हाँस्छ। मैलो-थैलो, झुत्रिन लागेको सुरूवाल र पतिमा एक अजीब सामन्जस्य अनुभव गरेर धेरै बेरसम्म मुस्कुराइरही। यो सुरूवालले देश-सेवी पतिको खुट्टामा शोभा दिन्छ; र अहिले यो मानो पतिझैं हाँसेर भनिरहेछ—यो खर्चको हाहा केही पनि होइन।

बाबानानीले कोठाको चारैतिर निहारी। उसको पति कृष्णभक्तलाई केन्द्रिभूत गरेर कोठाका सारा माल-सामान र स्वयं घर पनि एकसूरमा ताल मिलाएर मानो नाचिरहेको थियो। कोठामा त्यस्तो कुनै

कुरा थिएन जो पुरानो र मैलो-थैलो न भएका होस्। अनि उसको आँखा मैलो बिछ्यौनामा च्यातिएको सिरकले छोपिएर सुतिरहेकी दूध-खाने छोरी माथि पऱ्यो र धेरै बेरसम्म छोरीको अनुहारमा टक्क अडिरह्यो। त्यो अनुहार पनि हेर्दा-हेर्दै निन्याउरो हुँदै गयो अनि एक लामो सुस्केरा हालेर उसले त्यहाँबाट आफ्ना आँखा झिक्की!

सोच्दा सोच्दै उ एउटा आशंकाले सन्न भई। एक छिनपछि उसले आफ्नो विचारलाई छ्यान्न-ब्यान्न पार्न चारैतिर हेरी र फेरि उसको आँखा गएर छोरीको अनुहारमा टक्क अडियो। "होइन"—उसले सोची- "यो छोरी ठूली हुनेछ, यसलाई केही-केही पनि हुन छैन। र....यो रात्री, तरुनी हुनेछ; यसको सबैले तारिफ गर्नेछन्। अनि यसको बिहे हुनेछ।" उसले अठोट गरेर भनी—"यसको बाबु जस्तोलाई त म किमार्थ यसलाई दिन्न।"

तर उ आफैं आश्चर्यचकित भइरहेकी थिई कि काल्पनिक ज्वाँईको रूप आफ्नै पतिको रूप भइरहेको थियो। उसले झर्केर यस कल्पनालाई एकोतिर पन्छाई र फेरि छोरीलाई एकटकसित निहारी। मानो यस कुरालाई उसले भर्खर देखी, उ गजब भइरहेकी थिई। छोरीको अनुहार बाबुकै जस्तो छ। नाक त एकदम उस्तै, अनुहारको ढाँचा-काँचा पनि त्यस्तै। एक अजीब किसिमको भावुकता उसमा भरिइरहेको थियो र, छालझैं लहरिरहेको थियो, मानो उसले आफ्नो पतिलाई पनि यसैगरी सुताउन पाएको, भने जस्तो गराउन पाएको भए! तर पति उठिरहेछ, जुन उसको पकड़मा आउँदैन र जसलाई उ बुझ्न सक्तिन। उसको आँखा रसाएर आयो।

उतातिर कोठामा हल्ला मच्चि नै रहेको थियो। उ बुझ्न सक्तिन, यस्तरी झगड़ा गरे जस्तो ठूलो स्वर किन, के लाई? एक पैसा पनि आमदनी नहुने काम गरेर पतिले के रस पाउँछ? र उसको पतिमा के यस्तो गुण छ, जोसित सल्लाह लिन त्यसरी मानिस जम्मा हुन्छन् र उसलाई सभामा भाषण गराउँछन्। उ केही बुझ्न सक्तिन।

मुरुत्राल सिउँदा सिउँदै उसको आँखाको अघिल्तिर फेरि पतिको

हारले उसलाई कष्ट पुऱ्याउँदछ । त्यो अनुहारलाई मनबाट धकेल्न तीव्र गतिले उ सिउन लागी । तर हात शिथिल हुँदै जान्छ र अनुहार स्पष्टतर हुँदै जान्छ । एउटा जलन, एउटा इर्ष्याको आगो उसको मनमा सल्कन थाल्दछ । त्यो सुब्बा ब्याज लाएको टोपीले दमकेको अनुहार, फेरि क्रान्ति पछि सफा चिल्लो हाँसिरहेको सेक्रेटरीको अनुहार, कमाइले प्रफुल्लित गर्वान्वित अनुहार । त्यस अनुहार को साथै धनभक्तकी स्त्री उसकी देउरानी को अनुहार क्रमशः स्पष्ट हुँदै आउँछ र धेरै बेरसम्म उसको आँखाको अघिल्तर नाचिरहन्छ । देउरानीको त्यस अनुहार प्रति उसको खास घृणा छ । त्यो हँसिलो अनुहारले उसलाई गिज्याउँछ र उसको कष्ट र चिन्ता माथि व्यंग कस्छ । "होइन"—उसले हातलाई झटकारी, मानो त्यस अनुहारलाई उ जबर्जस्ती हटाउन चाहन्छे ।

एकछिन पछि एउटा मुस्केरा हालेर सोची - मेरो पति पनि सेक्रेटरी भएको भए ? अनि उसले कल्पना गरी कि देउरानीको अघिल्तिर उ चुट्की बजाइरहेकी छ । देउरानी चाँहि यत्रो अनुहार लिएर बाबा-नानीको राम्रो राम्रो लुगाले विभूषित सानो बच्चालाई इर्ष्याभरी आँखाले हेरिरहेकी छ ।

पति बसेको कोठाबाट अकस्मात् हाँसोको गडगडाहट आयो र बाबानानीको कल्पना पनि अकस्मात् छ्यान्न-ब्यान्न भयो । वास्त-विकताले उसलाई कोपरे जस्तो लाग्यो । उसले मन-मनमा भनी— "विन्ति, यस्तरी नहाँस्नोस् , विन्ति !"

यो अझै रहस्यमय छ, कसरी उसको देवर धनभक्त राणाशाहीको जमानामा त्यति चाँडो सुब्बा भयो, तर उसको पोइचाहिने जेल गयो । उ अझै पनि बुझ्न सक्तिन कि उसको देवर कहाँ जो आउँछन् सबै रुपियाँ दिने, चाकरी गर्ने र फाइदादायक मात्रै; तर उसको पोइकहाँ चाँहि सबै गफी, टोलका गुण्डा, राजनैतिक कार्यकर्ता मात्रै । उसको पति किन कमाउने कुरा सोच्दैन; किताप हेरिरहन्छ र आर्को केही गरिरहन्छ, तर किन उसको देवर धनभक्त कमाउने कुरा मात्रै सोच्तछ

र व्यावहारिक काम मात्रै गारेरहन्छ याद या नभईकन त्यो भइदिएको भए !

त्यो च्यातिएको सुरुवाल सिउन अझै खतम भएको थिएन र एक कुनामा डिच्च हाँसि नै रहेको थियो । त्यस्तै उतातिर कोठामा मानिस हाँसि नै रहेका थिए मानो उ सबै यो सहनेछ, उ छिटो-छिटो सिउन लागी । पछि एक निश्वासको साथ उसले भनी—उसले यो सबै सोचेको भए यो सब हुने थिएन ।

क्रान्ति भयो । मानिस भन्थे—जो देशको निमित्त जेल गएका छन् ती ठूला हुने छन् । चाकरीको अन्त्य हुन्छ र जेल गएका मान्छेले राज-काज चलाउँने छन् । हुकुमी-शासनको अन्त्य भयो, पति जेलबाट बाहिर निस्क्यो । तर अहिले पनि उ जस्ताको तस्तै छ । देवर सुब्बाबाट सेक्रेटरी भयो र पहिले भन्दा पनि पावरदार । बाबानानी त्यसै हाँसी, मानो उ आफैंलाई मुटु छेड्ने किसिमले गिज्याउन चाहन्छे ।

सिउँदा-सिउँदै उ झस्की र औंलालाई मुखभित्र कोची । होसै नहुने गरी औंलामा सियोले घोचेको रहेछ । त्यसै बखत उतावाट खित्का छोडी हाँसेको आवाज आयो । उ एकदम उत्तेजित भई । यस्तरी किन हाँस्छन् । यिनीहरूले उसलाई बिगार्ने छन्, भलाई बरबाद पार्नेछन् र केटाकेटीहरू भोकभोकै राखेर मार्नेछन् । उसको उत्तेजना बढ्दै गयो र उसको यो इच्छा तीव्रतर हुँदै गयो—कोठामा बसेका सबैको मुख कोपरी कोपरी बाहिर निकालि दिउँ र पतिसित खूबसँग झगड़ा गरूँ । उ उठी र कोठाबाट बाहिर निस्की । बाहिर उता कोठाको कोलाहल झन जोडसित आइहेको थियो र उ, त्यसै कोलाहलको बीचमा शिथिल भई । शरमको लहर उसको वदनमा दौडन लाग्यो । तैपनि उ अघिल्तिर बढ़ी तर कदम धीमा हुँदै गयो । ढोकासम्म पुगी, क्षणभर थामिई र हुतिएर ढोकालाई पास गरी माथि उक्लने भन्याँगमा पुगी ! पास गर्दाखेरिको एकै पलामा उसले देखी कि टोलको एक खास बदमाश मान्छे, जसको नाम न्हूचा र जसदेखि टोलका मानिस डराउँछन्, उ पनि त्यहाँ मौजुद थियो । ढोका भन्दा पर भन्याँगको खुड्किलो उक्लँदा त्यही अघिको

उ एकै सासमा माथि कोठामा पुगी, तल ओर्लने साहस उसलाई भएन।

माथिको कोठा धेरैदिन देखि खाली छ। त्यसमा आज-भोलि कोही सुत्दैन। दुइ वर्ष अघि त्यसमा सासू सुत्ने गर्दथिन्। अब सासू यस लोकमा छैनन्, खाली उनको तस्वीर कोठाको भित्तामा झुण्डिएको छ। त्यस तस्वीरमा सासूसित उसको ससुरा पनि छन्। सासू मेचमा बसेकी छन्, ससूरा खडा छन्। ससूरालाई उ चिन्दिन, जो उसको बिहे हुनु-भन्दा धेरै अघि परलोक भइसकेका थिए। सासू भएको भए उसले यो दिन देख्नु पर्ने थिएन, यसरी चिन्ताको भारी बोक्नु पर्ने थिएन। उ तसवीरको नजिक गई, सासूको आँखाले पनि उसलाई ताकिरहेको थियो। भवास्स उसले आफ्नो आमालाई सम्झी र आमा र सासूमा एकै किसिमको सामञ्जस्य देखेर उ टोल्हाएर बसिरही। आमा परलोक भएको धेरै वर्ष बिति सक्यो। अब माइतीमा बा र सौतिनी आमा हुनु हुन्छ। सौतिनी आमा आमा होइन, जसको माया व्यावहारिक र बनावटी हुन्छ। बा लोग्नेमान्छे, जसको माया तरल हुँदैन, दबाउने किसिमको हुन्छ र जसको अधिल्तिर उ हृदय खोलेर कुरा गर्न सक्तिन। साख्वै दाजु-भाउजू बासित छुट्टिएर गइसके र दाजुले बिहे गरे देखिन् उतिर-बाट पर पर भए जस्तो उसलाई लाग्दथ्यो। अब उसको अरू कोही छैन। उसको आँखामा आँसु टलपल टलपल भयो। एउटा लामो सुस्केरा हालेर उसले कुचो उठाई, फेरि राखि दिई। कोठा साफै थियो। पुराना सामानहरू र दाइजोको ठूलो काठको बाकस यथा स्थानमै थिए। के काम गर्ने? उसलाई केही सुझेन।

त्यसै बखत उसको दश वर्षको छोरो ध्रुव दौड्दै त्यहाँ आइपुग्यो र ढोकाबाट एक पटक च्याएर भाग्यो। उसले कोठाभित्रबाट बोलाई—"ध्रुव!" ध्रुव भन्याँग तल पुगिसकेको थियो। बाबानानी बाहिर निस्की र फेरि कराई—"ध्रुव!" उ यस्तरी दाह्रा किटेर कराई कि पति बसेको कोठा एकदम मौन भयो र ध्रुव भन्याँगमै रोकियो। तब बाबानानी भन्याँगमा आएर भन्न लागी—"तँ अघिदेखि कहाँ थिईस्?"

ध्रूवले भन्यो—"कहीं पनि थिइन, यहीं।"

तल कोठा अचानक मौन भएकोले बाबानानीमा एक किसिमको विजयको संतुष्टी पैदा भएको थियो। तैपनि उ साह्रै नै रिसाएको जस्तो गरी ध्रूवको हात समातेर माथि ल्याई र कपाल लुछेर भनी-"तँ आज किन स्कूल गइनस्, किन?"

आमाको मुखमा पैदा भएको कोमलताको आभास पाएर ध्रूवले एकदम फटाहा कुरा गऱ्यो—'आज विदा छ, स्कूलमा; हडताल छ। आज स्कूलमा जुलूस निस्किन्छ। म पनि जुलूसमा जान्छु।"

बाबानानीले लुछाईलाई खुकुलो पारेर भनी—" के?"

ध्रूवले आमाको हातलाई आफ्नो कपालबाट बल गरेर छुटाएर भन्याँगमा पुग्यो र करायो—"प्रतिक्रियावादी मूर्दावाद, इन्कलाव जिन्दावाद।" र हाँस्दै उ भन्याँगको तल पुग्यो।

बाबानानी मुस्कुराई र सोची—"यो पनि बिग्रिन्छ, बाबु जस्तै हुन्छ। यो कोहीसित डराउँदैन।"

तल फेरि हाँसो गुन्जिन लाग्यो र एउटा मानिस बोलाइरहेको थियो—"ध्रुव! ए, ध्रुव! क्याबात।"

बाबा नानी फेरि मुरमुरिई। एक झमका उसको मनमा आयो कि छोरालाई फेरि समातेर ल्याउं र वेसरी कुटेर बाँधि राखुँ र कतै जान नदिउँ। छोरो बिग्रिसक्यो पढ्छ, पढ्दैन त्यो पनि बाबुलाई वास्ता भएको होइन। उ भुनभुनाई।

तल मानिसहरू पतिको कोठाबाट बाहिर निस्केको सुनियो। जुत्ता लगाएको, मानिसहरू कुरा गरिरहेको उ सुनिरहेकी थिई। उसलाई अधैर्य भइरहेको थियो कि तिनीहरू कहिले तल ओर्लान् र उ गएर पतिसित झगडा गरूँ। मानिसहरूको भन्याँग ओर्लेको आवाज सामसूम भए पछि उ तल ओर्ली। तर तल देखी कि कोठाको ढोका बन्द छ—ढामढुम्म बन्द छ र सिकी लगाएर उसको पति कृष्णभक्त पनि मनिसहरूको साथै तल ओर्लिसकेको रहेछ। उसलाई त्यहीं थचक्क

आउँदा-आउँदै केही चिप्लेर गयो। उसले ढोका खोली र भित्र गई। कोठा चुरेटको धुवाँ र लोग्नेमान्छेको गन्धले भरिएको थियो उ भ्यालमा गई र भ्यालाट बाहिर हेर्न लागी। कुरामा भुल्दै उसको पति टाढा पुगिसकेको थियो। पतिको पीठ र उसको हिँडाइ उ राम्ररी चिन्दछे— एउटा आफ्नै ढंगको, निराला।

रात परिसक्यो। दश बजिसकेको छ बाबा नानीको पति कृष्णभक्त अझै घर फर्केको छैन। छोरा ध्रुव पढ़े को हो, होइन, पढ़े जस्तो गरेर एक्लै कोठामा सुतिसकेको छ। सानी छोरी भान्छामा एउटा पिरकामा सुतेकी छ। उ सुतेको मद्धिम सुइँ सुइँ शब्द भान्छाको सामसुममा मिसिएको छ। बाटोमा मान्छे खोक्तै हिँडेको र अस्पष्ट ठूलो स्वरको कुराकानी कहिले काही सुनिन्छ। भान्छाको सामसुमलाई अनुभूत गर्न खोज्यो भने कहिले काहीं कतै टाढ़ा भाँडा माजेको आवाज सुनिन्छ। बाबा नानी भन्छा कुरेर बसिरहेकी छ। चुलीमा आगो निभिसक्यो र पकाएको सबै थोक सेलाइसक्यो। उसलाई भोक लागेको छ; बिहान उस बेला खाएको फेरि मुखमा केही हालेको छैन। पतिले त रिसाएर भनेको थियो नखाएर उसलाई भान्छा कुरेर मान गर्नु पर्दैन भनेर। तर पनि 'उः आउनु भयो कि, आउनु भयो कि' भनेर प्रतीक्षा गरेर उसले खान सकिन। पर्खदा पर्खदा उसको सारा जिउ थकाइले चूर-चूर भइसकेको थियो र उसलाई लम्पसार परेर पल्टिन मन लागि रहेको थियो। उ उठिन र बसिरही। बिस्तारै बिस्तारै उस-लाई रीस चढि रहेको थियो। उ भनिरहेकी थिई—"कति निर्दयी हुन्छन् यिनीहरू, कुन त्यस्तो काम छ, कुन दुइ पैसा कमाउने काम छर यसरी बेर गर्नु।" टोलाएर बस्दा बस्दै उसको आँखाको अधिल्तिर त्यही सेक्रेटरी धनभक्तको अनुहारले रूप लिन लाग्यो। उसले झटपट आँखा मिची र चारैतिर आँखा फाडेर हेरी र पछि आफनो दृष्टिलाई बत्तीमा गाडाएर राखी। धनभक्तकी स्वास्नीको अनुहार पनि उसको स्मृतिको पटबाट बाहिर निस्कन खोजि रहेको थियो। उसले स्मृतिकोषको ढक्कन-

लाई जबर्जस्ती बन्द गरिराख्ने कोशिश गरी। त्यसै बखत अकस्मात् उसलाई लाग्यो कि उसको पति कतै मोटरले किचियो र उ छाती पिटेर दौडिरहेकी छ र छोरो ध्रुव पछि-पछि दौडि रहेको छ। कतै केही खसे जस्तो आवाज आयो र उ सचेत भई। उसले चारैतिर वीभत्स आँखाले डराएर हेरी। मूसा खुर्र प्वालभित्र दौड्यो। फेरि भान्छाको निस्तब्धता त्यस्तै घना भयो। उ आफनो कल्पना देखेर आफैं हाँसी र भनी—"मैले यस्तो अलच्छिनी कुरा सोच्नु हुन्न।" उसले सोची—"शायद आउँदै हुनु होला, घरनिर पुग्नै लाग्नुभयो होला, शायद कुनै कामले आउन सक्नु भएन होला।"

एकछिनपछि उसलाई फेरी भयास्स लाग्यो कि उसको पति सरकार द्वारा गिरफ्तार भयो। उ छुटन सक्तैन, सरकारको विरूद्ध उसले धेरै ठूलो अपराध गरेको छ। उ जेलमा बन्द छ र उ चाहिने घरमा तडपी-तडपी बसेकी छ। सारै गरीब भएको हुनाले अब पहिले जस्तो जेलमा पतिलाई खाने कुरा पठाउन सक्तिन। पति जेलबाट बाहिर निस्कन लडाँई हुनु पर्दछ, मानिस मनु पर्दछ, क्रान्ति हुनु पर्दछ।

"होइन"—उसको मुखबाट आवाज निस्क्यो र सन्नाटासित ठक्कर खायो। आँखाले यताउति हेर्नलागी र मानो भान्छाको वास्तविकतालाई उ ठम्याउन चाहन्थी। उ धेरै बेरसम्म त्यही भावनाले संवेदित भइरही, जुन कि राणा-शासनमा उसको पति जेलमा हुँदा भएको थियो—'उसको पति जेलबाट उः बाहिर आउनु भयो, : आउनु भयो।' कुचो लाउँदा भात पकाउँदा, निदाएको बखतमा उ झर् ~ 'उः आउनु भयो क्यारे।'

'उ हातलाई ओल्टाई पल्टाई हेर्न लागी, मानो त्यस भाँडो को गर्माहट अझै उसको हातमा छ, जुन भाँडो राणा-शासन कालमा पति जेलमा हुँदा खानेकुरा भरेर जेलभित्र पुग्दथ्यो र एक-दुइ घण्टापछि रित्तो फर्कन्थ्यो। त्यस भाँडो लाई जेलतिर जाँदा उ धेरै बेरसम्म हेरिरहन्थी, जबसम्म त्यो भाँडो उसको आँखाबाट ओझल हुँदैनथ्यो, मानो त्यसमा उ आफ्नो आँखा टाल्न चाहन्थी र फर्केर आए पछि उ

टाँस्सिएर आएको छ । अनि भाँडोभित्र पट्टि उ धेरैबेरसम्म हात राखि छोड्दथी, मानो उ पतिको स्पर्शको गर्माहटलाई पाउन खोज्दथी । उसले धेरै बेरसम्म आफनो हातलाई हेरिरही र उ त्यही बिगत भावनाले संवेदित भइरहेकी थिई ।

उ बिस्तारै उठी, एकदम दयनीयभै भएर । उ सुति रहेकी छोरी-निर गई । छोरी मीठो निद्रा सुतिरहेकी थिई । खुट्टाबाट ओढ़ने सरेको थियो, उसले राम्ररी ओढ़ाइदिई । त्यसै बखत तल ढोका खोलेको शब्द सुनियो र एकदम उसको अनुहारबाट अन्धकारको पर्दा हटेभै भयो —उः आउनु भयो । उ एकै वेगमा भन्याँगमा पुगी । तर फेरि फर्केर आई र चुलोमा बसी । उसले भनी—"म जान्न म किन जाउं ? खानुछ भने आफै माथि आउदछन् । मेरो वास्ता उसलाई छैन भने मलाई मात्रै के वास्ता । म आज बोल्दा पनि बोल्दिन ।"

तल पतिले बोलाएको सुनियो ।—'ए ध्रुव, ए ध्रुव ।"

बाबानानी हाँसी,—"ध्रुव आँहिले हो सुतेको, ध्रुवलाई पो बोलाए-मलाई बोलाएको होर ! म बोल्दिन के ।" उसले निदाएको बहाना गरेर आँखा बन्द गरी । फेरि आवाज आयो—"ए, तिमी कहाँ छौं ?"

उसले मनमनै भनी—"म चुलोनिर मरिसकेकी छु ।" फरि आवाज आयो—"सुन्यौ ? म आज भात खान्न ।"

'खान्न ?' एकै आवेगमा बाबानानी उठेर बसी । मानो भात पाक्दापाक्दै कसौंडी घोप्ट्यो, अथवा पस्केको भात थाल चिप्लेर खसेर भूइँमा छयाल्ल-व्याल्ल भयो । तर उसले देखी, कसौंडी-भाँडा-कूँडा सबै यथास्थानमै छन र कसौंडी र दाल-तरकारीको भाँडा-कूँडा मानो आफू-भित्रको चीज केही आएर चाँडो खाइदेओस् भनी पखिरहेछ ।

उसमा यस्तो विरक्ती छायो र उ यस्तरी शिथिल भई कि उसमा रिसाउनेसम्म पनि सामर्थ्य भएन । उसको भोक मरेर गइसकेको थियो । तैपनि उसले निःसङ्कोच आफूलाई भात पस्की र खान थाली ।

भात चीसो भएर दुङ्गा जस्तो साह्रो भइसकेका थिए; दाल-तरकारी सबै खल्लो। खाँदा-खाँदै उसलाई पीरो-अमिलो अचार खान मन लाग्यो। तर उसको हात जूठो भइसकेको थियो, त्यहाँमाथि राखेको अचारको सिसी भिक्न। उसलाई इच्छा भयो कि पति आफैं माथि आइदेओस्, र उसलाई खान मन नलागेको हेरोस्, अथवा केही नभए पनि अचार दिएर जाओस्।

चूलो लिपलाप गरेर, भाँडा-कूँडा माजिसिध्याएर छोरीलाई बोकी उ बिस्तारै बिस्तारै तल ओर्लंदा चुरोटको गन्ध बाबानानीको नासिकापटमा तीव्र हुंदै गइरहेको थियो। उसलाई आभास भयो कि मानो उसको पोइ हावामा पौडिंदैछ। उ अविभूत भइरहेकी थिई। पति बसेको ढोकामा पुग्दा उसलाई एकदम फर्कने इच्छा भयो। कसरी मुख देखाउने कसरी झगड़ा गर्ने, के भन्ने ? कोठाभित्र पसेपछि उ आफैं झल्याँस्स भई। उसले देखी,—उसको पति लम्पसार परेर सुतेको भर्खर उठेर बस्यो र भान्छा कुराएर पनि ठट्टा सम्झन खोजेर हाँसिरहेको थियो। यही उसको पति दुबलो-पातलो, नाक केही लामो। त्यो यही नाक हो जशले बाबानानीलाई विशेष आकर्षित गर्दछ। यो दुबलोपन र यो कमजोरभैं शरीर, जसले उसलाई विशेष आकर्षित गर्दछ। तर उ सम्झिन सक्तिन कि यो कमजोर शरीरमा पनि यस्तरी दृढता कसरी भरिएको र आफ्नो मूर्खतालाई पनि ठीक भन्न कसरी सकेको। पति अझै हाँसिरहेको थियो र डिज्ब हाँसेर पत्नीलाई खुशी तुल्याउन खोजिरहेको थियो। यस्तो हाँसो देखेर बाबानानीलाई डर लाग्छ र यसको अघिल्तिर उ हार्दछे। उसको रीस फीका हुन्छ र जीब्रोको धार भुत्ते हुन्छ। तर उ बोलिन र र नबोलिकनै छोरीलाई सुताइदी। भ्रुवको आङमा सिरक थिएन र राम्री ओढ़ाइदी र आङ्जे थिचेर कक्रयाक कुक्कुक भएको कितापलाई दराजमा राखिदिई। अनि एकातिर कूनामा गएर उ बसी।

उसलाई थाहा थियो कि उसको सारा क्रियाकलापमा पतिको आँखाले अनुसरण गरिरहेको छ। उसले आँखा बन्दगरी, भन्न

अन्त्यमा सको मुखबाट निस्कि हाल्यो—'कसरी हाँस्न सकेको होला ! अलि लाज त मान्नु पर्ने ।"

"किन, केको लाज ?"

"यस्तरी भात कुराउनु पनि हुन्छ त, कस्तो बेर गरिदिएको । भात नखाने भएपछि अघिबाटै खान्न भनिदिए जीत्रो झर्दो रहेछ कि ।"

"मलाई के थाहा थियोर रामदासले भोज खुवाउँछ भनेर; खुवायो खाएँर आएँ ।"

"हो, मजा त तपाईं म हरूलाई नै छ, हामी त स्वास्नीमान्छे, तपाईं हरूलाई त के छ ! यता खायो उता खायो, भान्छा कुर्नु पनि पर्दैन । खूब खानु भयो होला होइन मासू र रक्सी ?"

कृष्णभक्त हाँस्न लाग्यो । बाबानानीले भनी—"ही: ही: जानोस्, मसित नबोल्नोस् ।"

कृष्णभक्तले बाबानानीतिर सरेर भन्यो—"किन नबोलूँ, किन रिसाउँछ्यौ मेरी नानी !"

"हेर्नोस्, मलाई ठट्टा मन पर्दैन, म माथि गएर सुत्छु । मान्छेलाई के भएको छ, केही विचार पनि छ ?" बोल्दा-बोल्दै उसलाई भन्न मन लागेको थियो, 'आज मैले केही पनि खाइन ।' तर सम्हालिएर भनी—"आज मलाई पेट दुखेको छ ।"

कृष्णभक्तले चिन्तित भएर भन्यो—"के भयो ? झाड़ा लाग्यो ?"

"होइन, अलि अलि, बिस्तारै पेट.....मैले भात पनि खाईन ।"

"बेस गर्‍यौ त ।"

'बेस गर्‍यौ ?' यो वाक्य सुन्दा बाबानानी चकित भई र पतिको मुख हेरिरही र अलमलिइरही—कसरी यस गोज्याङ्गोलाई सम्झाउने । 'अब त म सत्ते बोल्दिन' उसले विचार गरी र साथै उ तकियामा कुहिनो टेकेर हतकेलीले शीर थामेर भित्तातिर फर्केर लेटी ।

पति भनि रहेको थियो—"पेट दुखेको छ भने माथि पर्खेर किन बस्नु परेको, तिमी स्वास्नीमान्छेको जात नै यस्तो छ। आफैले दुःख बोलाउँछौ भने हाम्रो के लाग्छ।"

बाबानानीलाई मनमा आयो कि भनिदिउँ—"हे मूर्ख, तिमि के बुझ्छौ? तिमी लोग्ने मान्छेहरू के बुझ्छौ?" उ केही मुस्कुराई—"देशभरीका सारा लफङ्गा र ढाक्रेहरू, थाहा छैन किन, के पाउनलाई यस विचराकहाँ जम्मा हुन्छन्!" केही बेर पछि उ पतिको स्वर सुनि-रहेकी थिई—"आखिर मलाई म्युनिसिपलिटीको चुनावमा खडा हुनै पऱ्यो।' बाबानानीले महसूश गरी कि ठूलो विजय हासिल गरेपछि पतिलाई कुरा पोख्ने तुलबुल भइरहेको छ। 'तर उ केही पनि बोल्दिन।' साथै उसले व्यंयपूर्वक मनैभित्र भनी—"धेरै ठूलो काम गर्नु भयो।"

"हो, चुनाव त म जिति हाल्छु।"

बाबानानीले सोधी—"चुनाव जितेर कुन ठूलो कुरा हुन्छर! तपाईंहरूको कामै के छर, गफ गर्नु सिवाय। देशको भलाई तपाईं जस्ताको हातबाट हुँदैन।"

"राजनैतिक पार्टीहरूमा त्यौ दम रहेन, दुनिया पार्टीभाथि बिश्वास नै गर्दैन। सबै पार्टी स्वार्थी भएर बिग्रिसकेका छन। मानिसहरूले भनेर मात्रै म म्युनिसिपलिटीको चुनावमा खडा भएको। मलाई विश्वास छ पालियामेण्टको चुनावमा खडा भए पनि जित्दछु। जेल गएको, क्रान्तिमा भाग लिएको त्यसै कहाँ खेर जान्छ र। ए, तिमी सुत्यौ?"

बाबानाली उठी र भित्तातिर फर्केर बसी—"मलाई दिक्क लागिसक्यो तपाईंको फतफत सुन्दा-सुन्दा। मलाई तपाईंले सुत्न पनि दिनु हुने भएन।"

"उसो। भए तिमि सुतेकी छैनौ?"

"देख्नु भै हाल्यो नि, कसरी सुत्ने?"

बाबानानीले देखी कि पति को आँखामा चमक छ जुन कि भाषण गर्न ज्ञानुभन्दा अघि र भाषण गरिसकेपछि हुने गर्छ, त्यही चमक जुन कि

केही ठूलो कुरा गर्न चाहेको त हुन्छ तर भन्न नसकेको बखतमा हुन्छ। उ व्यंग्यपूर्वक मुस्कुराई र भनी—"म्युनिसिपलिटीमा गएर तपाईं के पाउनु हुन्छ ?—एक पटक त्यो पनि सुनिहालूँ।"

कृष्णभक्त एकछिन वाल्ल पऱ्यो र भन्यो—"थाहा नभए जस्तो गरेर कुरा गछ्यौं तिमी।" कुरा बदूलेर मानो आफैँलाई भनिरहेझ, उसले फेरि भन्यो—"देश-सेवा, इज्जत।" बाबानानीले पतिकै नक्कल गरेर भनी—"अनि खर्च को हाहा, भोक ?"

कृष्णभक्तलाई च्वास्स केही चोजले घोचेझैँ भयो, तर तुरुन्त ठट्टा गर्दै भन्यो—"हे मेरी प्राण, म ठूलो मान्छे बन्छु, तिमी पनि ठूलो हुन्छ्यौ। अनि बाटोमा हिँड्दा उः कृष्णभक्तिकी स्वास्नी भनेर सबै तिमीलाई आदरले हेर्ने छन्, अनि स्वास्नीमान्छे हरु तिमीलाई डाह गरेर मर्ने छन्।"

बाबानानीले अरु शिक्त आवाजमा केही झर्कर भनी—मलाई त्यस्तो ठूलो हुनु परेको छैन।" एकोछिनपछि फेरि भनी—"भो, ठट्टा छोइनोस्, मलाई साँच्ची साच्ची भन्नोस् चुनावमा जितेर म्युनिसिपलिटीको सदस्य हुनु भयो भने तलब कति पाइन्छ ?"

अहिले कृष्णभक्त पत्नीको स्वार्थपरता देखेर साँच्चिकै आश्चर्यचकित भयो र केही गुनेर भन्यो—"तलब ? हो, अहिलेसम्म बनेको छैन, शायद भत्ता पाइएला कि, पछि हामी नै गएर नियम बनाउने त हो नि।"

बाबानानीले तीक्ष्ण नेत्रले पतिको अनुहार हेर्‌ि—'मनमा केही झूठ त छैन।' तर उसलाई एक किसिमको सान्त्वना मिलेझैँ भयो र भनी —"यदि चुनाव जित्न सक्नु भएन भने ?"

कृष्णभक्त एकछिन जिल्ल परेर हेरिरह्यो, अनि भन्यो—"किन जित्दिन ?" उ जोशीले हुँदै गयो र मानो विरोधी पक्षलाई हाँक दिइरहेझ झैँको भावमा भन्यो—"मैले जेलको कष्ट सहेको त्यसै खेर जाँदैन; जनलाले मलाई चिनेको छ—म सहृदय छु कि छैन भनेर। हो म विद्वान छैन। मैले धेरै पढ्न पाइन, हो। तर मैले राजनीतिमा काम

गरेको थिएँ र अझै जन-सेवा गर्दै छु। तर काम चलाउने बुद्धि मेरो पनि छ।"

पतिको उत्तेजित आवाजले बाबानानीलाई उत्साहित पार्नुको साटो गहुँ वस्तुले थिचि रहेको जस्तो लाग्यो र भित्र दिलमा केही खोको र शिथिलझैं भइरहेको थियो र उसले मानो हृदयको गहिराइबाट चीसो स्वरमा भनी—"मलाई विश्वास लाग्दैन।"

कृष्णभक्तले पत्नीको आँखासित आँखा जुधायो, मानो उ विरोधीलाई चूर चूर गर्न चाहन्छ। तर उ बाबानानीको जीवनहीन टोल्हाएको आँखालाई देखेर चुप भयो र अकस्मात आफूले जे भनिरहेको थियो त्यसमा उसको विश्वास एकदम हटेर गयो। आफनो हारलाई महसूस गरेझैं उसको अनुहार धेरै बरे सम्म रातो भइरह्यो।

कोठा एकदम मौन भयो। कोठाको मौनता र पतिको मौनता बाबानानीमा आच्छादित भइ रहेको थियो र त्यो मौनता उसको नसा-नसामा गएर व्याप्त भयो। उसले आफूलाई छोरी बोकेर कतारो हातमा लिएर बाटोमा हिंडेकी र ध्रुव धोतीको फेर समाती पछि लागेको देखी। उ गइरहेकी थिई, गइरहेकी थिई। उसमा अब शरमको लेश मात्र पनि छैन। पशुपतिनाथको ढोकामा भीड थियो, पुलिसले हटाउँदा उ झण्डै लडेकी। त्यसै बखत अकस्मात एउटा मोटर आएर रोकियो र मोटर बाट देवर धनभक्त र देउरानी ओल्हें।

उ एकदम तर्सी, झस्की र तइफडाएर पतिको अनुहार हेरी। पतिको लाजले भिजेको आँखा उतिरबाट भागिरहे जस्तो थियो र उसले त्यो आँखामा सहारा पाइन। तुरुन्त देउरानीले उसको भीकमङ्गा स्वरूपलाई गिज्याएर हेरेझैं उसलाई आभाश भयो र उसले अकस्मात मौनतालाई भंग गरेर भनी—'तपाईं सँचिकै नालायक हुनुहुन्छ।"

पति अहिले संभाँलिसकेको थियो, हाँसेर भन्यो—"किन?"

"किनकि तपाईंमा कमाउने तागत छैन, तपाईं लफंगा....."

"भन्दै जाऊ" अरू पनि।"

"र तपाईं बाबुले कम...को बीस मुरी धानमा बाँच्मे, र अँ, भाले बिरालो जस्तो केटाकेटी भोको नाङ्गो पारेर मार्नें।"

कृष्णभक्त फेरि एकदम रातो भयो र एकदम मौन। बाबानानी पतिको मुखबाट चोट पर्ने कड़ा जवाफ निस्कला कि भन्ने प्रतीक्षामा क्षणभर रही र उ निराश भई, एकदम निराश भई। 'र. र. र.' भन्दा भन्दै वाक्य खतम नगरीकनै सुँक्क सुँक्क गर्न लागी। कृष्णभक्त किंकर्तव्यविमूढ भएर पत्नीलाई हेरिरह्यो; पछि बिस्तारै पानीको नजिक सर्दै गयो र भन्यो—"किन, किन रोएको? आज तिमीलाई के भयो यस्तो?"

शून्य रातमा ध्रुव र सानी छोरीको मीठो नीदको मीठो स्वास-प्रस्वासको घेरामा उसको सुँक्क-सुँक्क जारी थियो।

कृष्णभक्तले उसलाई अंगालो हालेर भन्यो—"किन के भमो? ज्यादै पेट दुखेको छ?"

बाबानानीले हातले अंगालोलाई हटाउन खोजेर भनी—"छाइ-नोस्, मसित नबोल्लोस्।"

केही सन्तुष्ट भएर कृष्णभक्तले भन्यो—"किन नबोलूँ?"

फेरि शान्ति छायो। बाबानानीको सुँक्क सुक्क थामिइसकेको थियो। कोठामा अथाह शान्ति थियो। खालि चार-प्राणीको स्वास-प्रस्वास बाहेक अरू केही थिएन। नबोलीकनै बाबानानीले सुत्ने उपक्रम गर्न लागी र पल्टी। उ आँखा चिम्लेर सुत्ने प्रयत्न गर्न लागी। निन्द्रा आएको थिएन र स्मृतिको धुधुल्कीमा केही चीजले रूपलिन् खोजिरहेको थियो, जुन रूपदेखि उसलाई डर लाग्दछ। उसले झट्ट आँखा खोली। त्यसै बखत उसको पतिले चुरोट सल्काउन सलाइ कोऱ्यो। आँखा खोलेर उ सलाइको धिप्का हेरिरही। धिप्का निभ्यो अनि पतिको मुखबाट धूवाँ निस्केको हेरिरही।

केही बेरपछि उसको आवाज कोठामा फैलियो। उ भनिरहेकी थिई—"म जिल्ल परिरहेकी छु, तपाईं किन सरकारी जागीर खानु हुन्न। रामदाइ भन्नु हुन्थ्यो—तपाईंले जागीर खाने वास्तै गर्नु भएको

छैन रे नत्र कस्ता कस्तालाई जागीर पाउँदा तपाईंले किन नपाउनु रे ।"

कृष्णभक्त केही नबोली पत्नीको मुख हेरिरह्यो । यस शून्य रातमा बत्तीको प्रकाशतल पत्नीको मूर्त रूप बसेको थियो र त्यो मानो उसमाथि छाएर जान खोजि रहेछ । बाबानानी भनिरहेकी छ— "राणाजी खतम भए । तपाईं जेलबाट बाहिर निस्कनु भयो । मानिस-हरू भन्थे—तपाईं घेरै ठूलो मान्छे हुनु हुन्छ । मैले ठानेको थिएँ अब हाम्रो दिन फर्किने छ । यो खर्चको हाहा ....."

"के ?" मानो हृदयबाट कृष्णभक्तले भन्यो ।

"तपाईंले जागीर खानु भएन; अरुहरू हेर्दाहेर्दै केबाट के भए— मन्त्री भए, सेक्रेटरी भए, सुब्बा, सरदार भए । तपाईं भने...., खोइ हाम्रो के भयो ?" पतिनिर सर्दै उसले फेरि भनी—"मेरो विन्ति छ तपाईं केही गर्नुहोस् । कमाउने काम गर्नुहोस् । यो देश सेवाले हामीलाई खान दिंदैन ।"

कृष्णभक्तले भन्यो—"म तिमीलाई कसरी सम्झाउँ !"

बाबानानीले कुरा नसुने झैं गरेर भनी-'हेर्नोंस" तर कुरालाई बीचैमा रोकेर सुतिरहेका केटाकेटीतिर हेरी, मानो संकेत गरेझैं उ गरेझैं उ भन्न चाहन्छे-"यी सब छन् ।"

कृष्णभक्तले फेरि भन्यो-"तिमी बुझिदनौ, तिमी बुझ्नै सक्तिनौ । आफैंसित झगडा गर्न चाहेझैं, आफ्नी पत्नीलाई वहसमा हराउन चाहेझैं गरेर उसले फेरि भन्यो—"स्वार्थको निम्ति जेल गएको होइन । अरू जस्तो खा ल पैसाको निमित्त जागीर खाने म होइन । यस्तो संकीर्ण कुराको निम्ति थोरै क्रान्ति गरेको हो ? देशमा गर्नु पर्ने काम धेरै बाँकी छ । अहिलेसम्म के भएको छर, राजनैतिक क्रान्तिसम्म भएको छ । सामाजिक क्रान्ति त बांकोनैछ.....हामी जस्ताको बलिदान ....!"

बाबानानी मुख बाएर कुरा सुनिरही; उसलाई कुरा बुझे जस्तो नबुझे जस्तो, भइ रहेको थियो । यत्तिकैमा कृष्णभक्तले आफैं उत्साहित भएर भन्दै गयो-"मलाई घेरै बाँच्नु छ, मेरो उमेर कति नै भएको

छ । र मैले आफ्नो इतिहास बनाउनु छ । मलाई ठूलो मान्छे हुनु छ ।" पतिको हरेक शब्द एकपछि आर्को गर्दै, कहीं थामिदै, कहीं छिटोसँग लहरिंदै बाबानानीको कानमा ठक्कर खाइरहेको थियो र उसलाई बहाएर लगेजस्तो भइरहेको थियो तैपनि परास्त हुन नचाहेझैं उसले भनी–"त्यसो भए तपाईं बेपार सेपार किन गर्नु हुन्न ?"

कृष्णभक्त फेरि जिल्ल परेर पत्नीको मुख हेरिरह्यो, भन्यो–"के कुरा गरेको, मैले बेपार गर्ने; पूँजी खोइ ?" उ हाँस्यो । आफैंलाई भनेझैं गरी उसले फेरि भन्यो–"बेपारमा बेइमानी गर्नु पर्दछ, अनि मात्र धनी होइन्छ । अनि यसैमा लागिरह्यो भने यो जन-सेवाको जीवनचर्या खतम हुन्छ ।" सुनेर बाबानानी अचानक हाँसी र भनी "त्यसो भए तपाईंको देशसेवा खतम नहुँदै हामी घरका बाल-बच्चा सबै भोकै मर्छौं ।"

अहिले कृष्णभक्त रिसाएर भन्यो–"के कुरा गरेको ?"

बाबानानीले उत्तेजित भएर भनी—"देश सेवा । बुझनुभयो मोहीले पनि अब धान नदिने रे । मोहि ले धान बुझाएन भने के गर्ने विचार गर्नु भएको छ ?" कृष्णभक्त 'के के भन्दा भन्दै चूप लाग्यो । फेरि गहिरो शान्ति, शान्ति छायो । बाबानानी व्यंग्यपूर्वक धेरै बेरसम्म मुस्कुराइरही ।

भोलिपल्ट बाबानानीले देखि कि उसको पति बिहान धेरै बेरसम्म सुतिरह्यो । बिहान साथीहरूले सोद्धा उसले भन्यो कि उसलाई रातभर निद्रा परेन, बिहानी पख मात्रै निद्रा लाग्यो । साथै उसले यो पनि महसूश गरी कि पति सारै अन्यमनस्क भएर बसिरह्यो र राम्ररी बोल्दा पनि बोलेन ।

उ आज दिनदिनैझैं बाहिर गएन र सोद्धा भन्यो कि मूड ठीक छैन, कपाल भारी भएको छ ।

बाबानानी भान्छामा भात पकाउन बसी । रही रहीकन उसलाई आफ्नो पतिको अनुहार हेर्ने र टाँसिएर बस्ने र कपाल सुम्सुम्याइदिने र केही भन्ने इछा हुन्थ्यो । भुवलाई 'ज्ञानी' भनेर, कति फकाएर उसले चार पैसाको गोलभिँडा किन्न पठाई । उसको पतिलाई गोलभिँडाको

अचार साह्रै मन पर्दछ । उ गोलभिँडामा त्यो रस ल्याउन खोजिरहेकी थिई, जुन खाएर पति विभोर होस् । पतिलाई धेरै पीरो मन पर्दैन न नून चर्को नै मन पर्दछ । नून-खुर्सानीको अन्दाज गर्न उसलाई धेरै बेर लागेको थियो । उ सोचिरहेकी थिई—'यदि बाबू-बराज्यूले धेरै धन छोडेर गएको भए म उसलाई मासू-भातले मात्र संधै पेट भराइदिन्थें ।" तर उसलाई विराग लागेको थियो, त्यति मिहनत गरेर बनाएको अचार यति थोरै । चारपैसाको गोलभिँडा पाँच-दाना मात्र थियो । उसलाई फेरि साह्रो इच्छा भयो कि तल पतिनिर गएर बसूँ र उसको कपाल सुम्सुम्याउँदै केही भनूँ; केही, यही भए पनि—'मैले तपाईंलाई पेटभरी गोलभिँडाको अचार खवाउन सकिन मलाई केही नभन्नोस् है ।'

भात छड्कि रहेको थियो । माड नझिकी भातलाई छोडे गीलो हुन्छ । फेरि विशेष काम पनि त छैन । एकछिनपछि अचानक उसलाई पति बाहिर जान लागे जस्तो लाग्यो र उसले विचार गरी कि गएर भात पाक्क लाग्यो बाहिर नजानोस् भनी जताइ दिउँ । झटपट उ तल ओर्ली । कृष्णभक्त बाहिर जान लागेको थिएन, बरू उ एक्लै लम्पसार परेर बिछयौनामा लेटिरहेको थियो । बाबानानी भित्र पसी र भनी—"अहिले बाहिर नजानोस् है, भात पाकि सक्यो ।" कृष्णभक्तले कुराको जवाफ दिएन, खालि 'हुँ' मात्र स्वर निकाल्यो ।

"तपाईंले मुख धोइसक्नु भयो ?"

"धोएको छैन ।"

"धोएको छैन ? अहिले सम्म पनि ? के गरि रहनु भएको त ? दश बजि सक्यो ।"

"विचार गरिरहेको ।" कृष्णभक्तले यो 'विचार गरिरहेको' यस्तो किसिमबाट भन्यो कि बाबानानीलाई तीव्र इच्छा भयो कि पतिसित टाँस्सिएर बसुँ र उसको कपाल सुम्सुम्याइ दिउँ तर छट्किरहेको भात छोडेर आएको; माड झिकेन भने भात गीलो हुन्छ । तैपनि एकछिन ढोकैमा उभिइरही, र भनी—"चाँडै धुनोस्नत मुख ।" 'यसरी चिन्ता नगर्नु होस्'-यो वाक्य मुखमा आउँदा-आउँदै रोकियो, उसले भन्न

सकिन। तर एकछिनपछि लोलाएको आँखाले हेरेर भनी—"हेर्नोस्, बाहिर नाजानोस् है, भात पाकि सक्यो।"

भातको माड झिक्दा-झिक्दै, मानो पति नजिकै छ र उसले भनी—"तपाईंले किन यसरी चिन्ता गरिरहेको; यसरी चिन्ता नगर्नोस् विन्ति।" उसको कानसा त्यही 'विचार गरिहेछु'-को झनक परि-रहेको थियो।

पति खान बस्यो। ध्रुव पहिले नै खाएर स्कूल गइसकेको थियो। भर्खर बस्न र बामे सर्न जानेकी बच्ची भाँडासित खेलिरहेकी थिई। खाँदा खाँदै कृष्णभक्त खितिक्क हाँस्यो र बाबानानी पनि हाँस्न खोजी तर हाँस्न सकीन। पतिले भन्यो—"त्यसो हो भने, तिमी सम्झिन्छ्यौ म एकदम नालायक।"

बाबानानीले तडफडाएर भनी—"मैले कहिले भनेकी छु र नाला-यक। मैले त खालि काम धन्दा केही गर्नोस् पो....." त्यसै बखत छोरीले भाँडा खसालेको ठूलो शब्द भान्छाभरी गुञ्जियो। तब केही सहारा पाएझैं गरी उ चूलैबाट "बाबा, के चलेको, यीः हेर यीः।" छोरी अब पानी पोखिएर फोहोर भएको भूइँमा मजा मानेर खेल्न लागी। उसले फेरि भनी—"ल लल, लौ हेर कस्ती यो।"

कृष्णभक्तले भन्यो—"साँचिकै म नालायक नै हूँ।'

बाबा नानीले देखी कि पतिको अनुहारमा ठट्टाको भाव थिएन। तर उसने भनी—"छाड्नोस् यी सब कुरा, के दिक्क लाग्ने कुरा गरि रहनु भएको।"

'सत्ते, म ठट्टा गरिरहेको छैन, म विचार गर्दैछु।"

"तपाईं रिसाउनु भएको; मैले त यति मात्रै....."

"छाड" अहिले साँचिकै रिसाएर कृष्णभक्तले भन्यो—"तिमी-सँग को रिसाएको छ, म आफूलाई यस्तै सम्झन्छु—नालायक।"

बाबानानी चूप भई, केही बोल्न खोजी तर कुरा आएन। पति खाने कुरामा केही स्वाद नलिई यन्त्रवत् मुखमा भात कोचि रहेको

थियो। बाबानालीले देखी, उसले गोलभिंडाको अचार पनि खाएको हैन। उसले भनी—"गोलभिंडाको अचार राखूँ ?"

"भो।" यति भनेर उसले अचार चाट्यो।

बाबानानी गोलभिंडाको अचार जति सुकै कम भए पनि पतिलाई जम्मै नदिएर अलिकति बाँकी राख्ने गर्थी, किनकि पति बराबर थप्ने गर्दथ्यो। उसले अहिले भनी—"छ।"

'भो, पर्दैन भनेको।"

"तरकारी ?"

"अँहँ।"

बाबानानी उठी र गएर छोरीलाई बोकी। फेरि चूलोतिर आएर भनी—"बाले भात खाइ रहेको तँलाई थाहा छैन, बड चल्ने भएकी।" छोरीले केही बोलिन, खालि भूइँमा खेल्न जानलाई आमाको बुइबाट् छटपटाइ रही। आमाले भनी—"हेर, हेर लाटी, बोल्न पनि जान्दिन। हेर्नोस् त यसको अनुहार, के भएको !" तैपनि पतिले टाउको उठाएन, न उसको मुख हेरेर हाँस्यो। खाँदाखाँदै पति शिथिल भइ रहेको उसले पाई। छोरीलाई अलिपर लगेर राखन उ पतिको अधिल्तिइबाट हटी। त्यसै बखतमा अचानक पतिको शब्द गुन्ज्यो। उ भनि रहेको थियो—"तिमीलाई थाहा छैदैछ, म त म्याट्रिक सम्म मात्र पास भएको र जागीर खाए पनि सानो जागीर सिवाय पाइन्न। ग्याजेटेड अफिसर हुन पाइँदैन।"

बाबानानी सास बन्द गरेर पतिको कुरा सुनि रहेकी थिई, मानो केही भीषण कुरा पतिको मुखबाट भर्छ भनेझैं। उसले झटपट हड बडाएर भनी—"भातथपूँ कि ?"

पत्नीको सोधाइलाई नसुनेझैं गरी कृष्णभक्त भन्दै गयो—"त्यस्तरी सानो जागीर खानु इज्जत गुमाउनु हो, रामभक्त सेक्रेटरी, म कारिन्दा। मैले क्रान्तिका लागि यातना सहें, उ....उ चाँहिने ! यह त गजब छ।"

बाबानानी रून्चे आवाजमा कराई—"छोड्नोस, भने को यो कुरा।"

"क्रान्ति भयो। यही त गजब छ, केही बुझिदैन। जागीर धेरै पढेको र लायकले खानु पर्दछ—यसैको निमित्त क्रान्ति गरेको पनि त हो। तर म के भनौं?" कृष्णभक्त चुप भयो। उ यो अलमल्ल लाई सुल्झाउन खोजिरहेको थियो।

"म केही भइन।" उसले अनि झर्केर फेरि भन्यो "बाबु बाजेले व्यापार पनि गरेको होइन, म के व्यापार गर्न जानूँ, फेरि मसित व्यापार शुरू गर्न पूँजी खोइ! पूँजीविना व्यापार गरूँ भने पनि बुद्धि खोइ कसले पत्याउँछ?"

बाबानानीले फेरि भनी—"छोड्नोस, जे होला होला।"

"मैले राजनितिमा भाग लिएँ र अझै लिंदै छु स्वतन्त्र भएर। जेलबाट बाहिर निस्केर देख्छु—म कांग्रेसको सदस्य भएर केही फाइदा छैन। त्यस पार्टीमा पहिले नै अरू भरिइसकेका थिए। मैले विरोधी पार्टीमा भाग लिएँ; सबैले भने—प्रजातन्त्रलाई बचाइराख्न विरोधी पार्टीको आवश्यकता छ। मेरो हौसला पनि बढ्यो, शायद विरोधी पार्टी पावरमा आयो भने···" उसले रिसाएर भन्दै गयो—"तर म सानो छु, बुद्धि नभएको छु, छलकपट पनि जान्दिन, विरोधीपार्टीमा पनि उठ्न सकिन। नेताहरूको सिद्धान्त एकातिर, अर्कोतिर मन्त्री हुने लोभ, म एकदम बुझ्दिन।"

"छाड्नोस् भनेको।" बाबानानीले अधैर्य भएर कराई।

"पखन, अनि म पार्टी छोडेर स्वतन्त्र भएँ। अब सामाजिक संस्थामा काम गर्दछु, अब म स्वतन्त्र व्यक्ति छु, कुनै पार्टीसित मेरो सम्बन्ध छैन। जनताको सेवा गर्छु, साथै मेरो उत्थान पनि!" उसले झर्केर भन्यो—"तर धन कमाउन म संस्थाको चन्दा पचाउन सक्तिन, मेरो मन मान्दैन।" अलि शान्त भएर टोल्हाउँदै उसले फेरि भन्यो—"मेरो गरीबी, अँहँ, तिमीहरू केही पनि नभईदिएको भए मलाई कति शान्ति हुन्थ्यो।"

पति भात खाएर तल गयो। बाबानानी चिन्तित भएर बसिरही।

उ तर्सिरहेकी थिई, आज उसको पति बाहिर जाने छैन र दिनभरी कोठामा बसेर निम्याउरो अनुहार लिएर चोट पर्ने कुरा गरेर कायल पार्ने छ। तर जब उ तल कोठामा गई तब देखी कि पति बाहिर गई-सकेको रहेछ। उ एकदम निराश भई र भनी—"आर्को कामै के छर!"

दिनभरी उसको कानमा पतिको त्यही भनाई गुञ्जिरह्यो—"गरीबी अँहँ, तिमीहरू कोही पनि नभइ दिएको भए।" दिन वित्यो, साँझ पऱ्यो उसको मस्तिष्कमा त्यो गाँठो बाँकी नै छ जुन फुस्किदैन। प्रश्न छ तर सुल्झिदैन। साँझमा जब थाहा भयो कि ध्रुव स्कूल नगएर कतै खेलि रह्यो। यो थाहा पाएर उ रीसले चूर भई खूबसँग रोई। ध्रुवलाई बेसरी गाला ठोकेर उसले सम्झाई, आशा दिलाई र ठूलो अभिलाषा राख्ने प्रोत्साहन दिँदै उसले भनी—"ध्रुव तँ ठूलो मान्छे हुन्छस्। तँइले धेरै पैसा कमाउनु पर्दछ। पढ़िस् भने तेरा धेरै नोकरचाकर, ठूलो घर हुनेछ तँ मोटर चढेर हिंड्ने छस्। पढ्, खूब धेरै पढ।" यति भनेर एकातिर कूनामा गएर धेरै बेर सम्म गहभरी आँसु लिएर उ बसिरही। आफूले पिटाइ खाएको अनि आमा रोएको देखेर ध्रुव विचलित भयो। उ आँखा पुछेर किताप लिएर आर्को कूनातिर बस्यो र एकछिनपछि कितापमाथि टाउको राखेर उँघ्न थाल्यो। छोराको चाल देखेर बाबानानीको ओठ केही मुस्करायो र उ सोच्तै चूलोतिर गई 'उसलाई ध्रुवको पनि वास्ता भएको होइन।'

आज उसको पति कृष्णभक्त चाँडो भात खान आयो। आज बाबा-नानीमा आश्चर्यान्वित हुने सामर्थ्य रहन गएन।

पतिले पीरकामा धस्दै भन्यो—"आज मलाई खान मन लागेको छैन।"

बाबानानीले यति मात्रै भनी—"भात कति राखूं? यति?"

पति खाइरहेको थियो। बाबानानी त्यसै पतिको खाँदा हात चलेको र अमिलिएर भएको पतिको आकारलाई यस्तो नीःसङ्गवंश हेरिरहेकी थिई मानो उसलाई कुनै कुराको आशक्ति छैन। पतिको अनुहारमा चमक आउँछ र विलीन हुन्छ। यस्तो देखिन्छ कि पति केही

जरूरी कुरा, कुनै उच्च अभिलाषापूर्ण कुरा भन्न चाहिरहेको छ, तर भन्न सक्तैन। यस कुरामा पति बाबानानीलाई कुनै आशक्ति छैन। पतिले सोध्यो—"ध्रुवले भात खाइसक्यो ?"

"खाइसक्यो।"—उसले भनी।

फेरि भान्छामा शान्ति छायो।

बाबा नानी सुत्न कोठाभित्र गई। पति म्युनिसिपलिटी विषयमा सरकारी विज्ञप्ती र नियम-कानून पढिरहेको थियो। जब बाबा नानी केटाकेटीलाई रामरी सुताउने उपक्रमण गरिरहेकी थिई उसले देखी कि पति उसलाई हँसिलो अनुहारले निहार्न लागिरहे छ। उ बसी, उसले अनुभव गरी पतिको सास उसको अधिल्तिर बढ्दै आइरहेछ। उसले आफनो चिउँडोको स्पर्शको साथै पतिको आवाज सुनी—"तिमी त मलाई नालायक भन्छ्यौ होइन ?"

बाबा नानी मानो भर्खर विपनामा उत्री, मानो पलक मात्रमा उ धेरै टाढाबाट एकदम नजिक टाँस्सिन पुगी। जिल्ल परेर पतिको मुख हेरिरही। पतिले भन्यो—"भनन"

बाबानानीले भनी—"भो, मलाई दिक्क नगर्नु होस्। मैले सम्झेर न सम्झेर के हुन्छ र। जे छ त्यो छँदैछ।"

"ओ हो, तिमी त पूरा····"

"म एउटी आइमाई, तपाईँकी स्वास्नी।"

बाबानानीको अनुहारलाई एकछिन आश्चर्यचकित भई हेरेर उसले फेरि भन्यो—"मानिसहरू मलाई किन लायक र असल सम्झन्छन् मलाई स्वयं गजब लाग्दछ। म सहृदय छुरे। तिमीलाई कस्तो लाग्छ ?"

बाबानानीले भनी—"कुन्नि।"

बाबानानीको पाखुरा समातेर पतिले भन्यो—"आज तिमीलाई के भयो ?" एकछिनपछि पाखुरा समातेको समात्यै उसले भन्यो—"म जरूर केही हुन्छु, म आफ्नो अस्तित्व राखी छोड्छु। त्यसपछि, त्यस-

पछि....."अनि एकै झटकामा बाबानानी पतिको आलिङ्गनमा परी र पतिको हँसिलो आवाज सुनी—" मेरो विश्वास छैन ?"

बाबानानीले भनी—"खोइ छाडनोस् ।" तर उसले आफूलाई छुटाउने कोशिश गरिन पतिको आलिङ्गनको बीचमा उ चूपचाप बसि-रही, मानो उसले दिनभरी भडकेर गूँड पाई, मानो बिहानदेखि नै उ यही आलिङ्गनको प्रतीक्षामा थिई । पतिले उसको गालामा ओठमा म्वाइँ खायो, मानो बिहानैदेखि उ पनि यही चुम्बन चाहिरहेको थियो ।

घण्टाभर पछि बाबानानी शारीरिक शिथिलता अनुभव गरी त्यसै पल्टि रहेकी थिई र अहिले उसको मन हलूँगो भइरहेको थियो र उसलाई निन्द्रा लागिरहेको थियो उसले केही हाँसेर भनी—"तपाइँ त केटाकेटी जस्तो हुनु हुन्छ । यसरी कसरी तपाइँ चुनाव जित्नु हुन्छ, कसरी तपाइँ देश-सेवा गर्नु हुन्छ ?"

चुनावकोनिमित्त कृष्णभक्तको वार्डमा धर्म बहादुर नामको एउटा आर्को व्यक्ति पनि उम्मेद्वार खडा भयो । राजनैतिक पार्टीका अरू दुइ जना पनि खडा हुन लागेका थिए तर उनीहरूले कृष्णभक्तलाई समर्थन गरेर आफ्नो नाम वापस लिए । वार्डका धेरै जनाले धर्मभक्तलाई खडा नहुने विन्ति गरे, धम्की दिए, तर्साउने कोशिश गरे तर धर्मबहादुर आफ्नो जिद्दीमा अडि नै रह्यो, कम्मर कसेर बसिरह्यो ।

चुनावको दिन घर्ने दै नजिक आइरहेको थियो र बाबानानीको मुटु ढुकढुक गर्न थाल्यो । पतिलाई नदेखे सम्म र पतिको उपस्थिति महसूस नगरेसम्म दिनमा कति चोटी उसको मुटु ढुक ढुक हुने गर्दथ्यो । ढुक ढुकी मुटुले उ सोच्ने गर्दथी—"धर्मबहादुरले जित्दछ कि, आफ्नो पतिले हार्‍यो भने ?"

उसले मनमनमा धर्मबहादुरलाई कति प्रार्थना गरी—'धर्मबहादुरले चुनावमा खडा हुन छोडिदेओस्, उसले यो लोभ छोडिदेओस् । उसलाई के पुगेको छैन, ठूलो घर छ-धेरै कमाएको छ, इज्जत छ, सबै कुरा छ । यति भएर पनि उसलाई उसको पतिसँग इर्ष्या किन ?' तर धर्मबहादुर भने चुनावमा उसको पतिसित मुकबिला गर्न अलिकति पनि डगेको थिएन ।

धर्मबहादुर मोटो-घोटो र उमेरमा कृष्णभक्त भन्दा धेरै जेठो थियो। उसको अनुहार र हिंडाईले उसको त्यसै न बहने व्यवहारिकता देखाउँथ्यो। टोलका मान्छे भन्छन्-'उसले आफनै हातले घर खेत जोडेको र व्यापारमा आफनै पटुताले धन कमाएको हो। उ रीन असूल गर्नमा निर्दयी थियो रे। टोलमा उसको घर सब भन्दा ठूलो र भव्य थियो। उ धनी भएकोमा सबै उसलाई भित्र भित्रै घृणा गर्दथे तर उसको धनको परिमाण अन्दाज गर्न सबै कोशिश गर्दथे। सबै उसको अधिल्तिर र घरतल आफूताई हीन ठान्दथे। बाबानानी पनि उदेखि डराउँदथी र उसका घरमा राम्रा रामा लुगा लगाउने आईमाई र राम्रा लुगा लगाएका राम्रा सुलुत्त परेका केटाकेटी देखेर स्तब्ध हुन्थी।

मुटुको धुकधुकी तीव्र हुँदै जान्थ्यो र उ त्रस्त भइरहन्थी मानो उसको दुबलो-पातलो पति—उसको स्नेह र सहानुभूति सिंचित पतिलाई, मोटो-घाटो गर्वले फुलेको गर्धन भएको धर्मबादुरले पछारि सक्यो।

जब जब उ पतिको नजिक हुन्थी उसलाई फेरिबाट यो कुरा सुन्ने इच्छा हुन्थ्यो, "म म्युनिसिपलिटीको मेम्बर छानिइन्छु। म त्यसको सभापति छानिइन्छु, फेरि विधान सभाको मेम्बर। म ठूलो हुन्छ, सारै ठूलो—मन्त्री—प्रधान-मन्त्री।"

पत्तिमा उत्साहको कमी छैन। अहिलेको कुरा उ सोच्दैन, उ टाढा-टाढाको कुरा सोच्दछ। पति चूपचाप भएर बस्दा पनि उसलाई मनमा लागदथ्यो कि उ ठूलो हुने कुरा गरिरहेको छ, कल्पना गरि रहे छ।

'सेक्रेटरी रामभक्त र उसकी स्वास्नी!' उ अब व्यंग्यपूर्वक हाँसेर उनीहरूको विषयमा सोच्ने गर्दथी। आज-भोलि उनीहरूको प्रतिछायाले उसलाई त्यसरी सताउँदैन। रामभक्तकी स्वास्नि उसको आँखाको अगाडि आउँछे, अलि डराएर, अलि खुम्चेर अनि भन्छे-"दिदी! तपाईंको कपाल बाढूँ?"

'तर यो धर्मबहादुर, उफ्, छोड्दैन र पतिलाई पछ्यान कसिएको छ।'-यो सोच्ना साथै उसमा धुकधुकीको दौरा शुरू हुन्छ। धर्मबहादु-

रको भयावह व्यावहारिक चेहरा उसको आँखाको अघिल्तिर नाच्न थाल्दछ । उ याचना गरेझैं गरेर सोच्दथी यो मरे, बिरामी भए, केही भए कस्तो हुथ्यो ।' तर धर्मबहादुर दिन दिनै बाटोमा हिंडेको देखिन्छ गर्धनलाई गर्वले तन्काएर संतुलित पाइला चाल्दै, हाँसेर खाशखुस गर्दै, कुरा गर्दै हिंडेको देखिन्छ ।

बाबानानी मनमनै देवी-देवताईाई भाकल गरेर भन्थी-"हे ईश्वर, मेरो पतिलाई जिताइ देऊ, होइन भने धर्मबहादुर लाई खडा नहोउ भन ।" उसले धेरै देवी देवताको भाकल गरिसकेकी थिई । तर धर्मबहादुर अझै खढा थियो र गम्केर बाटोमा हिंड्न गर्दथ्यो ।

एक दिन भात खान लाग्दा बाबानानीले पतिलाई बिस्तारै सोधी— "हाम्रो प्रतीक देवताको नराखी किन कोदाली राख्नु भएको । धर्मबहादुरको गाई, हाम्रो कोदाली । गाई भनेको देवता हो ।" यो सुनेर पतिले हाँसेर जवाफ दियो-"हामी धर्मको आडमा चुनाव जित्ने होइनौ । हामी कोदाली ले संसारलाई स्वर्ग बनाउँछौ । कोदाली भनेको जनता ।" तर बाबानानीलाई चित्त बुझेको थिएन । उसलाइ बार बार कतै भूल भए जस्तो लागिरहेको थियो,-'कोदाली नभएर गाई भइदिएको भए !'

चुनावको तयारी हुन लाग्यो । भोलि चुनावको दिन छ । वार्ड-वार्डमा सरगर्मी, हलचल पैदा भयो । माइकको आवाजले टोल-टोललाई थर्काउन शुरु गर्‍यो । राजनैतिक पार्टीहरुले खुलेआम चुनावमा भाग नलिई 'स्वतन्त्र' को हैसियतमा खड़ा भएका हरुलाई सहयोग दिन आफना झण्डा नभएका जीप दौडाइरहेका थिए । पर्चा बाँट्न र टाँस्न शुरु भयो । कृष्णभक्त पनि उत्साहित भएको र आफनो धूनमा थियो कि बाबानानी सँग राम्ररी कुरा पनि गर्न सक्तैन थ्यो । उ अन्यमनस्क हुन्थ्यो र बाबानानीले केही सोध्यो भने 'हूँ' गरेर बस्तथ्यो ।

कृष्णभक्तको कोठामा मानिस जम्मा भएका थिए । हरेक मानिसमा बाबानानी आफनो तिको प्रतिबिम्ब देख्दथी र हरेकलाई मायाले सिन्चन चाहन्थी । आफनो पतिलाई समर्थन गर्ने हरेक राजनैनिक

पार्टीका जीपले उसलाई उत्कुल्ल पार्दथ्यो। जीपलाई गएर म्वाइँ खाउँ खाउँ जस्तो उसलाई लाग्दथ्यो तर जीप गइ हाल्दथ्यो। जीप नदेखिने भएसम्म निहारि रहन्थी। उसको कानमा जीपको आवाजको झनक भइरहन्थ्यो—कृष्णभक्तलाई भोट देऊ, कृष्णभक्तलाई भोट देऊ। प्रतिक्रियावादी धर्म बहादुर लाई होइन।'

तर धर्मबहादुरका पनि आफना मानिस थिए। उ स्वयं नहिच्किचाई सडकमा यताउति गरिरहेको थियो। यसै गरी उसका मानिसहरू पनि कराइ रहेको थिए—"देशभक्त धर्मबहादुर लाई भोट देऊ।" यो सुनेर बाबानानी तर्सेर सोच्दथी—' धर्मबहादुरले जित्यो भने !"

कृष्णभक्तको कोठामा मानिसहरू जम्मा भएका थिए। बाबानानीले कोठामा भएको रेक कुरा सुन्न आफूलाई रोक्न सकिन र हतार गरी-गरी कोठाबाहिर खड़ा हुन्थी। कोठाको हरेक कुरामा उ रस पाउँदथी, उत्साह भेट्टाउँदथी। कहिले काहीं जब पति गम्भीर भएर बस्ने गर्दथ्यो तब उ त्रस्त हुन्थी शायद, शायद...! पतिको आँखासित आँखा मिलाउने कोशिश गर्दथी र पतिलाई उत्साहित गर्ने चेष्टा गर्दै आफनो उत्साहपूर्ण मुद्रा बनाएर मुस्कुराउँदथी। उ सबै कुरा सुन्न चाहन्थी—आफनो पतिको विजयको कुरा र धर्मबहादुरको हार, बदनामी, क्षुद्रता, बेइमानी इत्यादि सारा कुरा।

उसले सुनी,—धर्म बहादुरको तर्फबाट बाँडेको पर्चा कोही हाँसी-हाँसी सुनाइरहेको थियो र त्यो उसको कानमा पऱ्यो—"कृष्णभक्तले के काम गरेको छ ? केही पनि छैन।" उसले सास बन्द गरेर सुनी—'खालि जेल गएर मात्रै देश बनाउने सामर्थ्य हुन्छ भन्न सकिन्न।' ठूलो स्वरको हाँसो कोठामा गुन्जियो। बाबानानी त्यस हाँसोमा सामेल हुन सकिन। खङ्गङ्ग भएजस्तै भई। "देश त्यसले बनाउन सक्छ, बाटो त्यसले सफा गर्न सक्छ, सहरमा बस्नेको सुख-सुविधाको बन्दोबस्त त्यसले गर्न सक्छ, जसले आफ्नै खुट्टामा उभिएर केही काम गरेको छ, घर बसाएको छ।" बाबानानीले त्यहाँबाट भागुँ भागुँ जस्तो गरी; होइन, उ सुन्न सकिन। उसको कानमा तैपनि पऱ्यो—

"जेल नालायक मान्छे पनि जन्छन्, लायक मान्छे मात्रै जान्छन् भन्ने कुरा होइन।" उ आशंकित र त्रासित भएर पतिको अनुहार हेर्न थाली। पतिको अनुहार विवर्ण भएको थियो। बाबानानीलाई एकदम इच्छा भयो कि पतिलाई धूवको झैं गाला फोडूँ र भनूँ—"के हेर्नु हुन्छ, धर्मबहादुरको गर्धन किन निमोठ्नु हुन्न, त्यो पर्चा च्यातेर किन धूजा-धूजा पार्नु हुन्न?' त्यसपछि पर्चामा भएको धर्मबहादुरको तारीफ हावामा लहरिरहेको थियो व्यंग्यपूर्वक हाँसोको बीचबाट। पतिको स्तब्ध निःश्वास बाबानानीले सुने जस्तो भएको थियो। अकस्मात् न्हुचा करायो—"देख्नु भयो? मैले पहिले नै भनेको थिएँ, धर्मबहादुरलाई बेसरी पिटेर ठीक गर्नु पर्छ अनिमात्र। तपाईंहरूले मात्र भन्नु भयो भने म त्यसको जात्रा गरिदिन्छु।" न्हूचा त्यही टोलको सबभन्दा बदमाश मान्छे थियो जसलाई देख्यो कि बाबानानीको आङ सिरिङ्ग गर्थ्यो। अहिले बाबानानीलाई कोठामा हान्फालेर जाउँ जस्तो भयो र हूचाको खुट्टा समातेर "विन्ति, मेरो उसलाई जिताइदेऊ" भनूँ जस्तो भयो।

त्यसै बखत उ आश्चर्यचकित भई. जब टोलको एकजना दुबलोपातलो माष्टरले भन्यो—"होइन, त्यसो गर्नु हुँदैन; त्यो प्रजातान्त्रिक पद्धति होइन। जनताले कृष्णभक्तलाई रुचाएकै छ, उ हामीले भनेको कुरा मानिहाल्छ। पर्चाको जवाब पर्चाले दिनुपर्छ, त्यो पनि शिष्ट भाषामा। हुन त हिजोको हाम्रो पर्चाले नै काण्ड पुऱ्याउँछ।"

कृष्णभक्त चूप थियो, हाँसे जस्तो, नहाँसे जस्तो गम्भीर चिन्तनमा लागेझैं थियो। बाबानानीलाई फेरि इच्छा भयो कि गएर पतिको मौनतालाई बल गरेर फोरूँ र उसको जिब्रोबाट केही झिकूँ। बाबानानी शिथिल हुँदै गई, उ त्यहाँ धेरै बेर रहन सकिन। उसलाई भित्रभित्रै खुल्ल हुँदै आइरहेको थियो। उसको कानमा आवाज परिरहेको थियो-प्रतिक्रियावादी धर्मबहादुर राणाशाहीको पिठ्ठू, रगत चुसुवा। तर त्यो कुरा उसको हृदयको गहिराईमा पुग्न सकेको थिएन। उ त्यहाँबाट

हिँडी एउटा प्रार्थना गर्दै--"त्यसरी किन चूप लाग्नु हुन्छ, केही त भन्नु होस् ।"

भन्याँङनिर पुग्दा उ एकदम झस्की, उसको कानमा परिरहेको थियो, धर्म बहादुर ले रुपियाँ बाट्दैमा चुनाव जित्छर ?" उसले मानो जवाफमा कसैले भनेको सुनी—"जित्छ, जित्छ ।" उ स्तब्ध भएर भन्याङको खुडकीलामा थचक्क बसी ।

केही बेरपछि उ त्यही माथिको कोठामा गई । सासू-ससुरा भएको तस्वीर यथास्थान थियो । खालि कूचो कोठाको भूइँमा तेसिएर लडिरहेको थियो । उसले कति पटक कूचोलाई ठड्याएर राख्ने विचार गरी तर कूचो ठड्याउन हात बढाईन । कूचो त्यसरी लढ़िरहेको देखेर उस लाई एक तमासको बेचैनी भइरहेको थियो ! अन्त्यमा उसले कूचोबाट आफ्नो मन हटाउन सकी । त्यसै बखत फेरि धर्मबहादुरको पर्चाको कुरा सुने जस्तो भयो—"तिम्रो पति नालायक, तिम्रो पति नालायक ।"

"होइन" उसले सुस्तरी भनी । फेरि कतै बाट, उसैको मस्तिष्कको कूनाबाट आवाज आए जस्तो भइरहेको थियो—'हो, हो ।'

"होइन, यो सत्य होइन ।" उ उठी र कूचोलाई कूनामा फ्याँकि दिई र भनी—"कूचो कताबाट यस्तो घीनलाग्दो गरेर ।" फेरि कूनामा गएर कूचो ठड्याएर भनी—"यसरी बस् ।"

केही बेरपछि बाबानानी भयालको खापामा अडेस लागेर उभिएर बसिरहेकी थिई । उ टाढासम्म हेरिरहेकी थिई । सहरको घर, चारैतिर घरैघर र छानैछाना र कतै एक दुइटा कौसी । पर एउटा घरको कौसीमा एउटी स्वास्नीमान्छे देखापरी । एउटा घरको भयालमा एउटा बच्चा रोए जस्तो देखियो । एउटा घरको छानाबाट उफ्रेर एउटा बिरालो आर्को घरको छानामा पुग्यो । र यी घरैघरका पृष्ठभूमिमा नीलो आकाशतल हरियो पहाडका टाकुराहरू देखिन्थे । उ हेरि रहेकी थिई । उसको आँखाको अघिल्तिर रही-रहीकन पतिको मायालु अनुहार आइरहेको थियो, त्यही लामो दुब्लो पातलो अनुहार । कहिले हाँसेको अनुत्तरदायी अनुहार, कहिले निन्याउरो

अव्यावहारिक अनुहार । उसलाई लागिरहेको थियो, यदि उ भइन भने उसको पति लथालिङ्ग भएको र भोकै सुत्ने हुनेछ । त्यस कारण उ एक दिन पनि माइत बस्न सक्तिन । आमा नभएको घर भए पनि सौतेनी आमाले एक दुइ दिन बसे राम्रै दृष्टिले स्वागत गर्ने छ । छुट्टिसकेको दाज्युको घरमा भाउज्यूको रजाइँ भए पनि त्यहाँ भाउज्यूले बाहिर देखाउन मात्रै भए पनि उसलाई एक दुइ दिन बस नै भन्ने छ । तर उ एक दिन पनि बस्ने इच्छा गर्दिन । कहिलेकाँही माइत बस्न कर परेको बेलामा देख्तथी, घर कति फोहोर र गञ्जागोल भएको हुन्छ, केही माल हराएको हुन्छ । सोच्ता-सोच्तै उसको ओठ मात्र मुस्कुराएर केही चल्यो । उसले फेरि सोची—'उ नभए ध्रुव पढ्न नगएर बिग्रने थियो, बाबुलाई वास्ता भएको होइन । उ फेरि खिसिक हाँसी । सोच्दा सोच्दै उसलाई भत्रास्स गाई'मा मान्छेहरूले भोट खसालेको र आफू पान 'गाई' तिरै गइरहेको जस्तो लाग्यो । उ बल गरेर बिउझी र भनी—"कोदाली न भएर गाई भइदिएको भए !"

राति कोठामा उ एक्लै थिई । पति बाहिर गएको आएको थिएन । उसलाई केही हराए जस्तो केही बिर्से जस्तो भइरहेको थियो । बल्ल पति आइ पुग्यो । उ थाकेको थियो र ओछ्यानमा पल्ट्यो र एकछिन पछि हाँसेर उसले भन्यो—"तिमी त मलाई भोट दिन्नौ क्यार ?"

बाबानानी पतिको अनुहार हेरेकी हेर्‍यै गरेर बसिरही, उसले पतिको कुरा केही सम्झे जस्तो केही नसम्झे जस्तो गरी । उ आश्चर्य मानेर हेरि नै रहेकी थिई—पतिले उसको मनको कुरा थाहा पाए जस्तो, मानो पति पनि उ जस्तै गरेर सोचिरहे जस्तो ।

"भनन !" कृष्णभक्तले भन्यो ।

बाबानानी झस्की, भित्रको रहस्य उदाङ्ग भएर सर्माएझैं उ सर्माई र एकछिन पछि सुस्केरा हालेर भनी—"म किन भोट दिन्नथें, म तपाईंकी जोई त हुनि !"

कृष्णभक्त हाँसेर भनिरहेको थियो—"चुनाव जितेपछि आर्को एउटा फसाद पर्छ । राजनैतिक पार्टीका मानिसहरू 'मेरो मान्छे, मेरो

मान्छे' भनेर मलाई तानातान गर्ने छन्। मैले के गर्ने ? म एकदम स्वतन्त्र भएर बस्छु, पहिले कसैलाई मेरो वास्ता थिएन भने म मात्र किन कसैको वास्ता गरूँ ?"

भोलिपल्ट बिहान रातभरी सल्केर अकस्मात विस्फोटन भएझैं सारा सहर भरी खलबली मच्चिरहेको थियो। कृष्णभक्त बिहान सबेरै उठी बाहिर निस्क्यो। बाबानानी केही बेर भ्यालबाट हेरिरही र बिस्तारै भान्छामा गएर भात पकाउन बसी। उसमा फेरि एक किसिमको अनासक्तीको भावना आइरहेको थियो। उ आफैं आश्चर्य मानिरहेकी थिई कि अब उसमा हिजोको जस्तो जोश छैन, न विचार गर्ने सामर्थ्य नै छ। उसलाई सारा कुरा धमिलिए जस्तो लागिरहेको थियो र शहरको खलबली मानो उसको मस्तिष्कमा पुग्नासथै स्फूतिहीन हुन्थ्यो, शून्य झैं हुन्थ्यो। छोरा ध्रुव जोशिलो भएर बाहिर दौडेको देखेर उ त्यसै मुस्कुराई। उसकी सानी छोरी खुट्टा फ्याँकी-फ्याँकी रोएको देखेर उ फेरि मुस्कुराई मानो त्यसमा पनि उसले सारा सहरको खलबली देखी।

भान्छाबाट आर्लेर कोठामा पस्दा पति त्यहाँ बसेर पर्चा पढिरहेको उसले देखी। उ भित्र पस्ने बित्तिकै पतिले सोध्यो—"हिजोको पर्चा सुन्छ्यौ ? यस्तरी लेखे को छ कि यसले जनता लाई गजबको प्रभाव पारेको छ। मान्छेहरु भन्छन् धर्मबहादुरको सिक्योरिटी जफत हुन्छ, उसलाई उसैका घरकाहरुले मात्र भोट दिने छन रे।"

बाबानानी विमूढ भएर हेरि रही। पति हाँस्दै जोशिलो हुँदै पर्चा सुनाउन लाग्यो। उ खालि पतिको अनुहारलाई उन्मिलित नेत्रले हेरि-रही। अकस्मात् उसको मुटु फेरि थामिए जस्तो भयो। उसले सुनी—'भोट दिंदा विचार गरेर दिनु होस्। आफ्नो इच्छा विरुद्ध भोट दिनु पापहो, प्रजातन्त्रको हत्या गर्नु हो। कसैले भन्यो भन्दैमा कसैलाई भोट दिनु नैतिक पतन हुनु हो।" उसले देखी, पतिको अनुहार हाँसोले चम्कि रहेको थियो र उ हरेक शब्दलाई जोड दिएर पढिरहेको थियो—"भोट दिनु भन्दा अघि आफ्नो मुटुलाई छामेर सोच्नु पर्छ कि

को देशभक्त हो, को सहृदयी हो र को लायक छ र को नालायक ।"

पत्रि सकेर पतिले 'कस्तो लाग्यो ?' भनेको अनुभूनी गरी उ बसी र सुस्तरी सोधी—'यस्तो कुरा पर्चामा किन लेख्नु भएको ?'

"यसरी लेख्यो भने जनतालाई प्रभाव पर्दछ र यो टेढ़ो किसिमबाट मलाई भोट देउ भनेको ।'

बाबानानीले फेरि आँखा चौडा पारी र हेरिरही—उं केही पनि बुझिदन, केही पनि । उस लाई भयास लाग्यो कि कोदालीको आकार अकस्मात गाई भयो । अनि उसले सुस्तरी सोधी—"हाम्रो कोदालो होइन ?"

"हो, किनर बिर्स्यौं ?"

आज पनि बाबानानीले घरको सबै धन्दा सधैंझैं गरिसिध्याई । यन्त्रवत् उसले कपाल कोरी अनि केही बेर चूप लागेर भोट दिन जानलाई लुगा झिकी । भोट दिनजानलाई तयारी गरी, मानो यो पनि दैनिक काम धन्धामा सामेल छ । यत्तिकैमा कृष्णभक्तले उसलाई भन्न पठायो—भोट दिन चाँडै आउ ।' उ बाहिर निस्की । टोलका अरु स्वास्निमानिस पनि उतैतिर गइरहेका थिए जतातिर उ गइरहेकी छ । उनीहरुको कुरा र बाटोमा ओहोर दोहोर गर्ने हरुको कुरा उसको कानमा पर्छ तर कुराको असर उसको मस्तिष्कमा पर्दैन । हिंड्दा-हिंड्दा उसलाई ज्ञात भयो कि बाटो मा सबै उसलाई हेरिरहे का छन्, सबै उतिर इशारा गरेर कुरा गरिरहे का छन् । तर उसमा लज्जाको संवेदना छैन । उ यता उती कतै नहेरी सोझै बाटो लागिरही । एउटा भीडतिर गएर रोकिई । त्यहाँ केही पुलिस देखा परे । एकतिर लाम लागेर मर्द र आर्कोतिर लाम लागेर आइमाई बसेका थिए । केही पर एउटा पाल देखा पऱ्यो । र पालको ढोकामा एउटा सिपाही बन्दूक लिएर उभिएको थियो । पाल नजिकै एउटा टेबिलको वरिपरि मेचमा सरकारी आफिसर हरु र उमेदवारका आफ्ना मानिसहरु साक्षीको रूपमा बसेका थिए । बाबानानीले देखी कि मानिसहरु थुप्रो थुप्रो भएर आपसमा खासखुस गरिरहेका थिए । एक थुप्रोको बीचमा उसको पतिः खड़ा थियो र

अहिले उतिर हेरेर केही हाँस्यो । आँखा जुध्नासाथै बाबानानीले आँखा आर्कोतिर फर्काई । न्हुचा कराइ रहेको थियो—"धर्मबहादुरको मान्छेले यहाँ आएर गाईमा राख, गाईमा राख भन्न पाइन्छ ? म सहन्न ।" उसले न्हुचातिरबाट पतितिर बिस्तारै हेरी । त्यस बखत उसले देखी, पतिसित बसेका सबै उतिरै हेरि रहेका थिए । अनि उसले आफ्नो आँखा पालमा अड़ाई ।

उसलाई बिसँ जस्तो भइरहेको थियो पतिको प्रतीक 'कोदाली' भन्ने र उसलाई लागिरहेको थियो कि 'गाई' पतिको प्रतीक । उसले मनमनै कण्ठ गर्न खोजेझैं दोहऱ्याई कोदाली, कोदाली । अनि उ स्वास्नी मान्छेको लाममतिर बढी । न्हुचाले गइरहेकी एक जना स्वास्नी मान्छेतिर फुर्तिसाथ बढ्यो र कानमा केही भनेर भाग्यो । त्यसै बखत धर्मबहादुरको मान्छे चिच्यायो—"ए पुलीसदाइ हेर्नोस्, त्यसरि त्यहाँतिर गएर कानमा कुरा गर्न पाइन्छ !"

न्हुचाले अलिकति पनि नगलीकन भन्यो—"मैले त अफ्नी स्वास्नीलाई साँचो खोइ पो भनेको । मैले स्वास्नीसित पनि कुरा गर्न नचाउनु रे ।"

बबानानी लाममा मिलेपछि लाममा लहर पैदा भयो । लाभ चल्मलाउन लाग्यो । सँगै बसेकी एउटीले सोधी—"तपाईं कुनमा खसाल्नु हुन्छ ?" बाबानानी बाल्ज परेर प्रश्नकर्तालाई हेरिरही उसलाई बिसें जस्तो भइरहेको थियो । पछिल्तिरकी एउटी स्वास्नी मान्छेले उसको कानमा भनी—"म त कोदालीमा हाल्छु ।" बाबानानी आश्चर्य चकित भएर पछिल्तिर हेर्नलागी । पछिल्तिरकीले फेरि भनी—"मेरो देवरले यस्तै भनेको छ ।" बाबानानीले बिस्तारै अघिल्तिरकीलाई सोधी—"तपाईं केमा खसाल्नु हुन्छ ?" जवाफ अयो—"किन, म त गाईमा खसाल्छु ।" बाबानानी भित्रभित्रै खड्याङ्ग खुङ्युङ्ग भए जस्ती भई र दीन आँखाले अघिल्तिरकी लाई हेरिरही ।

"अघिल्तिर बढ, अघिल्तिर बढ"—लाम धस्कन लाग्यो । अफिसर

बसेको टेबिलमा पुगेर एकपछि आर्को गरी टिकट लिंदै पालभित्र ढ्वाङमा भोट खालाली आर्कोतिरबाट निस्किन्थे । अफिसरनिर पुगेको, पालभित्र गएको, बाहिर निस्किको इत्यादिले बाबानानीलाई रिंगटा लागेझैं भइरहेको थियो । उसलाई थचक्क त्यहाँ बस्न मन लाग्यो । तर एकैछिनमा उ अफिसर हरु बसेको टेबिलमा पुगी । उ झसङ्ग भई । कारिन्दाले अफिसरलाई कानमा केही भन्यो । अफिसरले बाबानानी तिर मुस्कुराएर हेर्‍यो । हातमा कार्ड थमाइदियो । कार्ड हातामा लिएर पतिको साक्षी बसेको ज्ञानप्रसाद तिर हेरी । त्यसै बखत ज्ञानप्रसादले कागतमा चिनो लगाएर उतिर पुनुक्क हेर्‍यो । बाबानानीले केही सहाय मागेझैं गरी । उतिर हेरिरही । अफिसरले भन्यो—"जानोस् ।"

पालको ढोकातिर बढ्दा बाबानानीको सास रोकिएझैं भयो । सिपाहीको ट्वाल्ल निगाहसित उसको आँखा जुध्यो । उसले बिस्तारै ढोकाभित्र पाइला चाली मानो भित्र एक भीषण, भयानक रहस्य छ जुन अहिले उसको हातमा आउन लागिरहे को छ । उसले सुस्त सुस्त कदम चाली भित्र दायाँ-बायाँ सम्मुख भएर दुइटा बाकस राखिएका थिए । बाकस मुख बाएर स्तब्ध थिए । एउटा बाकसमा गाईको तस्वीर थियो र त्यो गाई उफ्रि रहेको जस्तो थियो । आर्को बकसमा कोदालीको तस्वीर थियो र त्यो कोदाली चूपचाप निन्याउरो भएर त्यसै अलपत्र फ्याँकिएको कागत जस्तो थियो । एकछिन बाबानानीले बाकसलाई र चारैतिर निहारी । पालमा अरु केही थिएन र एकदम शून्य थियो । बाहिर मान्छे बोलेको, कराएको आवाज सुनिन्थ्यो । उ अधिल्तर बढी र गाई भएको बाकसतिर पुगेर एकदम झस्की—यो त धर्मबहादुरको पो ! फर्केर आर्को बाकसतिर सर्दा अचानक उसलाई लाग्यो कि कोदाली उसको पतिको प्रतीक होइन । उ एकदम हडबडाई । दुवै बाकस अल-झकिएर-खडबडिएर यता उता भए जस्तो उसलाई जम्मै कुरा बिर्से जस्तो भयो । अकस्मात उसलाई पतिले बिस्तारै भने जस्तो लाग्यो—"भोट दिंदा विचार गरेर दिनू ।" उसलाई त्यहीं पल्टू जस्तो लाग्यो । त्यसै बखत बाहिरबाट कराएको आवाज आयो—"भित्र त्यो के गरि-

रहेकी, बाहिर किन ननिस्केको।" त्यो आवाजको साथै आकैं भिन्न किसिमको आवाज पनि आइरहेको थियो--"जालसाजी हुँदैछ।"

बाबानानी हडबडाए एकदम तर्सेर पालको आर्को ढोकाबाट बाहिर निस्की। उसको हातमा अहिलेसम्म पनि त्यो कार्ड मुठीमा काच-कूच परेर बसेको छ। उ अत्यास र एक भविष्यमा बज्रिने अज्ञात आशंकाले पीडित हुँदै घरतिर गई।

नेपाली संस्कृति

बालकृष्ण सम

सभ्यतालाई वृत्तसित तुलना गरेर वर्णन गर्न पाइए, संस्कृतिलाई फूल, अनि कलालाई फलसित दाँज्न सजिलो पर्दछ। भाषा सभ्यता हो, संस्कृत भाषा संस्कृति हो, 'शकुन्तला' फल हो। जब कसैको केही नसुन्ने जङ्गली मानिस अरूको कुरा खाएर विचार गर्न लाग्यो, वरिपरि गिर्दा लागेर बसी सभा गरेर सबकोभन्दा तीखो हतियार होइन बुद्धिको प्रतिष्ठा गरेर सभापति बनाई भावनाको आदान-प्रदान गर्दै उपदेश लिएर अनुशासनमा हिड्न थाल्यो त्यही बेला संसारमा सभ्यताको अध्याय प्रारम्भ भयो। अहिले जतिसुकै राम्रा पार्लियामेन्ट भवन बनाएर घेरा लागुन्, जतिसुकै पेचिला तन्त्रहरू निर्माण गर्दै मनुष्यका स्वाभाविक अत्याचारको मुख थुन्ने यत्न गरून् तर ती तिनै प्रथम सभा-हरूको उपशाखा हुन्; तर फेरि म खेद मानेर भन्दछु सभ्यता उही ठाउँमा रूखले जस्तै कीला गाढेर बसेको छ। एक सभाले तीर र तरवारकोनिम्ति ढाल बनायो, आर्को सभाले बन्दूककोनिम्ति दुङ्गाको परखाल, फेरि तोप, फेरि बम-वर्षा गर्ने विमान, फेरि परमाणु-बम— सभा झाङ्झिदो छ, बूढो रूख जस्तै, धोत्रो भएको शंका छ।

तिनै सभ्यतामा विभिन्न संस्कृति फुलेका छन्। हाम्रा चाहाड, पर्व, आजापूजा, विधि-विधान, पद्धति, दस्तुर, खानपीन, लिवास, रीति-रीवाज सबै हाम्रा संस्कृति हुन्—यी रङ्गविरङ्गका छन्—कुनै भर्खर फुल्दै छन्, कुनै कुहिएर झरिसके, कुनै ओइलाएर हाम्रो हातमा दुसुदुसु उमिरहेका छन्। विभिन्न थरिका मानिसले ठाडा नारा लाएर 'हाम्रो संस्कृति' भन्दै कराएको सुन्दा मुटु थर्किन्छ। मेरो व्यक्तिगत विचार त यो छ—म फूलको चन्जापन्जा गरूँ, कुनै टिपूं, कुनैलाई बाटैमा रहन-

दिऊँ, कुनैलाई फालिदिऊँ तर भयङ्कर शब्दहरू आउछन् : "मेरो फूल, हाम्रो फूल कुहिए पनि सुके पनि तैंले सिरानमा राखिछोड्नु पर्दछ ।"

नेपालको सभ्यता भारत र चीनको जत्तिकै प्राचीन छ । तिब्बत केवल हिम-प्रदेश भएकोले त्यो नपग्जुन्जेलसम्म नेपालको चीनसित सम्पर्क हुन सकेको थिएन तर भारतसित भने अझ पहिलेदेखि नै सम्बन्ध बढ्दै गयो । अहिले म नेपालको प्रागैतिहासिक वेलालाई कोट्याएर कुरा धमिल्याउँन चाहन्न । त्यस वेलाको इतिहास हाम्रो उस्तै छ जस्तो भारतको छ जस्तो इङल्याण्डको छ, जस्तो अरू अरू देशको छ । मिश्रवासी, द्रवीड तथा मङ्गोल र किराँतीहरूको पूर्व-इतिहास फिरन्ता आर्य-जातिको इतिहाससित मिल्दैन, परन्तु अब जातिहरू यति निकट छन् कि कति यस्ता नमूना पाइन्छन् जस्बाट हामीले छ्यासमिस भएको मान्नै पर्दछ; नेष्टे, चेप्टे, आर्य, नाक अग्लो भएको लाम्चो मुख गरेको मङ्गोल, गोरो द्रवीड, कालो किंरातो देखेर मनुष्य समाज अब निकट भविष्यमा जातिपातिकोनिम्ति लड्ने छैनन् भन्ने आशा लिनै पर्दछ ।

यस्तो अवस्थाले गर्दा आफना-आफना संस्कृतिलाई पनि कुनै जातिले थुनिराख्न सकेको छैन, न अरूको संस्कृतिलाई छेक्न सकेको छ । सजैसितको लेन देनको परिणामबाट होस् अथवा जातिको मौलिक प्रतिभाबाट उज्जेकोले होस् वा कुनै कुप्रथाबाट दुसाएको होस् सभ्य जातिमा अनेक प्रकारका संस्कारहरू फुल्दछन्—तिनैलाई हामी 'हाम्रो संस्कृति' भन्दछौं । संस्कृति केवल वास्तविक वस्तु स्थिति हो, समाजको ऐतिहासिक घटना हो । 'आफ्नो' भन्ने बित्तिकै जस्तोसुकै संस्कृतिको पनि पालना हुनुपर्दछ भन्ने धारणा अन्धता हो; त्यस्तै आफ्नो संस्कृतिको आदर गर्न नसक्नु पनि दौर्बल्य हो । जब अब म भनि-हाल्दछु—पूर्वीय देशहरूमा प्रायः अन्धता तथा दौर्बल्यको मात्रा बढी छ । खानाकै कुरा लिऊँ, पश्चिम देशमा मानिसहरू जुन किसिमले हिजो आज खान्छन् ठीक त्यतै किसिमले दुइसय वर्ष अघि खाँदैनथे न दुइसय वर्ष पछि खानेछन् । परन्तु उनको खानामा संस्कृतिको क्रमशः

विकाश भइरहेको छ—उनको आफ्नै संस्कृतिको। यता पूर्वी देशहरूमा भने कतै मानिस त्यसरी नै खाइ रहेका छन् जसरी ती दुइ हजार वर्ष अगाडि खान्थे, फेरि कतै ती केवल पश्चिमको नकल गरेर खान्छन्। वास्तवमा पूर्वीहरूले खानामा आफ्नो संस्कृति विकास गर्न जानेनन् वा सकेनन् वा गरेनन्। यही कुरा हामी लुगामा देख्छौं: सर्वाङ्ग पूर्ण यूरोपियन नभई पूर्वीहरूले आफूलाई पूर्ण सभ्य नसम्झने छाँट छ—काठमाडौं, दिल्ली, टोकियो, कन्स्टान्टिनोपल, काबुल, पेकीन, कलकत्ता, कोलम्बो, कराँची, बम्बई, बग्दाद, जहाँ घुमे पनि त्यही देखिन्छ—पूर्वीय जनता पश्चिमी रंगमा चोपलिएर वर्ण परिवर्तन गर्न लागिरहेछ। किनभने यताका बूढा आफ्ना थोत्रा संस्कृतिलाई विशुद्ध राख्न चाहन्छन्, सुधार गर्नु ती असुद्ध सम्झिन्छन्; किनभने यताको युवक आफ्नो संस्कृतिको मूल विच्छेदनलाई नै प्रगति सम्झन्छन्।

म नेपाली संस्कृति हेलित भएको छ भनेर नेपाली मात्रलाई दोष दिन, समस्त एसियावासीको दुर्भाग्यसितै नेपालीको भाग्य पनि अल्झेर डोरिएको छ। आज बम्बईका सिनेमाफिल्महरूले नेपाली ललाटमा भाग्य-रेखा कोरिरहेका छन्। यी सभ्यता पूर्वमै विकसित भएका हुँदा हुन् त किन जो पनि यसलाई पश्चिमी सभ्यता हो भन्ने अनुभव गरिरहेछ। पश्चिमी संस्कृतिको आँधी यत्रो जोडले पूर्वतिर चलिरहेको छ कि धोती-टोपी-उपर्नाहरू त के जिउ सम्हाल्न पनि पूर्वीहरूलाई आच्छु-आच्छु परिरहेछ। यस अवस्थामा एसियाइहरूलाई 'तिम्रो संस्कृति खोइ?' भनेर कसैले सोधेमा उनीहरू आफ्ना पुराना, खिया परेर हरियो भइसकेका थोत्रा, कीरा परेर भवाङ प्वाल भएका संस्कृति देखाएर घूलो झार्दै 'यही हो' भन्नु सिवाय अरू के गर्न सक्छन्।

हामी उठ्ते बित्तिकै यूरोपीय अक्षर भएका घडीको दर्शन गर्दछौं। अनि जो जति पैसावाल छ, जो जति शिक्षित छ उति बढी मात्रामा यूरोपियन छाँटसित उ मुख धुन्छ, नुहाउँछ, दाँत माझ्दछ, खान्छ, पिउँछ। पश्चिमी ढाँचाले पढ्नु पढ्नु हो भन्ने पूर्वीहरूको धारणा छ।

साँच्चै भनू भने अंग्रेजी अथवा कुनै पश्चिमी भाषा जान्नु नै शिक्षित अथवा योग्य हुनु हो भन्ने पूर्वीहरूको विचार छ। अंग्रेजी भाषामा आज्ञा दिए मात्र सिपाहीहरूमा अनुशासन रहन सक्छ नत्र फौज राख्नु वृथा छ भन्ने एसियाईहरूको विश्वास छ। पसल वा घरको परिचय पनि अंग्रेजीमा लेखिन्छ। जब समस्त शिक्षाको स्रोत नै आफ्नो संस्कृतिलाई हेलाँ गर्नपट्टि, आफ्नो जातिको आत्महत्या गर्नतिर बहेको छ यस अवस्थाया म कुन हृदयले नेपाली संस्कृतिको वर्णन गरूँ। परन्तु यो त अवश्य छ कि संस्कृति नै जातिको अस्तित्व हो, देशको आर्थिक, सामाजिक, राजनैतिक, सबै सुधार संस्कृतिमै आधारित छ। कुनै देशको सशस्त्र विजय शारीरिक विजय हो जसको प्रतिशोध हुन सक्तछ तर सांस्कृतिक विजय मानसिक विजय हो जसबाट रोग असाध्य बढ्दछ।

नेपाल यूरोपभन्दा पहिले सभ्य थियो, यो केही हदसम्म संस्कृतिमा बडेको थियो तर परसम्म दगुरिसकेर उछिन्नेलाई पर्खी-पर्खी तेरो बाटो भूल पऱ्यो भनेर रोकेझैं हाम्रो अवस्था भइरहेछ; हामीले चिन्हेको भानुभक्तलाई बिर्सेर कुनै अपरिचित कविलाई संभनु पऱ्यो भने हामी अवश्य पछाडि पर्दछौं। हामीले बनाइसकेको तरेली छानावाल घर भत्काएर भर्साइल छाँटका घर उठाउनु पऱ्यो भने अवश्य हामी पछि पर्दछौं। हामीले आफ्ना नाच-गान बिर्सने बल गरि रहेकाछौं—कार्तिक नृत्य पाटनमा मर्न लागिरहेछ, उसको लाशमाथि विदेशी सिनेमा-काली नाच्न लागिरहेकी छन—त्यसमा देशको आर्थिकक्षती छ, सामाजिक हानी छ, राजनैतिक दौर्बल्य छ। हामी विदेशी कुकुर पालेर स्वदेशी कुकुरलाई भुसिया नाम दिएर उसैमाथि भुकाउछौं। काठमाडौं-मा पहिले रथ हिड्ने, घोडा हिड्ने, मान्छे हिड्ने, तीन बाटो साथ-साथ बनाइएका थिए। त्यो भत्काएर फूटपाथ बनाउने लक्ष हाम्रो छ। फलपूलका रुखहरू सब काटेर टिन्डफुट मगाउने, गाईहरू बेचेर कन्डेन्स्ड मिल्क किनाउने, जडीबुटी उखेलेर फाली भाइनमग्यालिसिया ल्याउने उद्देश्य हाम्रो छ। वैद्यलाई स्टेथेस्कोपको जनै लाइदिएर हामी

व्रतबन्ध गर्दै डाक्टर बनाउछौं, पण्डितको धोती सिइदिएर धोक्रे सुरूवाल लाइदिदै हामी उनलाई संस्कृतका प्रोफेसर बनाउछौं—यही हाम्रो नवीन संस्कृति हो।

सातौं शताब्दीमा नेपाल आउने चिनी यात्रीहरूले नेपालका प्रत्येक घरका भित्री भितामा चित्रहरू लेखिएको देखेका थिए, आज ती घर नष्ट भइसके, बीसौं सताब्दीको नेपाली भित्तामा यूरोपियन फैशन गरेका अर्धनङ्गा फिल्मीस्तानका विदेशी चित्रहरू पाइन्छन्—नेपालले चित्र बनाउँन पनि बिसिसकेको छ। अहिले नेपाली संस्कृतिको कुरा गर्न त श्मशानमा बसेर केही कलाकलात्मक हड्डी पिन्जर जम्मा गर्दै देवी-नाचमा हिक्का र भयाउरेका सुस्केरा हाल्दै अन्त्येष्टि क्रियाको चलन सम्झेर फूट र बैरले निचोरिएको आँशु झिक्दै नालमा फालिएका अस्पश्यभग्नावशेष मूर्तिहरूसित यो प्रार्थना गर्नु जस्तो मात्र हो। हाम्रो सांस्कृतिक अवहेलना बलेको चिताज्वलन निभाइदेऊ—हाम्रो जाति अझ जिउँदै छ भनेर।

परन्तु मलाई लाग्दछ—अझै आस छ किनभने हाम्रा सांस्कृतिक चिह्नहरूको अझै धुकधुकी सास बाँकी छ—हाम्रो हृदयमा पनि प्रेम नहोस् सही पश्चात्तापको तुष अझै बाँकी छ। कमाल पाशाले लिएको मार्ग हरूवाको हो। हामी जिन्न नसके तापनि न हार्न सक्छौं भन्ने भावनाले नेपाल पूर्वलाई बाटो देखाउँन सक्छ। नेपालभन्दा ठूला देशहरू आफना भद्दा स्थूल शरीरको कारणले यताउता फर्कन ढिलाउन् तर औंला जस्तो छरितो नेपाल चाँडै नै सोझिएर आफनो मार्ग औंल्याएर अरूलाई देखाउन सक्तछ। अवश्य हाम्रो मार्ग अशुद्ध छ, यसरी हिंड्दै गयौं भने जति टाढा पुगे पनि हामी लक्ष भेट्न सक्तैनौ। हाम्रा युवकहरूले मिलेर यूरोपको नकल होइन सकल गरेर शिर ठाडो गर्दै सांस्कृतिक जागरण ल्याउन चाहे भने वर्षै दिनमा नेपालको काया पलट हुनेछ। तर यी तीन रोगले हाम्रो देशलाई अशौचको अवस्थामा राखेका छन्—ती तीन विफर, हैजा र क्षय होइनन्; ती हुन् नैराश्य, बैमनस्य र आलस्य। यी तीन रोगले गर्दा हाम्रो संस्कृतिको नाश भइ-

रहेको छ—सांस्कृतिक नाश नै देशको सर्वनाश अनि प्रत्येक व्यक्तिको सत्यानाश हो। हाम्रा युवकका मनन र चिन्तनमा यी कुरा प्रत्यक्ष छन्—नेपालको व्यक्तित्व राम्रो छ, जातित्व कालो बादल जस्तै छ। जातिभेद र लिङ्गभेदलाई निर्मूल गराउने धर्म लिएका गौतम बुद्धको जन्मभूमि नेपाललाई जातिगत क्षुद्र विचारले घर-घरमा म मन्दिन कोठा-कोठामा पनि कठघारको किल्ला बँधाएर लडाइरहेछ। हामी ठूलाको ठूलै रहूँ तर साना जाति हामीसित हाम्रो पूजा गरेर मेल बढाउने, हामी भरपेट खाऔं तर भोकाहरू नकराउने होउन् भनेर सपना देख्नेहरू तीन र तीन जोडेर सात बनाउन्, सामान्य भूल गर्दछन्—वैमनस्यको मुख्य कारण नै यही छ। एकताको बदलामा यसरी अनेकताको बाढी चलेको ठाउँमा स्वभावतः नैराश्य जन्मन्छ अनि आलस्य। अरूले मुछिदिएको खाने अभ्यासले मानिसको रोप्ने, छर्ने, काट्ने, कुट्ने, पकाउने तमाम मौलिकतालाई मारिदिन्छ। विदेशीले मुछिदिएको पुस्तक पढ्न अनि टपरठुइयाँ बन्न सजिलै हुन्छ तर जबसम्म कुनै देशमा सांस्कृतिक विकाशबाट उठेको शिक्षा दिइन्न त्यो देश कहिल्यै उठ्न सक्तैन। जबसम्म हाम्रो यो मिसिनरी ढाँचाको शिक्षामा आमूल परिवर्तन गरिंदैन त्यहाँसम्म जतिसुकै राम्रा यूरोपियन अथवा अंग्रेजी नमूनाका छात्र निस्के तापनि जम्मा-जम्मी देश एक अमल पनि उठ्न सक्तैन। आजकाले युवकहरूमा जागृति आएको छ तर त्यो व्यक्तिगत छ, अलिकति पर गइहाल्यो भने पार्टीगत होला, साम्प्रदायिक होला परन्तु ती युवकहरूले समस्त नेपाललाई आफनो हतकेलो मा राखेर हेर्नु पर्दछ, जहासम्म प्रत्येक व्यक्तिमा देशगत जागृति हुँदैन त्यहाँसम्म वैमनस्यता मर्दैन। त्यसलाई मारेर हामीले हाम्रो नैराश्य त्यही मुर्दाको जिम्मामा छोड्नु पर्दछ; जीवित मनुष्यलाई नैराश्य शोभा दिंदैन अनि आलस्य—यसलाई हामी प्रति दिन आठ घण्टा सुतेर मनाउँदैछौं।

संस्कृति कुनै एक शताब्दीको बौद्धिक विकाशकै मात्र पेवा होइन। स्थुंगो वा जयस्थिति मल्ल वा मानदेव वा रामशाह वा महिन्द्र मल्ल

वा पृथ्वीनारायण शाहका पालाका चलन चाँजोको पालना नै केवल हाम्रो संस्कृति होइन। जुनसुकै जातिको पनि समय समयमा विकाश हुनै पर्दछ—वसन्त ऋतुमा पालुवा नचढ़ेको वृक्षलाई हामी मन्यो भन्दछौं। तर त्यो संस्कार आफैमा निर्धारित हुनु पर्दछ; कुन रूखको विकाश भयो, त्यो अग्लो भयो भन्दैनो। त्यस्तै बम्बईमा अमेरिकन कम्पनी आई न्यूयोर्कको जस्तै एक महल्ला बनायो भने हामीले बाहिरको दाँत हेरेर आहा भन्नु हुँदैन। त्यसले भित्री रगत चुसेको आन्तरिक दृष्टिले हेर्नु पर्दछ—आर्थिक चुसाई त्यति घातक हुँदैन जति सांस्कृतिक चुसाई हुन्छ।

अब म यति भनेर चूप लाग्दछु—एउटाले यसो भन्यो; परन्तु प्रत्येक व्यक्तिबाट विचार मनन र चिन्तन हुन्यैछ, हाहाले बगाएकोतिर बग्नु सजिलो छ, परन्तु हामीले उल्टो धार पौडनु छ, त्यो अवश्य गाह्रो छ। मनुष्यलाई कर्तव्यबाट च्यूत गराएर भुलाउने भजन रमाइलो छ, अझ स्वार्थी तपस्या पनि त्यति कठीन छैन, जति परार्थी तपस्या छ—नेपालका बुद्ध, चीनका कन्फूसस र भारतका गान्धीले हामीलाई परार्थी तपस्या सिकाएर गएका छन्, हामी तिनलाई पनि अझ संस्कार गर्न सक्छौं—तर गरौं। नेपालले एसियालाई दृष्टान्त दिनु छ—यूरोपसित को बैमनस्यले होइन, कक्षामा पहिको हुन खोज्नु पहिलो लडकामाथिको बैमनस्यता होइन केवल उन्नतिमा उछिन-पाछिन् हो। पृथ्वी मनुष्य मात्रको घर हो, यसको वास्तविक सुधारमा एसियाइले पनि उत्तरदायित्व सम्झने अधिकार लिनुपर्दछ। हाम्रो सांस्कृतिक उद्दीपन हाम्रो हातमा छ—देशको अस्तित्व हामीमा छ।

वर्तमान नेपालको निर्माणमा श्री ५ पृथ्वीनारायण शाह

चित्तरंजन नेपाली

विशाल नेपाल राज्यका[1] संस्थापक बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहको राजनैतिक चरित्रमा कीर्तिपुरेहरूको नाक र ओंठ काट्नु एउटा साह्रै लज्जास्पद कार्य थियो। उनले शत्रुभए पनि वीरहरूको अंग्रेजले जस्तै आदर गर्न जानेनन्; त्यही उनको कमजोरी थियो। यस वाहेक पृथ्वीनारायण शाहलाई नयाँ नेपालको निर्माताको रूपमा लिन सकिन्छ।

कीर्तिपुर कान्तिपुर ललितपुर र भक्तपुरका राज्यहरूलाई जित्न नसकेको भए, तथा यी राज्यहरूलाई जितेर पनि यहीं खाल्डोलाई राजधानी मात्र नसकेको भए पृथ्वीनारायणशाहको विजय कार्यले मात्र शायद विशाल नेपाल राज्यको निर्माण हुने थिएन होला। उनको विजय कार्यको महत्ता नै यसमा छ कि उनले यी उपत्यकाका राज्य हरूलाई अपनाउन सके, जसबाट वर्तमान नेपाल राष्ट्रको श्रृष्टी हुन सक्यो, तथा उनी राष्ट्रपिता बन्नसके।

पृथ्वीनारायणशाहको सब भन्दा बुद्धिमानी एवं कूटनैतिक पूर्ण कार्य थियो—पराजित कान्तिपुरलाई नै राजधानी मानी त्यहींबाट आफ्नु बाँकि कार्य संचालन गर्नु। उनको यस कार्यबाट यो संकेत

---

१. पृथ्वीनारायण शाह पछिको नेपाललाई ललितजंग सिजापतिले 'विशाल गोर्खा राज्य' को नामकरण गरेका छन, जसलाई संकीर्ण एवं साम्प्रदायिक मनोवृत्ति सिवाय अरू केही भन्न सकिन्न। हेर्नुहोस्—ललितजंग सिजापति—विशाल गोर्खा राज्य–(ने भा० प्र० स०)

गराउँदछ कि उनी केवल गोर्खाको साम्राज्य बढाउन, अर्थात् विशाल गोर्खा राज्यको निर्माणको निम्ति अगाडि बढेका थिएनन्, अंग्रेजी शक्तिले जस्तै केवल उपनिवेश बसाउन निस्केका थिएनन, तथा सिकन्दर, तैमूर, वा नादिरशाह जस्तै उनले पनि केवल विजयी हुन वा लुट्न मात्र लडाई लडेका थिएनन्। उनको विजय कार्यले भन्दा पनि विजय कार्य पछि उनले अपनाएको नितिहरूको सैद्धान्तिक पृष्ठ-भूमिले गर्दा खेरि नै 'विशाल नेपाल राज्य,' अर्थात् वर्तमान नेपाल राष्ट्रको निर्माण हुन सकेको हो। यस प्रकार पृथ्वीनारायण शाहको आक्रमण र नादिरशाह तैमूरहरूको आक्रमणमा सैद्धान्तिक एवं ऐतिहासिक विभिन्नता रहन गएको छ।

यसर्थ केवल उनको राज्य विस्तार एवं विजय कार्यले गर्दामात्र वर्तमान नेपाल राष्ट्रको निर्माण हुन सकेको हो तथा उनले राष्ट्र पिताको सम्मान प्राप्त गर्न सकेका हुन् भनी कोही भन्दछन् भने त्यो ऐतिहासिक गल्ती हुन जाने छ। यस प्रकारको कथनबाट पृथ्वं नारायण-शाहको कार्यको जुन महत्व थियो, त्यसलाई प्रतिनिधित्व गर्नु सट्टा धमिल्याइदिने छ। उनको 'दिव्य उपदेश'[1] प्रकाशित भैसके पछि पनि उनलाई केवल विजेता मात्र ठान्नु उनको कार्यको महत्वलाई नबुझ्नु हो, वा बुझ्न न चाहनु हो।

नेपाल उपत्यकामाथि विजय प्राप्त गरी त्यसै ठाउँलाई आफ्नो राजधानी मानेर शासन संचालन गर्न थाले पछि पृथ्वीनारायण शाहले आफ्नो भारादारहरूको सामु नेमा दिएको 'दिव्य उपदेश लाई राम्ररी पढ्यौं भने स्पष्ट हुनेछ, वर्तमान नेपाल राष्ट्रको निर्माणको जगबसाउन उनले बिजयकार्य बाहेक अरु कतिकार्य गरेका थिए वा गर्न चाहेका थिए। उनले आफ्नो उपदेशमा व्यक्त गरेका नीतिहरू—परराष्ट्र-सम्बन्धी नीति, गृह-नीति, उद्योग एवं सांस्कृतिक नीति आदिबाट स्पष्ट हुन्छ कि उनी केवल लडाईमात्र जित्ननिस्केका होइनन्। उनका ती

---

१. पृथ्वी जयन्ती समारोह द्वारा प्रकाशित पुस्तिका।

उपदेश र नीतिहरूले नेपाल राष्ट्रको निर्माण हुनुमा कतिको सहयोग गरेकाछन् भन्ने कुरा वर्तमान नेपालले नै बताइरहेको छ। निश्चय पनि उनीसित युद्ध जित्ने क्षमताको साथ-साथै यी कार्यक्रम तयार नभएको भए नेपाल राष्ट्रको निर्माण असम्भव थियो। कान्तिपुर, ललितपुर, र भक्तपुर माथि विजयी भएर पनि त्यस ठाउको संस्कृति, साहित्य र कलालाई अपनाउन सक्ने उदारता न भएको भए, या त्यसको अस्तित्वलाई बुझेर मान्न न सकेको भए पनि वर्तमान नेपालको निर्माण हुन सक्तैन थ्यो होला। किन भने सांस्कृतिक धरातल बिनाको जगमा कुनै पनि राष्ट्र-भवन उठ्न सक्दैन। यसर्थ श्री ५ पृथ्वीनारायण शाह केवल विजेता मात्र थिएननन् कि निर्माता पनि थिए।

संवत् १८२५ सालको इन्द्रजात्राको दिन कान्तिपुर, त्यस पछि क्रमशः ललितपुर र भक्तपुर माथि पृथ्वीनारायणशाहले विजय प्राप्त गरे। यसरी पृथ्वीनारायणशाह व्यक्तिले उपत्यकाका राजा हरु—जयप्रकाशमल्ल, तेजनरसिंहमल्ल एवं रणजीतमल्ल-माथि व्यक्तिगत रूपमा विजय प्राप्त गरेका थिए तापनि वास्तवमा नेपाली संस्कृतिले (अर्थात् त्यस बखतको नेपाल उपत्यकाको संस्कृतिले) गोरखा, मकवानपुर, दोलखा आदि स्थानहरूलाई आफूतिर तानी नया राष्ट्रको जग बसालेको थियो[1]। यति नभएको भए, अर्थात् अरु साधारण आक्रमणकारीहरूले जस्तै पृथ्वीनारायण शाहले पनि विजित राज्यको संस्कृति एवं सभ्यतालाई नष्ट गरेर आफ्नु गोर्खाली सभ्यता लादेर खोजेको भए नया नेपालको जग कहिल्यै गाडिने थिएन होला। किन भने त्यसबखत गोर्खालीहरूसित राष्ट्रको सम्पत्तिको रूपमा केवल एउटा सजिया' परबतीया बोली थियो। त्यसमा पनि कलाकौशल र साहित्यको-सृष्टी हुन सकेको थिएन। यहाँसम्म कि र सुग्घरको नाममा धोबी र नाउ पनि थिएन[2]।

१-२. 'प्रगति' वर्ष ३, अङ्क १-पूर्णाङ्क १३ मा 'श्रीश्री जयप्रकाश मल्ल' नामक श्री बाबुराम आचार्यको निबन्ध हेर्नुहोस्।

वास्तवमा पृथ्वीनारायणशाहको अभ्युदय एवं राज्यारोहणको समय नै राज्य-विस्तारको समय थियो, अर्थात् साम्राज्यवादी युग थियो। बृटिस शक्ति भारत लगायत संपूर्ण संसारमा साम्राज्य फैलाउन अगाडि बढेको समय थियो। त्यसैले त्यो समय, ससाना एवं निर्वल राज्यहरुको अस्तित्वको निम्ति खतराको समय थियो; आपसमा एक भएर एउटा बृहत् राष्ट्रको निर्माण गरी आफ्नो स्वतंत्र अस्तित्व कायम गर्नको निम्ति विउँझनु पर्ने बखत थियो।

ठीक यस्तै बखतमा पृथ्वी नारायणशाह गोर्खाका राजा भए। उनको बीस वर्ष जोश, महत्वाकांक्षा एवं युद्धाभिलाषीताले गर्दा उनलाई आफ्नु राज्य-गोर्खाज्यादै सानु भन्ने परेकोथियो, तथा त्यसलाई विशाल बनाउन शुरु देखिन् नै उकुसमुकुस हुन थालेको थियो। उसमाथि आफ्नु ससुराली राज्य मकवानपुरसितको खटपट एवं स्वानी लिन जाँदा ससुरालीमा भएको बेइज्जति र अपमानले गर्दा उनलाई बलियो तथा ठूलो देशको राजा बन्न ज़रूरत परेका थियो। यी सब कारणको प्रतिक्रिया स्वरूप उनमा आफूलाई ठूलो देशको राजा बनाउने इच्छा प्रबल हुन थाल्यो। उनी केवल गोर्खाका मात्र राजा भएर मर्न चाहेनन्, र उनले राज्य विस्तारको सपना देखे। अनि स्वास्नी लिन ससुराली राज्य मकवानपुर जाँदा त्यहाँ गडबडी उठी भागेर फर्कंदा चन्द्रागिरिको डाँडाबाट नेपाल उपत्यकाको सुन्दर रमणी दृष्य देख्दा उनलाई ती राज्यहरू जित्ने इच्छा पैदा भयो[1]। त्यस बखत सब भन्दा बढता सुसंस्कृत एवं कला र साहित्यले सुसंपन्न भएको राज्यलाई जिती त्यहाँको राजा हुने इच्छा पैदा हुनु पृथ्वीनारायणशाहको निम्ति स्वाभाविक पनि थियो।

हुनपनि, पृथ्वीनारायण शाहलाई यी राज्य जित्ने इच्छा पैदा नभएको भए, वा जितेरपनि यहाँको सभ्यता र संस्कृति लाई अपनाउन नसकेको भए शायद ८४ हजार वर्ग मीलको वर्तमान नेपाल राष्ट्र खडा

१. पृ. ज. स. द्वारा प्रकाशित 'दिव्य उपदेश'—पृष्ठ ३।

हुन आउने थिएन होला । तर यसो लेख्ता पृथ्वी नारायणशाहको सट्टा त्यही उदारता र शक्तिलिएर त्यस बेलाका अरुनै कोही राजा वा व्यक्ति उठेको भएपनि त्यसको त्यस प्रकारको कार्यवत नेपाल राष्ट्र बन्न आउने थिएन भन्ने यसको अर्थ होइन । त्यस्तै उदारता एवं शक्ति लिएर जो सुकै व्यक्ति अगाडि बढेको भए पनि त्यसको कार्यबाट नेपाल राष्ट्रको निर्माण हुन सक्तथ्यो । तरपनि ऐतिहासिक घटनाबाट यो कार्य पृथ्वी-नारायणशाहले मात्र गर्नसकेको सिद्ध हुन गयो । त्यस बखतको राजनैतिक स्थितिलाई विश्लेषण गरेर हेर्दा यो स्पष्ट हुन आउँछ कि वर्तमान नेपाल राष्ट्रको निर्माणको निम्ति अगाडि बढ्ने कार्य त्यस बखतका केवल दुइटा राजाबाट मात्र संभव थियो । एक पश्चिम तिरका ससाना राज्य-रजौटाहरुमा सबभन्दा शक्तिशाली ठहरेका राजा पृथ्वीनारायणशाह, तथा अर्को पूर्व एवं उपत्यकाका राजाहरूमा सबभन्दा बलियो भैसेका राजा जयप्रकाश मल्ल ।

तर, जयप्रकाश मल्लको शाशनमा रहन गएको अनेकौं त्रुटिहरू—गोलमाल, अशान्ति विद्रोह एवं उपत्यकाका तीन मल्ल राजाहरूको आपसी कलह र शासनको अस्थिरताले गर्दा उनीबाट त्यो कार्य—वर्तमान नेपाल राष्ट्रको निर्माणको निम्ति शिलान्यासको कार्य—सम्पन्न हुन सकेन । उनको व्यक्तित्व जतिसुकै उठेको भए पनि, उनी जतिसुकै विद्वान् एवं चरित्रशाली भए तापनि उनको निरन्तरको गल्तीहरूले गर्दा त्यस कार्यको निम्ति उनी योग्य साबित हुन सकेनन् । अनि, प्रधानहरूका कठपुतली भै शासन चलाइरहेका तथा कांतिपुरका राजा जयप्रकाशमल्लको भयको कारणले गर्दा हीनता बोधले थिचिएका ललितपुरका राजा तेजनरसिंह मल्ल, तथा युवराज विरेन्द्रसिंहको असामयिक मृत्यु हुँदा गद्दीका हकदारसम्म पनि कोही नपाएर निराश प्रायः भएका भक्तपुरका वृद्ध राजा रणजीतमल्ल बाट त्यस कार्यको आशा पनि गर्न सकिदैनथ्यो ।

जयप्रकाशमल्ल पढेलेखेका एवं स्वतंत्रताप्रेमी व्यक्ति थिए अवश्य, तरपनि उनी यति अभिमानी, अहंकारी एवं कूटनैतिक ज्ञानका अनभिज्ञ

थिए कि आखिर उनको पतन त्यसैबाट भयो। उनको समयमा नेपाल कान्तिपुरको अवस्था जादै विकृत अवस्थामा पुगेको थियो। राजा भएर आठ वर्षसम्म उनले दरबारी षडयन्त्रमा फँसु परेको थियो।[1] उनी राजा हुनासाथ उनका विरुद्ध यति नजिकका व्यक्तिहरू पनि उठे कि भारादार[2] र भाइको त केकुरा उनकी स्वास्नी समेत पनि उनका विरोधी भइन्। आफ्नै स्वास्नीले षड्यन्त्र गरी छोरा ज्योतिप्रकाशमल्ललाई राजसिंहासनमा राखेकी हुँदा उनले पदच्यूत हुनु पऱ्यो र मातातीर्थ, गोर्कण, गुहेश्वरी आदि स्थानको जंगलमा लुकेर केही वर्ष बिताउनु पऱ्यो।

जयप्रकाशमल्लले राजा हुना साथ सबभन्दा पहिले आफ्ना वृद्ध अनुभवी मन्त्री भगलठकूलाई खोसिदिए, जसबाट उनको शासन यन्त्रमा नै सँधैको निम्ति कमजोरी ल्याइदियो। नुवाकोट पतन पछिको झोंकमा भिख्वा र काशीराम थापालाई मारेर उनले आफ्नु खुट्टामा आफैले बन्चरो हाने[3]। र यसरी नै तौडीलाई आत्महत्या गर्न बाध्य गराउनु उनको अदूरदर्शिताको नमूना थियो।

यसरी जयप्रकाशमल्लको भित्री शासन खलबली र गोलमालले भरिएको थियो। एक प्रकारले खोक्रो अवस्थामा पुगिसकेको थियो र यसको अन्त हुनको निम्ति एक धक्का पनि काफी भैसकेको थियो।

जयप्रकाशमल्लको भित्री शासन कमजोर हुनुको साथै उनको अरु राज्यसितको सम्बन्ध पनि त्यत्तिकै कटु अवस्थामा पुगेको थियो। सत्रौं शताब्दीका कान्तिपुरका राजा प्रतापमल्ल र काजी भीममल्लको समयदेखि चली आएको तिब्बतसितको कूटनैतिक एवं व्यापारिक सम्बन्धमा पनि यिनले दुषित वातावरण पैदा गरेका थिए। सार्विक

---

१. भैरवबहादुर—मध्यकालीन नेपाल—पृष्ठ ४५

२. बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रूपरेखा—पृष्ठ १७४

३. बाबुराम आचार्य—जयप्रकाशमल्ल (रे० ने० द्वारा प्रकाशित पुस्तक—'संझना' को पृष्ठ १०४)

संबंध अनुसार तिब्बतमा प्रचलनार्थ नेपालबाट छापी जाने जुन नेपाली टक थियो त्यसमा यिनको पालादेखि मिश्रित खोटो छापिएर जान थाल्यो[1] जसबाट तिब्बत सितको सयौं वर्षको सम्बन्धमा एक अस्वस्थ वातावरण पैदा गरायो, जसको प्रतिक्रिया स्वरूप पछि गएर (रण-बहादुर शाहको राज्य कालमा) यी दुइ देशका बीच एक भयानक युद्ध पनि हुन गयो[2]। साथै, संवत १९१२ सालमा आफैले चिट्ठी लेखी गोर्खासित स्थापित गरेको दौत्य सम्बन्ध[3] पनि त्यस बखत सम्ममा (अर्थात् उनको अन्त बेला सम्ममा) टुटि नै सकेको थियो।

यस बेला जयप्रकाश मल्लको अरू राज्यसित पनि राम्रो सम्बन्ध रहन गएको थिएन। आफ्नो अहंकार एवं अभिमानले गर्दा उनी ललितपुर र भक्तपुर जस्तो अति निकटको राज्य सित पनि मिलेर बस्न सकेनन्[4]। पाटनका मंत्री कालीदासलाई बिना कारण मराएर पाटन राज्यको आधा शक्ति घटाइ दिनु अन्याय थियो[5]। साथै पाटनका अर्को मंत्री भिख्वाधनहरुलाई सल्लाहको निन्ति डाकेर कसैलाई आत्महत्या गराउनु र कसैलाई फरिया लगाइ अपमान गर्नु[6] पाटन प्रति उनको विश्वासघात थियो, कूटनैतिक सम्बन्धमा बेइमानी थियो। यसै कारण ललितपुर राज्यसित उनको कहिल्यै मेल हुन सकेन। ज-प्रकाशमल्ल

१—(i) Kirkpatrices —Account of Nepaul—App No I—Pr. 339.

(ii) चित्तरञ्जन नेपाली—नेपाल र तिब्बत—(अप्रकाशित)

२—चित्तरञ्जन नेपाली—नेपाल चीन युद्ध–'शारदा' मासिक संख्या ८-९ वर्ष २०

३— चित्तरञ्जन नेपाली—नेपाल र तिब्बतको सम्बन्धबाट—'प्रगति' द्वैमासिक पूर्णाङ्क १०

४—भैरव बहादुर प्रधान – मध्यकालीन नेपाल – पृष्ठ ४४

५—बाबुराम आचार्य—जयप्रकाशमल्ल (२० ने० प्रकाशित 'संझना'–पृष्ठ १७५)

६—(i) ऐ० ऐ०) ऐ०

(ii) एक पुरानु वंशावली

द्वारा अपमानित भीनै प्रधानहरूले उनलाई पदच्युत गराउनमा उनको विरुद्ध अनेक कार्य गर्न थाले।[1]

अर्को नजिकको राज्य, भक्तपुरसित पनि जयप्रकाशमल्लको सम्बन्ध राम्रो थिएन। यताको मानिस उता गएमा र उताको मानिए यता आएमा थुनी विरोध दर्शाउनु यी राज्यहरूकोनिम्ति साधारण जस्तै थियो।

यसप्रकार जयप्रकाशमल्लको अदूरदर्शितापूर्ण एवं कूटनैतिकता हीन कार्यहरूले गर्दा कान्तिपुर राज्यको भित्री एवं बाहिरी शासन बिलकूल डगमगाएको अवस्थामा थियो। साथै, अरु दुइ मल्लराज्यहरू ललितपुर र भक्तपुरको शासन पद्धति पनि त्यतिकै विकृत अवस्थामा पुगिसकेको थियो। ललितपुरमा राजा र मंत्रीहरूको बीच निरन्तर झगडा र षडयन्त्र रहन जांदा त्यहाँको शासनमा काफी कमजोरी आएको थियो। जनता बिलकूल आजीत भैसकेका थिए। यहाँ सम्म कि यी आपसी षडयन्त्रको भारको फलस्वरूप त्यहाँका जनताले दलमर्दन शाहलाई राजा बनाउँन कत्ति विरोध गरेका थिएनन्। शासन पद्धतिको खोक्रो अवस्थाको यही नमूना थियो। राज्यका प्रधानहरूले राजालाई आफ्नु कठपुतली बनाई शासनयन्त्रमा आफ्नु मनमानी गर्नको निम्ति अपनाएको 'राजा फेर्ने नीति'नै ललितपुर-राज्यलाई शक्तिहीन बनाउने एक मात्र जबर्जस्त कारण थियो। अनि, कान्तिपुरको रीसमा गोर्खालिसित सम्बन्ध राख्नु पनि यस राज्यको परराष्ट्र नीति सम्बन्धी एक ठूलो गल्ती थियो। कान्तिपुर राज्यका राजा प्रथ्वीप्रकाश मल्लसित बदलालिन तथा पृथ्वी-नारायण शाहको उपत्यकामा गरेको आर्थिक घेराबाट आफू उम्मकन पाटनका मन्त्री-हरूले गोरखाली राजालाई ललितपुरको पनि राजा बन्नको निम्त अनुरोध गरे। तर उनले आफू नआईकन आफ्नाभाइ दलमर्दन शाह-

१—P. Landon—Nepal—Vol I—P. 53.

लाई पठाई त्यस ठाउँको राजा बनाए[1]। यसरी कान्तिपुर राज्यसित युद्ध शुरू गर्दै नुवाकोट कब्जा गरि बसेका मल्ल राजाका संयुक्त शत्रु पृथ्वीनारायण शाहलाई राजा बन्नको निम्ति अनुरोध गर्नु तथा उनका सल्लाह बमोजिम उनैका भाइ दलमर्दनशाहलाई (केही वर्षको निम्तिमात्र भए पनि) राजा बनाई आफ्नु खतरा सिद्धियो भनी ठान्नु राजनैतिक मूर्खता थियो। प्रधानहरूको देश प्रति गद्दारी एवं विश्वास-घात थियो। शासन यन्त्रलाई खोक्रो बनाउनु थियो। साथै, हामी मल्ल राज्यको आपसमा मेल छैन भन्ने देखाई पृथ्वीनारायण शाहलाई होसला बढाउन दिनु थियो। अझ; प्रधानहरूको यस प्रकारको षडयन्त्रले गर्दा देशका राजा एवं जनतामा नै एक प्रकारले नैतिक हीनताको भावना फैलिन गयो, जसले गर्दा पछि पृथ्वी-नारायण शाहले ललितपुरमा प्रवेश गर्दा त्यहाँका राजातेजनसिंह मल्लले एक-छिन पनि डटेर लड्ने साहस गर्न सकेनन्।

त्यस्तै अवस्था भक्तपुर राज्यको पनि थियो। आफ्ना मध्या छोरा-हरूद्वारा गद्दीका एकमात्र हकदार युवराज वीरेन्द्रसिंहको हत्या भएदेखिन् वृद्धावस्थामा पुगेका राजा रणजीत मल्ल निराश प्रायः भैसकेका थिए। उनका मध्या छोराहरू भने आफूलाई गद्दीका हकदार बनाउनको निम्ति बाबुलाई पिरिरहन्थे। उनीहरूलाई सहायता गरी स्वार्थ सिद्ध गर्ने दरबारी शक्तिहरूको पनि कमी थिएन[2]। तर धर्ममा कट्टर विश्वास भएका रणजीत मल्ल त्यसकार्यको निम्ति कदापि तयार थिएनन्। यसरी उनको मित्री शासनमा पनि कम कलह थिएन।

१—(i) kirkpatrick—Account of Nepal—App No (iii) p 380

(ii) बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रूपरेखा—पृष्ठ १६०.

२— भैरव बहादुर—मध्यकालीन नेपाल—पृष्ठ २६

राजा रणजीत मल्लको अरू मल्लराज्यसितको सम्बन्ध पनि स्वस्थ अवस्थामा थिएन। पाटनका मन्त्रीहरूले आफ्नो राजा फेर्ने नीतिको सिलसिलामा यिनलाई पनि लगेर पाटनका स्मेत राजा बनाएका थिए। तर यिनी पनी धेरै दिन त्यहाँ अड्न सकेनन्। वर्ष दिन भित्रै त्यहाँका प्रधानहरुको षडयन्त्रले गर्दा यिनले पाटन छोडी भाग्नु पऱ्यो। त्यस बखतदेखि उनको हृदयमा पाटनराज्य-प्रति एक प्रकारको द्वेष रहन गएको थियो।

राजा रणजीत मल्लको कान्तिपुर सित पनि मेल थिएन। कान्तिपुर-का राजाका भयले गर्दा आफूलाई बलियो पार्न उनले गोर्खाका राजा पृथ्वीनारायण शाह सित सम्बन्ध जोडे। उनी सितको यो सम्बन्ध केही वर्ष उनकोनिम्ति लाभदायक सिद्ध भएतापनि, अन्तमा गएर नेपाल उपत्यकाको नै हार हुन गयो। यस संबंधबाट पृथ्वीनारायण शाहलाई विजयकार्यमा धेरै सहायता गरेको थियो। रणजीत मल्लले गोर्खाका युवराज पृथ्वीनारायण शाहलाई भक्तपुरमा डाकेर उनीसित आफ्नाछोरा युवराजवीरेन्द्रसिंहको मित्यारी लगाए, तथा केही दिन आफू कहाँ अतिथि बनाई राखे। तर पृथ्वीनारायण शाह यहाँ केवल कोरा अतिथि मात्र भएर बसेका थिएनन्। त्यहाँ बसुन्जेलमा उनले नेपालको राजनैतिक स्थितिको पूरा अध्ययन गरि सकेका थिए[3]। यस बाहेक नगरकोट को आक्रमणमा जयप्रकाशमल्ल द्वारा पराजित पृथ्वीनारायण शाहलाई भक्तपुरले आश्रय पान दिएको थियो[3]। यसरी ललितपुरका प्रधानहरुले जस्तै भक्तपुरका राजाले मल्ल राजाका संयुक्त शत्रु पृथ्वीनारायण शाह-लाई आफ्नो शासन सम्बन्धी खोक्रोपनाको भेद खोली सकेका थिए।

यसरी नै, बालाचतुर्दशीमा सत्वीज छर्न आएका भक्तपुरका जनता-

१—(i) Father Giuseppe–Account of Nepal–
(Kirkpatrik s Nepal App. No. III p. 380)
(ii) Kirkpatrick Account of Nepal, P. 268.

२—भैरवबहादुर प्रधान—मध्यकालीन नेपाल—पृष्ठ ५८

३— ऐ ऐ — पृष्ठ ५९.

लाई कान्तिपुरले थुन्नु र विरुकेटका जात्रा हेर्ने गएका कान्तिपुरका जनतालाई भक्तपुरले थुन्नु आदि साना कुराबाट पनि यी दुइ राज्यका बीच रहेको कलहको चरितार्थ गर्दछ। यसरी मामूली कुरामा पनि पेचापेच गरी आपसमा बैरभाव बढाउने यी राजाहरूको कल्याण हुनै कसरी सक्थ्यो ? यस प्रकार भक्तपुको अवस्था पनि यहाँसम्म बिग्रीसकेको थियो कि रणजोतमल्लको मृत्युवाद त्यो राज्य उनका मध्या छोराहरुको आपसी कलहले टुक्रिने संभावना थियो।

पृथ्वीनारायण शाहको आक्रमण एवं विजय हुनुभन्दा अगाडि नेपाल उपत्यका यी मल्लराज्यहरुको शासन र व्यवस्था यति विकृत अवस्थामा पुगिसकेको पाइन्छ कि त्यसको अन्त हुनु ऐतिहासिक आवश्यकता जस्तै भैसकेको थियो। काठमांडौं र पाटनका जनता त यति आजीत पनि भैसकेका थिए कि पृथ्वीनारायणशाहले यी भूमिहरुमा अलिकति पनि राम्ररी हथियार चलाउन न पर्दै विजय प्राप्त गर्न सके। जयप्रकाश मल्लले केवल भक्तपुरमा पुगेर मात्र अफ्नो वीरता दर्शाउन खोजे।

शासनव्यवस्था गडबडी एवं तत्सम्बन्धी ठूलठूला गल्तीहरू गरे तापनि फौजी व्यवस्था र युद्ध-कला सम्बन्धी कार्यमा मात्र पनि गल्ती नगरेको भए पनि जयप्रकाशमल्लको अवसान यति छिटो हुने थिएन होला। अझ, शायद विशाल नेपाल राष्ट्रको निर्माता उनी आफै हुन सक्ने थिए होलान्।

जयप्रकाशमल्लले आफ्नो राज्यमा रहेका स्यार्पा र मुर्मीहरुलाई युद्धको निम्ति तालीम गरेका थिएनन्। अनि नेवार वर्ग त विशेषतः व्यापारिक, बौद्धिक एवं कलात्मक कार्य गर्दथे। तर पनि आवश्यक परेमा उनीहरू बहादुरी साथ लड्न पनि सक्तथे। कीर्तिपुरको लडाईमा नेवारहरुले अति बहादुरी साथ लड़ेका थिए। तर, जयप्रकाश मल्लले आफ्नो सेनामा (Standing Army) नेवार जातिका व्यक्तिहरू भन्दा बढीसंख्यामा खस र मगर जातिका व्यक्तिहरूलाई राखेका थिए, जसको मातृभूमि बाइसी चौविसी राज्य थियो। हुनत, गोर्खा

र कान्तिपुर राज्यहरूका बीच युद्धारम्भ न भएसम्म यी खस र मगर जातिका व्यक्तिहरूलाई सेनामा भर्ति गरेको गल्ती नै थियो भन्ने साबित भएको थिएन। पछि यी दुइ राज्यहरू युद्धमा उत्रेपछि मल्ल सेनामा रहेका खस् र मगर जातिका जवानहरूले कान्तिपुरलाई भन्दा गोर्खा र तनहूँलाई आफ्नो मातृभूमि हुन् भन्ने धारणा लिन थाने। तर पनि, नुवाकोटको लड़ाईमा हार भएपछि काशीराम थापालाई अन्यायपूर्ण तारिकाले नमारुञ्जेल यी जवानरूले जयप्रकाशमल्ल प्रति इमान्दारी नै देखाएका थिए, नूनको सोझो नै गरेका थिए। महामण्डलमा पालोटी बसेका ग्यामिरानालाई पृथ्वीनारायणशाहले फर्काई फुल्याइ आफूतिर मिल्न संदेश पठाउँदा उनले जयप्रकाशमल्लको नून खाएको हुँदा उनकोनिम्ति 'मरिमेटन्या छु' भनी जवाफ दिएका थिए[1]। तर विना अपराध जयप्रकाशमल्लले काशीराम थापाको हत्या गरेको हुँदा यी सैनिक जवानहरूको मनोभावनामा चोट लाग्यो अनि, उनीहरूले गोर्खासित लडाइँ लड्न इन्कार गरे[2]। त्यसपछि जयप्रकाशले आफ्नो सेनामा कांगडाका नगर कोटेहरूलाई भर्ना गरे,[3] वा नागाहरूलाई डाकेर ल्याए। तर पैसाको भरमा आएका यी विदेशी सिपाहीहरूमा आफ्नो देश र देशको स्वतन्त्रता र अस्तित्वकोनिम्ति लड्नु पर्छ भन्ने भावना कहिल्यै आउन सकेन।

यस प्रकार मल्ल राजाको युद्ध संबंधी गल्तीले गर्दा उपत्यकाको शक्ति दिन पर दिन क्षीण हुँदै गयो। संवत् १८०१ आश्वीन-महिनामा पृथ्वीनारायणशाहले नुवाकोटमाथि विजय प्राप्त गरे। कान्तिपुरका राजाले यसलाई फर्काउन सकेनन्। नुवाकोट फर्काउन भनी कान्तिपुरले उठाएको युद्धमा भक्तपुर राज्यले सहायता गरेन।[4] नुवाकोट गोर्खाको

---

१. पृ ज. स. द्वारा प्रकाशित—दिव्य उपदेश—पृष्ठ १२-१३.

२. बाबुराम आचार्य—श्रीश्री जयप्रकाशमल्ल—प्रगति वर्ष ३, अङ्क १, पूर्णाङ्क १३

३. ,, ,, ,,

४. सूर्यविक्रम ज्ञवाली—पृथ्वीनारायणशाह—पृष्ठ-

हातमा गए पछि कान्तिपुरको आर्थिक स्थितिमा गोलमाल उत्पन्न भयो। तिब्बत सितको व्यापार बन्द भयो। हुनत नुवाकोट पतनबाट केरुङ् तर्फको बाटोबाट हुने व्यापारमा मात्र आघात पर्नु पर्ने थियो तापनि कान्तिपुरले लडाइँमा फस्नु परेको हुँदा कुतीको बाटोबाट हुने व्यापारलाई पनि चालू राख्न सकेन।[1] काशीराम थापालाई मारेर पनि जयप्रकाश मल्लले नुवाकोट फर्काउन सकेनन्। त्यस ठाउँलाई फर्काउनका निम्ति उनले दृढतासाथ युद्ध पनि गर्न सकेनन्। यसको कारण थियो— नुवाकोट पतन पछि उनको शासनमा आएको गडबडी र कलह!

कीर्तिपुरमाथि गोर्खाली आक्रमण हुँदा मल्लराजाले जितेर पनि गरेको गल्ती झन भयानक थियो। नुवाकोट माथिको विजयले गर्दा गोर्खालीहरुलाई नेपाल जित्ने उद्देश्यको ठूलो साहस मिल्यो। संवत १८१४ साल जेष्ठ १६ गते रोज ७ का दिन पृथ्वीनारायणशाहले कीर्तिपुर-माथि पहिलो आक्रमण गरे। तर गोर्खालीहरूको हार भयो। कालू पाँड़े, जीवन थापा, चामू साहिला आदि ठूलठूला गोर्खाली सेनापतिहरू मारिए। पृथ्वीनारायणशाहले भाग्नु पऱ्यो। यस लडाइँमा कीर्तिपुरे-हरुलाई मदत गर्न जयप्रकाशमल्ल स्वयं आफैं गै लडेका थिए। यस-लडाइँमा नेतृत्व गर्नेको 'ज्यानै प्रजा' थियो भनी इतिहासकार ओल्डफील्ड ले जुन लेखेका छन्, शायद अर्का भनाइ जयप्रकाशनै हुनुपर्छ।[2] किन-भने फादर जिस्सीपले पनि यही नामकोप्रयोग गरेका थिए।[3] यसरी कीर्तिपुरको लडाइँमा जयप्रकाशमल्लको जीत त भयो, तर पनि भवि-ष्यको निम्ति शोचेर उनले आफ्ना पराजित शत्रुलाई लखेटेर सधैंको-निम्ति पन्छाउने विचार पुऱ्याउन सकेनन्। यदि उनले त्यस बखत लखेटेको भए शायद पृथ्वीनारायणशाहको सँधैंकोनिम्ति हार हुनेथियो होला। यसो गर्न नसक्नु जय प्रकाश मल्लको ठूलो गल्ती थियो।

---

१. चित्तरञ्जन नेपाली—नेपाल र तिब्बत—(अप्रकाशित)

२. Henry Oldfield—Scatches of Nepal 269.

३. Kirkpatrick Account of Nepal App No. III pp. 380-82

कीर्तिपुरको पहिलो युद्धबाद उपत्यकाका राजाहरूको आपसी कलह झन बढ्न थाल्यो। यही मौकामा पृथ्वीनारायणशाहले हारको बदला-लिने नया तरकीब शोच्न थाले। यसपाला उनले एकै चोटि कीर्तिपुरमाथि द्वितीय हमला गर्ने विचार लिएनन्। त्यस ठाउँमा दोश्रो हमला गर्नु भन्दा अगाडि उनले काठमाडौं उपत्यकाको चारैतिरको भूमिमाथि कब्जा गरी त्यस राज्यमा आर्थिक घेरा डालने विचार गरी फौज अगाडि बढाए। संवत् १८१६ देखिन् १८२१ सम्ममा उनले काठमाडौं उपत्यकाको चारैतिरका घेरै जगामाथि कब्जा गरे[1]। यस पाँच वर्षभित्र पृथ्वीनारायणशाहले उपत्यकाका चारैतिरका यति भूमिमाथि कब्जा गरे कि त्यसबाट उनको शक्तिमा घेरैनै वृद्धि भयो। जित्दा जित्दा उनले फर्पिङ, पांगा र चोभार जस्ता अति नजिकका जग्गामाथि पनि कब्जा गरे। यसरी आफ्नु नाक मुन्तिर पनि गोर्खालीको कब्जा हुन थालेको देखेर पनि जयप्रकाशमल्लले होश गर्न सकेनन्, र ती जग्गा फर्काउनको निम्ति युद्ध गर्न सकेनन्।

उपत्यकाको चारैतिरको जग्गामाथि कब्जा जमाएर पृथ्वीनारायण शाहले उपत्यका भित्र जाने सबैजसो मालसामानलाई बन्द गरिदिए। यस प्रकार उपत्यकामाथि पृथ्वीनारायणशाहले आर्थिक घेरा डालेर संकष्ट पैदा गराउन थाले। चारैतिर हाहा हुनथाल्यो। पाटनका मंत्रीहरूले यस आर्थिक संकष्टबाट उम्कन पाउँलाकि भन्ने विचार लिएर पृथ्वीनारायणशाहलाई पाटनका राजा हुन अनुरोध गरे, तथा उनले पठाएका उनका भाई दलमर्दनशाहलाई राजा बनाएर आफ्नु नैतिक हीनताको परिचय दिए। तर पनि सारा नेपाल उपत्यकालाई नै जित्ने सपना लिएर बसेका पृथ्वीनारायणशाहले आर्थिक घेरा खोलेनन्। यसपछि उनले संवत् १८२१ आश्विन ४ रोज १ मा कीर्तिपुरमाथि दोश्रोपल्ट हमला गरे। यस पालि पनि उनले जित्न सकेनन्। कीर्तिपुरे-हरूको वीरताको सामुन्ने उनलाई पछिहट्नु करै लाग्यो। उनका भाइ

---

१. यस पाँचवर्षको अवधिमा गोर्खालीले कब्जा गरेको भूमि र तिथि परिशिष्ट ९ हेर्नु होस्।

सूरतप्रतापशाह आँखामा बाण लागी घाइते भए[1]। यसरी दोश्रोपल्ट हराउँदा पनि जयप्रकाशकन्जले पृथ्वीनारायणशाहलाई सँधैको निम्ति पन्छाउने विचार लिएनन्। दोश्रोपल्ट हार्दा पनि पृथ्वीनारायणशाहले निराश भएर लड्न छोडेनन् र कीर्तिपुरमाथि पुनः तृतीय आक्रमण गरे। यसपालि मल्लराजाले तर गोर्खालीलाई हटाउन सकेनन्। उसमाथि पाटनका धनवन्त नामका एक भारादारको [2]गद्दारीले गर्दा कीर्तिपुरका जनताले बहादुरी साथ लडेता पनि अन्तमा आत्म-समर्पण गर्नु पऱ्यो र संवत् १८२२ चैत्र ३ रोज ४ कादिन कीर्तिपुर गोर्खालीको हातमा पऱ्यो।

यस प्रकार मल्ल राजाको अदूरदर्शिताले गर्दा पृथ्वीनारायणशाहले आखिर कीर्तिपुरमाथि कब्जा गरि छोडे। दुइ पल्ट सम्मको आक्रमणमा हारो तेश्रो पल्टको हमलामा मात्र कीर्तिपुरमाथि विजय प्राप्त गर्न सकेकोले, तथा आफ्नो धन जनको पनि धेरै क्षति भएको हुँदा शायद रिसाएर पृथ्वीनारायणशाहले त्यहाँका समस्त नागरिकको ओंठ र नाक काट्न लगाए जसको तौल १२ धार्नीभन्दा बढी थियो भनी वंशावलीमा लेखिएको छ। साथै, जिसीपले पनि धेरैको संख्यामा नाक काटिएको थियो तथा पृथ्वीनारायण शाहले त्यस ठाउँको नामै बदलेर 'नककटा देश' नाम राख्ने आदेश दिएका थिए भनी लेखेका छन्।[3] 'कतिजनाको नाक काटिएको थियो' भन्ने कुरामा कुनै इतिहासकारले शंका उठाएका [4]छन् तापनि यो अवश्य पनि जघन्य एवं निन्द्य कार्य थियो।

---

१. पृन्सिपल भैरवबहादुरले कीर्तिपुरमाथिको प्रथम गोर्खाली आक्रमणमै सूर-प्रतापशाहको आँखा फुटेको हो तथा द्वितीय आक्रमणमा कीर्तिपुर गोर्खालीको हात परेको भनी लेखेका छन्, जुन गलत हो।

हेर्नुहस्:—भैरवबहादुर - मध्यकालीन नेपाल—पृष्ठ ५९–६०

२. Kirkpatrick–Account of Nepaul–App No. III P, 384.

३. Kirkpatrices–Account of Nepaul App No III P. 384.

४. सूर्यविक्रम ज्ञवाली 'पृथ्वीनारायणसाह'–पृष्ठ १४३–टिप्पणी नं० ३।

'सँभवतः यस भयानक दंड द्वारा उनी उपत्यकाका अन्य शहरका निवासीहरूलाई पनि तर्साउन चाहन्थे'[1] भन्ने तर्क पेश गरी यसलाई राजनैतिक रंगदिएर हल्का तुल्याउन खोज्नु पनि व्यर्थ नै छ, किनभने यस प्रकारको अमानुषिक कार्य गर्नु राजनीतिमा क्षम्य हुँन, त्यो पनि त्यस जनताप्रति जसले आफ्नो स्वतंत्रताको निम्ति ७ वर्ष सम्म अति बहादुरी साथ लडेकाथिए। यसप्रकार शत्रु भएपनि वीरहरूको इज्जत गर्न नजान्नु पृथ्वीनारायणशाहको अवश्य पनि ठूलो कमजोरी थियो।

जेहोस्, कीर्तिपुरमा आखिर गोर्खालीको कब्जा भयो। र यसरी कीर्तिपुरमा समेत गोर्खाली आधिपत्य हुनु कान्तिपुरको निम्ति अति खतराको कुरा थियो। यसलाई बचाउन नसक्नु जयप्रकाश मल्ल एवं अरु दुइ मल्लराजाहरुको समेत अवसानको सूत्रपात थियो। कीर्तिपुर लाई मात्र जित्न नसकेको भए पनि पृथ्वीनारायणशाहले नेपाल उपत्यका माथि त्यति चाँडै विजय प्राप्त गर्न सक्तैनथेहोलान्।

जयप्रकाश मल्लको अर्को राजनैतिक एवं फौजी गल्ती थियो— अंग्रेजी फौजलाई डाक्नु। कीर्तिपुरको प्रथम आक्रमणमा हार खाए पछि पृथ्वीनारायणशाहले आफ्नो शक्तिलाई झन बलियो पार्न थाले, तथा त्यस ठाउमा दोश्रोपल्ट आक्रमण गर्ने निश्चित तयारी गर्न थाले। यो थाहा पाएर जयप्रकाश मल्लले भारतका जग्गाहरू कब्जागरी बसेका अंग्रेज कंपनी सरकार छेउ सैनिक सहायता मागी पठाए। सारा भारत वर्षलाई उपनिवेश बनाउने सपना लिएर बसेका अंग्रेजहरूको निम्ति नेपालको भूमिमा सैनिक प्रवेश गराउने यो ठूलो मौका परको थियो, र यस अवसरलाई उनीहरू गुमाउँथे पनि किन? सेनापति किनलोकको नेतृत्वमा गोराफौज नेपाल तर्फ बढ्यो। पृथ्वीनारायणशाहको फौजले यिनीहरूलाई सिंधुली गढी भन्ने स्थानमा परास्त गरिदियो। यसप्रकार बीच बाटोमै परास्त हुनु परेको हुँदा अंग्रेज फौजले नेपालको छातीमा टेक्ने मौका पाएनन् र किन्लोक साहेब असफल भै फर्के।

१—बालचन्द्रशर्मा—'नेपालको ऐतिहासिक रूपरेखा'—पृष्ठ १८९।

आफ्नो देशको स्वतंत्रताको रक्षार्थ मित्रराष्ट्रको सहायता लिनु अवश्य पनि देशद्रोह थिएन; किनभने त्यस बखतको राजनैतिक दृष्टीकोणबाट कान्तिपुर राज्यको निम्ति गोर्खा जत्तिको विदेशी राज्य थियो त्यत्तिकै भारतका अरू राज्यहरू, अंग्रेज एवं भक्तपुर र ललितपुर राज्यहरू पनि विदेशी नै थिए। तर पनि अंग्रेजी सैनिकलाई डाक्नु गल्ती नै मान्नु पर्छ। क्यै गरी किनलकको फौजले सिंधुलीमा जितेर काठमाडौं सम्म पुगी पृथ्वीनारायण शाहलाई हराउनै सकेको भए पनि नेपालमा मल्ल शासन दिगो नै भएर रहने थियो भन्ने कुनै निश्चय थिएन, यस कारण कि त्यसको भित्री शासन नै डगमगाइसकेको थियो नत वर्तमान नेपाल राष्ट्रको नै निर्माण हुन सक्थ्यो। ती अंग्रेजले अनेक जाल र कूटनीतिद्वारा नेपाललाई पनि आफ्नू उपनिवेश बनाइ छोड्दथे (जस निम्ति उनीहरूले पछि पछि कोशिस गरेको थिए) र संसारको मान चित्र लेखिंदा नेपालको भूमिमा पनि रातो रंगले पोतिने थियो होला। अंग्रेजी फौजले कुनै ठाउँमा विजयी भएर एक चोटि खुट्टा गाडेपछि त्यस ठाउँलाई आफ्नो उपनिवेश नबनाई त्यसै छोडेर गएको संसारको इतिहासमा कतै देखिएको छैन यस बाहेक जयप्रकाश मल्लका शासन समयमा यहाँ अंग्रेजहरू धर्मको नाममा तथा व्यापार गर्ने निहुँले भारतमा जस्तै आफ्नो साम्राज्य फैलाउने प्रारम्भिक कार्यमा लागि सकेका थिए।

अनि, सिंधुली गढीमा गोर्खाली फौज द्वारा अंग्रेजी फौजको हार हुनु नै जय प्रकाश मल्लको हारको एक मनोवैज्ञानिक कारण हुन गयो। वास्तवमा नुवाकोटमा सिवाय जयप्रकाशको फौज गोर्खाली सित कहिल्यै हारेको थिएन भने पनि हुन्छ। उपत्यकाका चारैतिरका भूभागहरूमा पृथ्वीनारायण शाहले कब्जा गरेका थिए तापनि ती ठाउँहरूमा मल्ल सेनाको गोर्खाली फौजसित राम्रो मुठभेट नै हुन पाएको थिएन। अनि कीर्तिपुरको युद्धमा त हराएकै पनि थियो। तैपनि यसरी सहायताको निम्ति अंग्रेजी सेनालाई डाक्नु यात उनले आफ्नो फौजमाथि भरोसा गर्न नसक्नु हो, वा आफै प्रति विश्वास

उठ्न गै तर्सनु हो। अनि अंग्रेजी फौज जस्तो सुसंगठित एवं शक्तिशाली कहलिएको फौजको समेत हार हुन गएकोले कान्तिपुरका फौजमा एक प्रकारको हीनभावना फैलिन गयो, जुन कि स्वाभाविक पनि थियो। उसमाथि कीर्तिपुरमाथि समेत विजयी भएको हुँदा यिनीहरूको निम्ति गोर्खाली फौज यस्तो एउटा हौवा जस्तै भयो कि आखिरमा इन्द्रजात्राको दिन पृथ्वीनारायण शाहले कान्तिपुरमा प्रवेश गर्दा मल्ल सेनाले राम्ररी हथियारसम्म पनि न उठाई आत्मसमर्पण गरे।

कीर्तिपुरमाथि आफ्नो कब्जा भएर अढाई वर्षबाद मात्र पृथ्वीनारायण शाहले कान्तिपुरभित्र प्रवेश गरेका थिए। यति वर्ष उनले कान्तिपुरमाथि हमला गर्नै तयारीमा लागेको देखिन्छ। मल्ल राज्यमाथि चारैतिरबाट दी राखेको आर्थिक घेरालाई उनले कायमै राखेका थिए। उनको यस घेराले जयप्रकाशको अवसान गराउनुमा ठूलो काम गऱ्यो। वर्षौं देखि चारैतिरबाट घेरा दिएर पृथ्वीनारायण शाहले उपत्यकाका राज्यहरुको आयात निर्यातलाई बिलकूल बन्द गरिदिएका थिए। यसबाट काठमाडौं तथा अरु मल्ल राज्यमा पनि आर्थिक संकष्ट आइ पर्नु स्वाभाविकै थियो। तिब्बत सितको व्यापार पनि बन्द जस्तै हुन गएकोले पनि नेपाल उपत्यकाको आर्थिक स्थिति ज्यादै डामाडोल अवस्थामा पुग्यो। खान पीनको वस्तु समेत महँगो भएर अनिकाल जस्तै पर्न गयो। उसमाथि नून आदि बाहिरबाट ल्याउनु पर्ने बस्तुहरू त बिलकूल आउन छोड्यो। यसले गर्दा राज्यमा हाहाकार मच्चियो। मल्ल राजाहरूले यसको उचित समाधान गर्न सकेनन्, जसबाट जनता असन्तुष्ट हुन गयो। पाटनका मन्त्रीहरूले दलमर्दन शाहलाई ल्याउँदा तिनबाट आर्थिक घेरा खोलाउन सकिन्छ भन्ने परेकोले पनि ललितपुरका जनताले तिनलाई सजिलैसित राजा मानेका थिए। त्यही अवस्था कान्तिपुरको पनि हुनथाल्यो। आर्थिक संकष्टबाट छुटकारा मिल्ने भए दुनियाहरू पृथ्वीनारायण शाहलाई सजिलैसित राजा मान्ने स्थितिमा पुगि

सकेका थिए। उसमा ध जयप्रकाश मल्लेदेखि उनका प्रजाहरू संतुष्ट पनि थिएनन्।

शत्रुको यस घेराबाट उम्कन तथा जनताको आर्थिक संकष्टलाई हटाउनको निम्ति जयप्रकाश मल्लले कुनै ठोस कदम उठाउन सकेनन्। तिब्बततिरको बाटो बन्द भै टक पठाउन तथा अरु व्यापार गर्न नसकिएकोले नेपालको सरकारी ढुकुटी पनि रित्तिन थाल्यो। त्यसो हुँदा राजाले पशुपतिको ढुकुटी फोडेर रुपैयाँ झिके। तर त्यसमा पनि जनताले विरोध गरे। धर्मका कट्टर जनताले उनलाई नास्तिक भन्ने आरोप लगाए। उनलाई 'नास्तिक' भन्ने आरोप लगाउन 'कुमारी' सितको उनको व्यवहारको जुन कींवदन्ती छ त्यसबाट पनि उनी धर्मका कट्टर जनताका अप्रिय थिए भन्ने संकेत गर्दछ।

यस्तै स्थितिमा पृथ्वीनारायण शाहले कान्तिपुरमाथि प्रवेश गर्ने निश्चय गरे। कान्तिपुरका राजा तथा जनता सबै एक ठूलो उत्सवमा व्यस्त रहेको मौका मारी संवत १८२५ भाद्र सुदि १४ आदित्यवारका दिन उनले एकासि कान्तिपुरमा प्रवेश गरे। त्यो दिन इन्द्रजात्रा थियो, र कान्तिपुर सारा सहर नै जात्रामा व्यस्त थियो। कोही पनि लडाइँकोनिम्ति तयार थिएनन्। यसो हुँदा जयप्रकाश मल्लले डटेर लड्ने नै अवसर पाएनन् र तलेजुको मन्दिरभित्र बसी दुइचार पटक पड्का बजाए जस्तो गरी बन्दूक पड्काई ललितपुरतिर भागे। सजिलै-सित कान्तिपुर राज्य पृथ्वीनारायण शाहको हातमा पर्न गयो। यसरी कीर्तिपुरमा शत्रु आएर बसेको देख्ता देख्तै पनि आफ्नु राम्रो तयारी बिना जात्रामा व्यस्त रहनु तथा शत्रुले कुनै पनि मौकामा हमला गर्न सक्ने भनी सतर्क रहन नसक्नु जयप्रकाश मल्लको ठूलो कमजोरी तथा राजनैतिक अदूरदर्शिता थियो।

बिना युद्ध कान्तिपुरको पतन भएपछि ललितपुरको पतन हुनमा कत्ति समय लागेन। जसरी अंग्रेजी फौजको हार एवं कीर्तिपुरको आत्मसमर्पणले कान्तिपुर माथि मनोवैज्ञानिक असर पारेको थियो, तथा

एक प्रकारको हीन-भावना (Inferiority Complex) उत्पन्न गराएको थियो, त्यसरी नै जयप्रकाशमल्लको हारले गर्दा ललितपुरका राजा तेजनरसिंहको नैतिक पतन भयो। उसमाथि आफ्ना भारदारहरुको झुकाव पाने पृथ्वीनारायणशाहसित नै भएको देखिंदा तथा जनता पनि आर्थिक घेरा द्वारा उत्पन्न आर्थिक संकष्टबाट उम्कन पाउँलाकि भन्ने आशाले गोर्खाली राजालाई नै स्वागत गर्न किंचित नहिच्किचाएको स्पष्ट बुझिंदा तेजनरसिंहले पृथ्वीनारायणशाहको विरुद्ध एक मिनेट पनि रामरी लड्ने साहस गर्न सकेनन र जयप्रकाश मल्ललाई साथमा ली भक्तपुर राज्यमा शरण लिन पुगे। यसरी, कुनै भीषण युद्ध विना त्यही साल आश्विन वदी ११ रोज ४ का दिन ललितपुर पनि गोर्खाली राजाको कब्जामा पऱ्यो।

मितेरी छोराको नाता भए तापनि तथा पहिले आफ्नै गल्तीबाट उनलाई बढ्ने धेरै मौका दिइयो तापनि अन्तमा पृथ्वीनारायणशाहसित भक्तपुरका राजा रणजीतमल्लले केही दिन वीरतासाथ लडे। जयप्रकाश मल्लले पनि आफ्नो वीरता भक्तपुरमा बसेरै मात्र देखाउन पाए। तै-पनि, कान्तिपुर ललितपुरको पतनको प्रतिक्रिया तथा राजाका आफ्नै मठ्या छोराहरूको बेइमानीले गर्दा अन्तमा पृथ्वीनारायणशाहकै जीत भयो। जयप्रकाश मल्ललाई खुट्टामा गोली लाग्यो र उनको आर्यघाटमा प्राण गयो। तेजनरसिंह मल्ल आजीवन बन्दी भए। मितेरी बाबुको सम्बन्धी भएको हुँदा रणजीत मल्लले काशीवास जाने अनुमति पाए। सँधैकोनिम्ति आफ्नो मातृभूमि छोडी काशीवास जान भनी निस्कंदा चन्द्रागिरीको भंज्याङ्मा बसी उपत्यकातिर हेरेर रणजीत मल्लले एउटा गीत गाएका थिए, जुन अति मार्मिक एवं हृदयस्पर्शी छ।[1]

यस प्रकार संवत १८२६ मार्ग सुदी १४ आदित्यवारका[2] दिन सम्ममा गोर्खाका राजा पृथ्वीनारायणशाहले नेपाल उपत्यकाका सबै

१—यस गीतको अनुवाद सहित नकल परिशिष्ट २ मा।

२—भक्तपुर जितेको दिन!

प्रमुख राज्यहरू—कीर्तिपुर, कान्तिपुर, ललितपुर र भक्तपुर माथि कब्जा गरे। उनी प्रशस्त धन दौलत ली गोर्खा फर्केनन्, उनले कान्तिपुरलाई राजधानी बनाई, नेपाल उपत्यकाको संस्कृति, कला एवं धर्मलाई समेत अपनाएर बिलकूल नेपाली भएर आफ्नू बाँकी कार्य संचालन गर्न थाले।

यस पछि विशाल नेपाललाई अझ विस्तृत एवं मजबूत पार्न पृथ्वीनारायणशाहले अरु पनि ससाना राज्यमाथि विजय प्राप्त गरी ती राज्यहरू नेपालमा मिलाए। उनको मृत्युपछि आएका राजा एवं मुख्तियारहरूले पनि राज्य विस्तारको कार्य गरेका थिए।

पृथ्वीनारायणशाहको विजय कार्यबाट वर्तमान नेपाल राष्ट्रको निर्माणमा जग बसाउने कार्यको शुरुआत भएको थियो तापनि त्यही नै एकमात्र एवं प्रधान कार्य थिएन। नेपाल एक राष्ट्र बन्न सकेको एकमात्र जबर्जस्त कारण थियो, पृथ्वीनारायणशाहले जिती सकेपछि निर्माणको निम्ति अपनाएका नीतिहरू जुन नीतिका पालन र पोषण उनी पछिका राजा र मुख्तीयारहरूमा विशेषतः भीमसेन थापाले यति इमान्दारी साथ गरे कि साम्राज्यवादी अंग्रेजी शक्तिले नेपाललाई निल्न फौज बढाउँदा नेपाल एक राष्ट्र बनेर मुकाबिला गर्नमा समर्थ भयो। त्यसरी नै बहादुर शाहको नायबकालमा चीनको आक्रमणबाट पनि नेपाल बाँचिरहन सकेको थियो। हुन पनि, चीन र बृटिश-भारतसितको युद्धबाट नै नेपाल राष्ट्रको वास्तविक रूप देखिन आएको थियो। त्यस बेला देखिमात्र नेपालमा राष्ट्रीय भावनाको अभ्युदय भएको थियो। विदेशी साम्राज्यवादी तत्वसित भएका यी युद्धहरूमा नेपालीहरूले नेपाल र नेपाल राष्ट्र भन्ने भावना लिन सकेकोले नै नेपालको स्वतंत्रताको रक्षा हुन सकेको हो।

विशाल नेपालका राजा भएपछि, अर्थात् श्री ५ महाराजाधिराज बनेपछि पृथ्वीनारायणशाहले उपत्यकाका सुसंस्कृत नेवारवर्गको संस्कृति र कलालाई अपनाउनुको साथै उनीहरूको रीति-रिवाज, धर्म-कर्म, आचार-

विचारमा मल्लराजाहरूको जुन स्थान थियो, त्यसलाई आफूले ग्रहण गरे। आफ्नु धर्मसित निकट सम्बन्ध भएको शैव तान्त्रिक मतावलम्बी नेवारहरूको धर्मको मात्र संरक्षण गर्नमा उनी राजी भएका थिएनन् कि बौद्धधर्म मतावलंबी जनताको धर्मको पनि संरक्षक बन्न उनले मंजूर गरे। बौद्धमार्गी प्रजाहरूको 'सम्यक' उत्सव मनाउनमा राजाले जुन सहयोग दिनु पर्थ्यो वा त्यसमा राजाको जुन स्थान रहन्थ्यो त्यो स्थान पृथ्वीनारायणशाह देखिन् अझसम्म कायमै छ। यसरी नयाँ राजा पृथ्वीनारायणशाहले आफ्नू धर्मकर्मको संरक्षणमा मल्लराजाहरूले जस्तै जिम्मावारी लिनमा उदारता देखाएकोले उनलाई राजा मानी कर्म गर्दा जनताले पनि बाधा एवं असुविधाको कत्ति सामना गर्नु परेन, जसबाट राजा र जनताको बीच पहिलेदेखिको स्वस्थ वातावरण रहन सक्यो। पछि, धेरै वर्षपछि जब राणाहरूको हातमा शासनभार रहन गयो, तिनीहरूले विशुद्ध आर्य ब्राह्मणपन्थी सनातनधर्मका पक्षपाती भै प्रचलित नेपाल धर्ममाथि हमला गरी जनतामा धार्मिक गोलमाल ल्याउने असफल प्रयास गरेका थिए।[1]

पृथ्वीनारायणशाहले जनताको भावनामा चोट न आओस् भन्ने विचार गरी देशमा प्रचलित विभिन्न जातिको प्रचलन र रीति रिवाजमा (चाहे त्यसमा सुधारको आवश्यकता किन न होस्) कुनै प्रकारको परिवर्तन लादून चाहेनन्[2]। 'आफ्ना आफ्नाजात विशेषको कर्म गर्नु (भन्ने) बन्देज गरिजाला' भनी हस्तक्षेप न गर्ने नीति लिएका थिए[3]।

---

१. उदारहणार्थ चन्द्रशमशेरले 'एकादशी'को दिन, र जुद्धशमशेरले औंसीको दिन मासु बेच्नमा रोक लगाए। तर भीमसेन एकादसीमा कुलदेवताको जन्म दिन मनाउँदा तथा 'लक्ष्मीपूजा' गर्दा मासु बिना नेवार तान्त्रिकवर्गको पूजा नै हुन सक्तैन।

२. लेखकको-रंगनाथ-एक झलक-निबन्धमा दिइएको पूर्वका जनताको पत्रमा यसको जिकिर भएको छ। (हेर्नुहोस्—'शारदा' मासिक वर्ष २० को अंक ८ मा)

३. पृ० ज० स० द्वारा प्रकाशित-दिव्य उपदेश-पृष्ठ-१७, १८

साथै, रामशाहको अलावा जयस्थितिमल्ल, महेन्द्रमल्लहरूको वरबन्दोबस्तलाई हेरेर नयाबन्दोबस्त गर्ने विचार लिएको छु भनी अगाडिका मल्ल राजाहरूको सम्मान गरी उपत्यकाका जनताको मनोभावनाको कदर गरेका थिए[1]।

पृथ्वीनारायणशाहले आफ्नु पुरानु राज्य गोर्खा र अरु बाइसे चौबिसे राज्यमा समेत चलेको परवतीया वा खस कुरा (वर्तमान नेपाली भाषा) लाई राज्यको मुख्य भाषाको रूप दिएका थिए तापनि राज्यका अरु प्रमुख एवं साहित्यिक भाषाको उत्तिकै इज्जत र सम्मान गरिएको थियो। उनको मृत्युपछि उनका छोरा सिंहप्रतापको शासन समयमा संवत १८३२ सालमा तिब्बत र नेपालको बीच भएको संधी, जुनकि शाहशासनमा भएको सब भन्दा पहिलो सन्धी थियो, त्यो नेपाल भाषा र लिपिमा भएको थियो। यस पछिका राजा, मुख्तियार र भारादारहरूले (जसको मातृभाषा नेपाली थियो) पनि नेपाल भाषाको इज्जत गर्दै त्यस भाषामा गीत, कविता र नाटक समेत पनि लेखेर गएको धमाधम पत्तालाग्दैछ। यसबाट नेपाल भाषाको अपमान गर्न पृथ्वीनारायण शाहले परवतीया (वर्तमान नेपाली भाषा) भाषालाई राष्ट्रभाषाको रूप दिएका थिएनन् कि सं० १८२५ साल पछिको राजनैतिक परिवर्तनबाट नै यस कुराको आवश्यक हुन गएको ले नेपाली भाषा अपनाउन परेको हो भन्ने प्रमाणित हुन्छ। विशाल नेपालको निर्माण हुन थाले पछि नेपाल राज्यमा मिसिन आएका पूर्व-पश्चिमका राज्यहरूमा रहेका बिभिन्न जाति एवं वर्गले आपसमा बुझ्ने र बोल्न सक्ने एउटै साझा भाषा 'परवतीया भाषा' थियो। त्यसैले विभिन्न जातिका नेपालीहरूलाई एउटै सूत्रमा बाँधी उनीहरूको बीच सजिलोसित विचारको आदान प्रदान हुन सक्ने भाषा पनि यही एउटा थियो। अनि नेपाली भाषा, (त्यस बखतको परवतीया भाषा वा खस कुरा) लाई मल्ल राज्यको भाषा नै होइन, वा उपत्यका भित्र त्यस भाषाको प्रचलनै थिएन भन्नु

---

१. पृ० ज० स० द्वारा प्रकाशित 'दिव्य उपदेश'।

पनि ऐतिहासिक गल्ती हुन जानेछ । लक्ष्मीनरसिंहमल्ल, प्रतापमल्ल, जयप्रकाशमल्ल आदि मल्ल राजाहरूले यस भाषालाई सरकारी तहबाट मान्यता दिएका थिए[1] । साथै मल्लकालीन भूभाग—दोलखा नुवाकोट लामिडांडा आदि स्थानमा यसै भाषाको प्रचलन थियो । उपत्यका भित्र पनि मल्ल सेनामा रहेका पूर्विया कुमाई ब्राह्मण तथा अरू अनेवारी भाषा भाषी मल्ल प्रजा यही भाषामा विचारको आदान प्रदान गर्थे । खस र मगर जातिका जवान र सेनापतिहरू यही भाषा बोल्दथे । यस प्रकार नेपालमा शाहशासन हुनु भन्दा सयौं वर्ष अगाडि देखि नै नेपाल भाषा र नेपाली भाषा दुवै आपसी भाषा एवं राष्ट्रका प्रमुख भाषा भएर आएको छ । अनि, अरू भाषा पनि—जस्तोकि मगर, गुरूङ, किराती, मैथिली, भोजपुरी, अवधी आदि भाषाहरू नेपालमा अगाडि देखि चलिनै आएको छ । केवल फरक यति छ कि राजनैतिक परिवर्तनबाट आवश्यक ठहरिएनुसार कहिले नेपाल भाषा प्रमुख राष्ट्र भाषा थियो, त अहिले नेपाली भाषाले त्यो स्थान पाएको छ । अनि पृथ्वीनारायण शाह पछिको नेपाली भाषामा अरू विभिन्न भाषाको साथै नेपाल भाषाबाट पनि यति शब्दहरू मिली सकेको छ कि यस भाषालाई त्यस बखतको परवतीया भाषाको रूपमा हेर्नु ऐतिहासिक गल्ती मात्र होइन कि राष्ट्रीय भूल हुने छ । साथै यो भाषा अहिले कुनै जाती वा वर्ग विशेषको मात्र बपौती भाषा रहन गएको छैन ।

यस बाहेक समस्त नेपालको साजा भैसकेपछि पृथ्वीनारायण शाहले राष्ट्र-विकासको निम्ति अपनाएको नीतिहरू राष्ट्रीय दृष्टिकोण बाट अति महत्वपूर्ण छ ।

नेपालको औद्योगिक एवं व्यापारिक नीतिको चर्चा गर्दै पृथ्वी नारायणशाहले भनेका थिए—"....देसका महाजनलाइ गडी प्रसाद

---

१. (i) लक्ष्मीनरसिंहमल्लको मखनटोलको शिला पत्र (ii) प्रतापमल्लको रानी पोखरीको शिला पत्र (iii) जयप्रकाशको पृथ्वीनारायणलाई लोखेको पत्र—लेखक-नेपाल तिब्बत सम्बन्ध-प्रगति वर्ष ३, अंक ४, पूर्णांक १०

(अर्थात् गढी पर्सा) देखी उभो आउन नदिनु, देसका महाजनहरू हाम्रो मुलुकमा आया भन्या दुनिया कंगाल गरि छाड्दछन्। हामिले च्याँगा पांगालाइ (लगाई) तिन सहर नेपाल र नौलाष किरायत र हिन्दुपतिको राजआर्य्यथ्येउ देसका कपरा लगाउनालाइ मन्हाइ गरिदिनु। आफ्ना देसका कपरा बन्न जान्यालाइ नमन्त देषाइ सधाउनु र बन्न लाउनु र यस्त भया नगद विदेस जांदैन आफ्ना देसको जिनीस जरिवुटि देस लैजानु र नगत षैचनु (इत्यादि)"।[1]

पृथ्वीनारायणशाहले अपनाएको यो सिद्धान्त कुनै पनि राष्ट्रले आफ्नो राष्ट्रीय उद्योग एवं व्यापारको विकाश र उत्थानको निम्ति अपनाउनु पर्ने मूलभूत सिद्धान्त थियो। कान्तिपुरका राजा महेन्द्र मल्लले पनि यस्तै प्रकारको नीति अपनाएका थिए। उनले भनेका थिए—".....कपडा वन्दै लग्या पछि कागत जस्तो मिहीं र सफेत कपडा हुन्या छ। तेसो भया पछी अरू गावलका र मधिसे राजाहरूलाई विक्रि गरी धनी हुन्या छौ। अरु राजाहरू भया छेउ मुलुकमा नौलो भनाउदा काम सिकि भाँडा वर्तनको कामहरू सिकि काम चोरी ल्यायामा आफ्नो मुलुकको धाक र प्रजाको खाफ बढने छ... (इत्यादि)[2]।" निश्चय पनि अगाडिका यी राजाहरूले अपनाएको औद्योगिक नीतिलाई समय अनुसारको परिवर्तन गरी राणा शासकहरूले कार्यमा परिणत गरेको भए आज सम्ममा नेपाल केवल विदेशबाट माल झिकाई बेच्ने पसल मात्र न रही आफ्नै स्वदेशी माल सामानको उत्पादनगर्नमा काफी सफल भै सक्थ्यो होला। अहिले आएर पनि नेपालले आफ्नो औद्योगिक विकाशको निम्ति पृथ्वीनारायणशाहहरूले अपनाएको यस सिद्धान्तलाई मूलभूत आधार मान्नु पर्दछ। चाहे यसमा युग अनुसार वैज्ञानिक ढगमा केही परिमार्जनको आवश्यकता किन नहोस्। आफ्नो यिनै विचारधारा लाई कार्यान्वित गर्न पृथ्वी-

---

१—पृ० ज० स० प्रकाशित-दिव्य उपदेश—पृष्ठ-१९

२—पृ० ज. स प्रकाशित-दिव्यउपदेश—पृष्ठ ३०-३१।

नारायणशाहले त्यसबखत नेपालमा व्यापारगरी बसेका इसाई एवं गोसाइँ व्यापारीहरुलाई देशबाट निष्काशित गरेकाथिए। यसमा राजनैतिक कारण पनि थियो। जहाँ पनि अंग्रेजहरू सबभन्दा पहिले व्यापार गर्ने, तथा धर्मप्रचार गर्ने निहुँले घुस्तथे र आफ्नो साम्राज्य फैलाउने कार्य गर्दथे। भारतमा पनि पहिले यिनीहरू इष्टइन्डिया कम्पनी खोली व्यापारै गर्न भनी आएका थिए। यसोहुँदा पृथ्वीनारायणशाहले धर्मको नाममा साम्राज्य फैलाउने धूर्त पादरीहरूकोसाथै गोसाइँ व्यापारीहरुलाई पनि निष्कासित गरेका थिए[1]। यसरी नेपालबाट निकालिएका इशाईहरू बेतिया गै बसे।

विशाल चीन र भारतवर्षको बीच रहेको सानु देश-नेपालले कस्तो परराष्ट्र नीति अपनाउनु पर्छ भन्ने कुराको पनि पृथ्वीनारायणशाहले संकेत गरेका थिए। उनको विचारथियो—नेपालले चीन र भारत दुवै राज्यसित मित्रता राख्नु आवश्यक छ। तरपनि, वर्तमान भारत र त्यस बखतको भारतमा धेरै नै अन्तरथियो। त्यस बखत भारतमा अंग्रेजहरू आफ्नो साम्राज्य फैलाउने कार्यमा लागेका थिए, अर्थात् त्यस कार्यको शुरुआतको समय थियो। त्यसैले त्यस शक्तिसंग सतर्क रहनु पछ भन्ने उनको भनाइथियो, ताकि नेपाललाई पनि यिनीहरूले हड्पन नसकोस्। उनले भनेका थिए—".....यो राजे दुइ ढुंगाको तरुल जस्तो रहेछ चीन बादसाहसित ठूलो छाहा रापनु। दपिनको समुन्द्रका बादसाह सित छाहा ता रापनु तर त्यो महा चतुर छ.....।[2]" अनि मित्र राष्ट्रसित सम्बन्ध राख्नुको अर्थ आफ्नु केही प्रबन्ध नै नगर्नु भन्ने पनि होइन। आफू बलियो भैरहन सकेन भने आफ्नो अति नजिकको साथी पनि हमला गर्ने शत्रुमा परिणत हुन सक्त छ। उसमाथि त्यो बेला नै राज्य विस्तार गर्ने तथा साम्राज्य फैलाउने बेला

१—(i) Kirkpatrick-Account of Nepaul-Preface-P. IV.

(ii) बालचन्द्र शर्मा-नेपालको ऐतिहासिक रूपरेखा-पृष्ठ २३०।

२—पृ० ज० स० प्रकाशित-दिव्य उपदेश—पृष्ठ-१५

भएको हुँदा मत्स्यन्यायको चरितार्थ हुनु अति स्वाभाविक थियो। त्यसो हुँदा आफ्नो देशको बाटो घाटो राम्रो पार्नु तथा ठाउँठाउँमा गढी किल्लाको निर्माण गरी फलामको ढोका बनाई राम्रो पहरा गरी बलियो पार्नु पर्छ भन्ने पृथ्वीनारायण शाहको धारणा थियो। हर कुनै देशले मित्र आफू तयार एवं बलियो भै रहनु पर्छ, किनभने मित्र राष्ट्रबाट समेत अनेक रूपमा आफ्नो अस्तित्वको निम्ति खतरा आइरहने संभावना हुन्छ। नभन्दै बहादुरशाहको नायवी काल र भीमसेन थापाको मुख्तियारी कालमा क्रमशः चीन र बृटिस भारतबाट नेपाललाई भयानक खतराको सामना गर्नु परेको थियो[1]। यदि तत्कालीन मुख्तियारले यसको निम्ति अगाडिनै सतर्क भै तयार रहन नसकेको भए नेपाल कहाँ पुगि सकथ्यो होला।

देशको संस्कृति एवं कलाको विकाशको निम्ति पृथ्वीनारायण शाहले जुन विचार धारा लिएका थिए, त्यो पनि राष्ट्रीय दृष्टिकोण बाट अति महत्वपूर्ण छ। त्यस बखतको समय नै युद्धकालीन समय थियो। हरेक देश र देशका जनताले लडाईंको निम्ति तयार भै रहनु पर्ने बेला थियो। त्यसैले जनता विलाश र मोज मज्जामा डुब्यो भने देशै कमजोर हुनेछ भन्ने उनको धारणा थियो। छिमेकी राज्य भारतवर्षमा विदेशी प्रभुता बढ्न पाएकै त्यहाँका जनता रागतान आदि कुरामा भुजेर विलासी भएकोले हो भन्ने विचार उनले लिएको बुझिन्छ। यसर्थ आफ्नो राज्यमा विदेशी राग तानको प्रचलन चलाउनमा उनी विरोधी थिए। साथै, राग तान सिकाउन लाई विदेशी बस्तादहरू देशमा आए भने विशेष गरी दुइ कुराको क्षति हुने छ भनी उनले जुन भनेका थिए, त्यस बखतको समय हेरी त्यो सही पनि थियो। ती दुइ क्षति हुन्—एक त देशको सम्पत्ति बाहिर जान्छ; र अर्को यी बस्तादहरूले जासूसी कार्य गरी देशको गुह्य

१—(i) लेखक—नेपाल र तिब्बत—(अप्रकाशित)

(ii) लेखक—भीमसेन थापा र तत्कालीन नेपाल—

कुरा पत्ता लगाउने छन्। उनले भनेका थिए—"...राग् तान्मा बडो ठुलो मोहो हुन्छ र दवलय पनि बोलिन्छ देसको भेद पनि तिनैले लैजान्छन्...", तसर्थ "...रागको अभ्यास् पनि कसैले नगर्नू तिन-जातलाइ पहाड आम् फदरक[1] पनि कसैले नषोलनु" ![2]

यसप्रकार विदेशी रागतान् सिक्ने कुरामा पृथ्वीनारायण शाह अनुदार थिए। तर पनि उनी सुख सयल गर्ने कुरा वा मनोरंजन-का विपक्षी थिएनन्। उनको भनाइ थियो—मनोरंजनको निम्ति नेपालकै नाच हेर्नु। यसो भएमा देशको धन देशैमा रहने भयो साथै राष्ट्रीय कला र संस्कृतिको पनि विकाश हुने भयो। यस सम्बन्धी उनको विचार निम्न पंक्तिहरूबाट स्पष्ट हुन आउँछ :—"स्वष सयले-लाई ता सास्त्र वमोजिम्को तिनै सहर नेपालको नेवारहरूको नाच झिकाइ हेर्न्या पनि हुन्छ। यिनमा ता दिया पनि आफ्नै देशमा रहन्छ[3]।" साथै राष्ट्रीय कला एवं नाटकको विकाश गर्ने प्रेरणा दिनको निम्ति उनले सालभरको नाच र गानामा जाँची प्रथम ठहरेकालाई पुरस्कार पनि दिने गरेका थिए।

यी बाहेक पृथ्वीनारायण शाहले एक यस्तो पनि कार्य गरेका थिए, जसबाट सारा संसारमा नेपालको गौरव सँधै ऊँचा रहने छ। त्यो हो—उनले अपनाएको दास-प्रथा विरोधी कदम! हुन त दास-प्रथा विरोधी कार्यको निम्ति आजसम्म विश्व-इतिहासले विलायतलाई प्रथम श्रेय दिएको छ। तर, इंगल्याण्डले यसतिर कदम चाल्नुभन्दा अगाडि पृथ्वीनारायणशाहले दास-प्रथाको विरोधमा पाइला चालीसकेका थिए। संवत् १८३० साल (तदनुसार सन् १७७३) ई० मा उनले एउटा लालमोहर गरी व्याजमा करिया बनाउने प्रथामा रोकलगाई दासत्वप्रथालाई आंशिकरूपमा भएपनि अवैध घोषित गरी

१—आवत जावत

२—पृ० ज० स० प्रकासित—दिव्य उपदेश—पृष्ट-२८

३—पृ. ज. स—दिव्य उपदेश—पृष्ठ २९

त्यस प्रथाको सैद्धान्तिक विरोध दर्शाएका थिए, जबकि विलायतमा संवत् १८४० (तदनुसार सन् १७९३) सालमा मात्र यस तिर कदम बढाइ-एको थियो। यस प्रकार दासत्व प्रथालाई सिद्धान्ततः विरोध गर्नमा तथा आंशिक रूपमा भएपनि रोक लगाउनमा नेपाल इंगल्याण्ड भन्दा अगाडि परेको प्रमाणित हुन्छ, र यसरी संसारमा सबभन्दा पहिलो भन्ने साबित हुन्छ।

तर दुःख त यो छ कि पृथ्वीनारायणशाहले गरेको यस महान् कार्यको आजसम्म कुनै इतिहासको पानामा उल्लेखित भएको छैन, न त यसको मूल प्रति नै कसैले भेट्टाउन सकेको छ। संवत् १८८७ सालमा जनरल भीमसेन थापाको मुख्तियारी कालमा भएको दासत्व प्रथा विरोधी लालमोहरमा यस कार्यको उल्लेख गरिएको हुँदा मात्र पृथ्वीनारायण शाहको यो कार्य पत्ता लाग्न सकेको छ। भीमसेन थापाको समयमा भएको लालमोहरको नकल यस प्रकार छ:—

"स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का—आगे सात गाउका सब-दनुवार साहुप्रति तिमिहेरूले प्रजालाई रुपैया धान् रीन दिंदै दोबरियो तेबरियो भन्दै प्रजालाई छेक थुन् गर्दै प्रजाका छोरा छोरीलाई बाँधा[1] पनि लिन्छौ सकस गरी तेलमोल[2] गरी कमारा कमारी तुल्या उँदा रह्याछौ तस्कारण प्रजा छेउ जस्‌जस् छेउ रीन दियाको छ सो रुपैयाको ब्याज कसैले लिन पाउदौन, साउ साउमात्र लेउ ब्याज लिनु छैन थिचोमिचो गरी बाँधालिन्या तेल हाली ह्रासी कमारा कमारी तुल्याउनालाई डँडाइ पाउला भनी संवत् १८३० सालमा ज्यूज्यूबाज्या-बाट मोहर गरी बक्सनु भयाको रह्याछ सो बमोजिम अब उप्रान्त पनि थामी बक्स्यौं इति संवत १८८७ साल मिति कातिक वदी ८ रोज १ शुभम्।[3]"

१—बन्धक लिनु।

२—दास-दासी बनाउने प्रथा

३—चित्तरञ्जन—भीमसेन थापा र तत्कालीन नेपाल,

यसरी पृथ्वीनारायणशाहको यस महानतम कार्यलाई जनरल भीमसेन थापाले इमान्दारी साथ उल्लेख गरे। जस्तै दासत्वमोचन गर्न चाहने राणा प्रधानमन्त्रीहरूले पनि उल्लेख गरिदिएको भए, तथा दासत्व मोचनमा पहिलो श्रेय (नेपालमा) मेट्राउन चाहने चन्द्रसमसेरले आफ्नो करिया मोचन भाषणमा इमान्दारीसाथ आफू भन्दा अगाडिका राजा र मंत्रीहरूको कार्यलाई उल्लेख गरेको भए, तथा नेपालको इतिहास लेख्ने पसिबल लायन्डनलाई अरु कुराहरू बताएर सामग्रीहरू दिए जस्तै यो कुरा पनि बताइ दिएको भए नेपालको यस गौरवमय कार्य आजसम्म यसरी लुप्त रहने थिएन, तथा संसारको इतिहासले दासत्वप्रथाको पहिलो विरोध गर्न सकेकोमा नेपाललाई प्रथम श्रेय दी सक्ने थियो होला!

यस प्रकार श्री ५ पृथ्वीनारायणशाहले आफ्नो विजय कार्यको साथै यति महत्वपूर्ण कदमहरूको शुरुआत गरेको हुँदा, तथा उनी पछि आएका तात्कालिक शासकहरूले त्यसमा इमान्दारीसाथ टिकेर हिंडेकोले चीन र अंग्रेज जस्ता शक्तिशाली साम्राज्यको भीषण आक्रमणबाट पनि बचेर नेपालले एक राष्ट्र बनी संसारमा आफ्नु स्वतन्त्र अस्तित्वलाई कायम गर्न सकेको छ। तर पछि सय वर्ष सम्म राणाशासकहरूले आफ्नो यस महान् राष्ट्रीय परंपरालाई त्यागेर विदेशी साम्राज्यवादी तत्वको कठपुतली भै शासन चलाउने अराष्ट्रवादी नीति अपनाएर देशको प्रगति र विकाशलाई नै रोक्ने प्रयास गरिदिएकोले आज आएर नेपाल सयौं वर्ष सम्म विदेशी साम्राज्यवादी तत्वद्वारा शोषित र पीडित भारत भन्दा पनि पिछडिन गएको छ। अहिले नेपालमा राजशाही पनि छैन, र प्रजाजन्त्रको निम्ति भवन निर्माण गर्ने बेला आएको छ। यस बखत नेपालको आफ्नो महान् राष्ट्रीय परंपरालाई अंगालेर युग र परिस्थिति अनुसार राष्ट्रको विकाशको निम्ति द्रुततर गतिले कदम चाल्नु परेको छ, र यसरी कदम चाल्दा छिटै नेपालले पनि अरू समुन्नत राष्ट्रको दाँजोमा पुग्न सक्ने सामर्थ्य राख्नेछ।

———

परिशिष्ट

[१]

संवत् १८१६ देखिन् १८२१ सम्ममा पृथ्वीनारायण शाहले किर्ति-पुरमा द्वितीय आक्रमण गर्नु भन्दा अगाडि नेपाल उपत्यकाका चारै तिरका जग्गाहरुमा कब्जा गरेको मिति र स्थान यस प्रकार छ :—

	मिति			स्थान
(१)	संवत्	१८१६	आषाढ़ २१ मा	—सिवपुरी
(२)	,,	,,	मार्ग १० आदित्यवार	—काम्रे पालांचोक
(३)	,,	१८१८	जेष्ठ ३० सोमवार	—चौकोट
(४)	,,	१८१९	भाद्र ९ शनिश्चरवार	—मकवानपुर
(५)	,,	,,	आश्वीन २ मंगलवार	—तिमालकोट
(६)	,,	,,	,, ९ मंगलवार	—सिंधुलीगढ़
			(कैप्टन किन्लको फौज पराभव)	
(७)	,,	,,	आश्वीन २२ सोमवार	—हरिहरपुर
(८)	,,	,,	पौष २२ आदित्यवार	—परेवाकोट
(९)	,,	,,	पौष २८ शनिश्चरवार	—कविलासपुर
(१०)	,,	१८२०	कार्तिक १० आ०वार	—धुलिखेल
(११)	,,	,,	,, ११ सोमवार	—चौकोट
(१२)	,,	,,	,, ११ सोमवार	—पनौति
(१३)	,,	,,	,, ११ सोमवार	—बड़पु
(१४)	,,	,,	,, १४ बृहपतिवार	—बनेपा
(१५)	,,	,,	,, १४ बृहस्तपतिवार	—सांगा
(१६)	,,	,,	,, ,,	—रानीकोट
(१७)	,,	,,	,, ,,	—नाला
(१८)	,,	,,	,, २० बुधवार	—फर्पिंग
(१९)	,,	,,	,, २२ शुक्रवार	—विसंधु

(२०) ,, १८२१ भाद्र २ मंगलवार—चोभार
(२१) ,, ,, ,, —पांगा
—एक तिथ्यावलीबाट

नोटः—उपरोक्त जग्गाहरुमा कब्जा गरिसके पछि उपत्यकालाई चारै तिरबाट आर्थिक घेरा दिएका थिए !

[२]

भक्तपुरका राजा रणजीत मल्लले काशीवास जान भनी नेपाल छोडी जाँदा चन्द्रागिरिको डाँडामा बसी गाएको जति—

क. (मूलरूप)

निवार्सन म्ये

हाय हाय राम राम गथ्य मलुम(नि) नेपाल रे
शतुरिया दुर्जन फुलकत आव (रे) (ध्रु)
भिनयोल राज्यसं मदु सो जित वास
विदेशया वास जिजुल थनि आव ॥
नव दुर्गा गणेश याके जि विनती याना
लख लपि अपराध छेमा याव ॥
ल्हाय गोम्ह्याके जिन दुःखयाके ताडना
गुयासँ फेनी आव सुनान हाय ॥
पिरति यानाव धन छलेयात दुरजननं
हाय हाय छु नुनगल जिजुल राम ॥
सूर्य वंशी कुलमणि श्री रणजीत मल्ल रे
तलेजु नं बिल वैकुण्ठ्य वास !! हाय हाय राम ...

—०—

अनुवादः—

निर्वासन गीत

हाय हाय राम, कसरी नेपाल हो।
शत्रु दुर्जनले सबै नाश गऱ्यौ! (छ)
बाह्र हंजार राज्यमा छैन मलाई वास
विदेशको वास भयो आज देखि मेरो ॥
नवदुर्गा गणेशसंग विन्ती मैले गरें
लाख लाख अपराध क्षमा गरिदेऊ ॥
हाय कसिसित गरूँ म दुःखको ताडना
(कसैले आई वनको नाश अब गर्छन्!
पिरती गरी यहाँ छल्यो दुर्जनले
हाय हाय मेरो कस्तो बुद्धि भयो ॥
सूर्य वंशी कुलमणि श्री रणजीत मल्ल
तलेजुले दियो हाय ! वैकुण्ठको वास

भानुभक्त र उनको युग

बालचन्द्र शर्मा

नेपालको आधुनिक इतिहासमा १८१४—१६ ई०को नेपाल-अंग्रेज-युद्ध साह्रै नै महत्त्वपूर्ण घटना सिद्ध भएको छ। पृथ्वीनारायण शाहले नवीन नेपालको निर्माणमा जुन श्रीगणेश गरेका थिए नेपाल-अंग्रेज-युद्धले त्यसमा एक विराम चिह्न खड़ा गऱ्यो। यसबीचको समय केवल युद्ध र विजयमै व्यतीत भयो। नेपालको लगभग समस्त शक्ति यसैमा व्यय भयो। यसबीच कलाकौशल र साहित्यको अभिवृद्धि सम्भव नभए तापनि यसले हाम्रो राष्ट्रको ठोस निर्माणमा ठूलो र सर्वाधिक महत्त्वको योगदान दिएको देखिन्छ। एकै जलवायु र परिस्थितिमा आबाद र लगभग एकै भाषा र चलन व्यवहार अपनाउने जन-शक्ति जो आजसम्म विभिन्न शासनको अन्तर्गत छरिएर आपसी कलहरत थिए ती एकत्वमा गाँसिए। मौलिक अन्तरको अभावमा तिनीहरूको आजसम्मको स्पर्द्धा र कलहको प्रवृत्ति पनि तत्काल नै टुङ्गियो र ती अर्को प्रयास नै नगरी तत्काल नै समष्टिमा सम्मिलित भए। गोरखासित तनहूँ लम्जुङ र कास्कीको पुरानो कटु कलह थियो। तर युद्धमा पराजित भई यी राज्य एकै शासनका अन्तर्गत हुनासाथ तिनको त्यो फाटो स्वयमेव मेटियो—यहाँसम्म कि लमजुङे सरदार भक्ति थापा गोरखाली झण्डाको साथ सुदूर पश्चिममा नवोदित राष्ट्रीय शक्तिको मानरक्षार्थ शहीद हुन अघि सरे।

माथि नै भनियो कि बाइसी चौबीसी राज्यमा भाषा र व्यावहारिक चलनमा तात्त्विक अन्तर थिएन। यसैले गर्दा शस्त्रबल नैमित्तिक कारण बन्नासाथ तिनको एकत्वमा कुनै बेर लागेन। अंग्रेजहरूसित परेको युद्धमा नवविजित भए तापनि यी राज्यहरूले कहिले पनि फूटको भावना देखाएनन् परन्तु अलकनन्दापारीका रजौटा र तिनका

निवासीहरूसित हाम्रो त्यस्तो घनिष्ठता थिएन जसले गर्दा गोरखाली विजयको अवसरदेखिनै तिनले कट्टर विरोधीको काम गरे। भनाइको तात्पर्य यो कि हाम्रो राष्ट्रको यस नवविकासको प्रधान आधारपीठ भाषा र सामाजिक चलनकै समानता थियो। शस्त्रशक्ति त एक सामान्य कारण मात्र थियो। पृथ्वीनारायण शाहदेखि भीमसेन थापासम्मका युद्धले यसरी सबभन्दा ठूलो जुन लाभ हामीलाई प्राप्त भयो त्यो थियो साहित्यिक विकासकै एक बलियो र निश्चित आधार दिनु। तर जस्तो कि माथि नै भनियो विजयको उन्मादमा बौद्धिक र हार्दिक सौष्ठवतिर कमतीले नै ध्यान दिन्छन्—विशेष गरी त्यहाँ जहाँका प्रवृत्तिहरूको विकासमा अनेक कारणवश कतिपय शताब्दीदेखि कठोर व्याघात परिआएको छ। तर अंग्रेजहरूसित पराजित हुनासाथ नेपालीहरूको भूमि-विजयको सारा उत्साह सहसा समाप्त भयो। अंग्रेजहरूले पूर्व-पश्चिम र दक्षिणमा नेपाली शक्तिको बलियो सीमा निश्चित गरि-दिए, उत्तरका हिमालय हाम्रो विकासमा पहिलेदेखि नै बलियो परखाल बनेर खड़ा थियो। अतः लाचार भएर हाम्रो राष्ट्रीय शक्तिले बहिर्मुखी विकासको आशा मारेर अन्तर्मुखी नवीन धरातल खोज्नु-पऱ्यो, र त्यसको प्रथम लक्षण भानुभक्त र उनको भाषाको स्वकीय रूपमा देखा-पर्दछ। यो निश्चय हो कि भानुभक्तमा हारेको समाजको आँसुको मेल देखिन्न, अथवा त्यहाँ प्रतिहिंसाको भयानक ज्वाला पनि छैन, जसलाई हामी पराजयको टड़कारो प्रतिक्रिया भनौं। यदि नेपाली साहित्यको बलियो र स्वकीय परम्परा स्थिर भइसकेको भए शायद यस्ता स्पष्ट प्रतिक्रिया देखिने पनि थिएन। तर, जहाँ आफ्नो पूँजीकै बल भन्ने कुराको घोर अभाव थियो त्यहाँ त नयाँ परिस्थितिको साथ नयाँ कुराकै थालनी प्रतिक्रियाको रूपमा प्रदर्शित हुन्छ। भानुभक्तदेखि हामीले यसै ढंगको जुन प्रतिक्रियात्मक थालनी गऱ्यौं त्यस्तै अन्यत्र पनि भएको छ, जस्तै इङ्गल्याण्डमा। चौधौं शताब्दीसम्म अंग्रेज जाति शस्त्र-शक्तिको दृष्टिले निकै चेतन र फ्रान्सीसीहरूभन्दा आफूलाई अधिक सबल भन्ठाने तापनि कलाकौशल तथा भाषा एवं साहित्यको दृष्टिले

हेय नै ठान्दथे। परन्तु विशेषतः शतवार्षिक युद्धको अन्तमा गम्भीर पराजयले गर्दा अंग्रेजहरूको आत्मबलले आफ्नो भाषा र साहित्यको विकासको आर्को आधार खोज्नुपर्‍यो, र यसरी चसर र उनको नयाँ अंग्रेजी भाषाको थालनी भएको देखिन्छ। भानुभक्तले पनि अचेतनमै आजसम्मको प्रयोगात्मक काव्यपरिपाटीमा पस्न आएका भद्दा परकीय वृत्तिहरूलाई त्यसरी नै पन्छाएका छन् जसरी चॅसरले फ्रान्सीसी-पनालाई। दुवैमा पराजय र बदलाको कुनै भावना छैन, पराजयले बहिर्मुखी वृत्तिमा जुन ठक्कर दिएको थियो त्यसको परिणाम स्वरूप एउटा शान्तिमय क्रान्तिकारीको रूपमा दुवै महाकविहरू राष्ट्रको निमित्त आको विकासपथ पहिल्याउन अघि सरे। तर, दुवैका देश-काल, परिस्थितिमा जुन अन्तर थिए तिनले यस विलक्षण समतामा पनि केही भिन्नतायुक्त असर देखाएकै छ। चसरले राजदरबारमा जस्तो सम्मान पाए त्यसको असर उनको केन्टरबरीटेलको विनोदयुक्त कथानक र परिस्थितिमा झल्कन्छ। आफ्ना कृतिहरूमा चसर एक यस्ता विनोदी वृद्धका रूपमा देखिन्छन्, जसका चाउरी परेका गालामा पनि गुलाफी आभा छ; र ती आफ्ना सजिएको बैठकमा आरामसाथ बसी तीर्थ-यात्री-दलतिर स्मित गर्दै तिनका वैलक्षण्य आफना नगिच भेला भएका केटाकेटाहरूलाई कथाको रूपमा सुनाउँछन्। उनको भाषामा दरबारमा पाकिसकेको गम्भीरता र विनोद छ। तर भानुभक्तले त्यस्तो दरबारी सम्मान कदापि पाएनन्। उनले आफ्ना गाउँ-घरकै परिस्थितिमा जीवन बिताउनुपरेको थियो। चसरझैं काव्यलाई नै आफ्नो जीवनयापनको प्रमुख साधन बनाउन पाएनन्। जीवन-संघर्ष मै आत्म-शान्तिको निमित्त उनले कलम उठाएका थिए र यस कारण उनको साहित्यमा देशको आवश्यकता झैं स्पष्ट रूपमा प्रकट भएको छ। भानुभक्तले चसरझैं उच्चस्तरीय समाजमा प्रचलित शाही-देशी-भाषा (King's English)-लाई प्रधानतः अपनाएनन्। उनको भाषामा उनको 'रमधा' ज्यादै नै मुखरित छ। यसले एक ठूलो लाभ गर्‍यो— उनका पूर्वजहरू दरबारी प्रचलनमा स्वभावतः चलेका हिन्दी र अरबी

फारसीपनको भुँमरीमा जसरी परेका छन्, त्यसबाट उम्कने वृत्ति भानु-भक्तमा देखिनेछ। यसको विपरीत जुन उदाहरण भानुभक्तमा भेटिन्छन्, ती काव्यपरिपाटीका पुराना प्रचलनको स्वाभाविक अनुकरण-बाट मात्र आएका छन्। कारण कुनै कविले पनि एक गोड़ा अगाड़ि सार्दा आर्को गोड़ाको कमसे कम एक अंश पुरानै अधारमा राख्नुपर्दछ। जातीयता र सभ्यताको जुन सम्मिश्रण आजसम्म हाम्रो राष्ट्रीय जीवनमा हुँदै आएको थियो त्यसको अस्वाभाविक उपेक्षा भानुभक्त वा अरु कुनै कविबाट पनि हुन सक्तैन थियो। यस कारण उनमा पनि भाषामा सामान्यतः प्रचलित अरबी, फारसी र हिन्दीका शब्द आएका छन् चाहे ती पुराना कविहरूलाई हेरी कमती मात्रामै किन नहोउन। पादपूर्तिको निमित्त ह्रस्व र दीर्घत्वको व्याकरणविरुद्ध दोष संस्कृतबाट अनुवादको आजसम्म चलिरहेको प्रवृत्ति संस्कृत वर्णवृत्तको उपयोग आदिका साहित्यिक पूँजीलाई लिए तापनि उनले हाम्रो साहित्यमा यस्तो नयाँ भ्याल उघारेका छन्, जसबाट आउने ताजा हावा हाम्रो साहित्यको निम्ति नवजीवनदायी भयो।

भानुभक्तको जन्म १८७१ विक्रमीमा तनहूँको रमधा ग्राममा भयो। यस सम्बन्धमा उनका एक मित्रले लेखेका छन् :—

भानूभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊँ पनी।
घर् तिन्को तनहूँ त बेसि चुँदि हो गाऊँ छ रम्धा भनी॥

यिनका बाजेको नाम श्रीकृष्ण र बाबुको नाम धनञ्जय थियो। धनञ्जयका एक मात्र छोरा भानुभक्त थिए। धनञ्जय खरदार भएर अरू जिल्लामै ज्यादाजसो बस्ने हुनाले भानुभक्तको शिक्षा-दीक्षा र लालन-पालनको सम्पूर्ण उत्तरदायित्व यिनका बाजे उपर नै थियो। यसै कारण भानुभक्तले एक ठाउँमा आफ्नो जुन वंश परिचय दिएका छन् त्यसमा पिताको नामसम्म छोडी आफ्ना बाजेलाई नै प्रमुखता दिएका छन्। यो पद्य यस प्रकार छ :—

पाहाड्को अति बेस देश् तनहुँमा श्रीकृष्ण ब्राह्मण् थिया।
खुप् उच्चाकुल आर्यवंशि हुन गै सत्कर्ममा मन् दिया॥

विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया ।
इन्को नाति म भानुभक्त भनि हूँ यो जानि चिह्नी लिया ॥

चलन अनुसार भानुभक्तले संस्कृतको सामान्य ज्ञान अर्जित गर्न सके तापनि त्यसमा पूर्ण पाण्डित्य प्राप्त गर्ने सुविधा उनले पाउन सकेनन् । सूर्यविक्रम ज्ञवालीले मोतीराम भट्ट कृत भानुभक्तको जीवन-चरित्रको आफूद्वारा सम्पादित संस्करणमा भानुभक्तले लेखेको तुलसी-पूजाको जुन अन्तिम पृष्ठको ब्लक छापेका छन्, त्यसमा 'सम्वत् राधा दामोदरः प्रीयताम्' जसता अशुद्ध प्रयोगले नै यिनको त्रुटि-पूर्ण संस्कृत-ज्ञान प्रदर्शित गर्दछ । सम्भवतः ब्राह्मण परिवारमा काम चलाउने लायकको संस्कृत भाषाको सामान्य ज्ञान भएपछि यिनलाई ज्योतिषको पनि शिक्षा दिइयो । यो ज्ञान पनि साधारण नै थियो ।

तर भानुभक्तको महत्व उनको शास्त्रीय ज्ञानमा निर्भर छैन, उनको महत्व त उनले गरेका अध्यात्म रामायणको नेपाली भाषाको अनुवादमा स्थिर छ । बाल्यावस्थादेखि नै यिनमा नेपाली छन्द-रचनाको शौक थियो । आफ्नो जन्म-पत्रिकाको सारांशमा यिनले जुन छन्द-रचना गरेका थिए, ती नै उनका प्राप्य रचनाहरूमध्ये प्रथम हुन सक्छन् । कारण, तिनमा भाषाको त्यो सौष्ठव छैन, जो पछि उनको विशेषता सिद्ध भयो । तर शीघ्र नै उनी काव्य-शक्तिको विकासमा निर्दिष्ट स्थानमा पुग्न समर्थ भए । मोतीराम भट्टको लेखाइ अनुसार १८६८ विक्रमीमा यिनले आफ्नो रामायणको बालकाण्डको प्रथम रचना समाप्त गरेका थिए, जसको संशोधन पछि कुमारीचोकमा थुनुवा पर्दा गरे होलान् ।

भानुभक्तको काव्य-प्रतिभाको प्रथम स्फुरणको सम्बन्धमा मोतीराम भट्टले एक विशेष घटनाको उल्लेख गरेका छन् । यस अनुसार १८६१ विक्रमीमा भानुभक्त डुल्दा-डुल्दै एउटा नदीको किनारमा पुगे छन् । त्यहाँ उनले एउटा घाँसीलाई घाँस काटि रहेको देखेर त्यसको अर्जित सम्पत्तिको सम्बन्धमा सोधे । घाँसीले केही ज्ञान-गुनका कुरा गर्दै आफूले एउटा इनार खनाइ रहेको चर्चा गऱ्यो । त्यसको कुरा सुनेर नवयुवक

कवि अत्यधिक प्रभावित भए र उनको मनमा सर्वप्रथम काव्यधारा प्रवाहित भयो जो यस प्रकार छ :—

भर् जन्म घाँस तिर मन् दिइ धन् कमायो ।
नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो ॥
घाँसी दरिद्री घरको तर बुद्धि कसूतो ।
मो भानुभक्त धनि भै कन आज यसूतो ॥
मेरा इनार न त सत्तल पाटि क्यै छन् ।
जे धन् र चीजहरू छन् घर भित्र नै छन् ॥
तेस् घाँसिले कसरि आज दिएछ अर्ती ।
धिक्कार हो मकन वस्तु न राखि किर्ती ॥

मोतीराम भट्टले जुन शैली अपनाई भानुभक्तको जीवन-चरित्र लेखेका छन् त्यो निश्चय नै शुद्ध ऐतिहासिक र यथातथ्यात्मक छैन । त्यसमा तथ्यभन्दा बढी भारतेन्दु हरिश्चन्द्र कालीन कथा भन्ने शैलीको प्रधानता छ । काशीका त्यस कालका हिन्दी-प्रेमी र प्रचारक मण्डलीमा आफ्ना पुराना कविहरूको सम्बन्धमा अनेक अलौकिक किम्वदन्तीहरू प्रचलित थिए, जसको आधारमा पनि सर्वसाधारणको आकर्षण उतापट्टि होस् । यसता किम्वदन्ती सन्त-कविहरूको सम्बन्धमा अझै व्यापक रूपमा प्रचलित थियो । वाल्मिकी र क्रौञ्च-मिथुनको सम्बन्धमा भनिने अलौकिक कथाकै ढंगमा सूरदास र तुलसीदासका सम्बन्धमा पनि भक्त-मण्डलीले अनेकानेक अलौकिक दन्तकथा प्रचलित गरेका थिए, जसको उल्लेख यहाँ निष्प्रयोजन छ । मोतीरामले भाषा-प्रेमको विशेष स्फूर्ति काशीका भाषा-साहित्य प्रेमीहरूकै मण्डलीबाट प्राप्त गरेका थिए । त्यसै कारण उनले आफ्ना भेटिएका पुराना कवि भानुभक्तका सम्बन्धमा पनि ती नै जोडाका उक्त दन्त्यकथा कथेका होलान् भन्ने अनुमान हुन्छ । विचारणीय कुरा छ कि पहाड खण्डमा केवल घाँस मात्र काटेर जीविका अर्जित गर्ने खालका घाँसी हुन्नन् । घाँसको प्रयोजन भएमा घरकै जहान अथवा नोकर-चाकर घाँस काटेर ल्याउछन् । फेरि काठमाण्डौं र मधेसमाझैं पहाड-पर्वतमा धन

खर्च गरी परोपकारार्थ इनार खनाउने चलन पनि छैन। मानिस पनेरोमा गई पानी भर्दछन् अथवा रसिलो ठाउँमा सानो खाडल खनेर कुवा बनाउँदछन्। पहाडतिर धर्मार्थ वर-पीपलको चौतरा बनाउने चलन छैन। यसको अतिरिक्त उधृत दुइ छन्दमध्ये प्रथम छन्दको चतुर्थ पादमा प्रयुक्त 'मो भानुभक्त' भानुभक्तको कलमबाट निस्कनु एकदमै असम्भव छ। भानुभक्तले 'म'-को निमित्त कहीं पनि 'मो' लेखेका छैनन् तर भट्टजीले भने आफ्नो भानुभक्तको जीवन-चरित्रको विज्ञप्ति पत्रम् "मै कवि भानुभक्ताचार्यका भतिजा रामदत्तकन मो अनेकानेक धन्यवाद दिन छु"—'मै' यसतो प्रयोग गरेका छन्, जसबाट भानुभक्तको नाममा घोषित उक्त दुइ छन्द स्वयं भट्टजीकै हो भन्ने स्पष्ट हुन्छ।

अस्पष्ट छ कि भानुभक्तले काव्य-रचनाको प्रेरणा कुनै विशिष्ट घटनाबाट पाएनन्। जन-समाजमा अर्द्धशिक्षितहरूमा जुन प्रकार 'शिलोक' भन्ने चलन प्रचलित थियो त्यही भानुभक्तको निमित्त पनि प्रेरक शक्ति भयो। सम्भव छ कि यिनले वसन्तादि कविका रचनाहरू पनि गाउँघरमा सुनेका होलान् र तिनले पनि उनलाई अनुप्रेरित गर्‍योहोला। हामीले माथि नै प्रशङ्गवश विचार गरिसकेका छौं कि खासगरी काठमाण्डूँको दरबारी वातावरण ज्ञान-गुन र सामान्य अध्यात्मवादको निमित्त उपयुक्त जलवायु प्रस्तुत गरिरहेको थियो। पहाड खण्डमा पनि अर्कै केही कारणले यसको अनुकूल परिस्थिति पैदा भयो। बाइसी-चौबीसी राज्यको विलयले स्थानीय राजाश्रय लुप्त भए जसले गर्दा ब्राह्मण गुरु-पुरोहित र अरू पनि राजाश्रित परिवारहरूको आजसम्मको जीविका अर्जनको क्रममा व्याघात पर्‍यो। जुन नयाँ भारदारी राष्ट्रीय विकासको साथ पैदा भयो त्यो राजधानीमै जन्म्यो। यस कारण तिनमा आश्रित सबै परिवारमा आर्थिक परिस्थिति जन्य उद्विग्नता, लाचारी र व्याकुलता स्वाभाविक भयो। बाहिरी शत्रुसित चलिरहेको युद्ध कायम नै रहेको भए सामान्य जन-वर्ग उतैपट्टि लहसिने थियो तर अंग्रेजहरूसित पराजय भएकोले यो बाटो पनि थुनियो। यसले बेकारी

र निराशा दुवैमा वृद्धि भयो। स्वयं राजधानीको स्थिति पनि जन उत्साहको निमित्त प्रतिकुल थियो। भीमसेन थापाको पतन, थापा र पाँडेहरूको संघर्ष र सामान्य राजनैतिक अवस्थाको अस्थिरताले देश-भरीमा स्पष्ट आदर्शको अनिश्चितता आदिको यो परिणाम भयो कि देशको सामान्य वर्गले घोर अस्तव्यस्तता र अशान्तिमा आफ्नो बाटो पैलाउन सकेन। शिक्षाको न्यूनताले संस्कृतको अवहेलना गरायो, निराशावाद र प्रबल विधर्मी शत्रुको भय र त्रासले सामान्य जनतालाई रामको मर्यादावादको गोडामा घोप्ट्यायो र त्यसको पनि स्पष्ट बोधको र अनुभवको शून्यतामा रामको पनि वाल्मिकीवाला पौरुष गुणयुक्त राम होइन वरन् अध्यात्मवादको रंगमा डुबेका रामको आदर्श प्रति लोकलाई डोऱ्यायो। गुप्त साम्राज्यको प्रताप र परिपूर्णतावाला युगको अवसानमा भारतमा पनि रहस्यात्मक तन्त्रवादी जमाना आएको थियो—वाणभट्टले भैरवाचार्यको रूपमा यसतै सामाजिक मनोविकारले ग्रस्त समाजको भावनाको रूप खडा गरेका छन्। फन् हर्ष र पुलकेसी-पछि जब भारतको एक-छत्रता अझ पनि चूर्ण भयो, तन्त्रवादी र घोर भ्रष्टाचारात्मक आडम्बरी उपासकहरूका अनेक मत-मतान्तरले भारत-भूमि व्याप्त भयो जसको असर त्यसपछिका कतिपय शती भारतीय साहित्यमा व्याप्त छ। यसै रहस्यवादी जन-विश्वासको अनुकूलतालाई स्वस्थरूप दिन मध्य-कालका वैष्णव आचार्यहरूले रामको अध्यात्म रामायणवाला रूप खडा गरे। त्यसपछि पनि मुस्लिम-कालमा हिन्दू-धर्मावलम्बीहरूको निमित्त अनुकूल परिस्थिति आएन र तुलसीदासले पनि लोक-मान्यता, रुचि र मानसिक परिस्थितिको अनुकूलताको प्रवाहमा वाल्मिकीय रामको शुद्ध आदर्शलाई छोडी अध्यात्म-रामायण-लाईनै अपनाउनु पऱ्यो। एक त धार्मिक एकत्वको नेपालमा पनि कतिपय शतीदेखि भारतीय समाजमा आदर पाएको अध्यात्म-रामायण को प्रचलन थियो, दोस्रो सुगौली-सन्धीपछि बहिर्मुखी विकासको मार्ग अवरुद्ध भएकोले उसको मनोवैज्ञानिक अवस्था पनि उसतै भयो जसको माथि उल्लेख गरिएको कालमा भारतको भयो। यस कारण शत्रुदमनको

आदर्श छोडी इन्द्रिय-दमनवाला पाठ पडाउने राम-कथातिरै तत्कालीन समाजका बौद्धिक अगुवा कवि भानुभक्तले ध्यान दिनु स्वाभाविकै थियो। अतः यो युगको आवश्यकताको विरुद्ध भएन कि भानुभक्तले रघुनाथकैं नै बाल्मिकीय रामायणलाई परसारी आफ्नो अनुवादको आधार अध्यात्म-रामायणलाई नै बनाए।

तर भानुभक्तले अहिलेसम्म चर्चा भएका कविहरूभैं राजधानीमै बसी काव्य-रचनाको प्रारम्भ गरेनन्। यसो भएको भए भानुभक्तको गोडा हाम्रो भाषा र साहित्यको नयाँ खुडकीलोमा पर्दैन थियो। काठ-माण्डूमा स्वभावतः जुन प्रवृत्तिहरूको स्वाभाविक ह्रासमिसे व्याप्ति थियो, त्यसभन्दा टाढा शुद्ध स्वदेशी पहाडी खोचमै भानुभक्तले कलम समाते यस कारण नेपालको नीजत्वको साफ झलक सबभन्दा पहिले उनैको वाणीमा देखिन्छ। फेरि, हाम्रो देशका स्थलहरू मध्ये यही मध्य-भाग पहाड़ी खण्डमा अधिक समृद्ध थियो र कम से कम चौबीसी राज्यहरूको सभ्यताको यही मूल स्थल पनि थियो। जब समुदायको बीचमा बसी यसरी उसैको शुद्ध बोलीमा सम्पूर्ण मध्य हिमालय-खण्डीय सभ्यताको उत्तराधिकार कुम्ल्याएर लोक, काल र परिस्थितिको अनुकूलताको बाटो भानुभक्त बढे। यस प्रकार राजधानीमा हुर्कन लागेको देशी साहित्यिक परम्परालाई आफनै देशको जन-भाषाको नयाँ सुगन्ध दिएर उनले नेपाली साहित्यको निमित्त नयाँ र महत्वपूर्ण बाटो दिए, पहाड-खण्डबाट विजयको भेलमा हुत्तिएर छरिएको भावनालाई मूल अवस्थलको पुरानो र दरो भावात्मक बल सम्झाएर पनि उनले देशी साहित्यको आत्मामा नयाँ शक्ति भरेको देखिन्छ—नत्र कुनै कारण थिएन कि आफना अग्रजहरूलाई कुहुन्याउँदै भानुभक्त नै आगामी युगका कविहरूका मुखिया बन्न पुगुन्।

भाषाको ठेठ देशी मर्यादा र निजी साहित्यिक शक्तिको बल-प्रदर्शन-को साथै भानुभक्तले एक अर्को किसिमले पनि हाम्रो साहित्यमा सर्व-प्रथम मौलिकताको नयाँ द्वार खोलेका छन्। त्यो हो काव्य-परिपाटीमा नायक र नायिकाको सौन्दर्यको अतिरिक्त प्राकृतिक शोभा विशेष गरी

आफनो देशको प्राकृतिक शोभा र अरू यसतै वस्तुहरू प्रति मोहयुक्त रागात्मक वृत्ति । भानुभक्तमा देखा परेको यस वृत्तिको चर्चा गर्दै मृगेन्द्र-शम्शेर जङ्गबहादुर राणाले लेखेका छन् कि यसतो वृत्ति जसलाई हामी देश-प्रेम भन्दछौं एशियाली साहित्यमा बहुतै कम पाइन्छ, यो खासगरी यूरोपीय साहित्यको विशेषता हो । धेरै अंशमा यो सत्य पनि हो । मनो-वैज्ञानिक दृष्टिले कुनै वस्तु प्रति 'स्व'-को भावना र मोह अथवा अनुराग त्यसै अवस्थामा चेतन हुन्छ जुन अवस्थामा त्यो आफूबाट खोसिने अथवा विलग हुने आशंका हुन जान्छ । सम्पूर्ण एशियाली साहित्यमा यो कुरा घटाउने केही प्रयोजन छैन, केवल भारत र नेपालकै चर्चा अलग होला । भारतमा आपसी संघर्ष र युद्ध भयो तर ती अधिकांश आफनै स्वदेशी बन्धुहरूसित । यस कारण 'देश'को स्वतन्त्रता अथवा सुरक्षा गुम्ने डर त्यहाँ भएन । विदेशीहरूले जुन आक्रमण गरे त्यसपछि नै ती यहाँका स्थानीय निवासी बने, तिनमा विदेशीपन रहेन—विधर्मी-पनको बोध र आफनो धर्म प्रति मोहको भावनाबाट चाँहि भारतीय साहित्य विलग भएन । जब अन्ततोगत्वा विदेशी अंग्रेजी शासन भार-तीय स्वाधीनताको निमित्त खतरा स्वरूप भारतमा जम्यो तबदेखि भारतीय लोकभावनामा स्वदेशीपनको मोह जमेकै छ—जसतै बंगालको सन्यासी विद्रोहको रूपमा अथवा अन्यत्र पनि । तब देखि १८५७ ई० र त्यसपछि १९४७ ई० सम्मको भारतीय वाग्धारामा देश-प्रेमको ध्वनि क्रमशः बढ्दै गइरहेको भेटिने छ । नेपालमा पनि यसै आधारमा अंग्रेज हरूसित परेको युद्धले नै हाम्रो साहित्यमा यो ध्वनि जगायो । यसको प्रथम सुर यदुनाथ पोखरेलको एक स्तुति-पद्यमा सुनिन्छ र कारणको तीव्रताको व्याप्तिले भानुभक्तमा यो अझै तीव्रतर र व्यापक भएको छ । प्रकृति प्रतिको मोहको सम्बन्धमा मृगेन्द्रशम्शेरको तर्क लागू हुन्न, कारण संस्कृत काव्य-परम्परामा आलम्बन र उद्दीपन विभावको रूपमा बाह्य-प्रकृति ग्रहित छ—वेद, रामायण, महाभारत, मेघदूत, शकुन्तला, उत्तर-राम-चरित आदि काव्य यसका प्रधान उदाहरण छन् । नेपालमा पनि प्रकृतिले आलम्बन र उद्दीपनको रूपमा हाम्रो लोक-साहित्यलाई बाँझो

तुल्याएको छैन। तर, निश्चय नै भानुभक्तले प्रकृति प्रति पनि माथि उल्लेख गरिएको कारणवश नयाँ दृष्टि दिए। यसभन्दा अघि चाहे आलम्बनको रूपमा, अथवा उद्दीपनको रूपमा प्रकृति धेरै जसो मानव-जीवनको रगशालामा सुन्दर र मोहक पर्दाकै रूपमा चित्रित थिइन्—जसतो कि यूरोपीमा पनि फ्रान्सीसी राज्य क्रान्तिको पहिले। तर, फ्रान्सीसी राज्यक्रान्तिले प्रकृति पुत्र—तल्ला श्रेणीका व्यक्तिहरूको महत्व देखाएन अपितु उनकी माता प्रकृतिमा पनि जीवनको गतिशीलता देखायो कारण, अब महत्वको आधार साम्राज्य र उच्च वर्गको सुख-समृद्धिमा आश्रृत हुन लागेको थियो—अर्थात् लोक दृष्ट बाहिर तर नदौडी आफैंतिर घुमेको थियो। युद्धकालमा राष्ट्रीय बलको आधार निम्न वग नै हो भन्ने अनुभव गर्न लागि सकेका नेपालीहरूको दृष्टि अंग्रेज-युद्धमा पराजित भएर अझै पनि अन्तर्मुखी हुनु अस्वाभाविक भएन, र भानुभक्तको प्रकृति मोहमा यही भावनाको छाया विशेषता उत्पन्न गर्दछ।

भानुभक्तले केवल-जडप्रकृतिलाई नै बदलिएको दृष्टिले हेरेनन्, उनले सबभन्दा ठूलो र नेपाली साहित्य'-मा सब भन्दा पहिले प्रकृति पुत्रलाई साहित्यको आशनमा विशेषतासाथ विराजमान गराएर हाम्रो साहित्यमा नयाँ युग ल्याए। साहित्यको साध्य-स्थल नै प्रकृति हुन्छ—अन्तः प्रकृति र बाह्य प्रकृति, जसको साधन द्वारा उसले मानव मात्रलाई, भावनाको रेशमी डोरीले बाँध्छ। मानव मात्रमा प्रेम, उत्साह शोकादि जुन प्राकृत भाव हुन्छन्, तिनीहरूलाई आवश्यकता-नुसार बाह्य प्रकृतिको सहायताले उद्दीप्त गर्दै आफ्नो रचना द्वारा एक सूत्रमा बाँधेर खानु नै काव्यको प्रयोजन हो। कसैको रचनाले कति ठूलो जनसमुदायको भावनालाई कति दीर्घकालसम्म यसरी कुम्ल्याउन सक्तछ; त्यसैमा रचनाको श्रेष्ठता जाँचिन्छ। यदि रचना सर्वसाधारणलाई हृदयग्राही छ भने सर्वसाधारणका सामान्य भावलाई नै रचनाकारले स्थायी भाव बनाउनु पर्दछ, चाहे ती भाव कुनै पनि वर्गको व्यक्ति विशेषको आलम्बनमा किन न.....तात्पर्य यो कि उच्चवर्गीय व्यक्तिमा प्रदर्शित भए तापनि काव्यमा यसता

व्यक्ति सामान्य धरातलमा सर्वसामान्य भाव मात्र प्रकट गर्दछन्, जसतै राम वा पाण्डव वा ओथेलो र ह्याम्लेट। रामको चरित्र प्रदर्शित गर्न वाल्मिकीले उनलाई पञ्चवटी, दण्डक र निषाद एवं वानर-भालूकोबीच लिएर जानु पऱ्यो। पाण्डवहरू पनि द्वैतवन र सैनिकहरूकाबीच आफ्नो चरित्र वैशिष्ठ्य देखाउँछन्। ओथेलो इटालीको सभ्यताबाट हटेर सैनिकहरूकोबीच र मानव वृत्तिको साधारण परिस्थितिमा काम गर्दछ, ह्याम्लेट पनि भावनाको दृष्टिले सामान्य परिस्थितिमा घुम्दछ। भानुभक्तले भावना अँगाल्न उच्चवर्गीय राम र साथै सामान्य वर्गका आफू जसतै व्यक्ति—दुवैलाई आलम्बन बनाएका छन्। यसरी आलम्बन विधानमा रामायणको कम महत्व भए तापनि उनका अरू फुटकर रचनाका आलम्बन त निश्चय नै हाम्रो लिखित साहित्यको इतिहासमा नयाँ महत्वका छन्। राममा लोक भावनाले आफूलाई कता-कता भेट्टाउन केही प्रयत्न गर्नु परेता पनि शेष रचनाका घटना, विचार, भाव र पात्र त स्वयं उनकै वा उनीहरू नै हुन्, जहाँ तिनको दैनिक जीवन, आकांक्षा र प्रश्न स्पष्ट र बोधगम्य छन्।

यस प्रकारका आलम्बन विधानका अलग अलग महत्व र प्रयोजन हुन्छन्। मध्यकालमा जब कि सामाजिक मान्यतामा सम्पन्न व्यक्ति नै समाजका आदर्श थिए, शैक्षिक महत्वका विषय यसतै वर्गमा आधारित गरिन्थे। ग्रीसमा त्रासयुक्त शिक्षा दिनु नै दुःखान्त नाटकको कल्पना भयो, र यस कारण यूरोपीय साहित्यमा भय र शिक्षा दिन यसतै वर्गका नायकलाई लिएर दुखान्त नाटकको रचना भयो, जुन परम्परा फ्रान्सीसी राज्यक्रान्तिसम्म एकनासँग चल्यो र यो क्रम विश्व-व्यापी पनि छ।।तर जहाँ शिक्षा साह्रै गहकीलो र स्थायी थिएन त्यहाँ कथालाई यसतो गम्भीर बनाउने र अतः उच्चस्थ वर्गका प्रतिनिधिहरूलाई आलम्बन बनाउने प्रयोजन पनि थिएन; यो परम्परा पनि विश्वव्यापी थियो। भानुभक्तले विश्व-काव्य परीपाटीका दुवै साधन र रीति अपनाएका छन् रामायणमा ज्यादै नै गहकीलो, लामो,

पवित्र र राष्ट्रव्यापी आदर्श खडा गरिएको छ; शेष रचना सामान्य र मनोरञ्जक । हुन त, राष्ट्रलाई उद्‌बुद्ध गरी पराजयको क्षोभ बिर्सा-उँदै पुनः अशावादी बनाउने दृष्टिले रामायणको महत्व ज्यादै नै बढी छ, तथापि परम्परावादी पौराणिक आख्यान भएकोले यसको साहित्यिक महत्व कथा र वस्तुको दृष्टिले अरू रचनाहरू भन्दा कम छ । र यस कारण रामायणको आलोचना हुँदा यसको मौलिक मूल्याङ्कन गर्नु निष्प्रयोजन छ ।

लौकिक र समसामयिक विषयमा आधारित रामायणेतिर रचना हरूको प्रसङ्गमा यदुनाथ पोखरेलको 'स्तुति-पद्य'को पनि उल्लेख भयो । हुन त जङ्गी-जोशको दृष्टिले यदुनाथको कम-से-कम पनिको 'स्तुति-पद्य' निकै राम्रो छ तथापि त्यसको स्थायी मूल्य समाजको दृष्टिमा कम छ । जुन शस्त्र बलको उत्साह यदुनाथले देखाए त्यो क्षणभंगुर रह्यो । यद्यपि भीमसेन थापा केही दिनसम्म हाम्रोबीच अनुकरणीय वीर रहे, तथापि त्यो वीरताको आदर्श शीघ्रनै स्खलित भयो, भीमसेन थापाको पनि नराम्रो मृत्यु भयो । यूरोपीय ढंगको एक दुःखान्त नाटकको यो राम्रो कथानक भएता पनि लोक-भावना युद्धबाट विरत हुनासाथ त्यस समय यसको कुनै राष्ट्रीय मूल्य रहेन । दोस्रो, भानुभक्तले भाषाको जुन स्वकीयता देखाएका छन् त्यसको दाँजोमा यदुनाथ टिक्न सक्तैनन्; तेस्रो यदुनाथको रचनामा जुन स्वार्थको अन्तर्निहित गन्ध छ त्यसले यसलाई जन-समाजसम्म स्थायी मर्यादाकासाथ पुग्न रोक्यो । चौथो, आफनो पराक्रमको बारेमा आजको नेपाली समाज जत्ति पनि मोह गरोस्, त्यस समयको समाजको एक ठूलो भाग त्यत्ति आत्मीयता र निजीपन अनुभव गर्दैनथ्यो, कारण भीमसेन थापा राज-शक्तिका प्रतीक र तत्कालीन बहिर्मुखी वृत्तिका अगुवा र सामाजिक एवं पारिवारिक आकांक्षा र प्रश्नभन्दा टाढा थिए । अतः आज उनको पतनमा हामी चाहे शोक र रोष प्रकट गरौं, त्यस समयको समाजले त उनको पतनमा प्रतिहिंसा वा सक्रिय विरोधको कुनै भाव देखाएन । भीमसेन थापाको मृत्यु त्यस समयको नेपालले अरू तत्कालीन धेरै घटनाहरूकै क्रममा

भएको एक दुःखपूर्ण समाचारको रूपमा सुन्यो र केही क्षण वा दिनसम्म त्रसित पनि भयो। तर न यसले हाम्रो दैनिक जीवनमा ठूलो उथल-पुथल पाऱ्यो, न त्यसलाई सम्झेर आफना कविहरूसम्म नै पुऱ्याए। त्यसको महत्वपूर्ण ऐतिहासिक मूल्य भयो; साहित्यिक भएन। भानु-भक्तले आफना लोक-पक्षीय रचनामा यसता कुनै महावीरलाई महत्व दिएनन्; उनका वीर त हाम्रा चिरन्तन घर र गाउँका समस्यामा जुझने व्यक्ति नै भए, जसलाई न समाजले बिर्सन सक्छ, न उसको गायक कविले नै यस प्रकार अन्तर्वृत्तिको संघर्ष र त्यसका आलम्बन सामान्य नायकलाई अगाडि बढाएर भानुभक्तले आगामी जनवादतिर सर्व-प्रथम इशारा गरे। जनताको बीच बसी जनताको भाषा, जनताको कथा सुनाउने कविको रूपमा भानुभक्त नै सर्वप्रथम भए, जो उनको सबभन्दा ठूलो महत्व हो।

मोतीराम भट्टको अनुसार १९०६ विक्रमीमा जग्गा बापतको झग-डामा लगभग सत्ताईस वर्षको उमेरमा उनी काठमाण्डौं आए। बाबुराम आचार्यको भनाइ अनुसार हुन सक्छ कि यो उनी राजधानीमा आएको पहिलो अवसर नहोस्। तर काव्यशक्ति सम्पन्न भएर आउने त उनको यही पहिलो अवतर देखिन्छ। यसै क्रममा सहर नपुग्दै बालाज्यूमा उनले प्रकृतिको जुनरूप कुतूहलकासाथ देखे, त्यसको वर्णनमा उनको दुइ छन्द भेटिन्छ। यसमा प्रकृतिको मनोरम रूपको जसतो मौलिक वर्णन छ त्यो शायद हाम्रो प्राप्य साहित्यमा पहिलो उदाहरण हो। यसको अन्तिम छन्दमा कविको कच्चा उमेरमको स्वाभाविक र हलुका भावना छ। यी दुवै छन्द यस प्रकार छन् :—

यति दिन पछि मैले आज बालाजि देख्याँ।
पृथिवितल भरीमा स्वर्ग हो जानि लेख्याँ॥
वरिपरि लहराका झूलि बस्न्या चरा छन्।
मधुर वचन बोली मन् लिंदा क्या सुरा छन् ॥१॥
याहाँ बसेर कविता यदि गर्न पाउँ।
यस् देखि सोख अरू थोक म के चिताऊँ॥

यस् माथि झन् असल सुन्दरि एक् नचाऊँ ।
खैंचेर इन्द्रकन स्वर्ग यहीं बनाऊँ ॥ २ ॥

भानुभक्त पछि मोतीराम भट्ट प्रभृति नौजवान कविहरूको मानसिक र विचारात्मक धरातल पनि यसतै भएकोले यो रचना उनीहरूलाई पनि निकै हृदयग्राही र प्रेरक लाग्यो होला । र यदि कुनै रचनामा पछिको निम्ति प्रेरणा-शक्ति सन्निहित छ भने त्यो काव्यशास्त्रको कसीमा हलुका भए पनि मूल्यहीन हुन्न ।

शायद यसपछि नै काठमाण्डूँ शहर पुगेर उनले आफनो राजधानीको जुन शहरी शोभा देखे त्यसले नवयुवक कविको मनमा आफना देशको गौरव, विस्मय शृङ्गार आदि भाव एकसाथ उत्पन्न गऱ्यो र उनले कान्तिपुरीलाई निर्धक्क अलकापुरीसित दाँजे । यो कविता यस प्रकार छ :—

चपला अवलाहरू एक सुरमा ।
गुमकेसरिको फुल ली सिरमा ॥
हिंडन्या सखि ली कन ओरिपरी ।
अमरावति कान्तिपुरी नगरी ॥
यति छन् भनि गन्नु कहाँ धनि ज्ञा ।
खुशि छन् मनमा बहुतै दुनिञा ॥
जनकी यसरी सुखकी सगरी ।
अलकापुरी कान्तिपुरी नगरी ॥
कहिं भोट र लन्डन चीन सरी ।
कहिं माल् भरि गल्लि छ डिल्लि सरी ॥
लखनौ पटना मदरास सरी ।
अलकापुरि कान्तिपुरी नगरी ॥
तरवार कटार खुँडा खुकुरी ।
पिसतोल र बन्दुक सम्म भिरी ॥
अति शूर र वीर भरी नगरी ।
छ त कुन् सरि कान्तिपुरी नगरी ॥

रिस राग कपट् छल छन यहाँ ।
तब धर्म कती छ कती यहाँ ॥
पंशुका पति छन् रखवारि गरी ।
शिवकी पुरि कान्तिपुरी नगरी ॥

साहित्यिक इतिहासको दृष्टिले यसको केही मौलिक महत्व छ । जहाँ कविले 'जनकी यसरी सुखकी सगरी' लेखेर नेपालीमा हिन्दी ढंगको चलिरहेको स्त्रीलिङ्गी प्रयोग र अनुप्रासको छटा देखाउँदै पूर्ववर्ती कविहरूका वृत्तिको पनि परम्परा कायम राखेका छन्, र साथै तरवार, खुँडा, खुकुरी, पिस्तोल र बन्दुकको चर्चा गरेर तत्कालीन शेष रहेको सैनिक जोशको पनि उल्लेख गरेका छन, त्यहाँ सर्वप्रथम स्वतन्त्र र मौलिक ढंगको शृङ्गारी भावका र गीतात्मकता (Lyricism) पनि देखाएर साहित्यमा स्वदेशी आधारको रसात्मकताको परम्परा पनि कायम गरेका छन् । यद्यपि भानुभक्तमा यो वृत्ति निम्नलिखित दुइ चरणमा पनि देखा परेको छ ।

विन्ती एक म गर्दछू सुन प्रिये प्रीती निरन्तर रहोस् ।
ताहाँको मन पींजरा म मुनिआँ यै चाल्-सदा काल् रहोस् ॥

र यसको शृङ्गारीपनाले उनका उत्तराधिकारी मोतीराम भट्टलाई पनि साह्रै प्रभावित पारेको थियो, तथापि भानुभक्त-कालमा यसलाई मौजी-वृत्ति अझै आइ सक्ने वेला भएको थिएन । साहित्यमा गीत-काव्यको परम्परा समाजको तीन मानसिक अवस्थामा आउन सक्छ— एक त व्यक्तिवादको पूर्ण विकासमा; जसलाई कि अंग्रेजीमा अठारौं शताब्दीमा, दोस्रो सामन्तवादको चरम उत्कर्षमा, जसलाई कि इङ्गलेण्डमा इलिजाबेथ प्रथमको समयमा र गुप्तकालीन भारतमा, तेस्रो कुनै राष्ट्रव्यापी धार्मिक, आर्थिक, र विचारात्मक कुनै गम्भीर प्रतिक्रियाको युगमा जसलाई कि यूरोपीय रेनेसाँ, हिन्दुस्तानी सन्त साहित्यिक युगमा वा अंग्रेजी साम्राज्यवादको पतनकालमा । भानुभक्तको समयमा यी तीनै अवस्था स्पष्ट थिएनन्; चाहे तिनको प्रारम्भिक परिस्थिति

बनि सकेको होस्। यस युगमा न राजनैतिक र आर्थिक कारणले व्यक्तिवादकै विकास भएको थियो जसतो कि प्रथम महायुद्ध पछि भयो, न राणा-शासन मै जमिसकेको थियो, न समाज-व्यापी निराशा नै स्थिर भइसकेको थियो। तर घटनाहरू यतातिर बिस्तारै-बिस्तारै ओर्लिसकेका थिए। कम-से-कम वृत्तिहरुले अन्तर्मुखी बन्ने अवस्था सामान्यतः समाजमा आइसकेको थियो, र भानुभक्तले स्वतन्त्र शृङ्गारी आधारमा यी स्फुट रचना द्वारा आगामी वृत्तिको प्रथम शिलान्यास पनि गरे। रामायणको अनुवाद गरे तापनि भानुभक्त सूर, तुलसी, कृत्तिदास आदि जसता सन्त कवि थिएनन्। रामायणको अनुवाद त ऐतिहासिक कारणमा सामाजिक मनोदशाले गराएको मात्र थियो। भानुभक्त परिवारिक र सामाजिक जीवनका एक सामान्य व्यक्ति थिए जसले उदरपूर्तिको निमित्त सामान्य सरकारी जागीर खानु परेको थियो, कुमारीचोकमा बही हुकाउनु परेको थियो, धार्मिक लोकाचार गर्नु, गराउनु परेको थियो र घर-गाउँलेसित खेत-बारीको मुद्दा गर्नु परेको थियो। समाजका एक व्यावहारिक व्यक्तिको स्पष्ट रूप उनको रचनामा पनि परेको थियो र उनको यो 'व्यावहारिकतावाद सामान्य सामाजिक व्यक्तिहरुलाई पनि प्रेरणा दिन्छ। भानुभक्तले कृष्णबहादुर राणालाई कतिपय पटक जुन छन्दबद्ध विन्तिपत्र पठाएका छन्, अथवा लोकलाङ्का जैसी ब्राह्मणका घरमा भुटेको मकै खाँदा जुन रचना गरेका छन्, अथवा एक जनासित मनपरेको बन्दूक लिन खोज्दा जुन बढ्याइँयुक्त छन्द रचना गरेका छन अथवा विस्तारसाथ जुन वधु-शिक्षा लेखेका छन् ती सबैले व्यवहार-कुशल भानुभक्तका व्यक्तित्व दर्शाउँछन्। भाषाको सामाजिक रूप र विषयको यसतै पारिवारिकता अथवा व्यावहारिकवादले भानुभक्तलाई यति लोकप्रिय बनायो जसमा शंका छैन।

भानुभक्तका यसता सबै फुटकर रचनामा कविको एक अर्को विशेषता पनि भेटिन्छ, त्यो हो व्यंग्य अथवा विनोदप्रियता। साहित्यमा विनोद (Humour)-को पनि दुइ पक्ष हुन्छ—एक त

त्यसको समाज पक्ष अर्को व्यक्ति पक्ष। समाजमा केही यसता सर्वसाधारण मान्यता स्थिर हुन्छन् जसबाट स्खलित हुनु हास्य वा विनोदको परिस्थिति पैदा गर्दछ। उदाहरणार्थ यज्ञ गर्दा प्रचलित किसिमको हविष्को स्थानमा कसैले केक र बिस्कुट अर्पि सान्यो भने त्यहाँ विनोदी परिस्थिति उत्पन्न हुन जाला। यसैगरी असमयमा र असाधारण ढंगले खाने प्रवृत्ति देखाउने असामान्य रूप-रंगको विदूषक ब्राह्मण संस्कृत नाटकमा हास्यको आधार बन्दछ। पर आर्यावर्तीय समाजमा यति सभ्यताको मिश्रण भएको छ कि हाम्रा सामाजिक सामान्यताहरू धेरै नै स्थिर र निश्चित हुनै पाएका छैनन् जसले हास्य वा विनोदको सामाजिक पक्ष बलियो होस्। यही कारण हो कि आर्यावर्तीय साहित्यमा अंग्रेजीको दाँजोमा साह्रै नै कम हास्य-विनोद (humour) भेटिन्छ। यस परिस्थितिमा हाम्रा साहित्यकारको निमित्त केवल हास्य-विनोदको एकै पक्ष शेष रहन्छ—व्यक्ति पक्ष।

माथि नै भनियो कि विनोद केवल समाजको सामान्य मान्यता बाट स्खलित हुन गएको परिस्थितिलाई लिएर नै उत्पन्न हुन्छ। तर यसतो स्खलन चित्र सक्ने र त्यसको चित्रण गर्न सक्ने दृष्टि र लेखनीमा पनि विशेष प्रकारको शक्ति प्रयोजनीय छ, नत्र भने त्यस परिस्थितिमा पनि अर्कै कुनै विरोधी रस उत्पन्न हुन्छ। गाजलको पहाड जसतो कालो दश-टाउके र बीस-हात भएको रावण मानव स्वरूपको सामान्य अवस्था देखि धेरै ठाडा हास्य उत्पन्न गर्ने उपकरण पनि हुन सक्तछ, जसतो विश्व-विजयी रावणसित वानर र भालूको बथ नसँग युद्ध गर्न जाने राम। तर, कविले यी दुवैलाई कुनै भिन्न रसका आलम्बन बनाएका छन्। विनोद गर्न उद्यत भएको बुद्धि यति सन्तुलित हुनुपर्दछ कि उसले समाजका सामान्य मान्यतालाई ठीक-ठीक पैल्याएर त्यस परिस्थितिबाट विचलित भएको अवस्था आफ्नो विशेष बुद्धि र शक्ति द्वारा अङ्कित गर्न सकोस्। सरकसमा

धरातलदेखि धेरै माथि तानिएको डोरीमा लवार-पाँडेको भेष लिई शराबीको छाँटले डगमग गरी गोडा लटपटाउँदै हिड्ने नट दर्शकको मनमा विनोद उत्पन्न गर्दछ। विनोद लेख्न अग्रसर साहित्यकारको यसतै डोरीमा संतुलन बिगारे जसतो गरेर, तर अझै बढी सन्तुलन कायम राखेर विनोद उत्पन्न गर्नु पर्दछ। नत्र पछारिएर नटको अंगभंग हुने डर छ। भानुभक्तले सामाजिक विकासको हाम्रो त्यस युगमा जब कि सामन्ती दरबारको वातावरणमा जब कि 'दरबारी सोमत'-को विकास समेत राम्ररी हुन पाएको थिएन, र यसरी हासको लोकपक्षको कहीं स्थायित्व नै थिएन, आफ्नो रचनामा निकै विनोद प्रियता देखाएर परिपक्व मस्तिष्क र आत्माको राम्रो परिचय दिएका छन्। नेपाली साहित्यमा उनको जसतो स्वस्थ साहित्यिक विनोद पछिका लेखकहरू-मध्ये पनि विरलैले गर्न सकेका छन्। अधिका लेखकहरूले त यस प्रकारको विनोद गर्नै सकेका छैनन्।

यसको पनि एक कारण ठान्दछु—साहित्यमा हास्य पनि एक विशिष्ट सामाजिक प्रतिक्रियाको द्योतक हुन्छ, ठीक त्यसतै गरी जसतो व्यक्तिमा। यदि ज्यादै नै विनोदी लेखक छ भने, प्रायशः त्यसको जीवनको कुनै न कुनै अंश त्यति नै गम्भीर हुन सक्तछ—जसतो कि अंग्रेजी निबन्धकार चार्ल्स लैम्बको। मनोविज्ञानीहरूको शब्दावलीमा यसतो हास्य जीवनको अर्को क्षेत्रको गम्भीरताको प्रतिक्रिया हो, र लैम्ब जसलाई आफनो निबन्ध-संग्रहको भूमिकामा पलायन भनी स्वीकार गर्दछन्। यसतो प्रतिक्रिया सामाजिक धरातलमा पनि हुन सक्तछ। फ्रान्ससित सय वर्ष लढेर थाकेको इंगल्याण्ड चसको 'क्यान्टर-बरी टेल' मा सबभन्दा पहिले मुस्काउँछ। भयानक मारकाटपछि आफनै आँगनमा बिसाएर नेपालीका आठमा भानुभक्तमा पुगी सब-भन्दा पहिले स्मित रेखा देखा पर्दछ। युद्धमा हारेर चारैतिरबाट बाँधिएको नेपाली मनलाई भानुभक्तले सर्वप्रथम प्रफुल्लित पारेका छन्। जसतैः—

रोज् रोज् दर्शन पाउँछू चरणको ताप् छैन मन्मा कछू ।
रात् भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छू ॥
लाम्खुट्टे उपिन्ना उडुस् इ सँगि छन् इन्कै लहड्मा बसी ।
लाम्खुट्टेहरू गाँउछन् इ उपिन्ना नाच्छन् म हेर्छु बसी ॥

यहाँ भानुभक्तमा देखा परेको एक अर्को ऐतिहासिक प्रतिक्रियाको पनि उल्लेख जरूरी छ । युद्धमा सतत विजयी नेपाली जातिले अंग्रेज-हरूसित साह्रै नै नराम्रो ढंगले पराजित भएर भयानक पथ-भ्रान्ति र आत्म-हीनता अनुभव गर्न्यो होला । त्यसपछि नै स्वयं आफनै देशमा थापा र पाँडेहरूको संघर्ष चल्यो र राजा पनि जोइटिंग्रे परे । समाजलाई अब यसतो अनुभव भयो होला कि शायद उसको सबै थोक गयो, बाँकी केही रहेन । तर भानुभक्तले यसै समय बताए कि अमरावती जसतो कान्तिपुरी नेपालीहरूको राजधानी छ, जहाँ सारा दुनियाँ धनी र खुशी छन्, सम्पूर्ण (सगरी) सुख यहाँ जनलाई प्राप्य छ, यसको तुलनामा भोट, लण्डन, चीन, दिल्ली, लखनऊ, पटना, मद्रास पनि नगण्य छ; यसमा जसता शूर-वीर छन् त्यसता अन्यत्र छैनन्, यसका नारीहरू साक्षात् लक्ष्मीका रूपमा देखिन्छन्, यहाँका जनता रीस, राग र कपटदेखि टाढा छन् र साक्षात् पशुपति उनका रक्षक छन् आदि आदि । यस प्रकार आत्मबोध गराएर पनि भानुभक्तले जीवनको प्रति नयाँ मोह र गौरवको भक्तेको बाटो फेरि प्रस्तुत पारे र हारेको समाजमा नवजीवनको नयाँ स्फूर्ति अंकुरित गरे । यो आशावादको प्रत्यक्ष र स्थूल उपकरण प्रस्तुत गर्न कविको निमित्त साह्रै नै ठूलो उत्तरदायित्वको काम थियो, र निस्सन्देह यसमा उनी सफल पनि भए । उनीपछि नै मोतीराम भट्ट आदि नवयुवक कविहरूको जुन एक मण्डली जीवनमा नयाँ रंग भर्न अघि सर्न्यो त्यसको मूल प्रेरक-शक्ति यस प्रकार भानुभक्तबाटै प्रवाहित हुन्छ ।

माथि भानुभक्तको एक शृंगारी-रचनाको उल्लेख भएको छ, जसको मोतीराम भट्टले ज्यादै नै प्रशंसा गरेका छन् । साहित्यमा शृंगारको पनि

ऐतिहासिक र मनोवैज्ञानिक महत्व हुन्छ। साहित्यको इतिहासमा शृङ्गारी रचनाको बहुलता समाजको दुइ अवस्थामा भेटिन्छ—एक त्यस अवस्थामा जब कि समाज आर्थिक उत्कर्षको चरम सीमामा पुगेको हुन्छ, जसतो कि गुप्तकालीन भारतमा। भौतिक विजयको पराकाष्टामा पुगेर समाज रसरागको उपभोगमा लहसिन्छ, कारण अब उ विरोधीहरूको विरोधदेखि टाढा पुगेको छ। तर यसतो अवस्थामा साहित्यमा जुन शृङ्गार पक्ष आउँछ त्यसमा बहुलता भए तापनि जीवनको अन्य स्कन्धको पनि स्वस्थता स्पष्ट हुन्छ, तर यदि शृङ्गारमा समाजको यसतो ऊर्जस्वित स्वास्थ्यको दर्शन छैन भने त्यो त्यस युगको समाजको रोगीपना दर्शाउँछ जसतो कि हिन्दी साहित्यको रीति-कालमा। शृङ्गारी रचनाको बहुलता हुने समाजको यो दोश्रो अवस्था हो। जीवनको अरू स्वस्थ र ऊर्द्धमुखी प्रतिभा र विकासको बाटो अवरुद्ध भएर पनि मानव मन काम-वासनातिर ढल्कन्छ जसरी कि कमजोरी र रोगको अवस्थामा मनुष्यमा काम-प्रवृत्तिको प्रबलता हुन्छ। हामीले माथि नै भन्यौ कि बहादुर शाह र राज्यलक्ष्मीको नायवीपछि नेपाली दरबारमा विलास-पक्ष बढ्दै गइरहेको थियो, र राजेन्द्रविक्रम शाहको स्वीलम्पटताले यसमा अझै वृद्धि गर्‍यो, जसको परिणाम स्वरूप भानुभक्तभन्दा अघिका कविहरूमा कृष्णलाई आलम्बन बनाएर भए तापनि काम-वासनाको बहुलता देखिन्छ। तर यस रोगी वृत्तिको विस्तार देश व्यापी हुन पाएको थिएन। उता अंग्रेजसित पराजित भएको असर हाम्रो जीवनमा पूर्णतः व्याप्त हुन सकेको थिएन। दरबारमा पनि युद्ध र भूमि-विजय त्यति स्पृहणीय थिएन जत्ति कि अघि। राज्य निकै विस्तृत भइसकेको थियो, र रक्तपात अवाञ्छित वस्तु भइसकेको थियो। युद्धमा कोप खाली गर्नु राजेन्द्रविक्रम र उनकी रानीहरूलाई मन पर्ने कुरा थिएन, जसको परिणाम स्वरूप अंग्रेजहरूसितका मोर्चामा धनको कमी भइरहेको थियो। यस अवस्थामा साहित्यको जग दरबारमा बलियो ढंगले जमि सकेको भए शृङ्गारी-रचनाहरू बहुलताको साथ हुने थियो; तर शान्ति

चाहे तापनि दरबारमा शान्ति थिए । युद्धबाट भर्खर पराङ्मुख भएको जन समाजको मनोभाव पनि शृङ्गारको निमित्त आवश्यक किसिमले न रोगी नै थियो न स्वस्थ नै। शासनमा पूर्ण स्थिरता आइसकेको भए अथवा राणा-कालीन सामन्तवाद स्थिर भइसकेको भए र समाजले पनि आफनो विकासको बाटो चारैतिरबाट थुनि सकिएको अनुभव गरेको भए भानुभक्तमा पनि शृंगारी-वृत्ति त्यति नै मात्रामा आउने थियो जत्ति केही वर्षपछि मोतीराम भट्ट र उनका मण्डलीका नवयुवक कविहरूमा। तर, एकातिर यसरी सामाजिक अवस्थाको अनुपयुक्तता, र दोस्रातिर स्वयं कविको वृत्तिले पनि भानुभक्तमा शृङ्गारको बाहुल्य हुन दिएन। माथिनै भनियो कि समाज स्वाभाविक ढंगले पराजयको जुन पहिलो थप्पडमा अव्यक्त र स्पष्ट ढंगले व्याकुलता अनुभव गर्दै थियो—चाहे दरबारको अवस्थाले गर्दा अथवा युद्धमा पराजयले गर्दा, त्यसमा कविबाट आएको मर्यादावाद नै स्वागतको वस्तु हुन सक्थ्यो, स्वच्छन्द शृङ्गारको होइन। फेरि स्वयं कवि पनि पहाडी गाउँघरका एक कुलीन ब्राह्मण गृहस्थ थिए जसको भावना धार्मिक, आर्थिक र सामाजिक मर्यादाको बीच प्रवाहित थियो। र यस कारण ती राजधानीका छायामा हुर्कने मोतीराम भट्टहरूभन्दा भिन्न थिए। नव-जीवनको पहिला लहडमा हुन सक्छ भानुभक्तले मोतीराम भट्ट द्वारा बहु प्रशंसित दुइ चरण र बालाञ्जूमा रचिएका छन्दहरूका अन्तिम दुइ चरणमा पनि यसतै वृत्ति देखाए, तर यसता वृत्ति मर्यादा र व्यवहारवादी भानुभक्तको निमित्त असाधारण नै हुन। रसहरूमा शृङ्गार नै राजा हो भन्ने कुरा सुनि आएका नवयुवक कविले प्रारम्भमा नजानेर नै यसता शृङ्गारी लहड देखाए, तर यो प्रवृत्ति उनमा स्थायी रहेन - तहाँसम्म कि कान्तिपुरका युवतीहरू प्रति पहिलो दृष्टिमा केही आकर्षण देखाए तापनि त्यो मर्यादा विरुद्ध भएन। अर्थात् कवि परम्पराले निश्केको शृङ्गारी भावना पनि शृङ्गारी उपकरणको प्रत्यक्ष दर्शनमा सीमाभित्र हिड्न थालेछ। माथि उद्धृत कवितैबाट कविको स्वाभाविक सौन्दर्य पिपासु वृत्ति स्वभावतः कवापट्टि लहसि

रहेको थियो केही अंशमा बुझ्न सकिन्छ। मनोविज्ञानीहरू जीवनको दुइ प्रेरक-शक्ति मान्दछन्, बुभुक्षा र काम। कामको पनि दुइ धरातल मानिएको छ; एक त्यो जसमा काम-वृत्ति असंस्कृत र पाशविक अवस्थामा रहन्छ र दोस्रो संस्कृत अवस्थामा। प्राथमिक अवस्थाको काम केवल विषय-लिंगीसित शारीरिक र स्थूल सम्पर्क चाहन्छ। किन्तु यही वृत्ति संस्कृत रूपमा सौन्दर्यका अरू तत्वहरूतिर लहसिन्छ, जसमा प्राकृतिक सौन्दर्य, काव्य-रचना र समाज-सेवा पनि सम्मिलित छन्। बालाज्यूमा लेखिएको उक्त कविताको निरीक्षण गर्दा प्राकृतिक सौन्दर्य प्रतिको मोह र त्यसभन्दा पनि बढी त्यसलाई प्रेरक-शक्ति बनाएर काव्य-रचना गर्ने भावना नै प्राथमिक र अधिक बलशाली भेटिन्छ, 'असल सुन्दरी नचाउने' कामना त गौण, अतिसाधारण र परम्परावादी ढंगको मात्र छ जसको त्यागमा कविलाई बेरलागेन। उनमा यो प्रवृत्ति माथि भनिएझैं शीघ्र नै समाप्त भयो र उनी काव्य-रचना र झन त्यस द्वारा लोकश्रेय तिर कमशः बढ्दै गए।

भानुभक्त काठमाण्डौंमा किन आएका हुन्?—यस कुरामा मोतीराम भट्ट र बाबुराम आचार्यको लेखाइमा केही अन्तर देखिन्छ। मोतीराम भट्टको अनुसार उनी १९०६ विक्रमीमा जग्गा बापतको झगडा छिनाउन भनेर नै काठमाण्डौं आएका थिए। तर, बाबुराम आचार्यको भनाइ अनुसार नोकरीको तलाशमा नै उनी काठमाण्डौं आएका थिए, र त्यसै समय उनले बालाज्यू र कान्तिपूरको वर्णन भएको कविता लेखे। जे होस्, यो प्रकट छ कि उनले जागीर पाए, र उनी बाबुराम आचार्यको भनाइ अनुसार पाल्पाको पल्टन-गोश्वाराको दफ्तरमा पहिले मेजर र अनि खरदार भए। त्यस समय मेजरको दर्जा राइटर बराबरको हुन्थ्यो। १९०३ वि०मा जङ्गबहादूरका भाई कृष्णबहादुर राणा पाल्पाली फौजका कमाण्डर भएर गएका थिए। यहीं भानुभक्तले कृष्णबहादूरलाई रिझाउने अवसर पाए। तर १९०७ वि० मा केदारनरसिंह राणा पाल्पामा कमाण्डर भएर जाँदा कृष्णबहादूर काठमाण्डौं फर्के। यसको केही महिना पछि नै भानु-भक्तको जागीर खोसियो र उनी बहीपन्न हुम्काउन काठमाण्डौं आए।

नियमानुसार हिसाब-किताब पक्का ढंगले बुझाउन नसकेसम्मलाई या त जमानत दिनु पर्दथ्यो या सो नसकेको खण्डमा थुनुवा बस्नु पर्दथ्यो। यो थुनुवा एक किसिमले मामूली नजरबन्दी जसतै हुन्छ, थुनामा बसेको व्यक्ति सामान्यतः मानिसहरूसित भेटघाट गर्न, घरायसी लेख-पढ गर्न पाले साथ लिएर दिउँसोको बखत अड्डाको सीमाभित्र घुम-फिर गर्न सक्छ। भानुभक्त यसै ढंगले वि० सम्वत् १९०८ मा पाँच महिनासम्म कुमारीचोक अड्डामा नजरबन्द रहे। यस समयमा उनले पहिले लेखेको रामायण बालकाण्डको संशोधन गरी अरू काण्डहरू पनि लेखेर समाप्त गरे। उनले कृष्णबहादुर राणालाई लेखेको मनोरञ्जक पद्यबाट उनी बिरामी हुँदा नजरबन्दीबाट छोडिए भन्ने कुरा प्रकट हुन्छ। यी पद्य यस प्रकार छन् :—

रोज् रोज् दर्शन पाउँछू चरणको ताप् छैन मनमा कछू।
रात् भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छू॥
लाम्खुट्टे उपिञ्जा उड्छन् इ सँगि छन् इन्कै लहड्मा बसी।
लाम्खुट्टे हरू गाउँछन् इ उपिञ्जा नाच्छन् म हेर्छू बसी॥
व्यर्थैमा म कुमारिचोक थुनिञ्जा वाहीं बिरामी भई।
आत्राथ्याँ घरमा व्यथा अति बढ्यो ठूलो बिपत्ती सही॥
काट्याँ दिन् अब सञ्च भो अझ पनी थुन्छन् त मेरो गती।
अर्को छैन दया रहोस् हजुरको मेरा त स्वामित् पति॥

शरिर छ अति कच्चा अन्न जल्ले रह्याको।
बिनति गरूँ कति यो देहमा जो भयाको॥
बहुत फजिती पाञ्जा रोगले ग्रस्त पारी।
शरिर हुन गयो ठिक् पूर्व झैं फेरि भारी॥

जागीरको यति अपमान-जनक र कटु अनुभव भएपछि पनि फेरि जागीरको निमित्त प्रयत्न गर्नु कविको निमित्त रुचिकर भएन। उनले यसपछि स्वयं आफूले पनि जागीर खाएनन्, न आफनो छोरालाई नै यसतिर लगाए। उनको शेष जीवन पुराहित्याईं र घर-व्यवहारमा

व्यतीत भयो। बीच-बीचमा मूल घर रमधा गए तापनि उनको अधिकांश समय काठमाण्डूँमै व्यतीत हुन्थ्यो अथवा यजमानीको क्रममा रमधादेखि पाल्पासम्म घूमफिर गर्दै व्यतीत हुन्थ्यो। यो कर्मकाण्डीयपना, सामाजिकता र ढल्केको उमेरको स्पष्ट छाया उनका पछिका रचनाहरुमा भेटिन्छ।

रामायणपछि उनका पछिल्ला रचनाहरु—बधू-शिक्षा, प्रश्नोत्तर माला र भक्तमाला हुन्। जीवनका कतिपय घटनाहरुको क्रममा उनले जुन फाटफुटे रचनाहरु गरेका थिए ती यति प्रसिद्ध र सर्वत्र उल्लिखित छन् कि तिनलाई यहाँ उद्धत गर्नु प्रयोजनीय लाग्दैन।

अफ्ना एक मित्र तारापतिका घरमा बास बस्दा सासू-बुहारीको कलह देखेर भानुभक्तले त्यसै रात ३३ छन्दको बधू-शिक्षा बनाएका हुन्। आजको सामाजिक मान्यताको दृष्टिले यसमा पुरानोपन र नारीलाई घरकी चाकरनी बनाउने भावना छ भन्ने आरोप लगाउने चेष्टा गर्न सकिए तापनी यस रचनाले भानुभक्तकालीन घर-गाउँको पारिवारिक मर्यादा र व्यवस्था पेश गर्दछ, र यो मध्यकालीन व्यवस्था हाम्रा गाउँ-घरमा चलि नै रहेको छ।

प्रश्नोत्तरमालामा कविको उमेर अझै ढल्केको अनुभव हुन्छ। यो ४८ पद्यको रचना शंकराचार्यको नामबाट प्रचारित सुभाषितको अनुवाद हो।

भक्तमाला पनि वृद्ध कविको हार्दिक, धार्मिक र आध्यात्मिक भावनाले गर्दा साह्रै मर्मस्पर्शी भएको छ, जसले गर्दा नेपाली गृहस्थहरूको पूजाकोठामा यसले आज पनि राम्रो मर्यादा पाएको छ। यसको हृदयस्पर्शिताले गर्दा पाल्पाली पण्डित दुण्ढिराज पोड्यालले यसको संस्कृत भाषामा पनि अनुवाद गरेका छन्।

१९२५ विक्रमीतिर भानुभक्त रमधा गए र वहीं विरामी पनि भए। १९१६ विक्रमीमा वहीं उनको मृत्यु पनि भयो। देहान्त भन्दा अगाडि रोग-शैयामै उनले रामगीताको पद्यानुवाद पनि गरे। भनिन्छ कि

रुग्णावस्थामा स्वयं लेख्न असमर्थ भएकाले भानुभक्तले यो अनुवाद आफना छोरा रमानाथलाई लेखाउन लगाएका थिए।

हुन त उनका प्रत्येक साना-ठूला रचनामा युगको प्रवृत्ति बोल्दछ र तिनको व्यवहार पक्षले गर्दा ती सबै आजसम्म एकनास समाजमा प्रचलित छन् तथापि भानुभक्तको अधिकांश रचना संस्कृतबाट अनुवादकै रूपमा भयो। माथि नै प्रशंगवश उल्लेख गरियो कि उनको विशेष प्रचलित र प्रशिद्ध रामायण संस्कृत अध्यात्म-रामायणको भाषानुवाद हो तथापि यत्र-यत्र यस अनुवादमा कविले निकै अंशमा स्वतन्त्रता पनि लिएका छन् र यस कारण यसका स्थलमा कविको व्यवहार बुद्धि विशेष चमत्कारको साथ देखिन्छ।

भानुभक्तमा भेटिने जीवनको व्यवहार-पक्षको चर्चा माथि नै गरियो। जीवनको खस्रो धरातलमा हिड्ने सामान्य मध्यवित्त परिवारका कविको निमित्त यो आवश्यक पनि थियो। यस समय न नेपाली साहित्यको स्थायी मर्यादा र परम्परा नै स्थिर थियो न दरबारमै कविको प्रतिष्ठा। अतः उनले आफनै र आफना परिवारको जीवनबाट काव्य-तत्व र विषय संकलित गर्नुपर्‍यो। काठमाण्डू र देशको अरू भागमा पनि ऐतिहासिक र मनोवैज्ञानिक कारणले ज्ञान-गुनका सामान्य उपदेशको जसको आवश्यकता बढि रहेको थियो त्यसको चर्चा भानुभक्तभन्दा अघिका कविहरूको क्रममा पनि भइसकेको छ। अध्यात्म रामायण, प्रश्नोत्तरमाला र भक्तमाला त्यसैको क्रममा भानुभक्तको लेखनीसम्म पनि पुगे। तर ज्ञान-वैराग्यका कुरा यसरी परिस्थितिवश ग्राह्य भए तापनि वधूशिक्षामा कविको भावना

१.—प्रो० चूडानाथ भट्टराय जसता उत्साही विद्वानले भानुभक्तको यस कौशल-माथ निकै अनुसन्धान गर्नु भएको छ र नेपाली साहित्यका विद्यार्थीहरूका निमित्त यस प्रकारको अनुसन्धान महत्वपूर्ण पनि छ। हेर्नोस् :-प्रगति वर्ष ३, अङ्क १, पूर्णाङ्क १३

निवृत्ति र जीवनको यथार्थतादेखि पलायन गर्ने वृत्तितिर लहसिएको देखिन्न । उनले एक जिम्मेदार गृहस्थझैं परिवारलाई नै लौकिक जीवनको आनन्दको इकाइको रूपमा ग्रहण गरे । यसतो आनन्द उनले स्वयं पनि आफनो जीवनमा भोगेका थिए र व्यावहारिकताको पाठ नै सबभन्दा ऊँचा स्वरमा सुनाएर उनले अरूलाई पनि यही शिक्षा दिए । उनको अध्यात्मवाद पनि जीवनसित भाग्ने प्रेरणा दिन्न, वरन् ती मानसिक अवस्थाको खास वृत्ति र परिस्थितिवश सहजात उपज हुन् जसले पनि जीवनको संतुलित उपभोग गर्ने व्यावहारिक शिक्षा दिन्छ । भानुभक्तले यसरी हाम्रो जीवनको श्रेय र प्रेयलाई संतुलनमा ल्याएका छन्, र जबसम्म हाम्रो राष्ट्रीय जीवनको सम्पूर्ण परिस्थिति सर्वथा भिन्न हुने छैन तबसम्म भानुभक्तको प्रयोजन हामीमा रहनेछ । उनले हामीलाई उपदेश दिए तर हाम्रो सामान्य जीवन-स्तरबाट साह्रै माथि पुगेका ऋषि र आचार्यझैं होइन जसका उपदेश हाम्रो निमित्त सदा नै 'आदर्श' हुन सक्तछन् 'व्यावहारिक' होइनन् । भानुभक्तका आदेश यसता छन् जसता कि हाम्रै परिवारको बूढो-पाको र अनुभवी व्यक्तिले हामीलाई दिन सक्तछन् । यही भानुभक्तको विशिष्टता र लौकिक महत्व हो ।

आफना स्फुट रचनामा विषयको स्वच्छन्दता र व्यक्ति-प्राधान्यको (Subjectivity) दिशा हाम्रो साहित्यमा सर्वप्रथम, संक्षिप्त र सामान्य ढंगले नै देखाए तापनि भानुभक्तले यस दृष्टिले पनि हाम्रो साहित्यको इतिहासमा आफनो महत्व सुरक्षित राख्न सकेका छन् । यदि यसको निमित्त ती सामाजिक परिस्थिति पैदा भइसकेको भए, जसको उल्लेख माथि गीतात्मकताको प्रसङ्गमा भइसकेको छ । उनी आफनै समयमा त्यसता रचना गर्न सक्दथे, जसतो मोतीराम भट्ट र उनका मण्डलीका कविहरूको पालामा भएको थियो । बरू भानुभक्तको प्रौढताले ती सबै नवयुगको चित र दरबारी विलासिताको उच्छृङ्खलता प्रारम्भदेखि नै हटाई यस वृत्तिलाई स्वस्थ दिशातिर लिएर जान सक्तथे भन्ने कुरामा सन्देह छैन । स्फुट रचनामा प्रेयभन्दा श्रेयको नै विशेषता भए पनि र रामायण धेरै जसो अनुवाद मात्र भए तापनि उनको स्वतन्त्र काव्य

प्रतिभाले त्यसमा आफनो मौलिकता देखाएकै छ र तिनमा पात्रको चरित्रगत केही वैशिष्ट्य पनि देखाएकै छ । गिरधारी भाट, अदालतका डिठ्ठा बिचारी, काठमाण्डू मखनटोलका खनाल पण्डित, पछिल्लो विवाह गर्न उत्सुक पाल्पाली सुब्बाका गुण-स्वभावको दिग्दर्शन भानुभक्तको लेखनीले गराएकै छ । यदि समाजको स्थित अझै सन्तुलित भएको भए अथवा नाटकको अत्यल्प नै विकास भएको भए पनि भानुभक्तका पात्रहरूमा चरित्रगत विशेषता धेरै नै प्रस्फुटित हुन सक्तथ्यो भन्ने अनुमान हुन्छ । र भानुभक्त जसतो व्यंगात्मकता र विनोदी वृत्ति थियो, एवं समाजको जसतो प्रत्यक्ष र प्रौढ ज्ञान थियो त्यसैले अंग्रेजी कवि चसरका जसता सजीव व्यक्ति चरित्रको पनि मनोरंजक र शिक्षाप्रद रूप खडा हुन सक्तथ्यो तर, सर्वत्र अभावै-अभावको बीच उनीबाट जे हुन सक्यो त्यति नै बढी ठान्नु पर्दछ ।

भानुभक्तको काव्य-शक्तिको मोतीराम भट्टले निकै प्रशंसा गरेका छन् । गणेश-चौथीको पूजाको दिन चाहिने फूल-पातको नाम-क्रम नटुटाई छन्दबद्ध रचना गर्न सकेकोमा मोतीराम भट्ट भानुभक्तदेखि दङ्ग छन्, कारण मोतीराम भट्टको समयसम्म भाषा कविहरूमा सामान्यतः काव्यको श्रेष्ठता छन्द-रचना गर्नुमै सीमित थियो । यहाँ यो कुरा दोहऱ्याउने प्रयोजन छैन कि काव्यको श्रेष्ठता पाठकको भावनालाई रमाउँदै लाके भावनामा आत्मसात गराउन सक्नु र यसरी त्यसको अहं भावनालाई बहुजन वृत्तिकी उकालोतिर लैजाने शक्तिमा निहित छ, चाहे यसो गर्दा छन्द र शब्द-योजनामा व्याघात नै किन नपरोस्, कारण तो त स्थूल साधन मात्र हुन् । यस कारण मोतीरामको प्रशंसाको कारण भन्दा पनि पर भानुभक्तको काव्य-शक्तिको प्रशंसा-स्थल छ । उनका अग्रज कविहरू अथवा पतञ्जली गजुऱ्याल जसता उनका सम-कालीन वा परवर्ती कविहरूको दाँजोमा राख्दा भानुभक्तको काव्य-शक्ति अझै स्पष्ट रूपले देखिन्छ । अरूहरूका रचनामा ठूलो 'प्रयास' को छाया र यस कारण ती काव्य-रचनाका मर्यादा स्थिर न भइ-

सकेकाले अधिकांशतः शुष्क लाग्दछन्, जहाँ मानो जीवनको चेतनै छैन। यस कारण तिनमा समाजले त्यत्रो प्रयोजन नै देखेन, चाहे मनोरञ्जन, पूजा-पाठ र यसतै अवसरमा तिनको सम्झनामा किन नहोस्। तर, भानुभक्तका रचनामा भने जीवनको स्पन्दन छ –यदुनाथ पोखरेलभन्दा धेरै नै बढी। जीवनको बहुविध क्षेत्रको स्वयमार्जित ज्ञानको पचेको स्वस्थताले भानुभक्तको स्वाभाविक काव्य-शक्तिमा ठूलो बल थपेको छ। जन-साधारणलाई नै दिएकोले उनी त्यसताका इमानदार प्रतिनिधि सिद्ध भए र यही एक आधारमा उनी आजसम्म जनताको आदरबाट हटेका छैनन्।

यो निश्चय हो कि उनको रामायण कृष्णद्वैपायनको नाममा दरिएको अध्यात्म रामायणको आधारमा लेखियो, तर मूल आधारलाई छोडेर पनि देश-काल र परिस्थितिको अनुकूल उनले सकेसम्मको मौलिकता देखाएकै छन्, जुन मौलिकता उनको स्फुट-रचनामा अझै मुखरित भएको छ।

भाषाको दृष्टिले त भानुभक्तको मौलिकता ज्यादै नै गहकिलो छ। यद्यपि वर्ण प्रयोगको परम्परा उनले आफना अग्रजहरूकै क्रममा पालन गरे यद्यपि त्यसमा जथाभाविपना र रूखोपना छैन। छन्द मिलाउन शब्दको रूपको तोड-मोड जो पुराना कविहरूको एक ठूलो विशेषता थियो, भानुभक्तमा साह्रै नै थोरै भेटिन्छ। तत्कालीन मध्यवित्त शिक्षित समाजमा मर्यादा-सम्मत जुन भाषाको प्रयोग हुन्थ्यो त्यसैलाई भानुभक्तले अपनाए र देशी साहित्य परिपाटीमा यसको सफल प्रयोग गरेर उनले भविष्यको साहित्य धारा र समाजलाई भाषाको निश्चित रूप प्रदान गरे—जो, उनको सबभन्दा ठूलो महत्व हो। निश्चय नै उनको भाषामा त्यो लाक्षणिक अथवा व्यंगको चमत्कार छैन जो बलवान् साहित्यिक भाषाको विशेषता हो, तथापि सर्वसाधारण प्रचलनमा शब्दका यी दुइ शक्ति जसरी उपयोग गरिन्थे त्यसलाई पनि कविले छोडेका छैनन् र यो पनि चेतनाको साथ न भएर स्वाभाविक

भएकोले अझै मधुर र लोकग्राही भएको छ। तर शब्दमा भावनाजन्य जुन ध्वनि हुन्छ त्यसको न्यूनताको अभाव भानुभक्तमा छैन र यसै कारण भानुभक्तले जन-साधारण र साहित्य-भावक दुवैको बीच आदर पाउन सके। यस दृष्टिले पनि उनको तुलना अरू भाषाका आदिकविहरूसित गर्न सकिन्छ। वाल्मीकिमा काव्य-कलाको त्यो दुरूहता छैन जसको विकास विशेष गरी गुप्त-सम्राटहरूको पालामा भयो। चसरले यद्यपि फ्रेञ्च-साहित्य द्वारा सम्पूर्ण यूरोपीय साहित्यको सयकडौं वर्षको परम्परा पाइसकेका थिए तैपनि अंग्रेजीका आदि कविमा साहित्यको अखाडाबाजी भेटिने छैन। साहित्य सदा नै जन-पक्षलाई लिएर शुरू हुन्छ, जनताकै भाषामा जनताकै कथा। अनि त्यसले परम्परावादी रूप ग्रहण गर्दछ र त्यसै आधारमा विकास गर्दै जान्छ। यस अवस्थामा चाहे साहित्यको शिल्प-पक्ष विकसित होस्, त्यसको लोकरंजनवाला गुणमा छेका पर्न जान्छ, कारण एक त जनताको भाषा स्वाभाविक प्रवाहमा अगाडि बढिसकेको हुन्छ, दोस्रो बुद्धिवादीहरूको विचारको भारले त्यसमा रहनु पर्ने लोकभावनालाई थिचि सकेको हुन्छ। यस परिस्थितिमा जन-साधारणको बीचबाट फेरि अर्को कवि पैदा भएर साहित्यको नयाँ थालनी गर्दछ र उसैको परम्परामा फेरि परवर्ती कविहरू लाग्दछन्। यही विश्व-साहित्यको क्रम हो। र, भानुभक्तले पनि वाल्मीकि र चसरझैं यसरी नै स्वदेशी साहित्यको परम्परा बसाले। भनाइको तात्पर्य यो कि आदिकविमा जे जति श्रेय र प्रेय हुन्छ त्यसको सम्पूर्ण नै जनवादी हुन्छ—जनताकै भाषामा, जनताकै कुरा, जनताकै निमित्त। आदि कविको सरलता नै उसको विशेषता हुन्छ, शिल्प-चातुरी होइन। आदि कविको रचनाको सरलतामा जन-भावनाको सोझो र अवगुण्ठन रहित दर्शन हुने पर्दछ, र वाल्मीकि, चसर र भानुभक्तमा यही छ र यसैको आधारमा तिनीहरूको मूल्यांकन हुनुपर्दछ।

भानुभक्तले त्यही भाषा लिए जो कि मध्यम श्रेणीका परिवारमा प्रचलित थियो, त्यही शैली अपनाए जो मध्यम परिवारलाई ग्राह्य

थियो र छन्दको त्यही परम्परा स्वीकार गरे जो समाजका मझौला खालका व्यक्तिमा प्रचलित थियो। भाषाको स्वकीयता, सोझोपन र मध्यम परिवारको मर्यादावादी पुठको विषयमा माथि नै विचार भइसक्यो। कति कारणले हाम्रो नेपाली साहित्यको प्रारम्भ नै संस्कृत ढंगको वर्णवृत्तलाई आधार बनाएर चल्यो त्यस बारे पनि यथाक्रम सामाजिक भनि सकिएको छ। वर्ण-वृत्त नै काव्य-रचनाको माध्यम भइसकेकाले भानुभक्तले त्यसैलाई स्वीकार गरे। कुनै वा राजनैतिक कारणवश समाजको मनःस्थिति बदलिएको भए अथवा सामाजिक र साहित्यिक मान्यतामा कुनै अन्तर परेको भए रम्घा, चुँदिबेसीको सामान्य परिवारमा जन्म लिने भानु-भक्त पनि भयाउरे र रसिया गाउँदा हुन्। तर त्यसतो स्थिति थिएन र कुनै कारण थिएन कि भानुभक्तले यसै दुसाउन लागेको साहित्य-शैली र छन्दलाई न हुर्काउन्। त्यस समय रुद्री र चण्डीमैं शिव-महिम्न-स्तोत्रलाई पनि स्तुति-पाठमा राम्रो स्थान प्राप्त थियो। यो स्तोत्र शिखरिणी छन्दमा भएकोले शिखरिणी जन-साधारणमा श्रुति परिचित थियो र शार्दूलविक्रीडित छन्दको प्रचलन हाम्रो भाषामा पनि पहिलेदेखि नै चलि आएको थियो र त्यसलाई वसन्तले श्रीकृष्णचरित्रको साथ अझै पनि प्रचारित गरिसकेका थिए। हुन सक्छ, भानुभक्तले कथा-प्रवाहमा शार्दूल विक्रीडितको उपयोग र प्रचार वसन्तकै रचनामा देखेका थिए। अतः कुनै कारण छैन कि यही लोक-प्रशिद्ध छन्दकै उपयोग उनले अधिकतर नगरून्। यी दुइ छन्दको साथै आजसम्म सफलताका साथ प्रचलित अधिकांश छन्दको उपयोग पनि भानुभक्तले गरे, जसतो कि काव्य-परम्परामा सर्वत्र देखिन्छ।

भानुभक्तलाई माथि आदिकविको विशेषण दिइएको छ। हुन त उनीभन्दा अघिदेखि नै नेपाली भाषामा कविता लेखियो र भानुभक्त त्यस क्रमदेखि सर्वथा पृथक् छैनन् तथापि केही यसता छन् जसले भानुभक्तलाई अरूदेखि भिन्न बनाएर 'आदिकवि' कह-

लाउने अधिकार दियो । जन्म अथवा रचनाको मीतीबाट आदि-कविको विचार हुन्न । कुनै मत, विचार वा परम्पराको प्रणेता वा आदि पुरुष यसतो व्यक्ति मानिन्छ जसले देखाएको बाटोमा पछिका व्यक्ति पूर्ण चेतनाका साथ हिंडुन् । आदि कवि त्यो हुन सक्तछ जसलाई पछिको कवि परम्पराले आदर गरोस् र उसको काव्यगत मर्यादालाई जानी-बुझी सम्झी र अध्ययन गरी त्यसबाट प्रेरणा प्राप्त गरी पछ्याओस् । चसरभन्दा अगाडिका जुन फाट-फुटे अंग्रेजी रचना भए, तिनले पछिका कविहरूलाई कुनै प्रेरणा दिन सकेनन्, भरतमुनिभन्दा अगाडिका साहित्य-शास्त्रीहरूको पनि यही गति भयो । भानुभक्तभन्दा अघिका कविहरूको मूल्य पनि केवल यसै कारण छ कि ती भानुभक्तभन्दा अघि भए । तिनले भानुभक्तमैं पछि हुने मातीराम भट्ट र आजसम्मका कवि-हरूलाई कुनै जीवित प्रेरणा दिन सकेनन् । कविको पनि परम्परा हुन्छ जसलाई चेतनता र मान्यताको साथ पछि-काले पक्रेर हुर्काउछन्, बढाउँछन्, र विशाल पार्दछन् । यसतै प्रेरक-शक्तको आदि-स्रोत जहाँबाट बग्दछ त्यहीं आदि कवि हुन्छ । अरूको मूल्य साहित्यिक परम्परामा छैन—गंगोत्री नै गंगाको मुहान मानिन्छ, त्यहाँसम्म कतावाट पानी आयो त्यसको कसैलाई वास्ता हुन्न । भानुभक्तको जनवादको कुरा पनि माथि भएको छ । मार्क्सवादी हरू मान्दैनन् कि जीवनमा सदकाल दुइ परस्पर विरोधी शक्तिको द्वन्द्व हुँदै आएको छ र यीमध्ये ऐतिहासिक कारणवश कुनै एक शक्तिको र अर्को समयमा अर्को शक्तिको विजय हुंदै आएको छ र यसैले हाम्रो जीवन गतिशील छ । प्रायशः यसतो संघर्षमा समाजका माथिल्लो तहको वर्ग नै प्रारम्भमा विजयी देखिए तापनि अन्ततोगत्वा निम्नस्थवर्ग जो कि बहुसंख्यक छ, र जसमाथि निर्माणको उत्तरदायित्व छ, विजयी हुन्छ । हामीले नेपाली भाषाको साहित्यको अरूणोदयको चर्चा गर्दा विचार गरिसकेका छौं कि जुन बखत पृथ्वीनारायण शाहले विजय-यात्रा प्रारम्भ गरे त्यस समय नेपाल खाडलको

राज्य सत्ता यति सानसानो भागमा विभाजित थियो र तिनकोबीच आपसी स्पर्धा यति चर्को थियो कि राजाहरु, जो समाजका शीर्षस्थ व्यक्ति थिए, जन-शक्ति जो कि सैनिक दल बनेर राजाहरुको निमित्त पनि यस परिस्थितिमा ज्यादै प्रयोजनीय थियो, उपेक्षित हुन सक्तैन थियो र राजाले सामान्यतः तिनकै मनसाय बमोजिम आचरण गर्नु पर्दथ्यो । तर, जब राज्यको विस्तार ठूलो भयो र नयाँ भारदारीको जन्म भएर अचेतन निम्नस्थ वर्गको महत्वभन्दा तिनको महत्व बढ्न लाग्यो, यस परिस्थितिमा अन्तर परेको थियो । तैपनि नेपाल-युद्धभन्दा अगाडि-सम्म देशको बहुसंख्यक वर्गका प्रतिनिधि सैनिकहरु सर्वथा उपेक्षित हुन सकेनन् , परन्तु अंग्रेजसितको पराजयपछि र त्यसपछि नै दरबारभित्र भारदारहरुको स्पर्धा र त्यसलाई बढाउन अंग्रेजको दुरभिसन्धीले गर्दा निम्नस्थ वर्गको महत्व घट्दै गयो । देशमा कला कौशल र आर्थिक र अन्य विकासको बाटो पनि युद्धरत नेपालीहरुले बनाउन सकेका थिएन् । युद्धपछि त त्यसको नवनिर्माणको कुनै अवसर पनि देखिएन । यस अवस्थाको गम्भीरताले जनसाधारणलाई कतिसम्म प्रभावित गर्दै जाने थियो यो विचारणीय कुरा हो । तर यसै घोर निराशा र विषमताको स्थितिमा जन-समाजकाबीच भानुभक्तको रूपमा एकै यसता व्यक्ति पैदा भए जसले आफनो वाणीद्वारा जन समाजको मनःस्थितलाई गिर्न दिएन । उनीबाट जनसमाजले जान्यो कि भौतिक विजयको अतिरिक्ति पनि एक यसतो दिशा छ जहाँ बढेर विकासको अर्को मर्यादा कायम गर्न सकिन्छ । अन्तर्वृत्तिको द्वारा खोलेर भानु-भक्तले कम-से-कम जन-समाजको मनःस्थितिलाई पतनोन्मुख हुनबाट रोके । रणवाद्यको बदलमा व्यक्तिगत चरित्रको महत्व र त्यसलाई आदर्शोन्मुख हुने प्रेरणा दिएर भानुभक्तले ठीक त्यही काम गरे जो तुलसीदासले इस्लामी उत्कर्षको युगमा हिन्दू समाजको निमित्त गरेका थिए । मानसिक वृत्तिको आदर्श र आफनो भाषाको विकासको नयाँ बाटो प्रस्तुत गरेर भानुभक्तले मध्यमवर्गको निर्माणको सूत्रपात गरे यस प्रकार परिस्थितिको प्रवाहमा हुर्कदै आएर लगभग एक शाब्दीपछि

जनवादी शक्तिले उच्चस्थ वर्गमाथि विजियी हुने जुन मौका पायो त्यस-का पनि आदि प्रवर्तक भानुभक्त नै फेला पर्दछन् ।

यस कारण युगको परिस्थितिले भानुभक्त द्वारा केवल भाषा, मर्यादावाद, धार्मिक प्रेरणा, र मनोरंजन मात्र पाएन बरु उनको साधन द्वारा युगानुकूल कल्याण-पथ पनि भेट्टायो । निश्चय नै यो महत्व भानु-भक्तले विचार गरेर अथवा यस दिशातिर पूर्व-चेतन भएर र योजना बनाएर प्राप्त गरेका होइनन्, न कुनै यसतो व्यक्ति योजनाको अनुकूल नै जन्मन्छ अथवा काम गर्दछ । उ त यसतो बीज हुन्छ जो मलिलो जल-वायुमा हुर्केर अगामी युगलाई डाक्दछ । अनि त्यसको विकास भइ सकेपछि विचार हुन्छ कि त्यसको महत्व आगामी युगको निर्माणमा कति ठूलो प्रेरक शक्ति सिद्ध भयो—केवल एक दिशामा होइन, जीवन-को लगभग प्रत्येक दिशामा । कारण, जीवनको एक पक्ष स्वयं आफूमा पृथक् छैन, त्यसको सन्तुलन प्रत्येक पक्षले समान रूपले वहन गर्नु पर्दछ । अथवा जीवनको कुनै एक पक्षको विकास एकांगी कारणले हुन्न, सम्पूर्णको थिचाइमा कुनै एक पक्ष विकसित भएर सम्पूर्णलाई डोऱ्या-उँछ । भानुभक्तको भाषाको रूप प्रस्तुत गर्नुमा पनि यसतै कारण थियो र त्यसको प्रभाव पनि यसतै पर्न गयो । हाम्रो राष्ट्रीय जीवनमा कवि भानुभक्तको यसतै बहुविध महत्व देख्न सकिन्छ ।

लोकगीतको केही झल्का

सत्यमोहन जोशी

प्रायः जुन सुकै जातिको भाषामा पनि लोकगीतको प्रादुर्भाव र प्रधानता देखिने हुन्छ। अरू त के, लिपी र साहित्य नभएको भाषामा समेत लोकगीत भरमार भइरहेको देखिन्छ। प्राचीन लिपी र साहित्य भएको हाम्रो भाषामा त लोकगीत प्रशस्त मात्रामा भइरहेको हुनु पर्दछ। तर ज्यादै अपशोचको कुरा छ कि हाम्रो लोकगीत चिन्न नसकिने भएर गैरहेको छ, सुन्न नपाईएला भने जस्तो भएर गइरहेको छ। वास्तवमा आजसम्म हामीले लोकगीतको कहीं कतै अध्ययन र अन्वेषण गरेर हेरेको पनि छैनौं। हामीहरूको भाषामा लोकगीत छ वा छैन, यही कुरो समेत धेरैलाई शंकापूर्ण कुरो हुँदै गरिरहेको छ।

साँचै भनू भने हाम्रो भाषामा लोकगीत नभएको होइन। लोकगीत धेरै छ, भरमार छ। कतिसम्म भने उच्च र मध्यम वर्गको समाजमा लोकगीतले ठाँउ छोड्दै-छोड्दै आइरहेको छ, तर कृषक र श्रमिक वर्गको समाजमा हाम्रो लोकगीतले सास फेर्दै नै रहेको छ। यही लोकगीतमा हाम्रो संस्कृतिले जरा हालिराखेको छ, अस्तित्व कायम भइरहेको छ, सभ्यता देखा परिरहेको छ, भाषाको आत्मा बनी भाषा निस्किरहेको छ।

लोकगीत भनेको त्यो संगीत वा गीत हो जुन कि मानव समाजमा मातृ-भाषाको नातालें, मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया, माया, प्रेम, भाव, अभिव्यक्त हुने बेलामा स्वयमेव उद्गारको रूपमा लयदार तरजमा काव्यमय शैलीमैं निस्किन्छ।

हाम्रो भाषामा लोकगीतको सृजना यसतो प्रकारले भइरहेको देखिन्छ : (१) दयालदमीको नाँचबाट—यो एउटा यसतो मनोरञ्जन

खेल हो कि लोकगीतको आधारमा एक जना खेलाडीले हातमा एउटी तरूनी पुतली नचाएर देखाउँदछ तर यो नाच आजभोलि लोप प्राय भएर गैसक्यो। (२) किसान वर्गका छोराछोरीहरू दरबारी कामबाट घर फर्कने बेलामा बाटोको नरमाइलोपना फ्याक्नलाई सह-गानमा प्रसारित हुने लोकगीत। (३) किसान-वर्गका छोरीबेटीहरूका अक्शर गरेर बेजुका भात खाइसकेपछि पेटीमा वा आँगनमा कपास केलाउँने, धागो कात्ने चलन छ, यसतै ठाउँमा जवान ठिटाहरू आई तरूनीहरू-सँग ख्यालठट्टा गर्न हँसी-दिल्लगी गर्ने एक किसिमले रोदी-खेल्ने चलन पनि छ। यसतै ठाउँमा लोकगीत गाउँने चलन छ, यसतै ठाउँमा स्वतन्त्र फुक्का प्रेम पनि अंकुरित हुन्छ। यो चलन आजभोलि कम हुँदै गइरहेको छ। (४) तरूनी हुँदै आएका छोरीबेटीहरूलाई बाह्र दिनसम्म गुफा राख्ने चलन पनि छ, यही बखतमा धेरै जसो आफ्नै उमेरका तरूनीहरू एकत्रित भएर लोकगीतको आधारमा स्वच्छन्दले खेल्ने चलन पनि छ यो प्रथा आज तम्म छँदै छ। (५) गाइनेहरूले चाड-बाडमा धेरै किसिम किसिमका लोकगीत सुनाएर हिड्ने चलन छ तर आजभोलि यो प्रथा पनि कम हुँदै गइरहेकोछ। (६) गाइजात्रा र इन्द्र-जात्रामा निस्कने नाच, गान र प्रहसनबाट पनि लोकगीतको धेरै सृजना भएको देखिन्छ, यो प्रथा आजसम्म पनि छँदैछ। (७) अनि यसतै प्रकारले सामूहिक रूपबाट गाउने शास्त्रीय संगीतको राग र तालमा पनि लोकगीतले आफ्नो अस्तित्व कायम गर्दै आइरहेको देखिन्छ इत्यादि।

अनि हाम्रो लोकगीतको साथसाथमा लोकनृत्यको प्रधानता पनि देखिन्छ तर यसमा गाइजात्रा, इन्द्रजात्रातिर प्रदर्शन हुने लोकनृत्यलाई अलग राखेर अधिपछिलाई श्रमिक र कृषक वर्गमा मात्र यो लोकनृत्य प्रचलित भइरहेको देखिन्छ। लोकगीतसग अभिनय हुने लोकनृत्यहरू नांचा प्याखँ, ज्यापू प्याखँ इत्यादि हो। तर लोकनृत्यमा पुरूष वर्गले मात्र भागलिँदै आएको देखिन्छ स्त्री जाति केवल दर्शकका रूपमा मात्र सँगसँगै बस्ने, गूफा बस्ने कोठामा भने पुरूष वर्गको केही हक लाग्दैन। लोकगीतमा भनू या लोकनृत्यमा भनू स्त्री जातिकै मात्र पूर्ण हक हुन्छ।

लोकगीत वा लोकनृत्यमा तालकोलागि प्रयोग हुने खि बाजा, मादल, खैजडी, बाँसुरी, झयाली इत्यादि हो। यसैको आधारमा लोकगीतका गायक र गायिकाले ध्वनि योजना र भावनाको प्रभाव द्वारा यही सङ्गीत र नृत्यको सामाजिक चेतनाबाट आफ्नो आफ्नो चरित्र पनि निर्माण गर्दै जान्छन्।

हाम्रो लोकगीतमा सहगानको प्राचीनताकोसाथसाथमा यो पनि विशेषता देखिन्छ कि हाम्रो लोकगीतका गायक, गायिकाले आफना आफना हृदयका उद्गारमा लोकगीतलाई हृदयको वस्तु सम्झेर विकशित र सुसंस्कृत गर्दै आइरहेका छन्। तर हाम्रो लोकगीतको विधिबद्ध सुरक्षा धेरै कम भइरहेको देखिनाले र यसको महत्व जनताले चिन्न, बुझन नसकेकोले तथा हिन्दी, नेपाली भाषाका गीतका प्रभावले हाम्रो लोकगीतको परिधि सानो भइरहेको देखिन्छ।

मुख्यतः हाम्रो लोकगीतलाई दुइ भागमा विभक्त गर्न सकिन्छ जस्तो—(क) सामयिक लोकगीत, (ख) सामान्य लोकगीत।

सामयिक लोकगीतमा ऋतुसँगै धेरै सम्बन्धछ, फेरि एक ऋतुमा गाउने लोकगीतमा आर्को ऋतुमा गाउने चलन छैन जसतो असारको रोपाइँमा गाउने लोकगीत फागुमा गाइँदैन तथैव फागुमा गाइने लोकगीत असारतिर। अरू सामान्य लोकगीत भने गाइजात्रा, इन्द्रजात्रातिर मात्र होइन अघिपछि पनि गाउँने चलन छ। हुनत सामयिक लोकगीतको साथसाथमा सामयिक शास्त्रीय संगीत पनि हुन्छ तर यसमा यही भेद छ कि सामयिक संगीतहरू भजनिया निर्गुणको रूपमा विशेष महत्वपूर्ण भई चल्ति हुन्छ; उता उही राग, ताल, सूर, लय, धून आउने गरी सामयिक लोकगीतहरू हृदयको उद्गारमा प्रवाहमय भई निस्किरहन्छन् जसतो फागुका होरीमा गाउने सामयिक संगीत निर्गुण भजनको रूपमा—

रंगभंग नं न्वाये माललां छेंलंजित
बिये मन मदुसा मदु धया मगाला

अति मनं हलुका भाये मालला ई० ।

जथाभाविसँग तिमीले मलाई बक्वादी गर्नु पर्छर ? नदिने मन भए दिन्न भने पुगि हाल्छ नि । यसरी अति हलुका गर्नु (अपमानित) पर्दछ र, ई० ।

अब यही लय र धूनमा लोकगीतको रूपमा :

फागुया हूले तंचायाला ल्यासे
भयाले च्वंगु तुकंमा, ब हे ल्यासे जित मा
व हे ल्यासे मरेकं जा हे मनया ई० ।

फागुको हूलमा तरूनी दिदी तिमी रिसायौ कि भयाल-भयालमा सागका माला छ, उही तरूनी मलाई चाहिन्छ, उही तरूनी नभैकन म भातै खान्न ई० ।

द्यां दकं बजि तये, हेरयें निग काला तये
जिजा भाजु वइ बले खापां काका च्छे । ई०

भाँडोभरी च्यूरा राख्छु, हाँसको फूल दुइटा पकाइ राख्छु, ज्वाइँ आयो भने खापाले च्यापेर पठाउँछु ई० ।

भ्वे वल दोलं दो, चवना नल भोलं भो
उलसंनिसें प्वा स्याना ग्वारा ग्वारा ई०

हजारौं मानिस भोजमा आए, लहरै बसेर खाए पनि उसै बेलादेखि पेट दुखेर लाडबुढि खेल्दैछु ई० ।

नख चख वई, ला न्याना हई
उलसंनिसें ला ताना कुइँ कुइँ ई० ।
चाडबाड आउँछ मासु किनेर ल्याउँछ
उसै बेलादेखि मासु काट्दा कुइँ कुइँ-ई० ।

यसतै :

अब असारे रोपाइँमा गाउने सामयिक संगीत निर्गुण र भजनको रूपमा :

शिव शिव श्रीमहादेव त्रिभूवन या नाथ न्हां
जवस नन्दी, खवस भृन्दी, शिरस गंगा
विभूति रंगी.....ई० ।

श्रीमहादेव त्रिभूवनको नाथ होइ बक्सिन्छ, वहाँको बाँयातिर नन्दी, दाँयातिर भृन्गी र शीरमा गंगाजी छन्। वहाँको देह विभूतिले रंगिएको छ.....ई०।

अब यही लय र धूनमा लोकगीतको रूपमा :

स्वाँ फो तया कयता छपु
छन्त विये जुल ज्यापु
छ ज्यापू अतिकनं ययापु
वोपु थोपु जिनं मसिया रेपु
छ ज्यापू अतिकन ययापु ई०।

ए, कृषक्! फूलको बुट्टा भरेको एउटा कछाड, तिमीलाई दिने भएँ। ए कृषक्! तिमी ज्यादै रसिला छौ, तिमीलाई जे मन पर्दछ (मलाई थाहा छैन तर तिमी बाँसुरीमा) बजाऊ, ए कृषक्! तिमी ज्यादै रसिला छौ।.....ई०।

गा च्वतं ग्वाली पू, पतासितं पाली पू
छुनावोगु चम्पा स्वाँनं ख्वाले बापा पू
वोपू थोपू जिनं मसियारे पू

पछ्यौराको टुप्पोले कुरकुच्चा, फरियाले पाइताला, शीरमा लाएर आएको चम्पा फूलले मुखको आधी भागमा ढाकेको छ।

वापितं छपिचा ज्यामि वलं भुतूचा
मुतु मिलां वजि नल पिचां स्वपिचा
वोपू थोपू.....ई०।

एक रोपनी खेतमा रोपाइँ छ, एउटी डल्ली आईमाई ज्यामी आएकी छ तर त्यो डल्लीले तीन पाथी चिउरा खाई.....

यसतै तरहले सामयिक निर्गुण भजनको अतिरिक्त सामयिक राग र तालमा गाउने लोकगीतहरू प्रशस्त छन्। यो तल दिइएको लोकगीतमा पनि वियोगमा परेकी एउटी विरही आइमाइको मनोभावनाको अनुपम चित्रण देखिएकोछ।

परतिया पुरूषनं बाना झाल, गथिन जि करम
मलुमनें मफु जि नं, सहयाये मज्यू मन
मिखा पल्यहलवान मुसुहुं न्हिलाव क्यन
म्हासुगु धलति नं अति लोव
ख्याल अति बान लाक, स्वस्वनं स्वये मगाक
बाँसुरीया सल न्यने जि मगाक
जमुनाया तिरल मेव मदु उगु थास
पिरतिया रस जुल उगु थास
रसया खं लुमनीव, शरीर जि गना वनी
पिरतिया पुरूषनं बाना झाल.....ई० ।

पीरतीको पुरूषले मलाई छाडी जानु भो, मेरो कस्तो कर्म ? बिर्सन नसकिने तथा मनले पनि सहन नसकिने भएकी छु ? कमलको फूलजस्तो आँखा, त्यसमा झन मुसुक्क हाँसेर देखायो, पँहेलो धोती पनि त्यत्तिकै आकर्षक, मुख कति राम्रो जति हेरिरहे पनि हेर्न नपुग्ने छ । बाँसुरीको मधुर तान मलाई सन्न पुगेको छैन, जमुनाको तीरमा त्यसतो अरू कुनै चीज छैन केवल पिरतीको रस बाहेक । यही पिरतीको रसको सम्झना आउँदा शरीर मेरो सुक्दै जान्छ तर पिरतीको पुरूषले मलाई छाडी जानु भो । ई०

यसतै सामयिक लोकगीत धेरैनै भरमार छ । यो तलको पनि एउटा सामयिक लोकगीत हो जसमा सासू र बुहारी, स्त्री र पुरूषको बीचमा भएको वार्तालापको रूपमा करूण रस प्रधान काव्यमयी शैलीले त्यस बखतको समाजको आदर्श चित्रण गरिराखेको देखिन्छ । बुहारीले सासूसित :

जि वया ला लछि मदुनि
छि काय सँदे झाये धाल
थुगु छवार लिगनाव दिसँ

म आएको महिना दिन भएको छैन, तपाईंको छोरो ल्हासा देशतिर जाने भन्नुहुन्छ । हुन्छ भने लौ न, यो एकपटकलाई जपो गरेर भए पनि बहाँलाई रोकि दिनोस् ।

सासूले बुहारीसित :

जिकाय पुता जा लिगने मखु भलिचा
जि कायया लजगाल मदु

ए बुहारी ! म आफ्नो छोरोलाई ल्हासामा नजाऊ भनेर रोक्न सक्तिन किनभने मेरो छोरोको यहाँ बसेर कुनै रोजगार छैन ।

बुहारी :

अयले माजु हाय
छि कायया लजगाल मदुसा
जिगु कोसल लव ल्हाना बिये

त्यसो भए सासूज्यू तपाईंको छोरोको रोजगार भएन भने, रोजगार गर्नकोनिम्ति म आफनो दाइजो समर्पण गर्ने छु ।

सासू :

अयले भालिचा मयजु
जि काय निगने मज्यू
सँदेशया चरित्र नि स्वये !

ए बुहारी, म आफनो छोरोलाई रोक्नसक्तिन । ल्हासा देशको चरित्र त पहिले हेरूँ ?

बुहारीले सासूलाई आफनो कुरामा सहमत गराउन नसको आखिर उ आफनो लोग्नेसँग यसरी पुकार्छे—

अयले प्रभु स्वामी सँदे झाये धाये मते
छवार नि लिपिनाव दिसँ

लौ न स्वामी तपाईं ल्हासामा नगई दिनोस्, एकपटकलाई त्यहाँ जाने काम स्थगित गरिदिनोस् ।

लोग्नेचाँहिले स्वास्नीलाई जवाफ दिन्छ :

अयले तिरि हाय ताकाल च्वने मखु
दछि निदँ जक च्वना वये

प्रियतमे ! मलाई अपशोच छ तर म ल्हासामा धेरै वर्ष बसेर आउने होइन, एक-दुइ वर्ष बसी चाँडै फर्केर आइहाल्छु ।

स्वास्नी :

अयले प्रभु स्वामी सँदे छता झाये मते
मिनि जा जुयी जिनं मखना

स्वामीनाथ, ल्हासामा क्यै गरेर पनि नगैदिनोस्, त्यहाँ गएर असल होला भने जस्तो लाग्दैन ।

लोग्ने :

अयले तिरि हाय लिगने धाये मते
सँदेया चरित्र नि स्वये
प्रियतमे ! मलाई रोक्ने काम नगर,
ल्हासा देशको चरित्र त हेरूँ.....ई० ।

यसै लोकगीतमा यत्रतत्र यसतो चित्रण पनि पाइन्छ—

जवन सगन फसे खवन ख्वबि हुसे
जि प्रभु खेवसे ख्वसे झाल.....ई०

दाहिने हातले सगुन थापी, बायाँ हातले आँशु पुछी, मेरो स्वामी रूँदै-रूँदै बाहिर-ल्हासा जानु भयो ।

स्वतया भयालस मत बिसे स्वया जिन
मत जा बुलुसे वन
अयले माजु हाय
सुथ न्हापां कवसि वना
क्वखनं लाय बुया वा.....ई० ।

तीनतले भयालमा बत्ती दिएर (बालेर) मैले हेरें, बत्ती त धमिलिंदै गयो, लौन सासूज्यू, अब के गर्ने ? बिहान सबेरै कौसीमा गएँ, कागले मलाई जिक्स्याएर गयो.....ई० ।

तर, उता सामान्य लोकगीत भने जुनसुकै बखतमा पनि लोकवि र कवित्रीहरूको तर्फबाट हृदय आह्लादित भई मन नै फराकिलो पारी सरस ध्वनिले मधुर रसमा यसरी निस्किराखेको देखिन्छ । जस्तो—

राजामती सुमती, जिके वसा पिरती
हयाव्यू राजामतीचा

राजामती मबिलसा कासी वने तेल बुवा
ह्याव्यू राजामतीचा
ख्वा धासा बाँला बाँला ख्वाले निग ती दु
हिसी दुह्म राजामतीचा
धिक्कार जनम राजामतीया करम
बैसे भात मदुह्म ।

लौन, ती सुमती राजामती मलाई ल्याइ देऊ, उ मकहाँ आएमा नै उ प्रति मेरो प्रीति बस्ने छ । राजामती नदिएको खण्डमा म त काशीतिर जाने भएको छु; त्यसैले लौन राजामती ल्याइदेऊ । कति राम्रो उनको मुख, मुखमा फेरि दुइओटा कोठी छन् । कति हिसी परेकी राजामती । तर राजामतीको जन्मलाई धिक्कार छ । उमेरमा लोग्ने नपाउँनु राजामतीको कसतो कर्म होला····ई०

\+ + + + + +

लख काल बनाबले जमुनास नापलात
केलेहेंनं मिखा कना मुसुहुँनं म्हिल रे
ज्यान माया, प्राण माया माया जिके मदुला ? ई०

पानी लिन गएको बेलामा जमुनामा भेट भयो. मोहनी नजर खोली मुसुक्क हाँस्यो, मेरो प्राणको माया ममा छैन र ?·····ई०

यसतै सरस हृदयको उद्गारमा निस्कने दयालक्ष्मी नाच नचाउँने बेलाको लोकगीतको केही झल्का—

कपाय फूयने म्हासा जिमिथाय् लाछी वा
वा, हेरा थकुं वा वा, वा लानथकुं वा
जिमी थाय लाछी वा

कपास केलाउने भए हामीहरूको आँगनमा आऊ, आऊ न लौ हेरा थकुं ! आऊन लौ लानथकुं ! हामीहरूको आगनमा आऊ·····ई० ।

सँ धासा कुलि कुलि; मिखा धासा बाँला बाँला
सँ क्व मिया म्हाया मचाला

कपाय फ्यने न्ह्यासा जिमिथाय लाछी वा····ई० ।

कति घुँगुरिएको रौं (कपाल), कति राम्रो आँखा, साँखुलेको छोरी, बेटी त हौइन ? कपास केलाउने मन भए हामीहरूको आँगनमा आऊ·····ई० ।

एवं रीत एउटी कृषक युवतिले कपास केलाउँदै आफ्नो भरिदै आएको जीवनमा प्रेम- जिज्ञासाले छोपिंदै आएको चाल पाएर लोक-गीतको मधुर तान आँगनमा जून हेर्दै हेर्दै यसरी छाड्छे

सँ ध्वनेगु कक चा, सकुलि कायेगु ननूचा
म्ह छम्ह खनेदैगु ज्वला न्हायकँचा
माया रे जुजु क्यन रे !
कुने सु वल यो मां ?
छंत पय्नं ल्हावल मैं !
जिजा वने मखु यो मां
क्यँचा बिया ब्छ
माया रे जुजु क्यन रे !
संभ्य्याले कपाय् फ्यना
ध्यबा गोलं कयेका ह्ल
छग मुमुं निग मुमुं कपी पोंचा जाल यो मां
सिख दियेका ब्यू
मायारे जुजु क्यनरे !

रौं (कपाल) कोर्न काइँयो, घुंघुरवाल कपाल बनाउने सुइरो, जम्मै जिउ नै देखिने आरसी, मायाका फाँसीमा परें लौ न ए आमा, तल को आयो क्यारे ? ए छोरी, तिमीलाई बिहेको कुरो गर्न आएको छ ! ए आमा म त जान्न है, बरू बैनीलाई दिएर पठाऊ, मायाको फाँसीमा परें । लौ न संभ्य्यालमा बसी कपास केलाएँ, पैसाले हानेर पठायो, एकेक पैसा बटुल्दा कपास राख्ने भाँडो नै भरियो, लौ न आमा, एउटा सिक्री बनाउँन लगाइ देऊ, मायाको फाँसीमा परें लौ न·····ई० ।

आँगनमा बसेकी यी तरूनीले अकेली भए पनि चहकिलो जून हेर्दै-हेर्दै मन बहलाएर आर्को आफनो साथीलाई आह्वान गर्छे :—

कपाय् फ्यने न्हासा जि मथाय् लाछी वारे ज्यान
लायम्ह दाजु ज्वना वै, सिपिथना बाँसुरी
स्वतू ल्हाना कपाय् फ्यना कतू, नितु मखानी
ल्याय्म्ह दाजु मुले च्वन, कपाय् फ्यने मछि
जिमि मामं न्यनिवले छु धका कने रे
माया रे जुजु क्यन रे.....ई०

ए साथी, कपास केलाउन मन भए हाम्रो आँगनमा आऊ, दाजू (जवान् युवक, प्रियतम) पनि सिपीवाल बाँसुरी लिएर आइहाल्ला ! तीन डोरो राखेर धागो कातेको त दुइओटा कतुवा कातेको धागोको मुठा पनि पुगेको छैन !

दाजु (प्रियतम) काखमा बसिहाल्यो, धागो कात्न अपठ्यारो भो, आमाले सोध्ने बेलामा म केभनेर जवाफ दिऊँ, मायाको फन्दामा परें लौ न .....

उता एक युवक कृषक आफनो प्रियतमाको हृदय विभोर सुनेर बाँसुरी बजाउँदै-बजाउँदै उही घरको खूला आँगनमा देखापर्न आउँदछ अनि उसले पनि यसरी लोकगीतको उद्गार पोख्छ त——

होखा चिलं नकथि चिलँ
बर्भाँ छक त्वंकि रे, मैचा !
जि वने लिबात, सःक्के मैंचा गिजे याई
माया रे जुजु क्यनरे..... ई०

हुक्का, चिलीम, नली, चिलीम लौ न बहिनी (प्रियतमा) तमाखू एकचःटी खवाऊन, मलाई जान अबेर भइरहेको छ, सः क्वेको बहिनीले गिज्याउला, मायाको फाँसीमा परे लौ न ।

अझ त्यो युवकले आफनो प्रियतमापट्टि हेर्दै लोकगीतको गुञ्जन छोड्दछ !

मुसु मुसु न्हिला, माया जक क्यंका
मन जिगु चंचल जुल
पुलुपुलु स्वया, मुसु मुसु न्हिला
मन जिगु चंचल जुल
मायारे जुजु क्यनरे..... ई०

मुसु मुसु हाँसी मायाको फन्दामा मात्र पारी मन मेरो चंचल भयो। पुलु पुलु हेरी मुसु मुसु हाँसी मन मेरो चंचल भयो, माया रे जुजु..... ई०।

यसरी आफूले आराधना गरी राखेको प्रेमी देखा पर्न आएपछि युवतिले पनि आफ्नो ठाँउ पार्दै प्रियतमलाई दाजु भन्ने संबोधन गरी लोकगीतको सुहाग छोड्छे :——

दालचिनी पाता, नैंक्याहोखा
सिलेबरया चिंल यो दाइ
व हे बर्झाँ मत्वन धासा
जहु जन्मं गाइगु यो दाइ, माया म दुला... ई०

दालचिनीको पातो, नारिवलको हुक्का, सिलेवरको चिलिम, ए मेरो दाजु; त्यो तमाखू खाएनौ भने जन्मभरलाई पुग्ने हुन्छ, दाजु माया छैन र.....

युवतिले यसरी लोकगीतको भाषा फेरेपछि युवकले पनि ताल सूर मिलाएर अगाडि बढ्दै त्यही लोकगीतलाई यसरी छोप्छ :——

म्हिग बँनी चाःह्यू वयां ल्यासेतां फफस्वल
छन्छु वयां खापा मचा निन्हु वयां न्हलं मचा
अपायसकं सःतां हँ हे मधा, माया मदुला....ई०

हिजो बेजुका घुम्न आउँदा तरुनी दिदी अन्कनाएर फर्की। एक दिन आउँदा ढोका नै खुलेन दुइ दिनको दिन आउँदा बिउझि नै दिएन, त्यसरी बोलाउँदा पनि 'ज्यू' नै भनेन, माया छैन र.....

उता आफनो प्रेममा आफूले भने जस्तो सफलता प्राप्त होला कि हुँदैन

भन्ने आशंका गरी युवतिले यसरी लोकगीतलाई आँगनमा गुन्जित गर्छे :—

व भुतुमालि लखनउ भुतुमालि नौ धारा थ्यन दाइचा
व भुतुमालि उडेजूला जित लाइख्वा मजू रे दाइजा
माया मदुला..... ई०

त्यो चंगा, लखनउ चंगा, नौ धारा पुग्यो ! दाजु त्यो चंगा उड्यो भने मलाई पर्ला जस्तो छैन, दाजु ! माया छैन र ?..... ई० ।

हाम्रो लोकगीतमा स्त्री-पुरुषको बीचमा माया र प्रेमको गाँठो ज्यादै बलियोसंग कसिएको देखिन्छ । विशेष गरेर यसतो लोकगीतको आधारमा श्रमिक र कृषकवर्गको समाजमा माया, प्रेम, अंकुरित भई विकशित पनि हुन्छ । युवकले आफनो माया प्रेम भइरहेको परिचय दिएको यस लोकगीतबाट देखिन्छ :—

रेसमया रूमाल
रेसमया रूमाल
व रूमाल कुतुंवन
व ल्यासें काल
उलसं निसें, मन भूले जुल !
न्हूगु तेपचा
लः तया बेले
ज्वोला मज्योला स्वयागु बेले
उलसंनिसें मन भूले गुल !.....ई० ।

रेसमको रूमाल, रेसमको रूमाल, त्यो रूमाल तल खस्यो, त्यो युवतीले टिपी, त्यसै बेलादेखि मन भुल्दै गयो, नयाँ घैंटो पानी हालेको बेलामा चुँहिन्छकि चुहिदैन भनी हेरेको बेलामा त्यसै बेलादेखि मन भुल्दै गयो···ई० ।

एक विशेषता हाम्रो लोकगीतमा यो पनि छ कि सबै लोकगीतको त्यही ताल, सूर र धून भाका होइन । अब विभिन्नतामा लोकगीतका केही झल्का—

बागमती विष्णुमती खुसी मखुला ?
वया न्ह्याने दनातःगु देगः देसिला ?
प्यखे कुने प्यम्ह सिंह भारी मजूला ?
वया न्ह्योने दना च्वोंम्ह जुजु मखुला ?···ई०

बागमती र विष्णुमती खोला होइन र ? र त्यहाँ अगाडि बनाई राखेको मन्दिर देसी हो र ? चार कुनामा चारओटा सिंह खडा गरि राखेको अनूपम छैन र ? त्यसैको अगाडि उभिरहनेराजा होइन र ?···ई०।

छुः गल्ली थ्व् छु गल्ली मखंत्वाया गल्लि रे
पानवती मैया न्ह्यानावगु जंगीसेलया कल्ली रे
जिमिथाय् कःसी द्वेकातयागु सूर्यभक्ति स्वान रे
छंत योला पानवती मैया लापा दुगु काँता रे !

त्यो कुन गल्ली, यो कुन गल्ली, मखन्टोलको गल्ली रे ! पानवती मैंयाले लाएर आएको जंगीसेलको कल्ली रे ! हाम्रो कौसीमा फुलाई राखेको सूर्यभक्ति फूल हो, ए पानवती मैया ! तिमीलाई पुतली बुट्टे काँटा मन पर्दछ कि ?·····ई०।

असं त्वाले दच्या कुने मियातगु ग्वा
नानी मैजु अतिनं बाँला, भतिचा हाकु ख्वा
तुयू मैं हेराज्यान नेता च्वका म्हाँउ
भाजुं व्यूगु ग्वा नया म्हुतुसि च्वका म्हाँउ···ई०

असन टोलको डबलीको कुनामा बेचिराखेको पान, नानी मैजु ज्यादै रास्रो, बरू अलि कालो मुख रहेछ, हेराज्यान ज्यादै नै गोरी, गाला पनि लाल रहेछ, भाजुले दिएको पान खाँदा ओठको दुप्पो पनि लाल रहेछ·····ई०।

भ्यालेचोम्ह सुभद्रा नानी ! सुज्या लाज्या याना ला ?
कसी मोले अर्घ बिया भात व्फना ला ?·····ई०।

ए भयालमा बसेकी सुभद्रा नानी ! सुजीकारी काम गर्न लाग्यो कि ? कौसीमा अर्घ दिएर पुरूष माग्यौ कि ?·····ई०।

लिधु न्हथु कला तयां जिं छु नका तये ?
ला: मदु घते छुचुँ क्यला ग्वार्चा नका तये !
हाय बाबा रतन, स्वया दिसं जिगु जोवन·····ई०।

जेठी, कान्छी स्वास्नी राखी म के ख्वाएर पालूँ ? पानी नभएको घट्टमा पीठो कुटी ग्वार्चा ख्वाई पाल्छु ! हाय बाबा रतन, हेरी दिनुस् मेरो जोबन ! ·····ई०।

असं त्वाले आलू न्या वनां स्यंगु आलू लातरे
काचा काचा पयूनं बुढाम्ह भात लातरे !·····ई०।

असन टोलमा आलु किन्न जाँदा सडेको आलू पो परेछ। हडबडमा पोइल गएको बूढो लोग्ने पो रहेछ !·····ई०।

म्हिगया बँनिया बेले कमाब् फूयाके व्छयां
कतू मखा खिप खाका च्वन !
न्हाचया सुथया बेले जा थ्वीके छूवयां
मच व्वीका च्वन।·····ई०।

हिजो बेलुका कपास केलाउन पठाउदा कतू (धागोको डल्लो) नबनाई डोरी बनाउन पुगिछ। आज बेहानीपख भात पकाउन पठाउँदा बचा पाउन पुगि छ।·····ई०।

भी फुक्क मिले जुया तेलकासा म्हित वने नु
धरारा तुंता चुया तिनख्य: व्यंकुं च्यायेनु·····ई०।

हामीहरू सबै मिली तेलकासा खेल्न जाऊँ, धररालाई लौरो टेकी टुडिखेल काखी च्याप्न जाऊ····· ई०।

तताजु स तावना कःनि कौला याका हल
वया मां मछा मजू न्हां !·····ई०।

भाउजू बोलाउन जाँदा मकै ख्वाएर पठाइन्, उसकी आमा कति लाज नभएको रहोछ·····ई०।

एवं रीति दिनभरी खेतमा काम गरी साँझमा घर फर्की आउने कृषक वर्गका छोरी-बेटी हरूले पनि प्राकृतिक चित्रपटमा लोकगीतको

सुमधुर ध्वनि बागमती र विष्णुमतीको कलरवमा संम्मिश्रण गरी यसरी लोकगीत पनि प्रसारित गर्दछन् :—

तलजु देगः सीके धका बखुं जन्म कया रे
चान्नाल व्याधा वया तोपं कयेका स्यात रे
विष्णुमती सीके धका न्याचा जन्म कयारे
चान्नाल पोचा वया जालं क्यंका धन रे.....ई० ।

तलेजुको मन्दिर चिनूँ भनेर मलेवाको जन्म लिएँ, चण्डाल व्याधाले आई गोली हानी मारिदियो ! विष्णुमती चिनूँ भनेर माल्लोको जन्म लिएँ, चण्डाल पोडेले आई जालमा पारी लगिदियो !.....ई० ।

स्वह्म फुकि शिकार वन निम्ह फुकि बम्कि रे
नारायण दैव, महासत्व राजा
घुँया म्हुली लात रे .....ई० ।

तीन दाजुभाई शिकार खेल्न गए, दुइ दाजुभाई बाँकी । हे नारायण दैव ! महासत्व राजा ! बाघको मुखमा पऱ्यो !.....ई० ।

अब हास्योत्पादक व्यंग्यपूर्ण एक दुइ लोकगीतका नमूना पनि होनुं होस् :—

गजि त्वना गंसि जुल शरीर जि वर्वे थें
दाम दांछि मदवाय थौं जि जुल वें थें
प्यर्का खुर्का दाम दःस जि छें जुल म्वे थें

गाँजा खाएर दुब्लो भएँ । शरीर मेरो हाड जस्तै । पैसा शून्य भएर आज म बौलाहाँ भएँ, चार-पाच रूपियाँ मात्र पाएको भए पनि मेरो घरमा भोज भएझैं हुन्थ्यो .....ई० ।

हाम्रो लोकगीतमा आधुनिक समाजको रंग भरिएको पनि यत्रतत्र पाइन्छ । यसतो लोकगीत विशेष गरेर आलोचनात्मक भावले भरिएको हुन्छ :—

म्ह ज्वोथे ज्या भज्वोनि ढंग मदुनि भभचा
जा थूला जा क्वेकीगु, कें खुन्सा चिन्वेकीगु

व्वो व्यूसा तंम्बेकीगु, ढंग मदुनि भमचा !
ज्या धासा आता आता नयेगु धासा बाता बाता
सना ज्वीगु भाता भाता ढंग मदुनि भमचा !
थाज्या छकने थागु मखु, इता छपू वागु मखु
लज्या छतिं चागु मखु, ढंग मदुनि भमचा !
वास्या प्वास्या मयो घका कनि मुस्या स्वजक स्वैगु
भात हेका यरिपो नैगु ढंग मदुनि भमचा ।

जिउ हेर्न लायकको भएभैं काम हेर्न लायकको भएको छैन, ढंग पुगेको छैन है बुहारी ! भात पकायो भने भातै डढाउँने, तिउन पकायो भने नून चर्को पार्ने, गाली गय्यो भने रिसाउने ? ढंग पुगेको छैन है बुहारी ! काम भने त्यसै, खान भने जति भए पनि नपुग्ने, असोमती भई चल्ने, हिड्ने ? ढंग पुगेको छैन है बुहारी ! तान एकचोटी चलाउने हैन, बत्ती पनि काल्ने होइन, लाज, शरम भनेको कति छैन, ढंग पुगेको छैन है बुहारी ! मकै भटमास खान दियो भने टोल्हाएर मात्र हेर्ने, लोग्नेलाई फकाई फकाई रोटी भने खुब खाने, ढंग पुगेको छैन है बुहारी !

ला लुसिथें मिले जुया थौं चित बाल, काकी
चान्हं न्हिनं व्याचु न्यंका पातातया बभाँ थंका
थौं जिगु जोवन वंका जित थये प्याहुँ घाल कांकी !
दक्को दिक्को जुले पाना, सबैं दक्क स्वाहा याना,
झन जित लाकाम च्वाना, अलछिना मिसा धाल काकी !
दाये फक्क दानं दाल, धाये फक्को धानं धाल
कथि पँ पँ नुक्क पिलाक्वस दाल, काकी !.
साक्क सिक्क ज्वरे यासा दक्को फुक्को नया वनि
छन्हु भतिचा चिन्वल धासा त्वा हे थ्वक्क हालि, काकी !
ला व लुसिथें मिले जुया थौं चित्त बाल, काकी !

नङ र मासुभैं मिलेर, आज चित्त फाट्यो, काकी ! रात-दिन घुर्की ख्वाएर, पातो मालेको तमाखू भर्न लगाई आज मेरो जोवन

गैसकेपछि मलाई अहिले नै बाहिर जा भन्यो, काकी ! जे जति छ जूवामा थापी सर्वस्व स्वाहा पारी, उल्टो मलाई लात चखाई, 'अलच्छिनी आइमाई' भन्यो, काकी ! कुट्नसम्म कुट्यो पनि, भन्नसम्म भन्यो पनि। लट्टी नै भाचिने गरी पिडौंलामा कुट्यो, काकी मीठो बनाएर जोरजाम गरें भने त्यति सबै खाएर जान्छ, एक दिन नून चर्को भयो भने टोलै थर्कने गरी कराइदिन्छ, नङ र मासुमैं मिलेर, आज चित्त फाट्यो, काकी !

यसतै यो हाम्रो भाषामा प्राचीन र आधुनिक समाजको चित्रण गरी राखेको विविध किसिमका लोकगीत प्रशस्त छन्। आशा छ, यो लोकगीतको केही झल्काले साहित्यप्रेमीहरूलाई यस विषयमा अन्वेषण, अनुसन्धान गर्ने केही प्रेरणा दिने नै छ जसको फलस्वरूप पछि-पछि संकलन हुने लोकगीतले भाषा र साहित्यको विकाश गर्दै जाओस्। अस्तु।

यूरोपको चिठ्ठी

एल. एस. बांगदेल, प्यारिस (फ्रांस)

प्रिय साथी,

अस्तिको चिट्ठीमा आज छोडी आफू इन्चबुकतिर हिंडेको कुरा लेखेको थिएँ । आज छोड्न लाग्दा आकाश बादलले ढाकेको थियो । दिन उदास थियो । पानी पर्ला जस्तो छाँट थियो । म अवश्य भावुक भइ सकेको थिएँ । भयालबाट पछिल्तिर फर्की एक पटक आजलाई हेरें । त्यस शहरका पुराना घरहरू, परतिर देखिने नीला पहाडरू र टाढामा देखिने कारखानाका ध्वाँसे चिमनीहरू जिन्दगीमा मैले फेरि देख्न पाउँला भन्ने आशा थिएन । मलाई त्यस बेला लाग्यो—त्यस ठाउँको सब कुरासित मेरो राम्रै परिचय भइसकेको छ । अझ त्यो सुन्दर चन्चल मूर नदीले त मेरो मनमा कस्तो सुन्दर तस्वीर खिँचि सकेको थियो ! कस्तो गजब ! एक्लो मानिस अथवा एक्लो यात्री यसरी डुली हिँड्दा एउटा सामान्य वस्तुले पनि मनमा कति ठूलो छाप लाउन सकेको !

रेल आफनै बेगमा अस्ट्रियाका सुन्दर, मनोहर खेत, मैदान पहाड़ र साना-साना नदीहरू पार गर्दै दगुरीरहेको थियो । बादल फाट्यो । घामको न्यानो ज्योतिले स्पर्श गऱ्यो । फेरि बादलले घाम छोपी दियो । यस्तैमा एक्कासी मेरो आँखा टाढाको सुन्दर पहाडमा पुगे । ओ हो, त्यो त सिजानले एक्स–अँ–प्रोभाँसको 'साँ भिकत्वार' पहाडलाई कलाकारको आँखाले जाँचेर प्रकृति भित्र लुकेर रहेको सुन्दर रूप, आकार र रंगलाई केलाई-केलाई हेर्दै आफ्नो क्यानभासमा टिप्न खोजेको बेलाको दृश्य जस्तो देखिदैन भन्न को सक्थ्यो ? यस्ता प्राकृतिक सौन्दर्यले धनी भएको देशहरू हेर्न पाउँदा जिन्दगी सार्थक भएको संझनु पर्दछ ।

सूर्य अस्ताउन लागेको थियो। सात बजी सकेको थियो। अब इन्चब्रुक आई पुग्ने बेला भएको थियो। अहिले सम्म त आफनै सुन्दर काल्पनिक दुनियाँमा भावुक भई आफैंलाई बिर्सि सकेको थिएँ। इन्च-ब्रुक पुगी आफू कहाँ बस्ने, के गर्ने भन्ने विचार आउन थाले पछि म अलि चिन्तित भएँ।

यस्तै कुरा विचार गर्दै कसलाई सोधूँ भइरहेको बेला एक अस्ट्रियन महिला सित मेरो कुरा कानी भयो। शायद दिनभरी भावुक भएर कसैसित नबोली उदास अनुहार लिएर यात्रा गरीरहेको म जस्ता यात्री-लाई देखेर होला उनको मनमा सहानुभूति जागेर मसित कुरा गर्न लागिन्। उनी केही फ्रेन्च बोल्न सक्ने हुनाले इन्चब्रुकको युथ होस्टेल अथवा बस्नलाई कुनै सस्तो ठाउँको विषयमा सोध्ने अवसर पाएँ।

इन्चब्रुक स्टेशन आई पुग्दा प्रायः आठ बज्न लागेको थियो। कुन ठाउँमा बस्नलाई सुविधा हुन्छ तथा जान पर्ने ठाउँको नाउँ र ठेगाना राम्ररी बताए पछि ती महिला आफनो बाटो लागिन्।

आजदेखि मेघाच्छन्न हुँदै आएको–अब इन्चब्रुक आइ पुग्दा त सिम-सिमे पानी पर्न थाल्यो। अँध्यारो बढ्दै आइरहेथ्यो। नयाँ मुलुकमा आफूलाई त्यस बेला ज्यादै एक्लो अनुभव भइरहेथ्यो। स्टेशनको कोला-हल, रेलको सिटी, मानिसको आऊ-जाऊ, पानीले भिजेको सडक, छाता र बरसाती ओढेर हिंडीरहेका स्त्री-पुरूष, अग्ला-अग्ला घरहरूको पानीमा परेको छायाँ इत्यादि सबै देख्दा सुन्दा दिक्क र उदास लागेर आयो। स्टेशन छोडेर आएपछि हातमा सुटकेश लिएर ट्राम अड्डिने ठाउँमा म उभिएँ।

त्यो अपरिचित शहरमा म एक्लो थिएँ। तर सबै आस-पासका वातावरणसित म सचेत थिएँ। हावा चल्यो। हावाले मेरो कपालको केश लुछेर छरपुष्ट पारिदियो। यस्तै अवस्थामा म त हाँ चूपचाप उभि-रहेको थिएँ।

ट्राम पर्खने ठाउँमा म पाँच मिनेट जति मात्र उभिएँ क्यार–तर

मलाई घण्टौभर उभिए जस्तो लाग्यो । बस्ने कुराको ठाउँ-ठेगान नभएर होला अथवा दिन भरिको यात्राले थकित भएर पनि होला मलाई ज्यादै नियास्रो लागीरहेथ्यो ।

बल्ल ट्राम आयो । बेलुकीको भीडले ट्राम खचाखच भरिएको थियो । कुनै तरहले हुरिदै ट्रामको खाँदा खाँद भित्र पसें ।

म जहाँ जान लागेको थिएँ त्यो ठाउँको नाउँ 'सेण्ट बार्टलमो' रहेछ । शहरको सिरानमा, ट्रामको आखिरी स्टेशनदेखि करीब दश मिनेटको बाटो रहेछ । त्यो ठाउँमा पुग्दा झमक्क रात परिसकेको थियो । त्यहाँ बस्ने ठाउँ पाएकोमा मलाई खुशी लाग्यो—किनकि म ज्यादै थाकेको थिएँ । सुत्नलाई मेरा निमित्त एउटा पलंग थियो । त्यस कोठामा जम्मा अरू आठ जना ठूला स्याना विद्यार्थिहरू रहेछन् । पछि थाह पाइयो त्यस कोठामा भएका जवान दुइ जना मानिस चाँहि दश बाह्र वर्षभन्दा कम उमेरका त्यहीं बस्ने छात्रहरू रहेछन् ।

यात्राले थाकेको थिएँ—त्यो बेलुकी चाँडै ओछ्यानमा पल्टें । भोली सबेरै रेडियोको संगीतले आँखा खोली-हेर्दा झल्ल मल्ल उज्यालो भइसकेको रहेछ । हिजोको बादल पनि फाटेर मजाको घाम लागिरहेको रहेछ । अब अरू विषयको चर्चा गर्नु भन्दा अघि यस ठाउँको अलि-कता वर्णन गर्ने इच्छा छ । यो 'सेण्टबर्टलमो' क्याथोलिक संस्थाको प्रबंधबाट अस्ट्रियाका गरीब र दुहुराहरूको शिक्षा र हेरचाह हुँदोरहेछ । कस्तो गजब भनें यहाँ बस्ने छात्रहरू प्रायः गरीब र दुहुरा छन् तर ती साना साना केटाहरूको चाल चलन र तालीम देखेर म मुग्ध भएँ । ती बालकहरूको व्यवहार र बोली ज्यादै राम्रो छ । तर साना साना केटाहरूलाई देख्दा आफ्ना देशका हजारौं गरीब र दुहुरा दुखी केटा केटीहरूको मलाई संझना भयो.....यसबाट आमा-बाबुले मात्र हैन तर देश भरमा शिक्षा प्रचार र चाँडो उन्नति चाहने सरकारले पनि यस्ता कुराबाट अनेक शिक्षा लिनु पर्ने कुरा मैले देखें ।

यहाँ शिक्षा पाउने केटाहरूको उमेर आठदेखि चौध वर्षसम्मको

रहेछ। उनीहरू त्यहीं बसी 'सेण्ट बार्टलमो'को निरिक्षणमा शिक्षा लाभ गर्दारहेछन्।

मेरा कोठाका साना साना केटाहरूसित मेरो खूप दोस्ती भयो। अब उनीहरूले गाइडको काम गर्न थाले। उनीहरूले खाने ठाउँमा मलाई पनि लगे अनि खाने अनुमति मन्जूर गराई दिए। त्यहाँका विद्यार्थीहरू सस्तोमा खाँदा रहेछन्। खानलाई टिकट चाहिंदो रहेछ। ती साना साना केटाहरू सरह म पनि टिकट लिएर लाममा उभिएँ। बिहानको ब्रेकफास्टलाई काफी र रोटी तथा दिउँसोलाई सूप, रोटी, स्पेगेटी र बेलुकी लाई पनि स्यस्तै दिंदो रहेछ। म त्यहाँ बसुन्जेल मैले उनीहरूसितै खाने गरें।

उनीहरू बस्ने कोठामा सुत्ने दुइ तले पलंग, मेज, कुर्सी र दराज छन्। उनीहरू सबेरै उठ्थे। उठ्नासाथ हात-मुख धुनु, आफना बिछ्यौना मिलाउनु, लुगा-कपडा मेच र पुस्तक सबै ठाउँ-ठाउँमा राख्नु-सफा गर्नु उनीहरूको दैनिक कार्य थियो। लुगा-फाटा कसरी लाउनु पर्दछ, मेच, कुर्सी, पलंग कसरी सजाएर राख्नु पर्छ, आफू कसरी साफ सुथरा बस्नु पर्छ इत्यादि सबै कुरामा उनीले बेश तालीम पाएका रहेछन्।

कोठा-कोठामा माइक्रोफोन छ। बिहानै उनीहरू उठ्नु भन्दा अघि रेडियो बाट आएको संगीत बज्दछ र सबेरै उनीहरूको आँखा जाग्दछ। रेडियोबाट आएको अर्केष्ट्रा ड्रामा अथवा दैनिक समाचार ओछ्यानमा हुँदै उनीहरूले दिन्हूँ सुन्ने गर्दछन्। अनि बेलामा उठ्नु, बेलामा खानु, सबै कुरा उनीहरू नियमपूर्वक गर्दछन्। यति मात्र हैन, आफनो चाल चलन र व्यवहारमा, ठूलाहरुसित कसरी व्यवहार गर्नु पर्छ त्यो राम्रोसित सिकेका छन्। उनीहरूको व्यवहार देखेर मलाई ताज्जुब लाग्यो र त्यहाँको प्रधान अध्यापकसित यस बारे मैले चर्चा गर्दा उनले भनें—"महाशय, यिनै बालकहरू भोलि देशका नागरिक हुनेछन् र अहिलेदेखि नै सबै कुराको शिक्षा लिनु उचित

छ । नत्र कसरी उनीहरूबाट भोलि आफनो देशको रक्षा र उन्नति हुन सक्ला ?''

शिष्टाचार र दैनिक व्यवहार सम्बन्धी बालक-बालिकाहरूले बुझ्न सक्ने र मन पराउने किसिमको सचित्र पुस्तकहरू मैले उनीहरूको मेचमा देखें । मलाई खूप आश्चर्य लाग्यो । 'शिक्षा, शिक्षा' भनेर बाहिर बाहिर कराउने मास्टर, आमा-बाबु र प्रधान अध्यापकहरूले यस विषय तिर ध्यान दिनु उचित छ । अझ सरकारी शिक्षा विभागले त बालक बालिकाको निम्ति यस्ता बालोपयोगी पुस्तकहरू प्रकाशित गर्न पर्छ—सचित्र रंगीन पाठ्य पुस्तक प्रति पनि ध्यान दिनु पर्छ जुन कुराको नेपालमा अहिले ठूलो अभाव भइरहेछ । आधुनिक शिक्षा प्रणालीको हैसियतले यस्ता सचित्र पाठ्य-पुस्तकको ठूलो महत्व छ । देश भरमा शिक्षा नभई देशको मूल उन्नति नै हुन सक्तैन । तसर्थ यूरोपतिर हेरेर देश भरको शिक्षा प्रचारमा अनेक शिक्षा लिनु पर्छ ।

इन्चब्रुक शहर हुत्त उठेको अग्लो तिरोल पहाड जस्काराहरू टाकुराहरू प्रायः सेता हिउँले छोपिएका देखिन्छन्, त्यस पहाडको फेदीमा इन नदीलाई आफना देब्रे तर्फ पारेर बसेको छ । यो इन नदी पूर्वतिर बग्दछिन् । यो नदी निक्कै ठूलो छ । यसको सफा जलमा मनोहरता मात्रै हैन जादु पनि छ- नदीको संङ्लो जल राशीमा सिपी-रंगको गहिरो रंग देखिन्छ—जस्को श्रोत निक्कै प्रवाहमय छ । यो नदीको प्रवाह र गति बडो कवित्यमय छ, यसलाई दार्शनिक आँखाले हेर्दा आफूलाई लाग्छ मानो सामुन्नेको तिरोल पहाडलाई युग-युग देखि आफनो लावण्य देखाएर आह्वान गरीरहेकी छन् । कवि र कलाकारहरुलाई सुहाउने।यस्तो ठाउँ हेर्दा सब कुरा छोडी प्रकृतिको सुन्दरताका माझमा हजारौं वर्ष सम्मन् बसीरहूँ जस्तो लाग्दो रहेछ ! यस्तै प्राकृतिक सौन्दर्यलाई हेरी मख्ख भई विश्व कवि रवीन्द्रनाथ ठाकुरले लेखेको होलान्—"मोरिते चाहिना आमि सुन्दर भवने, मानवेर माझे आमि बाँचिवारे चाई ।"

यसै नदीको दाहिने तर्फ 'होफ गार्डेन' छ जसले शहरको शोभा

बढाएको छ। गर्मीका दिनमा हजारौं टुरिष्टहरू यहाँ डुलीरहेका देखिन्छन्—हरेक रवीवार यसका बीचमा भएको गोलो घरमा अर्केस्ट्रा बजाउँदछ।

शहरको दक्षिणबाट पस्ता पहिले 'मारिया थिरेसा स्ट्रीट' देखिन्छ जुन सडक संसारको सुन्दर सडक भनेर धेरैले भनेका छन्। यसै सडकबाट अग्लो तिरोल पहाडका फुस्रा चट्टानहरू, सेता हिउँका ठाकुरा र चुच्चाहरू देखिन्छन्—फेरि माथि तिरोलका टुप्पामा चढी तल हेर्दा यसै मारिया थिरेसा सडकमा 'सेण्ट एन' गिर्जाका सुनौला बुट्टाहरू सूर्यका किरणमा चम्केर टल्किरहेका देख्न पाइन्छ। हजारौं वर्षदेखि बस्ने यहाँका वासिन्दालाई बाहेक इन्चब्रुकको सुन्दरता कदर गर्ने कुनै पनि यात्रीलाई यो दृश्यले मोहित पार्दछ।

यूरोप भरमा मलाई सबभन्दा राम्रो र कवित्वमय ठाउँ यहीं लाग्यो। इन्चब्रुकमा दुइ दिन बसूँला भनेर अठोट गरेर गएको मान्छे यहाँको प्राकृतिक सुन्दरताले मलाई यति मुग्ध पाऱ्यो कि आफू नखाएर पनि यहाँ छ दिन बसें। मेरो पागलपनमा अहिले मलाई स्वयं आश्चर्य लाग्दछ।

दुइ दिनसम्म बार्थलमोमा खाने गरें र त्यस पछि खर्च सकिंदै गएको देखेर दिनमा केवल एउटा रोटीको टुक्रा खाएर अरू चार दिन बिताएँ। पहाडी मुलक, पहाडको सफा हावा र जल र रोमान्चमय प्राकृतिक छटा पाएपछि आफूलाई अरू के चहिन्थ्यो! मुक-मुक उज्यालो हुँदैमा बाहिर निस्कन्थें र घुप्पीले छोपेको जंगलको एकान्त बाटोबाट हिंड्दै पछिल्तिरको पहाडमा उक्लँदै माथि पुग्ने प्रयत्न गर्थें।

सेण्ट बार्टलमोको पछिल्तिर सानो पहाड़ी खोला छ। यो खोला पहाडै पहाड़ भएर बडो चन्चल गतिले बग्छ। बारी पारी घुप्पीको बन छ। यो खोलाको नाउँ 'शील' रहेछ। चट्टान र पहाडमा ठोकिंदै, खेल्दै, कुलिंदै बग्ने यो शील खोला कराएको आवाज मैले आफू ननिदाए सम्म

पनि ओछ्यानबाट सुनि रहन्थें। खोलाको वारी-पारी हिँड्नेलाई सानो गोरेटो बाटो छ। उषाकालीन वातावरणमा त्यतातिर एक्लै डुल्द हृदयमा कस्तो आनन्दको प्रवाह छुट्दछ। विहानीपखको ताजा, सफा हावा, खोलाको प्रतिध्वनि, एकान्त वातावरण र घुप्पीको बन यी सब थोकले सौन्दयको निम्ति संधै तिर्खाइरहेको मेरो आत्माको तिर्खा मेटाइ दिन्थे। प्राकृतिक सौन्दर्य र शान्ति यति हृदसम्म थियो कि वाह्य संसारको मलाई वास्तै हुँदैनथ्यो।

पछिल्लो दिनमा फेरि इन नदी पार गरेर माथि तिरोल पहाडतिर उक्ली रहेको आफुलाई पाएँ। म कहाँ जान लागेको छु, के खोज्न लागेको छु, मलाई वास्तैथिएन। मस्त बौलाहा जस्तो म हिंडीरहेको थिएँ—कहिले टाढातिरको पहाडलाई हेर्थें, कहिले तलको इन नदीलाई माथि पहाडबाट हेरी रहन्थें—कहिले तल इन्चबुक शहरलाई हेरी कन शताब्दी अघिको त्यसको इतिहास कल्पना गर्थें। सूर्यको ताप बढ्दै जान्थ्यो; हरियो जंगल, घाँस पात र दुवोले ढाकेको पहाडमा शीतल हवाको लहर आउँथ्यो अनि त्यहीं दुवोमा ढल्केर जीवनको कविता रच्ने सपना देख्थें। ओहो, त्यस बखत आफूसित रंग, वुरूस र क्यानभास भइदिएको भए मलाई कस्तो आनन्द हुने थियो····! शायद त्यो विशाल प्रकृतिको सौन्दर्य-खानी भित्र आफूलाई एकलो पाएर हो कि म त्यति भावुक र वियोगी भएको! अनि त्यस्तैमा सूर्य डुब्ने वेला हुन्थ्यो–तर जव सूर्य तिरोल पहाड पछाडि छेलिदै जान्थ्यो–तल-तिर इन्चब्रुक शहरका अग्ला-अग्ला घरहरूका ऐना भयाल, अग्ला गिर्जाका ऐना सूर्य किरण परेर चम्कीरहेको मैले टाढैबाट देख्न सक्थें। अनि डुब्न लागेको सूर्य देखेर मैले आफनै जिन्दगीलाई संझन्थें--के जीवनको सार नै मृत्यु हो? यस्ता प्रश्नहरू आएपछि फेरि मलाई नियास्रो लाग्थ्यो···अनि हलुका हावाको एक झोका जस्तो एउटा सुस्केरा आउँथ्यो–कठै, आफनो जिन्दगीको सूर्य पनि एक दिन यसरी नै अस्ता-उने छ···। त्यहीं रात पर्थ्यो–अनि अँध्यारो बढ्दै आउँथ्यो; त्यहाँको घना अन्धकारबाट तल इन्चब्रुक शहरतिर हेर्दा त्यहाँ हजारौं बत्तीले

झिली-मिली भएको देखिन्थ्यो–शहरको मास्तिरको पहाड भने अन्धकारमा ज्यादै कालो देखिन्थ्यो तर पहाड माथिको अँध्यारो नीलोमा हरिया ताराहरू धेरै नै चम्कीरहेका देखिन्थे। सबभन्दा मनोहर दृश्य त इन नदीमा कैयौं राता हरिया बत्तीहरूको छायाँ नाचीरहेको दृश्य मलाई लाग्यो।

कहिले काहीं इन्चब्रुकको स्मरण हुँदा अचेल मलाई सपना जस्तो लाग्दछ। एकान्त शून्य बाटोतिर शीलको गडतिरै गडतीर र उँभो धुप्पीले ढाकेको बन उकालो हिंडेको, फेरि तिरोल पहाडको फेदीबाट इन नदीले एक फन्को लाएको सुन्दर इन्चब्रुक शहरको दृश्य हेरेको, कहिले काहीं फेरि डयूक फ्रेडरिक स्ट्रीटबाट भएर त्यहाँको साँगुरिएका शताब्दी अघिका घरहरूबाट हिंड्दै 'गिल्डेड रूफलेट' तिर गएको संझना हुन्छ।

अब यो शहरको इतिहासको बारे धेरै कुरा नलेखेर अस्ट्रिया छोडी आफू स्वीट्जरलैण्डतिर हिंडेको बारे अलिकती लेखिकन आजको पत्र बन्द गर्ने इच्छा छ।

भोली पल्ट बिहानै इन्चब्रुक छोड्नु थियो। सबेरै रेडियोको आवाजले मेरा आँखा खोलिए। उठेर हात मुख धोएर आफू तयार हुनु थियो। त्यस दिन मेरा कोठाका साना केटाहरूलाई म जाने भएकोले अलि नियास्रो लागी रहेथ्यो। उनीहरूसित मेरो राम्रो घनिष्ट सम्बन्ध भइसकेको थियो। तर निर्दोष सरल बालकहरूको निस्वार्थ स्नेहले मेरो हृदय आर्द्र भइसकेको थियो।

मलाई सबेरै इन्चब्रुक स्टेशन पुग्नु थियो। सबैसित विदा भएर म आफनो बाटो लागें। दस वर्षको एउटा सानो बालक मेर्थ डिटर मात्र मलाई स्टेशन सम्म पुग्याउँछु भन्ने जिद्दी गरी मसित आयो। मैले सेण्ट बार्टलमो छोड्दा खुब राम्रो घाम लागी रहेथ्यो। म सुत्ने गरेको कोठाको भ्यालबाट तिरोलका ठाकुराहरू ज्यादै राम्रा देखिन्थे। ती सामुन्नेको अग्लो तिरोल पहाड़ले म जस्ता कति यात्रीहरूको मनलाई मुग्ध पार्दो हो। जीवनसित यति मोह भएको, प्रकृति भित्र रहेको

सौन्दर्यमाथि यत्रो आकर्षण भएको, बितिरहेको क्षणलाई जिन्दगीको मृदुमय झंकार भनेर सँधै संझीरहेको एउटा भावुक यात्रीले इच्छुनुक-तिरोल पहाड़, इन नदी, वार्टलमो पहाडिको घुप्पीको बन, शील खोलाको एकान्त बाटो सँधै संझी रहने छ—स्वप्नको स्रोतमा यी संझना-हरू सँधै बगी रहनेछन् !

Every artist has written himself.....this dream-life that flows in great streams in the subterranean world of him (Romain Rolland).

रेल हिंड्न लाग्दा त्यस सानो बालक मेर्थ डिटरले अश्रुपूर्ण आँखाले विदा दिएको वेलाको दृश्य आज पनि मेरा आँखामा ताजै छ ।

आजको पत्रलाई यहीं यन्द गरें । सप्रेम संझना लिनु होला ।

स्नेही बांगदेल ।

नेपाली काव्यका केही अलंकार

ऋषभदेव शास्त्री

सरोज बनले शोभा पोखरीको बढाँउछ
कविता-कामिनीलाई अलंकार सिंगार्दछ

शब्द र अर्थ द्वारा अलंकार पर्दछ, शब्दपूर्वक अर्थको प्रवृत्ति हुने हुनाले पहिले शब्दालंकारका लक्षण तल दिइन्छ ।

शब्दालंकार:—

अनुप्रासको सामान्य लक्षण—

वर्णको समता हुन्छ जहाँ श्रुतिमनोहर
अनुप्रास त्यहाँ पर्छ भन्दछन् काव्यकोविदि ।

छेकानुप्रास, श्रुत्यानुप्रास, अन्त्यानुप्रास र लाटानुप्रासका भेदले अनुप्रास पाँच किसिमका छन् ।

छेकानुप्रास :—

अनेक वर्णको साम्य एक पल्ट उही क्रम
मिलाएमा सिद्ध हुन्छ छेकानुप्रासको श्रम

उदाहरण :—

सीधा र साधा छ विचार लोकको
देखिन्न सञ्चार विषाद शोकको
सन्तोषको नै मनमा छ सञ्चय
आनन्दको बजछ जतातै जय
—सोमनाथ

वृत्यनुप्रास :—

अनेक अथवा एक जहाँ व्यञ्जनको सदा
आवृत्ति हुन्छ त्यल्लाई वृत्यनुप्रास भन्दछन्

अनेक वर्णको उदाहरण—

लड्थे षण्ड मुसण्ड जण्ड मदका झण्डा सरीह्रुण्डरी
रक्तोमण्डल खण्ड खण्ड दलले चौखण्ड घेरा गरी
हुन्थ्यो राघवको प्रचण्ड खँदिलो दोर्दण्डको वास्तव
तोड्ने शत्रु धमण्ड हण्डर दि'दै को दण्डको ताण्डव

सोमनाथ

एक वर्णको उदाहरण :—

कलि कलुष कठोर्काठ काट्नलाई कुठार
खलकन खल गर्ने खड्ग ली प्रहार
गरदन गई गेडी गाछदेखि मिटेको
घट घट घटियाका घाँटीको पिउनु भो।

श्रुत्यनुप्रास :—

एउटै स्थानका वर्ण दोहरिंदा बराबर
श्रुत्यनुप्रास त्यो हुन्छ हुँदा श्रुतिमनोहर

उदाहरण :—

सिएर पात ओढने भए बनी गुटूमुटू
समस्त विश्व रन्कियो नसा तनक तन्कियो
वनै घनक्क घन्कियो कपाल आज सन्कियो
म जान्न जान्न है प्रभो! म जान्न खान्न है हवा

—लक्ष्मीप्रसाद

अन्त्यानुप्रास :—

पाउ र पदको अन्त्य विषे उही क्रम
तुकबन्दी मिलाएमा अन्त्यानुप्रास बन्दछ

उदाहरण :—

घर पनि छ सुनैको गल्ली जो छन् सुनैका
मणि जडित हुनाले कम्ति छैनन् कुनैका
भ्रमरहरू लताका फूलमा हल्ली हल्ली
घुनुनु घुनुनु गर्दै हिंड्दछन् वल्ली वल्ली

—भानुभक्त

अथवा

महमैं मिठो वह पार्छ पिठो तहलाउँछ यो मनलाई छिटो
पढी भाइ सबै अब काव्य मिठो मन माफी गरौं निज बुद्धि ढिठो

—धरणीधर

लाटानुप्रास :—

भिन्न तात्पर्यको शब्दको जहाँ पुनरूक्ति छ
लाटानूप्रास त्यो हुन्छ सबैले बुझून सक्छ

शब्द र वाच्यार्थ एउटै रहेर तात्पर्य मात्र भिन्न भई शब्दको आवृत्ति भएमा लाटानुप्रास हुन्छ ।

उदाहरण :—

प्रभु प्रसन्न रहँदा सबै गुण अमूल्य छन्
अप्रसन्न प्रभु हुँदा सबै गुण अमूल्य छन्

—कूलचन्द्र गौतम

यमक :—

भिन्नार्थ कुनै वर्ण समुदाय उहीक्रम
डल्याएमा सिद्ध न्छ त्यहाँ यमकको श्रम

उदाहरण :—

कमल कोमल कोश फुलाउँदै
मलयको लयको गुन गाउँदै
दिलहरी लहरी सम वायु छन्
नव सुधा वसुधा भर छाउँछन्

—सोमनाथ

अथवा

शिशिरमा शिरमा गगरी धरी
गई नुहाइ वरीकन जल् भरी
जब फिरिन् घरमा अति ठंडि भो
मकलमा कलमात्र हुने भयो

—लक्ष्मीप्रसाद पोखरेल

वक्रोक्ति :—

एउटा अर्थको वाक्य श्लेष वा काकुले जब
अर्कै अर्थ लगाइन्छ हुन्छ वक्रोक्ति त्यो तब

श्लेषले उदाहरण :—

ऐल्है मालि-क-ता कहाँ हिंडनु भो
माली यहाँ को छ है
दर्शन गर्न म गछुँ खोख शिवको
रोकछन् मगरलाई है
थुन्देला मकनै यहाँ अब त को
एक थुन्दिने मै त हुँ
के हाँस्छौ तिमी काम्न काज यसरी
हाँस् ह्वैन गोरु म हुँ

—सोमनाथ

श्लेष :—

एउटै श्लिष्ट पदले जहाँ अर्थ अनेकन
बुझाइन्छ त्यहीं हुन्छ श्लेषालंकार सज्जन

उदाहरण :—

अडिने साहसै छैन चाहन्छन् सब पल्टनै
खुला दोकान को राख्छ गलेबन्द भए कुनै
मानिस बाहिरै निस्के चौरको खोजनी गरी
भरियो कम्पले भन्दै देखिन्न पुरीमाधुरी

—लेखनाथ

अथवा :—

कल्कलाउँदी ती कलावती
कल्कलाउँदी दूरमा नदी
स्वप्नमैं जगत्, एक छु फगत्,
सत् छ सुन्दरै, सुन्दरै, छ सत्

—लक्ष्मीप्रसाद देवकोटा

अर्थालङ्कार :—

उपमा :—

दुइटाको जहाँ हुन्छ एउटै धर्म सुन्दर
उपमा नामको हुन्छ अलंकार मनोहर

जहाँ उपमान र उपमेय सहृदय व्यक्तिलाई मन पर्ने एउटै धर्मले समान सादृश्य देखिन्छ त्यहाँ उपमा अलंकार हुन्छ । उपमा अलंकारमा उपमान, उपमेय, साधारण धर्म र वाचक यी चार चीज हुन्छन् ।

उदाहरण :—

रूपरङ्गादिले शून्य सत्व शेष कुनै धन
जीवन्मुक्त सरी थाले हावा माफिक खेलन
अलि अलि तुषाराले छोपिएका दिगाङ्गना
देखिन्छन् प्रमदा तुल्य लज्जाले विनताननी
कोही चहकिला पुष्प बासना नभए पनि
मूर्ख आडम्बरी जस्तै रूपका छन् महाधनी

—लेखनाथ

रूपक—

अलंकार त्यहाँ पर्छ अनि रूपक नामको
उपमेय विषे हुन्छ आरोप उपमानको

उदाहरण :—

नाट्यशाला छ आकास नाचन बिजूली नटी
ताल दिन्छ तबल्ची भै मेघ धाकिटि धाकिटि

—लेखनाथ

अथवा

जब म चढेर भावको डुङ्गा
सयर गछु स्मृतिको प्रियगङ्गा
स्वप्न गगनबाट सुशीतलजल
सुख स्मृतिको वर्षन्छ रिमझिम
मेरो प्यारो बखत डुङ्गा

—सिद्धिचरण

उत्प्रेक्षा :—

उपमेय विषे केही उपमान स्वरूपले
कल्पना गरिंदा भन्छन् उत्प्रेक्षा कविवर्गले

जहाँ कुनै तार्किकको उपल्लाकोटिको प्रतिभा द्वारा उपमेयमा अपमान रूपले केही कल्पना सम्भावना गरिन्छ त्यहाँ उत्प्रेक्षा अलंकार पर्दछ। उत्प्रेक्षाको पहिलो दुइ भेद छ। एउटा वाच्य र अर्को प्रतीयमान। सम्भावना बोधक शब्दको प्रयोग नभएमा प्रतीयमान हुन्छ। जाति, द्रव्य, गुण र क्रियाको भेदले उत्प्रेक्षा पनि चार किसिमका मानिएका छन्।

वाच्या उत्प्रेक्षा :—

गुलाफको लगाएर विधिले लालमोहर
दिएको हो कि वा वाग भृंगकै भोग खातिर

—लेखनाथ

प्रतीयमान उत्प्रेक्षा :—

रस वेतनका लोभी यत्त भ्रमर शिक्षक
आफनो जीविका गर्छन् पढाइ पुष्प बालक

—लेखनाथ

कारण नभएको वस्तुलाई कारण कल्पना गरेमा हेतुत्प्रेक्षा र फल नभएको वस्तुलाई फल कल्पना गरेमा फलोत्प्रेक्षा हुन्छ।

हेतुत्प्रेक्षाको उदाहरण :—

स्वर्गबाट यहाँ ओर्लो भने मर्दछन्
चिताको रापले सुक्तै कि त पत्थर बन्दछन्

अपन्हुति :—

निषेध सत्यको हुन्छ झुठोको हुन्छ स्थापना
भने अपन्हुति हुन्छ कविको काव्य कल्पना

उदाहरण :—

त्यो स्वर्गङ्गा जगमग गर्ने,
भन्छन्–ती तारा हुँनन्, रे !

सन्ध्याले यो सेलाएको
दिनकरको अस्थि-फिलिंगो, रे!

—व्यथित

यस श्लोकमा 'तारा' प्रत्यक्ष सत्यलाई निषेध गरी झूठो अप्रत्यक्ष दिनकरको 'अस्थि फिलिङ्गो' को स्थापना गरेको हुनाले अपन्हुति अलंकार भयो।

अथवा :—

रानी पोखरी को पानी भित्र टल्किन्छ यो जुन
फुलेको पद्म हो साथी ! किन्तु त्यो जुन होइन

समासोक्ति :—

जहाँ प्रस्तुतका साथ अप्रस्तुत कुरा पनि
झल्किन्छ त समासोक्ति त्यसलाई भन्दछन् गुणि

जहाँ प्रस्तुत कुराको वर्णनमा विशेषणको समानताले अर्को अप्रस्तुत कुरा पनि झल्किन्छ त्यसलाई समासोक्ति भन्दछन्। छोटकरीमा प्रस्तुत अर्थलाई समेत झल्काउने हुनाले यसलाई समासोक्ति भन्दछन्।

उदाहरण :—

विनोद-सगिनी थिइन् भुवन-मोहिनी चादनी
अनाहक तमस्विनी सँग मिली बिलाइन् भनी
दिशाहरु धुरु धुरु बिरह बिन्दु वर्षाउँदै
लता पनि रसाउँथे दमः फुलाइ हल्लाउँदै

—सोमनाथ

यस श्लोकमा प्रत्यक्ष चादनी, दिशा र तमस्विनीको वर्णनबाट अप्रयुक्त सखीहरुको व्यवहार पनि झल्काइएको छ।

तुल्ययोगिता :—

वर्णनीय विषयको विषयान्तरको सदा
एउटै धर्म सम्बन्ध पर्छ ता तुल्ययोगिता

प्रस्तुत प्रस्तुत अथवा अप्रस्तुत अप्रस्तुतको एउटै गुण क्रियारूप धर्मका साथ सम्बन्ध भएमा तुल्ययोगिता हुन्छ।

उदाहरण :—

सारा प्रेमी जन, धन, पुरी देश, साम्राज्य सम्म
त्यागी हिंड्ने मनभरि थियो धैर्यको भार टम्म
हल्लाएथ्यो क्षणभर नयाँ स्रोतले शक्तिसम्म
आफ्नै सत्ता लिइ अडिन गो गाम्भीर्य गम्म

—सोमनाथ

यसमा अप्रस्तुत धन, जन, पुरी, देश आदिको त्यागरुप एक क्रिया-का साथ सम्बन्ध भएकाले तुल्ययोगिता भयो।

प्रतिवस्तूपमा :—

जहाँ साधर्म्य एउटै बुझिन्छ भिन्न शब्दले
प्रति वस्तूपमा भन्छन् त्यस्तामा कविवर्गले

जहाँ उपमान र उपमेय वाक्यको एउटै सामान्य धर्म पृथग्निर्देश गरिन्छ त्यहाँ प्रतिवस्तूपमा अलंकार हुन्छ ।

उदाहरण :—

विद्या बिना मनुज ठहर्छ थारो
ऐश्वर्य लोकहित कार्य बिना जठारो
कान्ता बिना गई कुटुम्बहरु पसारो
संसार पुत्र मुखचन्द्र बिना अँध्यारो

—सोमनाथ

यसमा एउटै सामान्य धर्म व्यर्थपनालाई बेग्लाबेग्लै निर्देश गरिएको हुनाले प्रतिवस्तूपमा अलंकार पर्दछ ।

काव्यलिंग:—

हेतुपूर्वकको हुन्छ जहा वाक्य समर्थक
काव्यलिंग अलंकार त्यही नै पर्न सक्दछ

समर्थनको अपेक्षा राख्ने अर्थको पदार्थ द्वारा समर्थन गर्नु काव्य-लिंग अलंकार हो ।

उदाहरण:—

आतिथ्यले भूतल जीवन पोषण
श्राद्ध कियाले पितृवर्ग तोषण

यज्ञार्चनाले गरी सेवन
तीनै तलाका प्रिय छन् यिनै जन
—सोमनाथ

यस श्लोकमा अन्तिम पाउको अर्थलाई पहिलेका तीन पाउले हेतु-पूर्वक समर्थन गरेकाले काव्यलिंग भयो ।

निदर्शना

तुल्यवाक्यार्थको हुन्छ ऐक्यारोप जहा जहाँ
निदर्शनाअलंकार भन्छन् विद्वान त्यहा त्यहाँ

आरोप द्वारा सादृश्यलाई देखाउने हुनाले यस अलकारलाई निदर्शना भनेको हो । अर्थात् उपमेय वाक्यार्थको जहाँ अभेद आरोप गरिन्छ त्यहाँ निदर्शना अलंकार हुन्छ । पदार्थद्वारा र वाक्यार्थ द्वारा समेत निदर्शना पर्दछ ।

उदाहरण:—

स्नेहार्द्र एकै कुलतन्तु गेहको
शोभा दिने दीपक हुन्छ लोकको
चौतर्फ फुर्दा मणिदीपको प्रभा
भो देव-गोष्ठी पृथिवीन्द्रको सभा
—सोमनाथ

यस श्लोकमा उपमेय दशरथको सभा र उपमान देवसभाको अभेद आरोप गरिएको हुनाले निदर्शना अलकार भयो ।

अथवा :—

संझी महापुरुषको सुचरित्र-गात्र
यो कोरियो सरल पञ्जर मूर्ति मात्र
चैतन्यरूप रस भाव भरी उदार
मर्मज्ञ सज्जन गरुन् यसको सुधार
—सोमनाथ

यस श्लोकमा पनि उपमेय रामचरित्र वर्णनको र उपमान पञ्जर मूर्ति निर्माणको अभेद आरोप गरिएको छ ।

व्यतिरेकः—

केही कुराले सादृश्य भएर अनि केहीले
भए वैधर्म्य त्यो हुन्छ व्यतिरेक विशेषले

उपमानभन्दा उपमेय घटी अथवा बढी भयो भने व्यतिरेक अलंकार हुन्छ ।

उदाहरणः—

विद्याका व्यसनी जो छन् यहाँ सज्जन मानव
हुन्छन् पहाडमैं उच्च कमला मनका तर

—अनुवादित

यसमा उपमान पर्वतभन्दा उपमेय सज्जनमा बढी गुण देखाइएको छ ।

अतिशयोक्तिः—

विषयीकै पेट भित्र जहाँ विषय पर्दछ
भन्छन् अतिशयोक्ति हो सिपालु कवि लेखक

उपमेयलाई दवाएर उपमान स्वरूपले वर्णन गर्‍यो भने अतिशयोक्ति हुन्छ । विषयको अर्थात् उपमेयको स्पष्ट उल्लेख नगरीकनै विषयी अर्थात् उपमान वाचक शब्द द्वारा नै विषयको जहाँ बोध गराइन्छ त्यहाँ अतिशयोक्ति पर्दछ ।

उदाहरणः—

नीला कमलका जोडी छर्छन् बाण तीखा तीखाँ

यहाँ कमल शब्दले आँखा र बाण शब्दले कटाक्ष भन्ने अर्थलाई बुझाउँछ ।

हाहा डाहा दिइ विषयको हार काहाँ हरायो
ससांरश्री गुम हुन गयो शान्तिधारा बिलायो
प्रेमी साथी अलप हुनगो अस्त भो भव्य तारा
हा हा पार्री सहज हरियो प्राण सर्वस्व सारा

—सोमनाथ

यसमा विषय (सीता) को उल्लेख नगरीकन विषयी (हार श्री आदि) बाटै विषयको बोध गराइएको हुनाले अतिशयोक्ति भयो ।

अथवा

ओर्ली प्रातः समय दुधको पोखरीमा नुहाई
बस्छन् गौरी यस शिखरमा केश काला फिंजाई
चन्द्रज्योत्स्ना तलतिर जसै हिमचुली हुन्छ चाँदी
बस्छन् गङ्गाधर अनि जटाजूटमा जून बाँधी

—माधवप्रसाद घिमिरे

यसमा पनि विषय (कालो वन) को स्पष्ट उल्लेख नगरीकनै विषयी (कालो केश) द्वारा नै विषय (कालो वन)-को बोध गराइएको हुनाले अतिशयोक्ति भयो ।

दृष्टान्तः—

सधर्म वस्तुको पर्छ प्रतिविम्ब जहाँ सफा
अलंकार त्यहाँ हुन्छ दृष्टान्त बुझ सर्वदा

जहाँ उपमान र उपमेय वाक्यको भिन्दाभिन्दै धर्मलाई विम्ब प्रतिविम्ब भावले देखाइन्छ त्यहाँ दृष्टान्त अलंकार हुन्छः—

उदाहरणः—

सानै छँदादेखि महत्व राममा
देखेर गन्थे सब होनहारमा
हुन्छन् हरीयादल बाल वृक्षमा
जो छाउने छन् फल बेस पक्षमा

—सोमनाथ

यस श्लोकमा धर्म सहित वस्तुको विम्ब प्रतिविम्ब भाव परेकोले दृष्टान्त अलंकार भयो ।

अर्थान्तरन्यासः—

अघिल्लो वाक्यको अर्थ पछिल्लोले समर्थन
गरे अर्थान्तरन्यास सजिलै पर्छ सज्जन

सामान्यले विशेषको, विशेषले सामान्यको, कार्यले कारणको, कारणले कार्यको, तुल्यले तुल्यको समर्थन गरिने हुनाले अर्थान्तरन्यासको चार भेद हुन्छ ।

उदाहरण:—

वचन उचित हो यहाँ मुमाको
सुतजनमाथि भलो चिताउनाको
जड पशु विचरा चरा समेत
शिशुहित खातिर बन्दछन् सचेत

—सोमनाथ

यसमा सामान्यले विशेषको समर्थन गरेको हुनाले अर्थान्तरन्यास भयो। अथवा

बोका फेरीकन समयले घाउ सारा पुरिन्छन्
मौरी आई मधुपवनमा सुन्तलामा घुरिन्छन्
कस्तूरीले गिरिवन घुमी खोज्छ आफ्नै सुगन्ध
हुन्नन् कैल्है कुसुम वनमा प्रीतिका गीत बन्द

—माधवप्रसाद घिमिरे

दीपक:—

जहाँ प्रक्वतका साथ अर्को अप्रक्वतार्थको
साम्य हुन्छ त्यहाँ जान दीपकालंक्वति पर्‌यो

एउटा कुनै प्रक्वत अर्थलाई बुझाउन प्रयोग गरिएको शब्दधर्मले प्रसंगवस अर्को अप्रक्वत अर्थमा पनि सो धर्म बुझायो भने दीपक अलंकार हुन्छ। बत्तीले प्रक्वत अप्रक्वत सबै वस्तुलाई प्रकाशित गरिदिएझैं प्रक्वत र अप्रक्वत दुबैलाई बुझाउने धर्म हुनाले यस अलंकारलाई दीपक भनेको हो।

उदाहरण:—

घमण्डले त्यो बलको अझै पनि
उपद्रवै गर्छ सधैं उझै गरी
प्रतीव्रता-स्त्री र स्वभाव व्यक्तिको
रहन्छ एकै बदलिन्न त्यो कहीं

—अनुवादित

श्लोकमा प्रस्तुत स्वभावको एकनासे पनको वर्णनमा अप्रस्तुत ो पनि बदलिन्न यस क्रियाकासाथ सम्बन्ध देखाएको छ।

जहाँ बालादिको हुन्छ स्वभावहरू चित्रण
स्वभावोक्ति अलंकार भन्छन्न् त्यसलाई सज्जन

जहाँ बालक र आइमाइको स्वभावको यथार्थ चित्रण गरिन्छ त्यहाँ स्वभावोक्ति अलंकार पर्दछ। आदि शब्दले पशु पन्छीहरूको स्वाभाविक चेष्टा, क्रिया र निर्झर, वन, उपवन, श्मसान, नदी, पर्वत आदि स्थानको यथार्थ चित्रण गरेमा पनि स्वभावोक्ति अलंकार हुन्छ। उदाहरणमा एउटा अनाथ बालकको चित्रण जस्तै :—

कैल्हे बस्तछ छेउमा सडकको खुम्च्याइ छाती अनी
कैल्हे हेर्दछ पूर्वतर्फ नभमा लाली चढ्यो की भनी
काखी मन्तिर जोडले कर दुइ छोपेर स्यू: स्यू: गरी
काम्यो लुग्लुग त्यो गरीब बिचरा त्यस्मा दया गर्छको
—भीमनिधि तिवारी

आइमाईको चित्रण :—

सासू ! विन्ति छ मेरो त कुरा सुन्नोस्, सरस्वती
नाम ता राखुँला, गाली गर्दा 'मूर्खी सरस्वती'
'चोर्नी सरस्वती' भन्दा पाप लाग्दैन ? नाम नै
आधा घण्टा जपे भैगो एकनास सरस्वती
—बालकृष्ण सम

जंगली पशुको चित्रण :—

अत्यन्तै प्यास बढ्दा निजकर बलले पालुवा म्लान तोडी
घाँटी केही भिजाइ सघन तर सबै वृक्षका फेदी फेदी
पानीको घाट खोज्दै प्रखर किरणले सूर्यको तापिएर
दोई छावा सँगै ली वनवन बिचमा हिंड्छ मत्ता झुमेर

कोइलीको चित्रण :—

घरी घरी भूर्र उडी अलिकति
डुलेर शाखान्तरमा यताउती
बडो बहादी सरिभैं बनी उहाँ
ढलीमली गर्दछ पालुवामहाँ
—लेख

सम्पादकीय :—

असीमलाई सीमामा बाँध्नु साहित्य र कलाको धर्म हो फेरि सीमा-बाट असीमता र पूर्णतिर बढ्नु कलाको गुण हो। विशिष्ट प्रकारका चरित्र, महत् सौन्दर्य र महान् सत्यलाई कलाकार आफनो कलाकृतिमा मूर्त्तरूप प्रदान गर्दछ। जसबाट अनन्त, अगम्य र असीम पुनः सीमा-भित्र मुखरित हुन थाल्दछ।

कला आफनो आंशिकतामा पूर्णताको, सजीवताको पुट दिंदै एक महान् सत्यतिर अग्रसर हुन्छ। किन भने कुनै पनि तुच्छ भन्दा पनि तुच्छ विषय अथवा वस्तुलाई कलाकार आफनो प्रतिभाको बलले शब्द अथवा रंग र कुची द्वारा पूर्णता प्रदान गरी एक अमर सत्यको रूपमा त्यसलाई प्रतिफलित गर्दछ। अतः खण्डतालाई पूर्णताको रूप दिनु नै कला हो। कला एक सीमामा असीम र अनन्त अथवा पूर्णत्वको प्रतीक्षा गरि रहेको हुन्छ।

'आफू' लाई चिन्ने वेदना र सम्पूर्ण व्याख्या गर्ने इच्छाले नै कला-कृतिको सिर्जना हुन्छ। कलाले हाम्रो हृदयको सुसुप्त भावनाहरुलाई अथवा आफनो अज्ञात अंशलाई तीव्रभावहरू द्वारा अनुभूत गराईदिन्छ; र हामी हाम्रा बिछोड भएका अनेकौं अपूर्ण अंशहरुसँग कला द्वारा नै परिचित भएर पूर्णता प्राप्ती गर्न सक्दछौं। यसनिम्ति कला एक तरहले अपूर्णताको पूर्ति हो।

कलाको यो 'पूर्णताको इच्छा' साहित्य-काव्य, कलामा—ललित-कलामा अधिक स्पष्ट हुन्छ। आदर्शवादी साहित्यमा पूर्ण सुन्दर अथवा संयमी पात्रको सृजन द्वारा मानव-चरित्रको पूर्णतालाई प्रदर्शित गरिए-

को हुन्छ, जस्तो कि 'गोरा'मा। यसैगरी यथार्थवादी साहित्यमा पूर्ण चित्रण र व्याख्या द्वारा कलाको सर्वाङ्गीण पूर्त्ती अपेक्षित हुन्छ।

कलाको पूर्णताजन्य प्रवृत्तिको बारेमा आर्को एक कुरो छ। 'कला' स्वयं कलाकारको पूर्णतालाई पनि स्पष्टत देखाउँछ। कलाकार अथवा कविको विविध कलाकृतिमा एक पूर्ण व्यक्तित्वको एकता स्वयं झल्केको हुन्छ। कला स्वयं एक पूर्ण वस्तु हुँदाहुँदै पनि एक अखण्ड पूर्णताको सृजन गर्दछ। त्यसको अतिरिक्त कला कलाकारको साधना, परिपक्वता या अपरिपक्वता अथवा पूर्णता या अपरिपूर्णताको सूचना आफ्नो कलाकृतिमा दिन्छ। यसनिम्ति हामी कलालाई पूर्णज्ञान तथा पूर्णतिर अग्रसर हुने एक अचेतन स्पृहा भन्न सक्छौं।

कलाकार त आफ्नो साधना गर्दै जान्छ, र आफ्नो अनुभूतिलाई कलाको माध्यम द्वारा कलामा व्याख्या गर्दछ। यसैले कलाकृतिमा कुनै पनि कलाकारको उत्थान, पतन, संघर्ष आदिलाई स्पष्टतया देख्न सक्दछौं। कलाकर 'स्व' र 'सर्व' को खोज र विश्लेषण गर्दा-गर्दा एकदिन पूर्णतासम्म पुग्दछ—आफ्नो कृतिमा सम्पूर्णको एक महान स्वरूप प्रस्तुत गर्दछ। कलाले पूर्ण हुने मार्ग प्रदर्शन गर्दछ। वासना, उमङ्ग, जुगुप्सा इत्यादिलाई कलागत रेचन प्रक्रिया द्वारा निर्मल र सुन्दरको सृजन भई उ—कलाकार (पाठक पनि) एक पूर्ण—सत्य, शिव र सुन्दरको अनुभव प्राप्त गर्दछ। यसनिम्ति भन्न सकिन्छ कि कला केवल आनन्द उत्पादक व्यसन होइन, वस्तु 'सत्य शिव र सुन्दर'—पूर्णतिर पुग्ने एक ललित साधन हो।


हिन्दुस्थान पेट्रोलियम